# शिक्षक निर्देशिका
# नेपाली, कक्षा ८

लेखक
रामप्रसाद ज्ञवाली
द्रोण दाहाल
नर्मदा मैनाली

पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

Draft

**कविता विधाको परिचय : शिक्षण र यसको उद्देश्य :**

कविको रचना वा काव्यलाई कविता भनिन्छ । व्यापक अर्थमा सबै प्रकारका पद्यात्मक रचना र सामान्यतः छन्द, गीति वा लययुक्त रचनालाई कविता भनिन्छ । कवितामा कविको भावना लययुक्त शैली र अभिव्यक्ति समाहित भएको हुन्छ । कवितामा कविले मनोरम हृदयस्पर्शी शैलीमा छन्द, लय, अलङ्कार, वाक् चातुर्य जस्ता अभिव्यक्तिको माध्यमबाट आफ्ना अनुभूति वा कल्पनाद्वारा सृजित विषयलाई प्रकट गर्दछन् ।

कविता विराट् जगत्को रागात्मक एवम् लिखित अभिव्यक्ति हो । कविता संवेगात्मक तथा गेयात्मक हुन्छ । कविताभित्र छन्द कविता, तीति कविता, लोक कविता र गद्य कविता आदि पर्दछन् । कवितालाई पद्य कविता र मुक्त कविता पनि भनेको पाइन्छ । कविताको विषयवस्तु व्यापक हुन्छ । यसले मानव मनका दुःख र सुखका अनुभूतिका साथै जीवन र जगत्का शाश्वत पक्षलाई समेत लयात्मक ढङ्गले प्रस्तुत गरी पाठकलाई पढाइतिर आकर्षित गर्दछ । विशिष्ट भाषाको प्रयोग गरी थोरैमा धेरै कुरा समेट्न सक्ने सामर्थ्य पनि कवितामा हुन्छ ।

विद्यार्थीलाई कविता शिक्षण गर्नुको उद्देश्य उनीहरूलाई यति, गति र लय मिलाएर कविता पाठ गर्न सिकाउनु हो । उनीहरूमा लयबोध, भावबोध र उच्चारण सिपको विकास गर्नु हो । अतः कविता शिक्षण गर्दा विशेषतः लययुक्त सस्वर वाचन, भाव पहिचान, प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदि क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखनतिर प्रवृत्त गराउनु उपयुक्त हुन्छ । यसबाट विद्यार्थीमा कल्पनाशक्ति र सिपका साथै सिर्जनात्मक क्षमताको विकास हुन्छ । कविता श्रव्य र पाठ्य विधा हो । अतः कविता शिक्षण गर्दा गति, यति र लय मिलाई सस्वर पठनको अभ्यास गराउनुपर्छ । यसबाहेक शुद्ध उच्चारण, वाक्य गठन र अन्य व्याकरणात्मक अभ्यासको माध्यमले शब्द भण्डार, उच्चारणमा सुधार र रचना सामर्थ्यको विकासमा विशेष ध्यान दिनुपर्दछ ।

आधारभूत पाठ्यक्रम २०६८ ले नेपाली विषय अन्तर्गत कक्षा ८ मा छन्दोबद्ध कविता, लोक कविता, गीति र मुक्त कविताको छनोटलाई जोड दिएको छ । त्यसअनुसार यस पाठ्य पुस्तकमा छन्दोबद्ध कविताका रूपमा 'नेपाल', लोक कविताको रूपमा 'मेरो घर' गीति कविताको रूपमा 'सिप र श्रम' अनि मुक्त कविताको रूपमा 'आह्वान' कविता समावेश भएका छन् ।

Draft

## पाठ : १ नेपाल (कविता)

### एकाइगत पाठ्यवस्तु विभाजन योजना

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घण्टी |
| --- | --- | --- |
| १. | लयबद्ध पठन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | मौखिक छलफल र प्रश्नोत्तर | १ |
| ४. | आशय तथा भावार्थ लेखन | १ |
| ५. | व्याख्या | १ |
| ६. | कार्यमूलक व्याकरण र शब्दभण्डार (नाम पद र यसका प्रकार) | १ |
| ७. | सिर्जनात्मक अभ्यास र कविता लेखन | १ |
| ८. | निरन्तर मूल्याङ्कन | १ |
| | **जम्मा** | **८** |

Draft

## पहिलो दिन

पाठ शीर्षक : नेपाल (कविता) घन्टी : १

पाठ्यवस्तु : लयबद्ध पठन र शुद्धोच्चारण समय : ४५ मिनेट

लक्षित सिप : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) 'नेपाल' कवितालाई लयबद्ध वाचन गर्न,

(ख) 'नेपाल' कविताका जटिल शब्दहरू प्रष्ट र शुद्धसँग उच्चारण गर्न,

लक्षित शब्दः अशेष, लयबद्ध, गुह्य, वर्ण, ध्वनि

२. **शैक्षिक सामग्री :**

(क) 'नेपाल' कविता (लयबोधका लागि गति, यति र विश्रामको स्पष्ट सङ्केत गरिएको चार्ट

(ख) जटिल शब्दहरूको सूची

३. **सिकाइ सहजीकरण क्रियाकलाप : :**

**(क) उत्प्रेरणा :**

शिक्षकले नेपालको बारेमा वर्णन गरिएको पद्य कविताको कुनै अंश लयबद्ध वाचन गरी कक्षामा सुनाउनुहोस् । आफूले सुनाएको कविताको लय पद्यमा छ वा गद्यमा छ, विद्यार्थीलाई सोध्नुहोस् र कविता विधाका बारेमा छोटकरीमा बताइदिनुहोस् । आफूले पढाउने कविताको शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् अनि आजको घन्टीमा कक्षा कोठाभित्र गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप**

**क्रियाकलाप-१**

- कक्षाका विद्यार्थीहरूलाई 'नेपाल' कविताका श्लोकहरू समूहगत रूपमा लयबद्ध वाचन गर्न प्रोत्साहित गर्नुहोस् । विद्याथीहरूबाट सम्भव नभएमा उनीहरूलाई ध्यानपूर्वक सुन्न निर्देशन दिँदै शिक्षक आफूले दुई तिन पटक आदर्श वाचन गरी कविता सुनाउनुहोस् । यसरी लयबद्ध पठन अभ्यास गराउँदा कविताका प्रत्येक पङ्क्ति लय हालेर पढ्नुहोस् र सोही अनुसार विद्यार्थीहरूलाई पनि लय हालेर पढ्न लगाउनुहोस् ।
- कवितामा दिइएका जम्मा पाँच ओटा श्लोकहरूमध्ये पहिलो, दोस्रो र चौथो श्लोक, इन्द्रव्रजा छन्दमा रचना गरिएका छन् भने तेस्रो र पाँचौँ श्लोकका सुरुका दुई हरफ उपेन्द्र वज्रा छन्द र पछिल्ला दुई हरफ इन्द्रवज्रा छन्दमा रचिएका छन् । 'उपेन्द्र वज्रा अनि इन्दव्रजा दुवै मिले भने त्यो उपजाति हुन्छ ।' भन्ने नियमको आधारमा कविताका तेस्रो र पाँचौँ श्लोक उपजाति छन्दमा रहेका छन् । कवितका प्रत्येक हारमा जम्मा ११ अक्षर छन् । छन्दको नियम अनुसार कविताका प्रत्येक हारको पाँचौँ र अन्तिम अक्षरमा विश्राम हुन्छ । त्यसैले विद्यार्थीहरूलाई लयबद्ध पठन अभ्यास गराउँदा विश्राम पाँचौँ

Draft

र अन्तिममा हो भन्ने कुरा राम्ररी बुझाएर अभ्यास गराउनुहोस् । सम्भव भएसम्म विद्यार्थीलाई छन्दको बारेमा पनि ज्ञान दिनुहोस् :

इन्द्रवज्रा छन्दा -११ (अक्षर)

| | | | | |
|---|---|---|---|---|
| कविताको अंशः | नेपाल | प्यारो र | पवित्र | देश |
| गण सङ्केत : | क क । | क क । | । क । | क क |
| गण : | त | त | ज | गु गु |

उपेन्द्र वज्रा -११ (अक्षर)

| | | | | |
|---|---|---|---|---|
| कविताको अंशः | विपत्ति | पर्दा प | नि हाँसि | हाँसी |
| गण सङ्केत : | । क । | क क । | । क । | क क |
| गण : | ज | त | ज | गु गु |

- माथिका तालिकामा (क) ले दीर्घ उच्चारण गुरु र (।) ले ह्रस्व उच्चारण लघुको सङ्केत दिएका छन् । विद्यार्थीलाई छन्द ज्ञान गराउन चाहनुभयो भने थप १ घन्टी लगाउनुहोस् । विद्यार्थीलाई यसै गरी कविताका हारहरूको गण र सङ्केत छुट्याउन लगाउनुहोस् ।
- सामूहिक रूपमा कविता वाचन गराइसकेपछि (सम्भव भएमा केटा र केटी) बिचमा, बेन्चगत रूपमा समूहगत रूपमा र अन्तिममा व्यक्ति व्यक्तिमा लयबद्ध वाचनको अभ्यास गराउनुहोस् ।
- विद्यार्थीलाई प्रश्न नं. २, ३ र ४ का कार्यहरू गर्न दिनुहोस् र अन्तमा ठाउँ ठाउँमा प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप -२**

- विद्यार्थीलाई उच्चारण गर्न अप्ठ्यारो लागेका शब्दहरू पाठबाट खोजी अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीलाई सोध्दै उनीहरूलाई अप्ठ्यारो लागेका शब्दहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरू पालैपालो विद्यार्थीहरूलाई नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई शिक्षकले अक्षर अक्षर छुट्याई (जस्तै : अशेष : / अ . सेस् / शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी उच्चारण अभ्यास गराउने क्रममा आफूले लगेको शब्दसूची पनि प्रदर्शन गर्नुहोस् र शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।
- नेपाली मातृभाषा नभएका र उच्चारणमा बढी कठिनाइ भएका विद्यार्थीलाई उच्चारणको अभ्यास गराउँदा उनीहरूको उच्चारणगत त्रुटिक्षेत्र पहिचान गर्नुहोस् र थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।

Draft

- सुस्त श्रवण भएका विद्यार्थीहरूको हकमा सकेसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् वा अप्ठेरा शब्दहरू उच्चारण अनुसार शैक्षणिक पाटीमा लेख्दै जानुहोस् र अनुलेखन गर्न निर्देशित गर्नुहोस् :
- जस्तै : विपत्ति : / बि.पत् .ति /, पुर्खा : /पुर्. खा/

**क्रियाकलाप-३**

- विद्यार्थीलाई दुई जनाको समूहमा मिली पाठको अभ्यासका ११, १२, १३, १४ का अभ्यास गर्न निर्देशन दिनुहोस् । कार्य समाप्तिपछि प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

४. **प्रतिबिम्बन : निम्न प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइलाई मूल्याङ्कन गर्नुहोस् :**

(क) तलका शब्दहरू पालैपालो शुद्धसँग उच्चारण गरेर साथीलाई सुनाऊ :

सङ्घर्ष, पुर्खा, सौन्दर्य, सिर्जन, स्वर्ग

(ख) आज पढेको कविताका कुनै चार हरफहरू वाचन गरेर साथीलाई सुनाऊ ।

५. **गृहकार्य/परियोजना कार्य**

- आफूले सुनेको वा पढेको कुनै मनपर्ने कविता, गीत चार्ट पेपरमा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

आउँदो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :

(क) शब्द र अर्थ पत्ती : सङ्गीत, ध्वनि, इज्जत, सिपाही, फाँसी

(ख) वाक्यपत्ती : ६.(क) मा दिइएका शब्दहरू वाक्यमा प्रयोग गरिएका वाक्यपत्ती

७. **शिक्षकका लागि थप सहयोगी सामग्री :**

क) लयबद्ध शिक्षणका विधि/विकल्पहरू :

- स्वाध्ययन गरी आफैले आदर्श वाचन गरेर
- विद्यार्थीमध्येबाट उत्कृष्ट वाचकलाई उपयोग गरेर
- क्यासेट, सिडी वा मोवाइल रेकर्ड सुनाएर

ख) छन्द परिचय-डिल्लीरमण शर्मा अर्याल

ग) बृहत् नेपाली शब्दकोश- नेपाल प्रज्ञा प्रतिष्ठान

घ) नेपाली भाषा र साहित्य शिक्षण - डा.केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल

Draft

## दोस्रो दिन

पाठ शीर्षक : नेपाल (कविता) घन्टी :

पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग समय : ४५ मिनेट

लक्षित सिप : शब्द भण्डार वृद्धि

**१. यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) कवितामा प्रयुक्त नयाँ शब्दहरूको अर्थ बताउन, जस्तै : सङ्गीत, ध्वनि, इज्जत, सिपाही, फाँसी

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूलाई वाक्यमा प्रयोग गर्न

**२. शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, शब्दार्थ पत्ती, वाक्यपत्ती, गोजी तालिका र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

- अघिल्लो दिन दिइएको परियोजना कार्यबाट केही नमुना छनोट गरी विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टाँस्न लगाउनुहोस् । अनि उत्प्रेरणात्मक कार्य सम्पन्न गरिसकेपछि आजको घन्टीमा अध्ययन गरिने विषय वस्तुका बारेमा जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप- १**

- विद्यार्थीलाई 'नेपाल' कविता मनमनै पठन गर्न निर्देशित गरी आफूलाई नयाँ लागेका शब्दहरू आआफ्ना कापीमा टिप्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीले टिपेका नयाँ शब्दहरू शिक्षक आफूले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- ती शब्दका अर्थ विद्यार्थी मध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् र आफूले सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्दार्थ पत्ती प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीलाई पाठमा दिइएका शब्दार्थ पठनबोध गर्न दस मिनेटको समय उपलब्ध गराउनुहोस् ।

**क्रियाकलाप - २**

- अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्ने विषयको सम्बन्धमा विद्यार्थीहरूको बिचमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई पाँच पाँच जनाको समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पाठको शब्दार्थमा दिइएका शब्दहरूलाई छुट्टा छुट्टै समूहमा फरक फरक पाँच पाँच ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र विद्यार्थीले सही उत्तर नभनेमा आफूले वाक्यमा प्रयोग गरी लगेको नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् र सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

Draft

- समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीका फरक समूहलाई प्रोत्साहित गर्नुहोस् । अन्त्यमा उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप - ३**

- पाठको अभ्यास अन्तर्गत प्र.नं.८ को अभ्यास विद्यार्थीलाई कक्षामा गर्न लगाउनुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरहँदा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै अलमल परेको देखिएमा आवश्यकता अनुसार सहज कर्ताको भुमिका निर्वाह गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

प्र.नं.९ का शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाएर विद्यार्थीहरूको सिकाइलाई मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास अन्तर्गतको प्र.नं.१० को अभ्यास अभ्यास पुस्तिकामा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य :**

आगामी कक्षाका लागि निम्न लिखित सामग्रीको तयार गर्नुहोस् :

(क) छलफलका लागि बुँदाहरूको नमुना,

(ख) शिक्षक निर्मित प्रश्नहरूको नमुना,

७. **शिक्षकका लागि थप सहयोगी सामग्री :**

(क) शब्दार्थ शिक्षण गर्ने विधि/ विकल्पहरू :

- ठोस वस्तु प्रदर्शन गरी अर्थ बताउने,
- चित्र प्रस्तुत गरी अर्थ बताउने,
- हाउभाउ तथा अभिनयबाट अर्थ बताउने,
- समान गुण भएका शब्दबाट अर्थ बताउने,
- शब्दार्थ सूची प्रदर्शन गर्ने,
- विपरीतार्थक शब्दबाट अर्थ बताउने,
- पर्यायवाची शब्दबाट अर्थ बताउने,
- परिभाषा दिए अर्थ बताउने,
- वाक्यमा प्रयोग गरेर अर्थ बताउने ।

ख) बृहत् नेपाली शब्दकोश- नेपाल प्रज्ञा प्रतिष्ठान

ग) नेपाली भाषा र साहित्य शिक्षण - डा.केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल

Draft

## तेस्रो दिन

पाठ शीर्षक : नेपाल (कविता) घन्टी :

पाठ्यवस्तु : मौखिक छलफल र प्रश्नोत्तर समय : ४५ मिनेट

लक्षित सिप : सुनाइ, बोलाइ

१. **विशिष्ट उद्देश्यः यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) नेपालको कविताको वर्णन गर्न,

(ख) 'नेपाल' कविताका विषयवस्तुका सम्बन्धमा प्रश्नोत्तर गर्न,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, बुँदाहरूको नमुना,

शिक्षक निर्मित प्रश्नहरूको सूची

३. **सिकाइ सहजीकरण क्रियाकलापः**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतीकरणपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर सम्मान गर्न सबै विद्यार्थीहरूलाई निर्देश गर्नुहोस् । अन्त्यमा आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुको बारेमा विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप- १**

- सर्वप्रथम विद्यार्थीहरूलाई नेपालको प्राकृतिक सुन्दरता र वीर पुर्खाहरूले राष्ट्र निर्माणमा दिएको योगदानको बारेमा आफूले जानेका कुराहरू सामूहिक रूपमा र व्यक्तिगत रूपमा भन्न प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् । छुट्टा छुट्टै श्लोकहरू पढी समूहगत रूपमा छलफल गरेर बुँदा टिपोट गर्न निर्देश गर्नुहोस् ।
- उनीहरूले तयार गरेका बुँदाहरू पालैपालो टोली नेतालाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप-२**

आफूले तयार पारी लगेका प्राकृतिक सुन्दरता र वीरपुर्खाको योगदान सम्बन्धी बुँदाहरू प्रदर्शन गर्नुहोस् र कविताका श्लोकसँग समन्वित गर्दै विद्यार्थीलाई मौखिक रूपमा छलफल गराउनुहोस् ।

**बुँदाहरूको नमुना :**

(१) 'नेपाल' कविता नेपाली साहित्य युगकवि सिद्धिचरण श्रेष्ठको प्रकृतिप्रेम र देशभक्तिपूर्ण भावनाले ओतप्रोत भएको उत्कृष्ट कविता ,

(२) खोलानाला, छाँगा र छहराहरूले सुसज्जित नेपाल सम्पूर्ण नेपालीका निम्ति अत्यन्तै प्रिय र पवित्र भएको साथै हाम्रा पर्वतहरू खुला पानाजस्ता भएका,

Draft

(३) सुन्दर हिमश्रृङ्खलादेखि लिएर उच्च पहाडी भूभाग हुँदै अटुट रूपमा बग्ने लयबद्ध छालले सङ्गीतको मूल फुटाएका र नेपालको प्राकृतिक सुन्दरतालाई बढाएका,

(४) नेपाली वर्णमालाका अक्षरझैँ दायाँ बायाँ, तलमाथि फर्किएर हावाको गतिसँग नाच्ने अनेकथरि रुख विरुवा, लहरा र लतिका, खोला र चराको ध्वनिले सिङ्गो नेपाललाई कलात्मक बनाएका,

(५) हाम्रो देश नेपाल पहिले टुक्रा टुक्रामा विभाजित भएको,

(६) हाम्रा दूरदर्शी वीर पुर्खाहरूले जित हासिल गर्दै ससाना टुक्राहरूलाई जोड्दै देशको इज्जत र मान थप्दै आधुनिक नेपालको निर्माण गरेका,

(७) यो देशको स्वतन्त्रता र स्वाभिमानका निम्ति हाम्रा वीर पुर्खाहरूले युद्धको मैदानमा रगतको खोलो बगाएर यो देशको रक्षा गरेका,

(८) राष्ट्र निर्माणको महान् अभियानमा ज्यामी, किसान र सिपाही सारा इतिहासदेखि वर्तमानसम्म यो राष्ट्रका बलिया सहारा बनेका,

(९) आफ्नो प्यारो देशको सिर्जनामा पसिनाका धारा बहने,

(१०) यो देशको निर्माणको निम्ति पुर्खाहरूले रगत पसिना बगाएका हुनाले हाम्रा नसा नसामा अहिले पनि रातो र तातो रगत बगेको,

(११) हाम्रा पुर्खाहरू यो देशको समुन्नतिको लागि अविचलित रूपमा स्वर्ग छुने दिशामा अघि बढे जस्तै हामी पनि समुन्नत नेपालको निर्माणमा अग्रसर हुनुपर्ने,

(१२) हाम्रो देशको इतिहास रगतको मसी र वीरताको गाथाले लेखिएको गौरवमय इतिहासमा,

(१३) जस्तोसुकै विपत्तिमा पनि हाम्रा वीर पुर्खाहरू हाँसी हाँसी घाँटीमा फाँसीको माला पहिरेर पनि देशलाई बचाएर स्वतन्त्रतापूर्वक रमाएर बाँच्ने आधार तयार गरेका,

(१४) पुर्खाहरूकै सङ्घर्ष, त्याग, तपस्या र बलिदानबाटै यो मुलुक जोगिएको हुनाले हामी पनि पुर्खाले देखाएको बाटोमा अघि बढ्नुपर्ने

(१५) देशको स्वाधीनता, स्वतन्त्रता , स्वाभिमान र समुन्नतिको लागि जस्तोसुकै कठिन परिस्थितिमा पनि एक भएर अघि बढ्नुपर्ने ।

**क्रियाकलाप-३**

उपर्युक्त बुँदाहरू छलफल गराइसकेपछि शिक्षक निर्मित प्रश्नहरू र अभ्यासको प्र.नं.४ र ५ मा भएका प्रश्नहरू सोध्नुहोस् र आवश्यक ठाउँमा पृष्ठपोषण गर्नुहोस् ।

४. **प्रतिबिम्बन : निम्न प्रश्नहरूको आधारमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) नेपालको प्राकृतिक सुन्दरताको वर्णन गर ।

(ख) वीर पुर्खाहरूले सङ्घर्ष नगरेको भए हाम्रो देशको अवस्था कस्तो हुन्थ्यो होला ?

५. **गृहकार्य**

पाठको अभ्यासका दिइएका प्र.नं.५ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

Draft

| चौथो दिन |
|---|

पाठ शीर्षक : नेपाल (कविता) घन्टी :

पाठ्यवस्तु : आशय तथा भावार्थ लेखन समय : ४५ मिनेट

लक्षित सिप : पढाइ र लेखाइ

१. **विशिष्ट उद्देश्य :**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुनेछन्** :

(क) 'नेपाल' कविताको मुख्य भाव लेख्न,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, कवितांशको आशय वा भाव खुलाइएको नमुना

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

- अघिल्लो दिनको गृहकार्यलाई कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर अन्य विद्यार्थीलाई सम्मान गर्न निर्देशन दिनुहोस् । आवश्यक पृष्ठभूमि सहित आजको पाठ्यवस्तुको बारेमा जानकारी गराउनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप -१**

- विद्यार्थीहरूलाई प्रश्न नं. ६ पढ्न निर्देशन दिनुहोस् । त्यसपछि आफूले लगेको एउटा कवितांशको आशय खुलाइएको नमुना सामग्री प्रदर्शन गर्नुहोस् र विद्यार्थीहरूको बिचमा छलफल गराई सिङ्गो कविताको भाव लेख्ने तरिकाका बारेमा बताउनुहोस् ।

**क्रियाकलाप-२**

- विद्यार्थीलाई पाँच ओटा समूहमा विभाजन गरी टोली नेता छान्न लगाउनुहोस् । टोली नेता दिनै पिच्छे फरक फरक पर्ने गरी नेतृत्व गर्ने नियम बनाउनुहोस् र नेपाल कविताका पाँच श्लोकहरूमध्ये प्रत्येक समूहलाई एउटा एउटा श्लोक पर्ने गरी नमुना अनुसार दस मिनेटको समय दिएर एक अनुच्छेद आशय लेख्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीहरूले समूहमा बसेर भावार्थ लेख्दै गर्दा अलमलमा परेमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप-३**

- आशय लेखन कार्य सकिएपछि पालैपालो टोली नेतालाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक समूहको प्रस्तुतीकरणपछि सो समूहलाई ताली बजाई सम्मान गर्न निर्देशन दिनुहोस् ।
- पाँच ओटै समूहको प्रस्तुतीकरणपछि प्रत्येक समूहले सुधार गर्नुपर्ने कुराका बारेमा समग्रमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

Draft

**क्रियाकलाप-४**

- निम्न लिखित पङ्क्तिको आशय लेख्न लगाई मूल्याङ्कन गर्नुहोस् :
  नयाँ नयाँ जीत अनेक जोड्दै
  यो देशको इज्जत मान थप्दै ।

४. **प्रतिबिम्वन : तलका पङ्क्तिहरूको आशय लेख्न लेगाई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् :**
नेपाल प्यारो र पवित्र देश
सौन्दर्य धारा बहने अशेष

५. **गृहकार्य :**
अभ्यास अन्तर्गतको प्र.नं.६ को 'नेपाल' कविताको मुख्य भाव लेख्न निर्देशन गर्नुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य :**
आउँदो दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :
(क) कुनै पङ्क्तिको व्याख्या गरिएको नमुना

Draft

## पाँचौं दिन

पाठ शीर्षक : नेपाल (कविता) घन्टी :
पाठ्यवस्तु : व्याख्या समय: ४५ मिनेट
लक्षित सिप : लेखाइ अभिव्यक्ति

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन् :**
(क) कविताका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न,

२. **शैक्षिक सामग्री :**
पाठ्य पुस्तक, कविताांशको व्याख्या गरिएको नमुना

३. **शिक्षण सिकाइ क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

- कक्षा कोठामा प्रवेश गर्नासाथ कुनै गीत, कविताांश वा मुक्तक सुनाएर विद्यार्थीमा उत्प्रेरणा जगाउनुहोस् । त्यसले के भन्न खोजेको होला भन्ने विषयमा विद्यार्थीहरूको विचमा छोटो छलफल गराउनुहोस् र पृष्ठपोषण प्रदान गर्दै आजको पाठ्यवस्तुबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् र थप स्पष्ट पार्नुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- कविताका कुनै दुई हरफको व्याख्या गरेको नमुना शैक्षिक सामग्रीको रूपमा प्रस्तुत गर्नुहोस् र व्याख्या गर्ने तरिकाका बारेमा कक्षाका विद्यार्थी बिचमा छलफल गराउनुहोस् ।

  **व्याख्याको नमुना**

  **नयाँ नयाँ जीत अेनक जोड्दै**

  **यो देशको इज्जत मान थप्दै ।**

विश्वको मानचित्रमा सिन्धुमा हराएको विन्दु जस्तो देखिने हाम्रो देश नेपाल एसियाको माझमा हिमालको काखमा अवस्थित छ । अनेक कला, संस्कृति, सभ्यता र प्राकृतिक सम्पदाले भरिपूर्ण नेपाल इतिहासको एउटा काल खण्डमा टुक्रा टुक्रामा विभाजित थियो । काठमाडौँ उपत्यकामा काठमाडौँ, पाटन र भादगाउँ जस्ता नगर राज्यहरू थिए भने पूर्व र पश्चिममा पनि बाइसे चौबिसे राज्यहरू थिए । यिनीहरू आफ्नो राज्य विस्तारको महत्वाकाङ्क्षा र स्वार्थपूर्तिको लागि एक आपसमा हानथाप गर्थे । जनताको चाहना र समृद्धितर्फ यिनीहरूले ध्यान दिन सकेका थिएनन् आपसमा लडाइँ गर्दा देश दिनप्रतिदिन कमजोर बन्दै थियो । राष्ट्रिय स्वाधीनता र स्वतन्त्रता खतरामा थियो । देशको स्वाधीनता र स्वतन्त्रताको रक्षाका लागि एउटा अखण्ड र बलियो राष्ट्रको आवश्यकता थियो । यही आवश्यकतालाई पूर्ति गर्न हाम्रा वीर पुर्खाहरूले सङ्घर्ष गरे । एकपछि अर्को जित हात पार्दै टुक्रा टुक्रामा विभाजित नेपाललाई एक बनाए । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नेपालीलाई एकताको सूत्रमा बाँधे अनि सिङ्गो नेपाललाई सुगन्धित फुलैफुलका थुँगाहरूको सुन्दर माला जस्तै बनाए । देशको इज्जत, मान, प्रतिष्ठा थप्दै यो देशलाई विश्वसामु चिनाए । हाम्रा पुर्खाको यो त्याग, तपस्या र वलिदानलाई हामी कहिल्यै बिर्सन सक्दैनौँ ।

यसरी हाम्रा पुर्खाले यो देशको निर्माणमा ठुलो योगदान दिएका छन् । उनीहरूकै योगदानका कारण आज हामी एउटा स्वतन्त्र राष्ट्रका स्वाभिमानी नागरिक भएर बाँच्न पाएका छौँ । हाम्रो देशको राष्ट्रिय अखण्डता र समुन्नतिका लागि अहोरात्र खट्नु हामी नेपालीको कर्तव्य हो ।

- व्याख्याको नमुना प्रदर्शन गरी छलफल गराइसकेपछि विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी समूह नेता छनोट गर्न निर्देशन दिनुहोस् । फरक परक समूहमा फरक फरक पङ्क्ति पर्ने गरी पाठबाट दुई दुई ओटा विशिष्ट पङ्क्तिहरू दिनुहोस् र दस मिनेटको समय तोकी अभ्यास गर्न लगाउनुहोस् । समूह कार्यको अवलोकन गर्दै विद्यार्थी अलमलम परेको समूहमा पुगी आवश्यक सहयोग गर्नुहोस् ।

**क्रियाकलाप -२**

- निर्दिष्ट समय समाप्त भएपछि समूह नेताबाट पालैपालो सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् र बाँकी समूहलाई उनीहरूले प्रस्तुत गरेका सामग्रीको आवश्यक मूल्याङ्कन गरी पृष्ठ पोषणका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् । सबै समूहको प्रस्तुतिका लागि समय कम हुने भएमा बाँकी समूहको सामग्रीलाई प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् ।

Draft

- अन्त्यमा विद्यार्थीहरूले गरेका सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष औल्याई समग्रमा पृष्ठपोषण दिनुहोस् ।

**४. प्रतिबिम्बन :**

प्रत्येक विद्यार्थीलाई नेपाल, कविताबाट कुनै दुई पङ्क्तिको व्याख्या गर्न लगाई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस्

**५. गृहकार्य :**

पाठको अभ्यास अन्तर्गत प्र.नं.७ गरेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## छैटौं दिन

पाठ शीर्षक : नेपाल (कविता) घन्टी :

पाठ्यवस्तु : कार्यमूलक व्याकरण (नामपद) समय: ४५ मिनेट

लक्षित सिप सिकाइ: पदवर्ग पहिचान

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) नाम शब्दहरू चिन्न ।

(ख) नाम शब्दलाई विभिन्न समूहमा विभाजन गर्न ।

**२. शैक्षिक सामग्री :**

(क) नाम शब्दहरूको शब्दपत्ती

(ख) विभिन्न प्रकारका नाम शब्दहरू प्रयोग भएको अनुच्छेद

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

- विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नसूची प्रदर्शन गरी अलग्गै पानामा व्यक्तिगत विवरण भर्न निर्देशन दिई उत्प्रेरणा जनाउनुहोस् ।

**प्रश्नहरू :**

(क) तिमीलाई समस्या पर्दा सहयोग गर्ने कक्षाका साथीहरू को को छन् ?

(ख) कुनै पाँच जना केटी साथीहरूको नाम बताऊ ।

(ग) कुनै पाँच जना केटा साथीहरूको नाम बताऊ ।

(घ) तिमीलाई मनपर्ने पाँच ओटा फलफुलका नाम लेख ।

(ङ) तिम्रो परिवारमा को को बस्नुहुन्छ ?

(च) तिमीलाई मनपर्ने खाने कुराका नाम लेख ।

(छ) आफूलाई मन पर्ने पाँच ओटा ठाउँको नाम लेख ।

Draft

- विद्यार्थीहरूले माथिको क्रियाकलाप सम्पन्न गरिसकेपछि नाम पदको प्रसङ्गलाई जोड्दै आज अध्ययन गर्ने विषयवस्तुबारे विद्यार्थीलाई जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

विद्यार्थीहरूलाई सम्भव भएसम्म केटा र केटी गरी दुई समूहमा विभाजन गर्नुहोस् र केटा र केटीको समूहले तयार पारेका व्यक्तिगत विवरणबाट नाम भन्न लगाई शैक्षणिक पाटीमा केटा र केटीको समूहमा टिप्दै जानुहोस् । दोहोरिएका नाम नटिप्नुहोस् र अन्त्यमा दुबै समूहबाट नाम शब्द टिपोट गरिसकेपछि बढी नाम शब्द भन्ने समूहलाई विजय भएको घोषणा गर्दै ताली बजाएर प्रोत्साहन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप-२**

विभिन्न प्रकारका नाम शब्द प्रयोग भएको अनुच्छेद विद्यार्थीहरूको बिचमा प्रदर्शन गर्नुहोस् र दुवै समूहलाई त्यस अनुच्छेदबाट छिटो छिटो नाम शब्द पहिचान गरी टिप्न लगाउनुहोस् । अनि आफूले लगेको पाँच प्रकारका नाम शब्द छुट्याएको तालिका प्रदर्शन गर्नुहोस् र विद्यार्थीहरूलाई सोही अनुसार नाम पदको वर्गीकरण गर्न लगाउनुहोस् ।

**क्रियाकलाप- ३**

दुवै समूहका केही विद्यार्थीलाई पालैपालो आफूले वर्गीकरण गरेको नाम शब्दको तालिका प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण सहित ताली बजाएर स्वागत गर्न लगाउनुहोस् र विद्यार्थीको बिचमा प्र.नं १६ र १७ को अभ्यासको बारेमा पनि छलफल गराउनुहोस् ।

**क्रियाकलाप-४**

विद्यार्थीलाई पाठमा प्रयोग भएका नाम शब्द भन्न लगाउनुहोस् र पाँच प्रकारका नाम शब्दको वर्गीकरणका बारेमा पनि छलर्लङ्ग पार्नुहोस् साथै नाम र सर्वनामको बिचमा भएको भिन्नतालाई केही उदाहरणद्वारा स्पष्ट गर्दै एक वचन र बहुवचनको बारेमा पनि छोटो जानकारी गराउनुहोस् ।

४. **प्रतिबिम्बन :**

कक्षाकोठामा भएका दस ओटा वस्तुका नाम लेखेर कक्षामा सुनाउन विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यासमा रहेको प्र.नं. १७ अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य :**

- आउँदो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :
- पद्य गीति वा लोकलयमा रचना गरिएका कविताका अंश, निर्दिष्ट छन्दमा तयार गरिएका श्रव्य दृश्य सामाग्री, कविता प्रतियोगिताका लागि परीक्षण सामग्री, पुरस्कार दिने सामग्री ।

Draft

## सातौं दिन

पाठ शीर्षक : नेपाल (कविता) घन्टी :

पाठ्यवस्तु : सिर्जनात्मक कार्य (कविता लेखन प्रतियोगिता) समय: ४५ मिनेट

लक्षित सिप सिकाइः सिर्जनात्मक सिप

१. **विशिष्ट उद्देश्य :**

(क) आफूलाई मन पर्ने विषयमा कविता रचना गरी प्रतियोगितामा सहभागी हुन,

२. **शैक्षिक सामग्री :**

निर्दिष्ट छन्दमा तयार गरिएका श्रव्य दृश्य सामग्री, पद्य, गद्य, लोक वा गीति कविताको अंश, विद्यालयको पुस्तकालय, कविता प्रतियोगिताका लागि परीक्षण सामग्री पुरस्कार दिने सामग्री,

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

(क) **उत्प्रेरणा :**

शिक्षकले विद्यार्थीलाई आफूले लगेका कविताका नमुनाहरू वाचन गरी सुनाउनुहोस् र ती नमुनालाई कक्षाको प्रदर्शन पाटी वा भित्तामा टाँस्नुहोस् र विद्यार्थीलाई निर्दिष्ट छन्दमा रचना गरिएका श्रव्यदृश्य सामग्री कक्षामा प्रदर्शन गरेर थप अभ्यास गराउनुहोस् । त्यसपछि आजको कविता प्रतियोगिताको बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

विद्यार्थीहरूलाई १५ मिनेटको समय दिई आफूसँग भएको कविताको किताब अध्ययन गर्ने समय दिनुहोस् ।

**क्रियाकलाप-२**

अध्ययनको समय समाप्त भएपछि विद्यार्थीहरूलाई पाँच पाँच जनाको समूहमा विभाजन गरी टोली नेता छान्न लगाउनुहोस् । त्यसपछि उनीहरूको समूहलाई मनपर्ने नमुना शीर्षक छनोट गर्न लगाई १५ मिनेटको समय दिएर एउटा कविता रचना गर्न निर्देशन दिनुहोस् । विद्यार्थीले कविता लेख्दै जाँदा आवश्यक ठाउँमा सहजीकरण पनि गर्दै जानुहोस् ।

**क्रियाकलाप-३**

तोकिएको समय समाप्त भएपछि टोली नेतालाई सबैले सुन्ने गरी हाउभाउ र लय मिलाई कविता वाचन गर्न निर्देशन दिनुहोस् । कविताको निम्न लिखित आधारमा मूल्याङ्कन हुने जानकारी पनि दिनुहोस् :

| मूल्याङ्कनका आधारहरू | लयबद्ध पठन | शुद्धता र स्पष्टता | सबैले सुनिने स्वर | हाउभाउपूर्ण प्रस्तुति र सिर्जनात्मकता | कविताको भाव | जम्मा |
|---|---|---|---|---|---|---|
| अङ्क भार | १० | १० | १० | १० | १० | ५० |
| १. समूह (क) | | | | | | |

Draft

**क्रियाकलाप-४**

विद्यार्थीले कविता वाचन गरेको समयमा माथि दिइएका पाँच ओटा आधारमा प्रत्येक समूहको मूल्याङ्कन गरी प्राप्ताङ्कको आधारमा पहिलो, दोस्रो र तेस्रो स्थान छुट्याई विजेता समूहलाई उचित पुरस्कार समेत वितरण गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

तपाईँलाई आजको कार्यक्रम कस्तो लाग्यो ? आफ्नो प्रतिक्रिया दिनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य :**

अभ्यास पुस्तिकामा विद्यार्थीलाई पाठमा दिइएको अभ्यासबाट प्र.नं. १८ गृहकार्यको रूपमा र प्र.नं. १९ आफूलाई मनपर्ने विषयमा कविता छुट्टै पानामा लेखेर ल्याई प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य :**

**आउँदो दिनका लागि निम्न लिखित सामग्रीहरूको तयारी गर्नुहोस् :**

एकाइ परीक्षाका लागि प्रश्न पत्र र निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

## आठौँ दिन

पाठ शीर्षक : **नेपाल (कविता)** घन्टी :

पाठ्यवस्तु : निरन्तर मूल्याङ्कन समयः ४५ मिनेट

लक्षित सिप सिकाइः पाठगत उपलब्धि परीक्षण

१. **विशिष्ट उद्देश्य : यस पाठको शिक्षण पछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) पाठगत एकाइ परीक्षामा संलग्न भई सोधिएका प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षिक सामग्री :**

(क) एकाइ परीक्षाका लागि प्रश्नपत्र, उत्तर पुस्तिका, निरन्तर मूल्याङ्कन अभिलेख सामग्री ।

३. **शिक्षण सिकाइ क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

विद्यार्थीहरूलाई एकाइ परीक्षा सञ्चालन बारे जानकारी दिई उत्प्रेरणात्मक क्रियाकलाप सञ्चालन गर्नुहोस् :

(ख) **क्रियाकलाप :**

क्रियाकलाप-१

विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरू दिई एकाइ परीक्षा लिनुहोस् :

Draft

**नमुना प्रश्नपत्र**

विषय : नेपाली

खण्ड (क)

सुनाइ र बोलाइ परीक्षण

१. **तिमीले पढेको वा सुनेको कुनै पद्य, गद्य, लोक वा गीति कविताका पाँच ओटा हरफहरू मात्र सुनाऊ ।** (५)

२. **निम्न लिखित शब्दहरू शुद्धसँग उच्चारण गरी सुनाऊ :** (५)

तन्त्र, गुह्य, सङ्गीत, ध्वनि, वर्ण

खण्ड (ख)

पढाइ र लेखाइ परीक्षण

३. **तलको अनुच्छेद पढी ६ ओटा नाम शब्द पहिचान गरी लेख :** (३)

आशाराम मान्छेको हुल छिचोल्दै नयाँ किताब किन्न काठमाडौँ गएछन् तर उनी त सुन किन्ने पसलमा पो पुगेछन् । त्यहाँका दया, माया भएका मान्छेले उनलाई अगाडिको पुस्तक पसलमा पठाएछन् ।

४. **तलका शब्द र अर्थको बिचमा जोडा मिलाऊ :** (२)

| शब्द | अर्थ |
|---|---|
| लता | पूर्वज |
| ज्यामी | लहरो |
| पुर्खा | मजदु |
| विपत्ति | लडाइँ |
| | आपत् |

५. **व्याख्या गर :** (५)

नयाँ नयाँ जीत अनेक जोड्दै
यो देशको इज्जत मान थप्दै

६. **'नेपाल' कविताको मुख्य भाव लेख ।** (५)

**नोट :** धेरै विद्यार्थी भएको कक्षा भएमा सुनाइ र बोलाइको परीक्षण समूह समूहको बिचमा पनि गराउन सकिन्छ ।

Draft

४. **प्रतिबिम्बन :**

आजको परीक्षा तपाईंलाई कस्तो लाग्यो, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

५. **शिक्षकका लागि परियोजना कार्य :**

- कक्षाका सबै विद्यार्थीहरूको पाठ १ को निरन्तर मूल्याङ्कन अभिलेख तयार गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका फाइल (पोर्टफोलियो) मा राख्नुहोस् ।

**कथा विधाको परिचय :**

कथालाई कहानी शब्दले सम्बोधन गर्न सकिन्छ । कथामा कुनै एक पक्षको चित्रण हुन्छ , जुन आफैँमा पूर्ण हुन्छ । यसैले कथाको आकार छोटो हुन्छ । कथा गद्य शैलीमा लेखिने साहित्यिक विधा हो । यो तुलनात्मक रूपमा अन्य साहित्यिक विधाभन्दा बढी लोकप्रिय मानिएको छ । कथा विशेष गरेर आख्यानात्मक रचना हो । यसका अङ्ग भनेका भाषा, विषयवस्तु, पात्र, घटना, परिवेश, संवाद , शैली आदि हुन् ।

कथा शिक्षणको मुख्य उद्देश्य विद्यार्थीहरूमा कथानात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । कथानात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । वस्तुत : कथा शिक्षणका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चारै सिपको अभ्यास गराउनुपर्छ । कथा शिक्षण गर्दा कथा श्रवण, कथा कथन, कथा पठन र कथाको अनुकृत लेखन समेत गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर तथा मौन पठन, पठनबोध, प्रश्नोत्तर, बुँदा टिपोट, बुँदा सारांश लेखन, घटनाक्रम मिलान, कठिन शब्दहरूको उच्चारण, अर्थ र प्रयोग, श्रुति लेखन, अनुलेखन जस्ता सिकाइ क्रियाकलाप गर्नु गराउनु उपयुक्त मानिन्छ । बालबालिकाको सिर्जनात्मक विकास गर्न, साहित्यिक अभिव्यक्ति बढाउन र चरित्र निर्माण गर्न पनि यस विधाले सहयोग गर्दछ ।

आधारभूत शिक्षा पाठ्यक्रम २०६८ ले नेपाली विषयअन्तर्गत कक्षा ८ मा ६ ओटा कथा समावेश गर्ने निर्धारण गरेको छ । ती कथाहरू सामाजिक, ऐतिहासिक, पौराणिक, नीतिपरक, लोककथा र बाल मनोवैज्ञानिक प्रकृतिका हुने छन् । त्यस अनुसार कक्षा ८ को नेपाली पाठ्य पुस्तकमा सामाजिक कथाका रूपमा ‘भाग्य’, पौराणिक कथाका रूपमा ‘मित्रता’, बाल मनोवैज्ञानिक कथाका रूपमा ‘एउटा घटना’, लोककथाका रूपमा ‘ठग समातियो’, नीति कथाका रूपमा ‘सिंह र स्यालको कथा’ र ऐतिहासिक कथाका रूपमा ‘स्वाभिमान’ नामक कथाहरू समावेश छन् ।

Draft

पाठ : २ **भाग्य**

*अनुमानित घन्टी : ८*

एकाइगत पाठ्यवस्तु विभाजन योजना

| **क्र.स.** | **पाठ्यवस्तु** | **घन्टी** |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | छलफल तथा मौखिक प्रश्नोत्तर | १ |
| ४. | पठनबोध र लिखित प्रश्नोत्तर | १ |
| ५. | बुँदा टिपोट र सारांश लेखन | १ |
| ६. | कार्यमूलक व्याकरण | २ |
| ७. | सिर्जनात्मक लेखन | १ |

Draft

| पहिलो दिन |
|---|

**पाठ्यवस्तु : १ सस्वर वाचन र शुद्ध उच्चारण *घण्टी : १***

अपेक्षित सिप : सुनाइ र पढाइ

**१. उद्देश्य : यस पाठबाट विद्यार्थी तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) 'भाग्य' कथाका विभिन्न अनुच्छेदहरू सस्वर वाचन गर्न,

(ख) 'भाग्य' कथाको सारांश भन्न,

(ग) 'भाग्य' कथाका जटिल शब्दहरू प्रष्ट र शुद्धसँग उच्चारण गर्न,

**२. शैक्षिक सामग्री**

(क) 'भाग्य' कथाका अनुच्छेदहरू,

(ख) पाठका खास खास शब्दहरूको सूची,

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा :**

पाठप्रति ध्यान आकर्षण गर्न '**भाग्य**' कथाको शीर्षकका बारेमा छलफल गर्नुहोस् ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप १ :**

**'भाग्य' कथाको पृष्ठभूमिलाई परिचयात्मक रूपमा विद्यार्थीहरू समक्ष प्रस्तुत गर्नुहोस् ।** जस्तै : 'भाग्य' कथा गाउँले जीवन र सामन्ती संस्कारको परिवेशमा आधारित छ । सामन्ती संस्कारमा सामन्तहरू मात्र बदमास हुँदैनन् कि त्यसको असर अन्य व्यक्तिहरूमा पनि पर्छ । यस कथाका विद्यार्थी पात्र पनि त्यसैको सिकार बनेका छन् । यसका लागि सामाजिक चेतनाको विकास गर्नुपर्छ । चेतनाको विकास भएमा सामन्ती संस्कार हट्छ ।

**क्रियाकलाप २ :**

कक्षाका विद्यार्थीहरूलाई भाग्य कथाका विभिन्न अनुच्छेदहरू समूहगत रूपमा पालैपालो वाचन गर्न भन्नुहोस् । बाँकी विद्यार्थीहरूलाई ध्यानपूर्वक सुन्न निर्देशन दिनुहोस् । उनीहरूले सुनेका आधारमा अभ्यास २ मा भएका प्रश्नहरूको उत्तर दिनुपर्छ । सबै विद्यार्थीहरूको प्रतिनिधित्व हुने गरी उनीहरूलाई ती प्रश्नहरू सोध्नुहोस् । ती प्रश्नहरूको उत्तर यस प्रकार हुन सक्छ :

(क) प्रश्न : पुन्टे किन छक्क परेर हेरिरहेको थियो ?
उत्तर : पुन्टेलाई धने साहुको भान्साका परिकार र घेराफेरा एकदमै नौलो लागेकाले ऊ छक्क परेर हेरिरहेको थियो ।

(ख) प्रश्न : दिउँसोको छुट्टीमा केटाहरू के गर्थे ?
उत्तर : दिउँसोको छुट्टीमा केटाहरू भकुन्डो खेल्थे । उनीहरू भकुन्डो खेल्दा त्यहीँ छेउमा बसेको पुन्टेलाई जानी जानी हानेर अचानक लागेको भान गरी रमाइलो गर्थे ।

(ग) प्रश्न : हजुरआमाको विचारमा भाग्य के हो ?

Draft

उत्तर : हजुरआमाको विचारमा भाग्य भनेको देउताले हाम्रा निधारमा लेखेको कुरा हो ।

(घ) प्रश्न : कर्मको कलम भनेको के हो ?

उत्तर : आफ्नो भाग्य आफैंले लेख्न सक्ने काम नै कर्मको कलम हो ।

(ङ) प्रश्न : मान्छेको भाग्य कसरी बलियो र राम्रो हुन्छ ?

उत्तर : कर्मको कलमले आफैंले लेखेमा मान्छेको भाग्य बलियो राम्रो हुन्छ ।

**क्रियाकलाप ३ :**

'भाग्य' कथाको सारांश सिलसिला मिलाएर कक्षामा प्रस्तुत गर्नुहोस् र विद्यार्थीहरूलाई पनि भाग्य कथाको सारांश समूहगत रूपमा भन्न लगाउनुहोस् ।

**क्रियाकलाप ४ :**

'भाग्य' कथाका विभिन्न जटिल शब्दहरू शुद्ध र प्रस्टसँग उच्चारण गर्न अभ्यास गराउनुहोस् । उदाहरण :

टुलुटुलु : टु. लु. टु. लु. , जस्केलो :/जस्. के. लो/ अलिकति : अ.लि.क.ति / दुधभात : दुध् भात् / घुटुक्क : घु टुक् क/ छुट्टी : छुट् टी/भकुन्डो : भ कुन् डो / साहु : सा हु / कपाकप : क.पा.कप ।

४. **प्रतिविम्बिन : निम्न प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइलाई मूल्याङ्कन गर्नुहोस् :**

(क) 'भाग्य' कथामा कति जना पात्रहरू छन् र ती को को हुन् ?

(ख) भाग्य कथाको मुख्य पात्र पुन्टे र उसका बुबाका बिचमा भएका कुराको निष्कर्ष के हो ?

(ग) तलका शब्दहरू शुद्ध र प्रष्टसँग उच्चारण गर्नुहोस् :

छैटी , दिउँसो , भाग्य , प्रतीक्षा , पाइलो , बेचैन ।

५. **गृहकार्य :** रेडियोबाट प्रसारण गरिएको कुनै कार्यक्रम सुनेर मुख्य मुख्य कुरा टिपोट गर्नुहोस् । (विद्यार्थीका लागि )

६. **परियोजना कार्य :** पाठका शब्दार्थ शिक्षण गर्न सम्बन्धित सन्दर्भ सामग्रीहरू अध्ययन गर्नुहोस् । ( शिक्षकका लागि )

Draft

## दोस्रो दिन

**पाठ्यवस्तु : २ शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग**

***घन्टी : १***

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठबाट विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) 'भाग्य' कथाका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) पाठका खास खास शब्दलाई उपयुक्त ढङ्गबाट वाक्यमा प्रयोग गर्न,

२. **शैक्षिक सामग्री :**

(क) शब्द र अर्थहरूको सूची

(ख) शब्द र अर्थका पत्तीहरू

(ग) वाक्यहरूको तालिका

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

शब्दार्थबाट भाषिक क्षमता विकास गर्न केकस्तो योगदान पुग्छ भन्ने सम्बन्धमा विद्यार्थीहरूसँग सामान्य कुराकानी गर्नुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप - १**

(क) पाठ्य पुस्तकको पाना अनुसारका शब्द र अर्थहरू विद्यार्थीहरूलाई मनमनै तिन चार पटक पढ्न भन्नुहोस् र त्यसको परीक्षण पनि गर्नुहोस् ।

(ख) तपाईंले तयार गर्नुभएका शब्दार्थ पत्तीहरू कक्षामा प्रस्तुत गर्नुहोस् र त्यहाँका शब्द र अर्थ पढ्न तथा तिनलाई कापीमा सार्न विद्यार्थीहरूलाई अवसर प्रदान गर्नुहोस् ।

(ग) कक्षाका विद्यार्थीहरूको अलग अलग समूहलाई भाग्य कथाका अलग अलग अनुच्छेदहरूबाट कठिन शब्दहरू सङ्कलन गर्न भन्नुहोस् र उनीहरूले सङ्कलन गरेका शब्दहरू बोर्डमा लेखेर तिनीहरूको अर्थ पनि टिपाउनुहोस् ।

(घ) कठिन शब्दहरूको अर्थ शिक्षण गर्दा विभिन्न तरिकाहरू अपनाउन सकिन्छ । यी तरिकाहरूमध्ये शब्द र अर्थका बिचमा जोडा मिलाउने तरिका पनि एक हो । त्यस्तै शब्दहरूको अर्थ बताउँदा पर्यायवाची शब्दको रूपमा, विपरीतार्थक शब्दको रूपमा, पारिभाषिक शब्दको रूपमा र व्याख्या वा वर्णनका रूपमा पनि अर्थ उल्लेख गर्नुपर्ने हुन सक्छ । कतिपय शब्दहरूको अर्थ बताउन चित्र, ठोस वस्तु, अभिनय वा हाउभाउ आदिको पनि उपयोग गर्न सकिन्छ । शब्दको प्रकृति अनुसार शब्दार्थ शिक्षणमा यी तरिकाहरूलाई अवलम्बन गर्नुहोस् ।

**क्रियाकलाप - २**

(क) वाक्य भाषाको आधारभूत एकाइ मानिन्छ । व्यक्तिहरूका विचार वाक्यहरूमा नै व्यक्त हुन्छन् । यसले शब्दहरूको अर्थलाई प्रस्ट पार्न पनि मदत गर्छ । यसरी शब्दलाई वाक्यमा प्रयोग गर्ने कुरा भाषा सिकाइको महत्त्वपूर्ण क्रियाकलाप हो । अत : शब्दलाई वाक्यमा प्रयोग गर्दा त्यस वाक्यले शब्दको अर्थलाई प्रस्ट पार्ने कुरामा पनि विचार पुऱ्याउनु आवश्यक हुन्छ । त्यस्तै वाक्यहरू पदसङ्गति मिलेको र उद्देश्य तथा विधेयका दृष्टिले पनि पूर्ण हुनुपर्छ । अत : शब्दलाई वाक्यमा प्रयोग गर्न सिकाउने सिलसिलामा सर्वप्रथम विद्यार्थीहरूसँग यस बारेमा कुराकानी गर्नुहोस् ।

(ख) 'भाग्य' कथाका 'टुलुटुलु, स्कुल, कलम, भाग्य, श्रम', आदि शब्दहरू बोर्डमा लेखेर विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस्, तपाईं भने विद्यार्थीहरूका उक्त कक्षा कार्यलाई परीक्षण गर्नुहोस् र पृष्ठपोषण पनि प्रदान गर्नुहोस् ।



Draft

(ग) शब्दहरू जस्तै वाक्यमा उखान तुक्काहरूको प्रयोगलाई पनि उही एउटै सन्दर्भमा हेरिन्छ । अतः शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने सिलसिलामा ‘भाग्य’ कथाका ‘काम गर्ने कालु मकै खाने भालु, हुने बिरुवाको चिल्लो पात’ र त्यस्तै अन्य उखानहरूलाई पनि वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् ।

४. **प्रतिविम्बन : निम्न प्रश्नका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :**

(क) ‘भाग्य, साहु, जाती, अर्थ’ आदि पाठमा अर्थ नदिइएका शब्दहरूको अर्थ लेख्न लाउनुहोस् ।

(ख) आमा, हजुरआमा, बुबा, बहिनी आदि पाठका नाताबोधक शब्दहरूलाई वाक्यमा प्रयोग गर्न भन्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्याससँग सम्बन्धित ७, ८ र ९ नम्बरका प्रश्नहरूको उत्तर लेखेर ल्याउन भन्नुहोस् ।

६. **सन्दर्भ सामग्री :** बाल शब्दकोश, उखान तुक्काहरूको सूची ।

## तेस्रो दिन

**पाठ्यवस्तु : ३ छलफल तथा मौखिक प्रश्नोत्तर**

***घन्टी : १***

**अपेक्षित सिप :** बोलाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) ‘भाग्य’ कथाका पात्रहरूको परिचय मौखिक रूपमा बताउन,

(ख) ‘भाग्य’ कथाका विभिन्न घटनाहरूका बारेमा छलफल गर्न,

(ग) ‘भाग्य’ कथाका विषयवस्तुका सम्बन्धमा मौखिक प्रश्नोत्तर गर्न,

२. **शैक्षिक सामग्रीहरू :**

(क) ‘भाग्य’ कथाका पात्र तथा घटनाहरूको सूची,

(ख) शिक्षक निर्मित प्रश्नहरू,

(ग) अभ्यासात्मक प्रश्नहरू,

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा :**

‘भाग्य’ कथाका पात्रहरू तथा घटनाहरूको सूची बोर्डमा लेख्नुहोस् र पात्र तथा घटनाहरू कथाका मुख्य अङ्ग हुन् भन्ने बारेमा विद्यार्थीहरूसँग कुराकानी गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १ :**

Draft

(अ) सर्वप्रथम 'भाग्य' कथाका पात्रहरू धने साहु, पुन्टे, पुन्टेकी हजुर आमा, आमा, बहिनी, विद्यालयका विद्यार्थीहरू र पुन्टेको बुबाका बारेमा कक्षाका विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् । ती पात्रहरूका बारेमा कक्षाका विद्यार्थीहरूसँग व्यापक रूपमा छलफल पनि गर्नुहोस् । पात्रहरूका बारेमा छलफल गर्दा उनीहरूको व्यवहार र विचारका सम्बन्धमा विशेष जोड दिनुहोस् ।

(आ) निम्न लिखित घटनाहरूलाई मध्य नजर गरी भाग्य कथाका विभिन्न अनुच्छेदहरू पढ्न कक्षाका सबै विद्यार्थीहरूलाई भन्नुहोस् । ती घटनाका सम्बन्धमा समूहगत रूपमा छलफल गर्न पनि विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । घटनाहरू :

(क) धने साहुले पुन्टेलाई हकारेको घटना,

(ख) विद्यार्थीहरूको भकुन्डो खेलसँग सम्बन्धित घटना,

(ग) पुन्टे र उसको हजुर आमाका बिचमा भएको कुराकानी,

(घ) पुन्टेले बहिनीको छैटीका बारेमा आमासँग गरेको कुराकानी,

(ङ) पुन्टे र उसको बुबाका बिचमा भएका कुराकानी,

(च) पुन्टेले नवजात बहिनीलाई गरेको माया,

**क्रियाकलाप - २**

अब 'भाग्य' कथाका विषयवस्तुका सम्बन्धमा विद्यार्थीहरूलाई विभिन्न प्रश्नहरू सोध्नुहोस् । प्रश्न सोध्ने सन्दर्भमा उत्तर दिने अवसर पालैपालो सबैलाई प्रदान गर्नुहोस् । नमुनाका लागि केही प्रश्नहरू :

(क) धने साहुले पुन्टेलाई पटक पटक गाली गर्नुको रहस्य के थियो ?

(ख) विद्यालयका विद्यार्थीहरू पुन्टेप्रति कस्तो व्यवहार गर्थे ?

(ग) पुन्टेले आफ्ना भावनाहरू कोसँग कसरी व्यक्त गऱ्यो ?

(घ) पुन्टेको बुबा र पुन्टेका बिचमा के कस्ता कुराहरू भए ?

(ङ) पुन्टे कस्तो भविष्यको कल्पनामा रमाउन थाल्यो ?

**क्रियाकलाप - ३**

'भाग्य' कथाका बारेमा आफ्नो मनमा लागेका कुराहरू सोध्न सबै विद्यार्थीहरूलाई पुनः एक पटक अवसर प्रदान गर्नुहोस् र उनीहरूले सोधेका प्रश्नहरूको उत्तर पनि दिनुहोस् ।

**क्रियाकलाप - ४**

भाग्य कथाको पात्र पुन्टेको अवस्थासँग मिल्दाजुल्दा घटनाहरू शिक्षकको आफ्नै वा कक्षाका कुनै विद्यार्थीहरूको जानकारीमा भए सुनाउनुहोस् वा सुनाउने अवसर प्रदान गर्नुहोस् ।

४. **प्रतिविम्बन :** निम्न प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :

(क) 'भाग्य' कथाको शीर्षक कतिसम्म सान्दर्भिक छ ?

(ख) पुन्टेको बुबाको विचारप्रति तिम्रो सहमति छ वा छैन , किन ?

५. **गृहकार्य :**

'भाग्य' कथासँग सम्बन्धित अभ्यासात्मक प्रश्न तिन र चार हल गर्न कक्षाका सबै विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

Draft

६. **परियोजना कार्य :** 'भाग्य' कथालाई समालोचनात्मक रूपमा अध्ययन गर्नुहोस् ।
(शिक्षकका लागि )

**चौथो दिन**

**पाठ्यवस्तु : ४ मौन पठन र लिखित प्रश्नोत्तर घन्टी : १**

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू निम्न लिखित विषयमा सक्षम हुने छन् :**

(क) भाग्य' कथाका सबै अनुच्छेदहरू सूक्ष्म रूपमा मौन पठन गर्न,

(ख) 'भाग्य' कथाका विषयवस्तुका सम्बन्धमा लिखित रूपमा प्रश्नोत्तर गर्न,

२. **शैक्षिक सामग्री**

(क) पाठका विभिन्न अनुच्छेदहरू

(ख) पाठका अभ्यासात्मक प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा :**

अभ्यासका सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू बोर्डमा लेखेर विद्यार्थीहरूको ध्यानलाई पाठप्रति आकर्षित गर्नुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप १ :**

पाठका सबै अनुच्छेदहरू सबै विद्यार्थीहरूलाई सूक्ष्म रूपले मौन पठन गर्न भन्नुहोस् ।

**क्रियाकलाप २ :**

अब मौन पठनका आधारमा विद्यार्थीहरूलाई अभ्यासका ५ र ६ प्रश्नहरूको उत्तर कक्षा कार्यका रूपमा लेख्न भन्नुहोस् । उनीहरूले उत्तर लेखेपछि ती प्रश्नहरूको उत्तर तपाइँ पनि बोर्डमा लेख्नुहोस् र त्यसका आधारमा उनीहरूले लेखेको मिले वा नमिलेको परीक्षण गर्न उनीहरूलाई नै अवसर प्रदान गर्नुहोस् । विद्यार्थीहरूसँग उत्तर लेख्दा ध्यान दिनुपर्ने विषयलाई लिएर छलफल गर्नुहोस् र आवश्यक सुझाव पनि प्रदान गर्नुहोस् । प्रश्नोत्तर सम्बन्धी केही उदाहरण :

(क) पुन्टेले किन घुटुक्क थुक निल्यो ?

– पुन्टे दुधभातको भोको थियो । धने साहुले कुकुरलाई दिएको दुधभात कुकुरले कपाकप खाएको देखेर पुन्टेले घुटुक्क थुक निल्यो ।

(ख) पुन्टेले किन छैटौं दिनको प्रतीक्षा गरेको थियो ?

– नवजात शिशु जन्मेको छैटौं दिनलाई छैटीं भनिन्छ । यसलाई विशेष समारोहका रूपमा लिने प्रचलन छ । छैटीका दिन र राति देवताले हाम्रो भाग्य निधारमा सुटुक्क लेखेर जान्छन् भन्ने कुरा पुन्टेले हजुरआमाबाट सुनेको थियो । छैटीको दिन राति बच्चाको

सिरानीका कापी कलम राखिनुपर्छ । रातभर बत्ती निम्न दिनुहुँदैन । छैटीका दिने भगवानले निधारमा लेखेको कुरा मात्र पाइन्छ भन्ने हजुर आमाको भनाइबाट प्रभावित पुन्टेले त्यस दिनका सबै घटना आफ्नै आँखाले हेर्न चाहेको थियो । त्यसैले पुन्टेले छैटौं दिनको प्रतिक्षा गरेको थियो ।

(ग) भाव स्पष्ट पार्नुहोस् :

अब श्रम र जमिनको सम्बन्ध हाम्रो भाग्यसित जोड्ने कुरा गर्नुपर्छ र आफ्नो भाग्य आफैँ लेख्नुपर्छ ।

– प्रस्तुत गद्यांशको मुख्य आशय हो श्रम र जमिनका बिचमा सङ्गति हुनु आवश्यक छ । आजसम्म श्रम र जमिनका बिचमा सङ्गति देखिंदैन । किनभने श्रम गर्नेसँग प्रशस्त जमिन छैन, जमिन हुनेहरूसँग श्रमको मूल्य बुझ्ने मन छैन । जमिन हुनेहरूलाई श्रमको मूल्य बुझ्न बाध्य गराउन सकेको खण्डमा श्रमिकहरूको भागमा पनि केही पर्छ । अत : श्रमिकहरूलाई सचेत भएर आफ्नू भाग्य आफैंले लेख्न उनीहरूलाई अभिप्रेरित गर्नुपर्छ ।

**क्रियाकलाप - ३**

अभ्यासमा दिइएका प्रश्नहरूको सम्बन्धमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् र ती प्रश्नहरूको उत्तर कक्षाकार्यका रूपमा लेख्न विद्यार्थीहरूलाई अभिप्रेरित गर्नुहोस् ।

४. **प्रतिबिम्बन : निम्न लिखित प्रश्नका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :**

(क) 'भाग्य' कथाको अन्तिम अनुच्छेद अनुलेखन गर्नुहोस् ।

(ख) 'भाग्य' कथाको मुख्य पात्रका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

(ग) 'हुने बिरुवाको चिल्लो पात' भन्नुको आशय के हो ?

५. **गृहकार्य :**

अभ्यास ५ मा दिइएका प्रश्नहरूको उत्तर राम्रो अक्षरमा लेख्ने सबै विद्यार्थीहरू आवश्यक निर्देशन दिनुहोस् ।

Draft

## पाँचौं दिन

**पाठ्यवस्तु : ५ बुँदा टिपोट र सारांश लेखन**

***घन्टी : १***

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठबाट विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठका विभिन्न अनुच्छेदका आधारमा बुँदाहरू टिप्न,

(ख) पाठका विभिन्न अनुच्छेदहरूको सारांश लेख्न,

२. **शैक्षिक सामग्री**

(क) पाठका अनुच्छेदहरू

(ख) अनुच्छेदका बुँदाहरू

(ग) सारांशका नमुना

(घ) अभ्यासात्मक प्रश्न

३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) उत्प्रेरणा

बुँदा टिपोट र सारांश लेखनको आवश्यकता तथा तरिकाका बारेमा विद्यार्थीहरूसँग विशेष कुराकानी गर्नुहोस् । जस्तै :

(अ) बुँदाका आधारमा विषयवस्तु चाँडो सिक्न सकिन्छ र सिकाइ दिगो पनि हुन्छ । विभिन्न विधामा रचनाहरू लेख्न पनि बुँदाबाट मदत मिल्छ ।

(आ) बुँदाहरू शब्द, पदावली वा वाक्यांश प्रकृतिका हुन्छन् । अतः अनुच्छेदका विषयवस्तुलाई तिनमा समेट्नुपर्छ । अनुच्छेदको आकार अनुसार बुँदाहरू थोरै वा धेरै पनि हुन सक्छन् ।

(इ) समग्र कुरालाई सङ्क्षेपमा अभिव्यक्ति गर्नु सारांश लेखनको प्रयोजन हो । यसबाट श्रम, समय र साधनको वचत हुन्छ । व्यक्त विचारलाई परिस्कृत रूप प्रदान गर्नु पनि यसको अर्को महत्त्वपूर्ण पक्ष हुन आउँछ ।

(ई) सारांश लेख्नका लागि बुँदा टिप्ने सक्षमताको आवश्यकता पर्छ । अर्थात् बुँदाका आधारमा सजिलै सारांश तयार गर्न सकिन्छ । सम्बन्धित अनुच्छेदलाई विशेष रूपमा अध्ययन गर्नाले पनि व्यक्त विचारलाई सङ्क्षेप प्रस्तुत गर्न सकिन्छ ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

(क) बुँदा टिपोटको अभ्यास पुरै पाठ वा विभिन्न अनुच्छेदका आधारमा गर्न सकिन्छ । बुँदा टिपोटको अभ्यास सुरुमा अनुच्छेदका आधारमा बुँदा टिपोट गराउन पाठका उपयुक्त अनुच्छेदहरू छान्नुहोस् ।

(ख) भाग्य कथामा अनुच्छेद १-३, ११-१३ तथा २८-३० का आधारमा कक्षाका विद्यार्थीहरूलाई बुँदा टिप्न लगाउनुहोस् । बुँदा टिपोटको अभ्यास व्यक्ति वा समूहगत दुवै रूपमा गराउन सकिन्छ । कक्षाको अवस्था अनुसार बुँदा टिपोटका लागि निर्देशन दिनुहोस् ।

(ग) विद्यार्थीहरूले टिपेका बुँदाहरूको परीक्षण गर्न सम्बन्धित अनुच्छेदका बुँदाहरू बोर्डमा लेख्नुहोस् र उनीहरूलाई जाँच्न लगाउनुहोस् । जस्तै : १-३ अनुच्छेदसँग सम्बन्धित बुँदाहरू :

- ध्ने साहुको भान्सा
- धने साहुको भान्सामा थोरै भात र धेरै परिकार
- धेरै खेत भएको धनेले भात भने किन थोरै खाएको भन्ने पुन्टेको सोच
- धनेले कुकुरलाई दूधभात दिंदा पुन्टेलाई साहुको घरको कुकुर हुनु जाती रहेछ भन्ने लाग्नु ।

**क्रियाकलाप - २**

(क) लेखाइ सिपका विभिन्न क्रियाकलापमा सारांश लेख्न महत्त्वपूर्ण क्रियाकलाप हो । अतः विद्यार्थीहरूलाई सारांश लेखनको अभ्यास गराउनुहोस् । यसका लागि विद्यार्थीहरूलाई पुरै पाठ वा विभिन्न अनुच्छेदका आधारमा सारांश लेखनको अभ्यास गराउन सकिन्छ । सुरुमा भने उनीहरूलाई अनुच्छेदका आधारमा अभ्यास गराउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई अनुच्छेदको सारांश लेखन स्वतन्त्र र बुँदा दुवै आधारमा गराउन सकिन्छ । ती दुवै आधारमा सारांश लेखनको अभ्यास गराउनुहोस् । बुँदाका आधारमा सारांश लेखनको अभ्यास गराउँदा भने बोर्डमा तपाईंले बुँदा लेखेर वा बुँदा उनीहरूलाई नै पहिले टिप्न लगाएर अनि त्यसपछि सारांश लेख्ने अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप - ३**

कक्षा कार्यका रूपमा पाठको अन्तिम अनुच्छेदको सारांश लेख्न निर्देशन दिनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नका आधारमा विद्यार्थीहरूलाई सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको पच्चिसौं अनुच्छेदका बुँदाहरू टिप्नुहोस् ।

(ख) पाठको अठ्ठाइसौं अनुच्छेदको सारांश लेख्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अन्तिम अनुच्छेदको सारांश लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य :**

सर्वनाम तथा निपात शब्दका बारेमा शिक्षण गर्न नेपाली व्याकरणको कुनै पुस्तक अध्ययन गर्नुहोस् ।

## छैटौं दिन

**पाठ्यवस्तु : ६ कार्यमूलक व्याकरण : सर्वनाम तथा निपात शब्द**

***घन्टी : १***

अपेक्षित सिप : सर्वनाम तथा निपात शब्दको प्रयोग

१. **उद्देश्य : यस पाठबाट विद्यार्थी निम्न लिखित विषयमा सक्षम हुने छन् :**

(क) सर्वनाम शब्दहरू चिन्न र तिनलाई प्रयोग गर्न,

(ख) सर्वनाम शब्दहरूलाई विभिन्न समूहमा विभाजन गर्न,

(ग) निपात शब्दहरू चिन्न र तिनलाई प्रयोग गर्न,

२. **शैक्षिक सामग्री :**



Draft

(क) सर्वनाम तथा निपात शब्दहरूका शब्दपत्तीहरू

(ख) सर्वनाम तथा निपात शब्द भएका वाक्य एवं अनुच्छेद

(ग) सर्वनाम तथा निपात शब्दको तालिका र आवश्यक प्रश्नहरू

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा :**

शब्दवर्गका सम्बन्धमा सामान्य कुराकानी गर्नुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

(क) बोर्डमा सर्वनाम शब्दहरू लेखेर छलफल तथा प्रश्नोत्तर गर्नुहोस् ।

(ख) शब्दपत्तीका आधारमा सर्वनाम शब्दहरू चिनाउनुहोस् ।

(ग) सर्वनाम शब्दहरू भएका वाक्य तथा अनुच्छेदका आधारमा त्यहाँका कुन कुन शब्दहरू सर्वनाम हुन् र त्यहाँ तिनको प्रयोग कुन रूपमा भएको छ भनेर विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

(घ) बोर्डमा केही सर्वनामहरू लेखेर तिनलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

(ङ) विद्यार्थीहरूलाई 'भाग्य' कथामा भएका सर्वनाम शब्दहरू कापीमा टिप्न भन्नुहोस् र तपाईं भने त्यसको परीक्षण गर्नुहोस् ।

**क्रियाकलाप - २**

अब पाठ २ को अभ्यासात्मक प्रश्न १३ मा उल्लेख वाक्य तथा ती वाक्यहरूसँग सम्बन्धित विवरण अध्ययन गर्न विद्यार्थीहरूलाई भन्नुहोस् ।

**क्रियाकलाप - ३**

(क) पुरुष वाचक सर्वनाम, दर्शक सर्वनाम, सम्बन्ध वाचक सर्वनाम, प्रश्न वाचक सर्वनामका रूपमा सर्वनाम शब्दहरूलाई विभाजन गरेर सर्वनाम शब्दको तालिका बनाउनुहोस् । अनि त्यसलाई फलाटिन पाटीमा टाँसेर सर्वनाम शब्दहरूको प्रकारका सम्बन्धमा छलफल गर्नुहोस् ।

(ख) सर्वनाम शब्दहरूको प्रकारका आधारमा सर्वनाम शब्दहरूले गर्ने काम वा विशेषताहरूको जानकारी गराउन विद्यार्थीहरूलाई त्यस बारेमा अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप - ४**

सर्वनाम शब्दका बारेमा निम्न विवरण कापीमा लेख्न भन्नुहोस् :

(क) सर्वनाम शब्दले पूर्वापरका नामको सन्दर्भलाई जनाउँछन् । यसैले यिनलाई सट्टे नाम पनि भनिन्छ । उदाहरणका रूपमा म, हामी, यो, त्यो, जो, जे, को, कुन आदि सर्वनाम शब्दहरू हुन् ।

(ख) सर्वनाम शब्दहरू सामान्य रूपमा चार प्रकारमा विभाजित हुन सक्छन् । ती चार प्रकारका सर्वनाम शब्दहरू भनेका पुरुष वाचक सर्वनाम, दर्शक सर्वनाम, सम्बन्ध वाचक सर्वनाम र प्रश्न वाचक सर्वनामहरू हुन् । वक्ता, श्रोता र अन्य सन्दर्भ

जनाउने सर्वनामलाई पुरुष वाचक सर्वनाम भनिन्छ । कुनै व्यक्ति, वस्तु वा विषयलाई तोकेर देखाउनका लागि प्रयोग हुने सर्वनामलाई दर्शक सर्वनाम भनिन्छ । जो, जे र जुन तथा यी सँग सम्बन्धित सर्वनाम शब्दहरू सम्बन्ध वाचक सर्वनाम शब्द हुन् । त्यस्तै प्रश्न बुझाउने को, के, कुन र तीसँग सम्बन्धित सर्वनाम शब्दहरूलाई प्रश्न वाचक भनिन्छ ।

**क्रियाकलाप - ५**

(क) निपात शब्द भएका वाक्यहरू बोर्डमा लेखेर त्यहाँका निपात शब्दहरू चिनाउनुहोस् ।

(ख) केही प्रचलित निपातहरूलाई शब्दपत्तीमा प्रदर्शन गर्नुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् ।

(ग) पाठमा प्रयोग भएका निपात शब्दहरू खोजेर कापीमा टिप्न भन्नुहोस् ।

(घ) अब थप अभ्यासका लागि प्रत्येक विद्यार्थीहरूलाई दुई दुई ओटा निपात शब्दहरू भन्न लगाउनुहोस् र तपाईंले भने तिनलाई बोर्डमा लेख्नुहोस् ।

**क्रियाकलाप - ६**

निपात शब्दका सम्बन्धमा निम्न विवरण कापीमा सार्न भन्नुहोस् :

(क) निपात शब्द भनेका अव्यय वर्गका अविकारी शब्द हुन् ।

(ख) निपात शब्दले वाक्यको अर्थलाई सुन्दर र सुदृढ बनाउन मदत गर्छन् ।

(ग) निपात शब्दको आफ्नो स्वतन्त्र अर्थ हुँदैन , प्रयोगका आधारमा यिनले आफ्नो अर्थ व्यक्त गर्छन् ।

४. **प्रतिविम्बन : निम्न प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइलाई मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठमा भएका सर्वनाम शब्दहरूलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।

(ख) निपात शब्दका विशेषताहरू लेख्नुहोस् ।

५. **गृहकार्य :**

अभ्यासका १४, १५ र १६ प्रश्नहरूको उत्तर लेखेर ल्याउन भन्नुहोस् ।

| **सातौँ दिन** |
|---|

**पाठ्यवस्तु : ७** **सिर्जनात्मक लेखन**

***घन्टी : १***

अपेक्षित सिप : लेखाइ

१. **उद्देश्य : यस पाठबाट विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) आफूले जानेका कथा सिलसिला मिलाएर सुनाउन,

(ख) बुँदाका आधारमा कथा लेख्न,

(ग) खास विषयवस्तुलाई लिएर स्वतन्त्र रूपमा कथा लेख्न,

Draft

२. **शैक्षिक सामग्री**

(क) कथाको नमुना

(ख) कथाका बुँदाहरू

(ग) कथा सम्बन्धी विवरण ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) उत्प्रेरणा

सामाजिक कथाको कुनै नमुना कक्षामा प्रस्तुत गर्नुहोस् र त्यसका बारेमा विद्यार्थीहरूसँग सामान्य कुराकानी गर्नुहोस् ।

(ख) क्रियाकलाप

**क्रियाकलाप - १**

कक्षाका केही विद्यार्थीहरूलाई समूहगत रूपमा आफूले जानेको कथा सिलसिला मिलाएर सुनाउन निर्देशन दिनुहोस् र त्यस बारेमा अन्य विद्यार्थीहरूको प्रतिक्रिया लिनुहोस् ।

**क्रियाकलाप - २**

(क) कथा लेख्नका लागि सिर्जनात्मक अभ्यासमा दिइएका बुँदाहरू कक्षामा प्रस्तुत गर्नुहोस् र ती बुँदाहरूका आधारमा कथा तयार गर्ने तरिका बताउनुहोस् ।

(ख) अब विद्यार्थीहरूलाई कक्षा कार्यका रूपमा ती बुँदाहरूलाई मिलाएर कथा लेख्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप - ३**

(क) सामाजिक कथा स्वतन्त्र रूपमा लेख्न बोर्डमा केही विषय शीर्षकहरू लेख्नुहोस् र ती विषय शीर्षकसँग सम्बन्धित विभिन्न घटनाहरू पनि बताउनुहोस् ।

(ख) सम्बन्धित घटनाका आधारमा विद्यार्थीहरूलाई मिल्दा पात्र र तिनीहरूको क्रियाकलाप कल्पना गर्न भन्नुहोस् ।

(ग) अब त्यसअनुसारका सिर्जनात्मक लेख्नका लागि सामाजिक कथा लेख्न विद्यार्थीहरूलाई आवश्यक निर्देशन दिनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) कुनै तिन ओटा सामाजिक कथाको नाम पूर्व अनुभवका आधारमा लेख्नुहोस् ।

(ख) सिर्जनात्मक अभ्यासमा भएका बुँदाअनुसार तयार गर्ने कथाका लागि उपयुक्त शीर्षक छान्नुहोस् ।

५. **गृहकार्य** : विद्यार्थीहरूलाई उनीहरूकै अनुभव र कल्पनाका आधारमा छोटो सामाजिक कथा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

## पाठ : ३

**पाठ शीर्षक : देवकुमारी थापा        विधा : जीवनी**

**जीवनी विधाको परिचय**

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनमा घटेका घटनाहरूलाई आधार मानी प्रस्तुत गरिन्छ । समाज तथा राष्ट्रको समृद्धि र उन्नतिका लागि विशिष्ट योगदान पुर्‍याउने प्रतिभाको समग्र व्यक्तित्वमाथि प्रकाश पर्ने तथ्यमूलक घटना शृङ्खलालाई जीवनी भनिन्छ । यो एउटा यस्तो विधा हो जसमा व्यक्ति विशेषको जन्मदेखि मृत्युसम्मका यावत् घटनावलीलाई अर्थपूर्ण ढङ्गमा लेखाजोखा गरिन्छ । त्यसैले यसमा काल्पनिकता, भावुकता र आत्मपरकता हु“दैन । प्रामाणिक तथ्य, वस्तुपरक दृष्टिकोण साथै तत्कालीन समाजले स्वीकार गरेका मूल्य र मान्यताका आधारमा यो विधा तयार पारिन्छ । कुनै विशिष्ट व्यक्तित्वको जीवनी पढेर विद्यार्थीहले आफ्नो जीवनका लागि प्रेरणा पाउ“दछन् । आशावादी भएर जीवनलाई अगाडि बढाउन, इच्छा र आकाङ्क्षालाई उच्च बनाएर कर्तव्यनिष्ठ बन्न तथा समाज र राष्ट्रका लागि आफूलाई समर्पित गर्न कुनै पनि क्षेत्रका व्यक्तित्वको जीवनीले मार्गदर्शनको काम गर्दछ ।

जीवनी सिकाइको मुख्य उद्देश्य भाषाका मौखिक तथा लिखित अभिव्यक्ति सिपको विकास गर्नु हो । यस विधाको प्रयोजन विद्यार्थीमा बोध क्षमता, गद्यात्मक अभिव्यक्ति र लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । जीवनी विधा शिक्षण गर्दा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका श्रुतिबोध, श्रुतिवर्णन, सस्वर तथा मौन पठन, पठन बोध, बोध प्रश्नोत्तर, बु“दा टिपोट, घटनाहरूको टिपोट, घटनाक्रम मिलाउने, श्रुति लेखन, अनुलेखन, लिखित रचना, सारांश लेखन, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग तथा व्याकरणका तत्त्व पहिचान जस्ता क्रियाकलाप गराउनुपर्छ ।

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १ | सस्वर वाचन र शुद्ध उच्चारण | १ |
| २ | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३ | विषय वस्तुसम्बन्धी छलफल र प्रश्नोत्तर | १ |
| ४ | मुख्य घटनाक्रम टिपोट र वर्णन | १ |
| ५ | बुँदा टिपोट र सारांश | १ |
| ६ | व्याकरण : कारक र विभक्ति | १ |
| ७ | सिर्जनात्मक अभ्यास : जीवनी लेखन | १ |
| ८ | सिकाइ पुनरावृत्ति | १ |

| दिन : पहिलो |
|---|

पाठ्यवस्तु : सस्वर वाचन र शुद्ध उच्चारण

लक्षित सिप : पढाइ र उच्चारण

**१. विशिष्ट उद्देश्य**

(क) प्रस्तुत जीवनीका निर्दिष्ट अनुच्छेदलाई गति, यति मिलाई सस्वर पढ्न,

(ख) यस जीवनीमा रहेका कठिन शब्द (उच्चारणका हिसाबले) को शुद्ध उच्चारण गर्न,

**२. शैक्षिक सामग्री**

उच्चारण गर्न कठिन शब्दको शब्दपत्ती र प्रदर्शन पाटी,

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- सर्वप्रथम शिक्षकले छात्र/छात्रा, पहिलो/दोस्रो नेपाली भाषा, अपाङ्गता आदि विद्यार्थीलाई ध्यान दिँदै समावेशी कक्षा व्यवस्थापन गर्नुहोस् ।
- जीवनी भनेको के हो ? जीवनी कस्ता व्यक्तिको लेखिन्छ ? तिमीहरूले ककसका जीवनी पढेका छौ ? जस्ता प्रश्नहरू विद्यार्थीलाई सोधी उत्तर भन्न लगाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।
- नेपाली इतर भाषी, सुस्त श्रवण भएका र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप १**

- पाठको पहिलो अनुच्छेद गति, यति मिलाई सस्वर वाचन गरी सुनाउनुहोस् । प्रत्येक विद्यार्थीले ध्यान दिए नदिएको विचार पुर्‍याउनुहोस् ।
- समावेशी आधारमा कक्षालाई पाँच समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहबाट पालैपालो एकएक अनुच्छेद गति, यति मिलाई शुद्धसँग वाचन गर्न लगाउनुहोस् ।
- एक जनाले वाचन गरेका बखतमा अन्य विद्यार्थीहरूलाई गति, यति नमिलेको स्थान पहिचान गरी टिपोट गर्न लगाई सबैले वाचन गरिसकेपछि ती स्थानहरूलाई पुनः वाचन गर्ने अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

- वाचन गर्दा उच्चारण गर्न कठिन भएका शब्दहरू टिपोट गर्न लगाउनुहोस् र वाचन गरिसकेपछि ती शब्दहरूलाई उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।
- विद्यार्थीले सही उच्चारण गर्न नसकेका कठिन शब्दहरूको शब्दपत्ती प्रदर्शन पाटीमा एक एक गरी राखी आफूले उच्चारण गरी सँगसँगै उच्चारण गर्न लगाउनुहोस् ।

Draft

- विद्यार्थीहरूलाई शुद्ध उच्चारण गर्न कठिन भएका शब्दहरू अक्षर अक्षर छुट्याई शैक्षणिक पाटीमा लेखेर देखाई शुद्ध उच्चार गर्ने अभ्यास गराउनुहोस् । जस्तै : प्रेरक (प्रे/प्रे.रक्), निर्माता (निर्.मा.ता), चौतर्फी (चौ.तर्.फि), कर्तव्य (कर्.तब्.ब्य), व्यवस्था (ब्य.बस्.था), असहाय (अ.स.हा.य) आदि ।
- आगामी कक्षामा शब्दार्थ र वाक्य निर्माण क्रियाकलाप गरिने कुराको जानकारी दिँदै कक्षा समापन गर्नुहोस् ।

**४. प्रतिविम्बन**

- विद्यार्थीलाई पालैपालो अभ्यास १ मा झैँ एकएक अनुच्चेद गति, यति मिलाई सस्वर वाचन गर्न लगाउनुहोस् ।
- यस पाठको अभ्यास १२ र १४ का शब्दहरू उच्चारण गर्ने क्रियाकलाप गराउनुहोस् ।

**५. गृहकार्य/परियोजना कार्य**

उच्चारण गर्न कठिन भएका शब्दहरूको सूची बनाई साथीलाई उच्चारण गरी सुनाउन लगाउने गृहकार्य दिनुहोस् ।

**६. शिक्षकका लागि परियोजना कार्य**

उच्चारण गर्न कठिन शब्दहरूको वर्ण संरचना सहित तालिका तयार पार्नुहोस् र अन्य थप शब्दहरू पहिचान गरी थप्दै जानुहोस् ।

## दिन : दोस्रो

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग**

लक्षित सिप : शब्द भण्डार वृद्धि

**१. विशिष्ट उद्देश्य**

(क) पाठका कठिन शब्दको अर्थ बताउन,

(ख) उक्त शब्दहरूलाई अर्थपूर्ण वाक्यमा प्रयोग गर्न,

**२. शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, प्रदर्शन पाटी र शब्दकोश

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- विद्याथीहरूलाई सिकाइमा सक्रिय गराउने एउटा छोटो मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको उच्चारण गर्न कठिन भएका शब्दहरूको सूची समावेशीकरण र प्रतिस्पर्धाका आधारमा पढ्न लगाई छलफल गरी पृष्ठपोषण दिनुहोस् ।

Draft

- पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- पाठका शब्दको अर्थ शिक्षण गर्न सुरुमा विद्यार्थीहरूलाई निर्धारित अनुच्छेदको मौनवाचन गर्न लगाउनुहोस् र प्रेरक, पथ प्रदर्शक, आजीवन, चौतर्फी, कर्तव्य, अडिग, व्यवस्था जस्ता पाठमा गाढा अक्षरमा दिइएका शब्दहरू बाहेकका कठिन शब्दहरू अभ्यास पुस्तिकामा टिप्न लगाउनुहोस् ।
- यसरी टिपोट गर्दा पाठमा गाढा अक्षरमा दिइएका शब्दको अर्थ सोही पृष्ठको तल्लो भागमा दिइएको अर्थ हेर्न अभ्यस्त पार्नुहोस् । त्यहाँ अर्थ फेला नपरेका शब्दहरूको मात्र टिपोट गर्ने कार्य गराउनुहोस् ।
- सबै विद्यार्थीहरूले टिपोट गरिसकेपछि उनीहरूले अर्थ नजानेका शब्दहरू विद्यार्थीलाई पालैपालो भन्न लगाउँदै आफूले ल्याएको शब्दपत्ती प्रदर्शन पाटीमा टाँस्नुहोस् र शब्दपत्ती नभएमा शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- सकभर विद्यार्थीहरूभित्रैबाट ती शब्दको अर्थ मिल्ने गरी प्रदर्शन पाटीमा शब्दार्थ जोडी मिलाउन लगाउनुहोस् । उनीहरूले अर्थ मिलाउन नसकेमा चित्र, वस्तु, पर्याय-विपर्याय, अभिनय, वर्णन जस्ता विधिसमेत अँगालेर शब्दार्थ जोडा मिलाउन सहजीकरण गर्नुहोस् ।
- कक्षाको बसाइमा रहेका दुई पङ्क्तिलाई शब्द समूह र अर्थ समूहमा विभाजन गरी समूह अनुसार शब्द र अर्थपत्ती वितरण गर्नुहोस् र शब्द समूहको एक जनाले शब्दपत्ती देखाउँदा मिल्दो अर्थपत्ती अर्थ समूहबाट देखाउन लगाई प्रतिस्पर्धात्मक खेल खेलाउनुहोस् ।

**क्रियाकलाप २**

- प्रदर्शन पाटीमा एकएक गर्दै शब्दहरू राख्दै विद्यार्थीहरूलाई पालैपालो ती शब्दहरू प्रयोग हुने अर्थपूर्ण वाक्य भन्न लगाउनुहोस् ।
- अर्थपूर्ण भए नभएको छलफल गरी आफूले ल्याएका वाक्यपत्तीहरू प्रदर्शन पाटीमा पालैपालो राखी बेठिक भएका कुराहरू पहिचान गर्न लगाउनुहोस् ।
- छलफलमा आएको निष्कर्षको आधारमा ती शब्दहरू प्रयोग गरी अर्थपूर्ण वाक्य निर्माण गरी साथीलाई देखाइ पृष्टपोषण लिन लगाउनुहोस् र सच्याउनु पर्ने अवस्था भएमा सच्याउन लगाउनुहोस् ।
- यसरी निर्माण भएका वाक्यहरू समावेशिताका आधारमा पालैपालोगरी भन्न लगाउनुहोस् ।
- आगामी कक्षामा देवकुमारी थापाको जीवनमा भए गरेका कार्यहरूका बारेमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने कुराको जानकारी दिँदै कक्षा समापन गर्नुहोस् ।

Draft

४. **प्रतिविम्बन**

पाठको अभ्यास खण्डका अभ्यासहरू १० र ११ मा भएका प्रश्नहरू सोधी तिनको उत्तर दिन लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

अभ्यास ९ गरेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

प्रश्नोत्तर शिक्षणका लागि प्रश्नहरूको सङ्ग्रह तयार पार्नुहोस् ।

**दिन : तेस्रो**

पाठ्यवस्तु : **विषय वस्तुसम्बन्धी छलफल र प्रश्नोत्तर**

**लक्षित सिप** : सुनाइ, बोलाइ र पढाइ

१. **विशिष्ट उद्देश्य**

(क) विषय वस्तुसम्बन्धी प्रश्नको उत्तर दिन,

(ख) प्रस्तुत पाठका विषय वस्तुका सम्बन्धमा छलफल गरी निष्कर्ष दिन,

२. **शैक्षिक सामग्री**

विषय वस्तुसम्बन्धी प्रश्नपत्ती, उत्तरपत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक मस्तिष्क मन्थनसम्बन्धी प्रश्न गरी उत्तर तयार पार्न लगाई समावेशिताको आधारमा एकएक गर्दै तोक्दै उत्तर भन्न लगाई सही उत्तर पहिचान गर्ने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले विषय वस्तुसम्बन्धी छलफलका क्रममा प्रथमतः विद्यार्थीहरूलाई प्रस्तुत जीवनीका विषय वस्तु समेट्ने गरी तयार पारेका तलका जस्ता प्रश्नपत्तीहरू एकएक गर्दै प्रदर्शन पाटीमा राख्दै प्रश्न सोधी र सबैलाई एकैचोटी उत्तर भन्न लगाई गुञ्ज सत्र सञ्चालन गर्नुहोस् ।

o देवकुमारीको जन्म कहिले र कहाँ भएको थियो ?

o देवकुमारीको कुन विधामा विशिष्ट स्थान छ ?

o देवकुमारीका बालसाहित्यिक रचनाहरू कुन कुन हुन् ?

- यस क्रममा विद्यार्थीहरूले दिएको उत्तर अस्पष्ट भएमा वा नमिलेमा प्रश्नको सही उत्तर यस पाठका अनुच्छेदहरूमा खोज्न लगाउनुहोस् र उनीहरूले नभेट्टाएमा पृष्ठ र अनुच्छेद नम्बर बताई उत्तर खोज्न लगाउनुहोस् ।

**क्रियाकलाप २**



Draft

- विषय वस्तुमा केन्द्रित छलफल गर्ने क्रममा पाठका अभ्यास २, ४ र ६ मा भएका विषय वस्तुसम्बन्धी थप प्रश्नहरू सोध्दै तिनको उत्तर भन्न लगाउनुहोस् ।
- विद्यार्थीले कुनै प्रश्नको उत्तर भन्न नसकेमा वा दिएको उत्तर नमिलेमा त्यसलाई स्पष्ट पारी उत्तरपत्ती प्रदर्शन पाटीमा प्रस्तुत गरी उत्तर समेत टिपाइदिनुहोस् ।
- यस जीवनी पाठका विषय वस्तुमाथि विद्यार्थीहरूलाई कुनै किसिमको अस्पष्टता वा प्रश्न भए सोध्न लगाउँदै विषय वस्तु सम्बन्धी प्रश्न तालिका माथि छलफल गराई निष्कर्ष दिनुहोस् ।
- यसैगरी अभ्यास २ मा भएका प्रत्येक प्रश्नहरूको उत्तर दिन लगाई अभ्यास गराउनुहोस् ।

४. **प्रतिविम्बन**

- देवकुमारीले गरेका बाल साहित्य सम्बन्धी कार्यहरू लेख्न लगाउनुहोस् ।
- देवकुमारीको जीवन सार्थक बन्नाका कारणहरू लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

देवकुमारको जीवनीबाट पाएको शिक्षा लेखेर ल्याउन लगाउनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

घटना वर्णन शिक्षणका लागि घटना टिपोट सङ्ग्रह तयार पार्नुहोस् ।

| **दिन : चौथो** |
|---|

पाठ्यवस्तु : **मुख्य घटनाक्रम टिपोट र वर्णन**

लक्षित सिप : पढाइ, लेखाइ र बोलाइ

१. **विशिष्ट उद्देश्य**

(क) मुख्यमुख्य घटनाक्रम टिपोट गर्न,

(ख) मुख्य मुख्य घटना वर्णन गर्न,

२. **शैक्षिक सामग्री**

साहित्यकार देवकुमारी थापाको जीवनमा घटेका मुख्यमुख्य घटनाको सूची र प्रदर्शन पाटी,

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।
- देवकुमारी थापाका जीवनमा घटेका घटनाहरू एउटा दिने एउटा लिने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

Draft

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई देवकुमारीका जीवनका मुख्यमुख्य घटना दिइएको निम्न ढाँचा अनुसार पाठ्य पुस्तकको सहयोग लिई टिपोट गर्न लगाउनुहोस् ।

  नाम : देवकुमारी थापा

  जन्म सम्बत :

  जन्म स्थान :

  मातापिताको नाम :

  शिक्षा :

  संलग्नता :

  प्रकाशित कृतिहरू :

  साहित्यिक विशेषताहरू :

  पाएका सम्मानहरू :

  पाएका पुरस्कारहरू :

  मृत्यु सम्बत् :

- नजिकको साथीसँग जोडी बनाई परस्परमा तुलना गर्दै आवश्यक थपघट गरी तालिकालाई अन्तिम रूप दिन लगाउनुहोस् ।
- आफूले लगेको घटनाको सूची प्रदर्शन गरी विद्यार्थीलाई मुख्यमुख्य घटना टिपोटमा आवश्यक सहजीकरण समेत गर्नुहोस् ।

**क्रियाकलाप २**

- यसरी तयार पारिएको घटना सूचीका आधारमा घटना वर्णनको प्रस्तुतीका लागि तयारी गर्न समूह समूहमा अभ्यासात्मक छलफल गराउनुहोस् ।
- समूहका सबै सदस्यले पालो पाउनेगरी उक्त घटना सूचीका आधारमा घटना वर्णन गराउनुहोस् । यो कार्य प्रतिस्पर्धाका आधारमा अन्य समूहबाट पनि गराउनुहोस् ।
- आवश्यक स्थानमा शिक्षकले सहजीकरण समेत गर्नुहोस् ।

४. **प्रतिविम्बन**

पाठ्य पुस्तकबाट अन्य बुँदाहरू समेत थपगरी अभ्यास ३ को कार्य गराउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

अन्य कुनै व्यक्तिको जीवनी पढेर आउने गृहाकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

- जीवनीका अन्य पाठ्य सामग्रीहरू सङ्कलन गरी विद्यार्थीलाई थप अन्य प्रतिभाको जीवनी अध्ययन गर्ने अवसर जुटाउन व्यवस्था मिलाउनुहोस् ।
- बुँदा टिपोट सङ्ग्रह र सारांश लेखनको ढाँचा तयार पार्नुहोस् ।



Draft

## दिन : पाँचौं

पाठ्यवस्तु : **बुँदा टिपोट र सारांश**

लक्षित सिप : बुँदा टिपोट र सारांश लेखन

१. **विशिष्ट उद्देश्य**

(क) निर्धारित अनुच्छेदबाट बुँदा टिपोट गर्न,

(ख) निर्धारित अनुच्छेदको एक तिहाइमा सारांश लेख्न,

२. **शैक्षिक सामग्री**

बुँदा टिपोटको उदाहरणको तालिका, सारांशको नमुना र प्रदर्शन पाटी,

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- विद्याथीहरूलाई सिकाइमा सहभागी गराउने कार्यका लागि प्रत्येक विद्यार्थीलाई आज बिहान उठेदेखि विद्यालय आइपुगुन्जेलसम्म भए गरेका कार्यहरूको टिपोट बनाउन लगाई कक्षा प्रारम्भ गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- सारांश शिक्षण गर्न निर्धारित अनुच्छेदका महत्त्पूर्ण बुँदाहरू विद्यार्थीलाई सोध्दै शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- अनुच्छेद चारबाट तयार पारिएको निम्नानुसार बुँदा टिपोटको तालिका प्रस्तुतगरी छलफल गर्दै बुँदा थपघट गर्नुहोस् ।

**चौथो अनुच्छेदका मुख्य बुँदाहरू**

o कथा लेखनमा बाल मनोविज्ञानको प्रस्तुती,
o बाल साहित्यमा असल वातावरण र सकारात्मक सन्देशमा जोड,
o पुण्यात्मा आमा, रामको कथा, कथाको बाटुलो, प्रलय प्रतिक्षा, टपरी, भोक तृप्ति देवकुमारीका प्रतिनिधि कथा,
o 'हिमाल किशोर' पहिलो बाल पत्रिकाको सम्पादक,
o राष्ट्रभक्ति र बाल साहित्य रचनामा प्रेरणाकी स्रोत,

- समूह समूहमा अन्य अनुच्छेदको बुँदा टिपोट गर्ने अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

- अनुच्छेद चारको बुँदा टिपोटका आधारमा आवश्यक सुधार कार्य गर्दै टिपिएका बुँदालाई शिलशीलाबद्धरूपमा वाक्यमा मिलाई एक तृतीयांशमा सारांश तयार पार्न लगाउनुहोस् । दुई चार शब्द धेरै थोरै भएमा फरक नपर्ने कुरा बताइदिनुहोस् ।

## चौथो अनुच्छेदको सारांश नमुना

### सारांश : बाल मनोविज्ञान

देवकुमारीका बाल कथामा बाल मनोविज्ञान पाइन्छ । पुण्यात्मा आमा, रामको कथा, कथाको बाटुलो, प्रलय प्रतिक्षा, टपरी, भोक तृप्ति प्रमुख बाल कथाहरू हुन् । उनका कथाले असल वातावरण र सकारात्मक सन्देश दिई सुन्दर भविष्य निर्माणमा सहयोग गरेको पाइन्छ । उनले पहिलो बाल पत्रिका 'हिमाल किशोर' को सम्पादन गरेर राष्ट्रभक्तिको प्रेरणाकी स्रोत भएकी छन् ।

अनुच्छेदमा प्रयोग भएका शब्द सङ्ख्या : १३५

एक तृतीयांशले हुन आउने शब्द सङ्ख्या : ४५

नमुना सारांशमा प्रयोग भएका शब्द सङ्ख्या : ४६

- यस उदाहरणलाई प्रदर्शन पाटीमा प्रस्तुत गरी छलफल गराई अन्य कुनै एउटा अनुच्छेदको सामुहिकरूपमा सारांश लेखन क्रियाकलाप गराउनुहोस् ।

**४. प्रतिविम्बन**

व्यक्तिगतरूपमा कुनै अनुच्छेदको सारांश लेख्न लगाउनुहोस् ।

**५. गृहकार्य/परियोजना कार्य**

अभ्यास ८ को कार्य गृहकार्यका रूपमा गरेर ल्याउन लगाउनुहोस् ।

**६. शिक्षकका लागि परियोजना कार्य**

सबै प्रकारका कारक र विभक्ति लागेका वाक्यहरूको सङ्कलन गरी तालिका तयार पार्नुहोस् । कारक र विभक्ति शिक्षणका लागि हस्तपत्र तयार पार्नुहोस् ।

## दिन : छैटौं

**पाठ्यवस्तु : व्यारण (कारक र विभक्ति)**

लक्षित सिप : **कारक र विभक्तिको पहिचान**

**१. विशिष्ट उद्देश्य**

(क) कारक र विभक्ति पहिचान गर्न,

(ख) कारक र विभक्तिको प्रयोग गर्न,

**२. शैक्षिक सामग्री**

कारक र विभक्तिको अभ्यास १६ (क) को तालिका, विभक्ति लागेका वाक्यहरूको तालिका र प्रदर्शन पाटी ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्य मुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

Draft

- पाठमा समावेश भएका व्याकरणका विषय वस्तुहरूका बारेमा जानेको/जान्न चाहेको/सिकेको क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम निम्नानुसारका प्रश्नहरू सोध्नुहोस् र ती प्रश्नको उत्तर भन्न लगाउँदै आजको कक्षा सुरु गर्नुहोस् ।
  - o तिमी गृहकार्य केले गर्छौ ?
  - o आज विद्यालय केबाट आयौ ?
  - o तिमीलाई मन पर्ने खानेकुरा के हो ?
  - o तिम्रो घरमा कति जना बस्छौ ?
- यसपछि विभिन्न कारक भएका वाक्यहरू प्रदर्शन पाटीमा प्रस्तुत गर्नुहोस् । जस्तै : 'करिश्माले निबन्ध पढी, लाक्पा डण्डिवियो खेल्छ, भाइ हवाइजहाजद्वारा लुक्ला गयो, लेख्नलाई कलम प्रयोग गरिन्छ ।' जस्ता धेरै उदाहरणहरू दिएर कारकका बारेमा छलफल गर्नुहोस् ।
- पाठ्पुस्तकको अभ्यास १६ (क) मा दिइएको कारक भएका वाक्यहरू शैक्षणिक पाटी वा प्रदर्शन पाटीमा प्रस्तुत गर्नुहोस् । जस्तै : 'देवकुमारी थापाले धेरै कृतिहरू लेखिन् । उनले बाल साहित्यले नेपाली साहित्यको भण्डार भरिन् । उनले बाल बालिकाहरूलाई दरिलो पाइला चाल्न सिकाइन् । उनले दयनीय अवस्थाबाट बाल साहित्यलाई उचालिन् । नेपाली बाल साहित्यमा उनको ठुलो योगदान छ ।'
- प्रस्तुत उदाहरणबाट रेखाङ्कित पदलाई टिपोट गर्न लगाउनुहोस् । ती रेखाङ्कित पदमा ले, लाई, बाट, मा जोडिएको कुरा अवलोकन गर्न लगाउनुहोस् र देवकुमारी थापा, बाल साहित्य, बाल बालिकाहरू जस्ता शब्दहरू कारक हुन् । त्यस्तै माथिका प्रश्नका उत्तर पनि कारक हुन् ।
- ती रेखाङ्कित पदका माध्यमबाट गरेका कामको भूमिका व्यक्त गरेको कुरा प्रष्ट पार्नुहोस् । ती रेखाङ्कित पदहरूले कारकको काम गरेको कुरा बताउनुहोस् ।
- कारक र विभक्ति निम्न उदाहरणबाट चिनाउनुहोस् ।
  - o ऋचाले भात खाइन् ।
  - o बहिनीले चक्कुले तरकारी काटिन् ।
  - o भाइ साइकलद्वार विद्यालय गयो ।
  - o आमा दिदीको घरमा जानु भएको छ ।
  - o रूखबाट आँप भुइँमा झर्‍यो ।
- माथिका वाक्यमा ऋचा, बहिनी, चक्कु, साइकल, घर, टेबल, रूख र भुइँ शब्दहरू कारक हुन् भने यीसँग जोडिएका ले, द्वारा, मा र बाट विभक्ति हुन् भनी पाठबाट अरू

दसओट विभक्ति जोडिएका वाक्यहरू खोज्न लगाई कारक र विभक्ति टिपोट गर्न लगाउनुहोस् ।

- कारक र विभक्तिका बारेमा थप ज्ञानका लागि पाठ्य पुस्तकको पेज नम्बर २० को तालिका प्रदर्शन पाटीमा टाँसी छलफल गर्नुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीलाई छ समूहमा विभाजन गरी गोलाप्रथाको आधारमा प्रत्येक समूहलाई आफूलाई परेको कारको पाँचपाँच ओटा वाक्य निर्माण गर्न लगाउनुहोस् ।
- प्रत्येक समूहबाट प्रस्तुत गर्न लगाई उपयुक्त भएनभएको अन्य समूहबाट पृष्ठपोषण लिन लगाउनुहोस् र आवश्यक स्थानमा सहजीकरण गर्नुहोस् ।
- विभक्ति कारकसँगै आउँछन् भने कारक चाहिँ विभक्तिविना पनि आउन सक्छन् भनी विद्यार्थीलाई बताउनुहोस् । जस्तै : गोबर्धनले चिठी लेख्यो । गोबर्धन भात खान्छ ।
- यस्तै गरेर आवश्यक स्थानमा सहयोग गर्दै प्रत्येक विद्यार्थीलाई पाँचपाँच ओटा वाक्य बनाउन लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

- पाठमा प्रयोग भएका कारक र विभक्तिको टिपोट गर्न लगाउनुहोस् ।
- अभ्यास १७ र १८ को कार्य गर्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

पाठको चौथो र पाँचौँ अनुच्छेदबाट कारक र विभक्ति लागेका वाक्यहरू तालिका बनाई ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

पारिजातको जीवनी लेखन क्रियाकलाप सञ्चालन गर्नका लागि पाठ्य पुस्तकमा दिइएको विवरणहरू साथसाथै अन्य विवरणहरूको टिपोट बनाउनुहोस् ।

Draft

## दिन : सातौँ

पाठ्यवस्तु : **सिर्जनात्मक अभ्यास (जीवनी लेखन)**

लक्षित सिप : लेखन

१. **विशिष्ट उद्देश्य**

(क) जीवनी लेखन सिपको विकास गर्न,

(ख) दिइएको बुँदाका आधारमा पारिजातको जीवनी लेख्न,

(ग) मन परेको व्यक्तिका बारेमा जीवनी लेखनका लागि बुँदा तयार पार्न र जीवनी लेख्न ।

२. **शैक्षिक सामग्री**

पारिजातको जीवनी लेखनका लागि बुँदाको अभ्यास १९ को तालिका र प्रदर्शन पाटी ।

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) उत्प्रेरणा

- विद्याथीहरूलाई सिकाइमा सक्रिय गराउने छोटो क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको सारांश लेखन कार्य प्रस्तुत गराई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

### (ख) क्रियाकलाप

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई स-सानो समूहमा विभाजन गर्नुहोस् ।
- पाठ्य पुस्तकमा दिइएको पारिजातको जीवनी लेखनका लागि बुँदाको अभ्यास १९ को तालिका प्रस्तुत गरी अध्ययन गर्न लगाउनुहोस् ।

| | | |
|---|---|---|
| साहित्यिक नाम | : | पारिजात |
| वास्तविक नाम | : | विष्णुकुमारी वाइबा |
| जन्म | : | वि.सं. १९९४ वैशाख |
| जन्मस्थान | : | दार्जिलिङको लिँगिया चिया बगान (भारत) |
| मातापिता | : | अमृतादेवी र कालसिंह वाइबा |
| शिक्षा | : | बी.ए. |
| संलग्नता | : | 'राल्फा' भन्ने साहित्यिक आन्दोलनको नेतृत्व, प्रगतिशील लेखक सङ्घको स्थापना, अखिल नेपाल महिला मञ्च र बन्दी सहायता नियोगका संस्थापक अध्यक्ष, नेपाल मानव अधिकार सङ्गठका संस्थापक उपाध्यक्ष |

**प्रकाशित कृतिहरू**

- कथा सङ्ग्रह : आदिम देश, सडक, प्रतिभा आदि
- कविता सङ्ग्रह : आकाङ्क्षा, पारिजातका कविता आदि
- उपन्यास : शिरीषको फुल, सहत्ताहीन, बैँसको मान्छे आदि
- निबन्ध सङ्ग्रह : आधी आकाश
- आत्म संस्मरण : 'धुपी सल्ला र लाली गुराँसको फेदमा'

**साहित्यिक विशेषताहरू**

- प्रगतिवादी दृष्टिकोण र क्रान्ति चेतनाको प्रभाव परेको
- गरिब, दुःखी र असहायप्रति विशेष सहानुभूति राख्ने

- साहित्यले समाज सुधार गर्न सक्नुपर्छ भन्ने विचार व्यक्त गर्ने सङ्घर्षशील साहित्यकार

सम्मान र पुरस्कार : मदन पुरस्कार (२०२२), युगज्ञान पुरस्कार (२०२७)। पाण्डुलिपि पुरस्कार (२०४९), गङ्की बसुन्धरा पुरस्कार (२०४९) आदि

मृत्यु : वि.सं. २०५० वैशाख ५ गते, काठमाडौँ

- दिइएको अभ्यास १९ को बुँदाको तालिकामा केही विशेष कुराहरू समेत खोजी गर्नमा सहजीकरण गरी आआफ्नो समूहमा आवश्यक छलफल गर्दै पारिजातको जीवनी लेख्न लगाउनुहोस् ।
- जीवनी लेखिसकेपछि अन्य समूहका साथीहरूलाई देखाई आवश्यक पृष्ठपोषण लिन दिन लागई अन्तिमरूप दिएपछि सबै विद्यार्थीको जीवनी सङ्कलन गरी पुस्तिका निर्माण गर्न लगाउनुहोस् । उक्त पुस्तिका मूल्याङ्कन गर्न र पुस्तकालयमा राख्न शिक्षकसमक्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

जीवनीमा समेटिने मुख्यमुख्य विषय वस्तुहरू पहिचान गरी लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

समाजमा योगदान दिएका आफ्नो टोल समाजका कुनै व्यक्तिका बारेमा केही दिनको समय दिई जीवनी लेख्न लगाई सबै विद्यार्थीको कार्य सङ्कलन गरी पुस्तिका बनाई पुस्तकालयमा राख्ने परियोजना कार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

विद्यार्थीहरूलाई उनीहरूले यस 'देवकुमारी थापा' पाठको शिक्षण सिकाइ क्रियाकलापमा गरेका कार्यहरू निरन्तर विद्यार्थी मूल्याङ्कनको आफ्नो कार्य सञ्चयिकामा सङ्कलन गर्न लगाई मूल्याङ्कन गरी अभिलेख फाराममा जनाउनुहोस् ।

Draft

| **दिन : आठौँ** |
| --- |

पाठ्यवस्तु : **सिकाइ पुनरावृत्ति**

लक्षित सिप : उपलब्धि परीक्षण

१. **विशिष्ट उद्देश्य**

यस एकाइबाट सोधिएका प्रश्नको उत्तर दिन,

२. **शैक्षिक सामग्री**

उपलब्धि परीक्षणका लागि प्रश्नपत्र,

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) उत्प्रेरणा**

सर्वप्रथम विद्यार्थीलाई यो पाठको शिक्षणभरि अनुपस्थित र उपस्थित को को भयो सोध्दै आआफ्नो ठाउँबाट उठेर भन्न लगाउनुहोस् । आज यो पाठको अन्तिम दिन हामी के गर्छौं भनी आजको कार्यको जानकारी गराउनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप १**

- निम्नलिखित प्रश्नहरूका आधारमा विद्यार्थीहारूलाई सिकाइ पुनरावृत्ति गराउनुहोस् ।

**नमुना प्रश्नपत्र**

विषय : नेपाली

**अ. तल दिइएका शब्दहरूलाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर :**

प्रेरक, पथ प्रदर्शक, आजीवन, चौतर्फी, कर्तव्य

**आ. निम्न लिखित प्रश्नको छोटो उत्तर देऊ :**

(क) देवकुमारी थापाको जन्म कहाँ र कहिले भएको थियो ?

(ख) देवकुमारी थापाले किन बालसाहित्यको पुस्तक लेख्न थालिन् ?

(ग) देवकुमारी थापा कुन कुन क्षेत्रमा उदाहरण बनेकी छिन् ?

इ. देवकुमारी थापाका जीवनका मुख्यमुख्य घटनाहरू पाँच बुँदामा टिपोट गरी सारांश तयार पार ।

ई. रेखाङ्कित शब्दको कारक छुट्याऊ :

(क) आमाले चक्कुले तरकारी काट्नुभयो ।

(ख) बुबा गाडीबाट सहर जानुभयो ।

(ग) मेरी दिदी अमेरिकामा पढ्दै हुनुहुन्छ ।

(घ) डोल्माले भाइ बहिनीलाई पुस्तक किनिदिइन् ।

## ४. प्रतिविम्बन

माथिका प्रश्नहरूको उत्तर भन्न लगाई सबलिकृत पृष्ठपोषण दिनुहोस् ।

## ५. शिक्षकका लागि परियोजना कार्य

सिकाइ पुनरावृत्तिका उत्तरहरू परीक्षण गरी आआफ्नो फिर्ता गरी निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्य सञ्चयिकामाराख्नुहोस् ।

**थप अध्ययन सामग्री**

**कारक र विभक्तिको नाम तालिका**

| विभक्ति | कारक | विभक्ति चिह्न |
|---|---|---|
| प्रथमा | कर्ता | ले, बाट |
| द्वितीया | कर्म | लाई |

Draft

| | | |
|---|---|---|
| तृतीया | कारण | ले, बाट, द्वारा |
| चतुर्थी | सम्प्रदान | लाई |
| पञ्चमी | अपादान | देखि, बाट |

षष्ठी - के, का, की, रो, रा, री, नो, ना, नी

| | | |
|---|---|---|
| सप्तमी | अधिकरण | मा |

**कारक र विभक्तिको प्रकार र अर्थको तालिका**

| कारक | | अर्थ |
|---|---|---|
| कर्ता | : | जसले काम गर्छ । |
| कर्म | : | जुन काम गरिन्छ । |
| करण | : | जसको मदतले काम गरिन्छ । |
| सम्प्रदान | : | जसका निम्ति काम गरिन्छ । |
| अपादान | : | जहाँबाट छुट्टिएर काम हुन्छ । |
| ……… | : | आपसमा नाता वा सम्बन्ध बुझाउँछ । |
| अधिकरण | : | कुनै कुरा रहने वा अडिने आधार बुझाउँछ । |

**द्रुत लेखन (quick write)**

कुनै विषय वस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई निश्चित् समय तोकी व्यक्तिगतरूपमा लेख्न लगाउने ।

**मष्तिष्क मन्थन (brain storming)**

प्रश्न सोधी विद्यार्थीका उत्तरहरू जस्ताको तस्तै शैक्षणिक पाटीमा टिपोट गर्ने ।

**सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने (think pair share)**

कुनै विषय वस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई व्यक्तिगतरूपमा उत्तर सोचेर लेख्न लगाउने, नजिकै बस्ने साथीसँग जोडी बनाएर साझा उत्तर तयार पारी प्रस्तुत गर्न लगाउने ।

**एउटा दिने एउटा लिने (give one take one)**

विद्यार्थीहलाई कुनै विषय वस्तु/प्रश्न दिई बुँदागतरूपमा केही बुँदाहरू लेख्न लगाउने । बुँदाहरू लेखिएको अभ्यास पुस्तिका र कलम लिई सबैलाई अगाडि उभिन लगाउने । अर्को साथीसँग बुँदाहरू आदानप्रदान गर्न र एउटा बुँदा लिन र एउटा दिन लगाउने । यस्तो अन्तर्क्रिया अन्य बढीभन्दा बढी साथीहरूसँग गर्न लगाउने ।

**प्रबन्ध/निबन्ध विधाको परिचय र शिक्षण :**

कुनै विषय वा सिद्धान्तका आधारमा सिलसिला मिलाएर लेखिएको गद्यात्मक लेख प्रबन्ध हो । नेपाली भाषा साहित्यमा एक प्रकारको विचार प्रधान निबन्धलाई पनि प्रबन्ध भनेको पाइन्छ । यस आधारमा हेर्दा प्रबन्ध र निबन्ध समानार्थी देखा पर्छन् ।

'बन्ध' आधार पदमा 'नि' उपसर्ग लागेर बनेको निबन्ध शब्दले भाव वा विचारलाई दरिलो र कसिलो शैलीमा बाँधेर राख्ने रचनालाई बोध गराउँछ । निबन्ध विषय, उद्देश्य र शैली अनुरूप विभिन्न प्रकृतिका हुन्छन् तापनि निबन्धलाई आत्मपरक र वस्तुपरक गरी दुई भागमा

Draft

विभाजन गरेको पाइन्छ । विचारप्रधान वा वस्तुपरक निबन्ध/प्रबन्धले तथ्यपरक, सूचनामूलक वा जानकारीमूलक अभिव्यक्तिलाई जनाउँछ । निबन्ध कुनै पनि विषयलाई लिएर कल्पनात्मक वा वस्तुपरक पाराले गद्यमा लेखिने छोटो साहित्यिक रचना हो । निबन्ध र प्रबन्धलाई छुट्टाछुट्टै दृष्टिले हेर्ने हो भने निबन्धलाई आत्मपरक र प्रबन्धलाई वस्तुपरक अभिव्यक्ति मानिन्छ । उदाहरणार्थ कक्षा ८ को नेपाली पाठ्य पुस्तकमा रहेको 'नेपाली संस्कृति' निबन्ध हो भने 'ग्रन्थचित्र' प्रबन्ध हो ।

निबन्ध/प्रबन्ध शिक्षणको मुख्य उद्देश्य विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको सिकाइका क्रममा निर्दिष्ट प्रबन्ध/निबन्धका पाठको उपयोग गर्नुका साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा निबन्ध लेखनको अभ्यास गराउनुपर्दछ । गद्यात्मक अभिव्यक्तिको अभ्यास गराउँदा मौन पठन, प्रश्नोत्तर, छलफल, व्याख्या आदिको उपयोग गर्नुपर्छ । यसका अतिरिक्त गद्यांशको सस्वर पठन, बुँदा टिपोट, सारांश, भाव विस्तार, व्याख्याका साथै शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुति लेखन तथा अनुलेखन जस्ता अभ्यास गराउनु आवश्यक छ ।

आधारभूत शिक्षा पाठ्यक्रम २०६८ ले निर्धारण गरे अनुरूप कक्षा आठको नेपाली पाठ्य पुस्तकमा सामाजिक/सांस्कृतिक निबन्धका रूपमा 'नेपाली संस्कृति', प्राकृतिक/ वातावरणीय निबन्धका रूपमा 'प्रकृति र वातावरण' कलात्मक/कलासम्बन्धी निबन्धका रूपमा ग्रन्थ चित्र र वैज्ञानिक/प्राविधिक निबन्धका रूपमा 'कम्प्युटर र इन्टरनेट' नामक निबन्ध/प्रबन्धहरू समावेश भएका छन् ।

Draft

# पाठ : ४ ग्रन्थचित्र (प्रबन्ध)

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर पठन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | बोध, छलफल र प्रश्नोत्तर | १ |
| ४. | बुँदा टिपोट र सारांश लेखन | १ |
| ५. | मौन पठन र सङ्क्षिप्त उत्तर लेखन | १ |
| ६. | भाव विस्तार | १ |
| ७. | कार्यमूलक व्याकरण (काल र पक्ष) | १ |
| ८. | सिर्जनात्मक अभ्यास | १ |
| | **जम्मा** | ८ |

**पहिलो दिन**

पाठ शीर्षक : **ग्रन्थचित्र (प्रबन्ध)** घन्टी :

पाठ्यवस्तु : सस्वर पठन र शुद्धोच्चारण समय: ४५ मिनेट

लक्षित सिप : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) 'ग्रन्थचित्र' प्रबन्धका निर्दिष्ट अनुच्छेदलाई गति यति मिलाई सस्वर पढ्न,

(ख) यस प्रबन्धका कठिन शब्दको शुद्ध रूपमा उच्चारण गर्न ,

जस्तै : लक्षित शब्द: शालिग्राम, प्रज्ञा पारमिता, बज्रसत्त्व, दुरवस्था, पौवचित्र

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, कठिन उच्चारण भएका शब्दको सूची, शब्दपत्ती, गोजीतालिका

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

- शिक्षकले ग्रन्थचित्रका विषयवस्तुमा आधारित भई विद्यार्थीहरूलाई प्रस्तुत प्रबन्धका लेखक र प्रबन्धका विषयमा निम्नानुसारका केही प्रश्न सोधी उत्प्रेरणा प्रदान गर्दै लेखक र प्रबन्धप्रति विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् । जस्तै :

  (क) के तिमीले ग्रन्थ चित्रका लेखकको नाम पहिले पनि सुनेका थियौ ?

  (ख) ग्रन्थ चित्र भनेको के हो ? तिमीहरूलाई थाहा छ ?



Draft

(ग) तिमीहरूमध्ये चित्रकला कसलाई मन पर्छ ?

(घ) के तिमीहरूले चित्रहरू पनि कोर्छौ ?

- यसपछि शिक्षकले प्रबन्ध विधाका बारेमा छोटकरीमा बताइदिनुहोस् र आफूले पढाउने पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् अनि आजको कक्षामा कक्षा कोठाभित्र गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीलाई जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप**

क्रियाकलाप-१

- सुरूमा शिक्षकले निर्धारित दुई अनुच्छेद सस्वर पढी विद्यार्थीहरूलाई सुनाउनुहोस् र कक्षाका केही सक्षम तथा कमजोर विद्यार्थीहरूलाई उक्त अनुच्छेद पढी सुनाउन लगाउनुहोस् ।
- यस किसिमको सस्वर वाचनका क्रममा कक्षाका अन्य विद्यार्थीहरूलाई निर्दिष्ट अनुच्छेद पाठमा हेर्न र सुन्न निर्देशन दिनुहोस् ।
- विशेषतः कमजोर विद्यार्थीहरूलाई लक्षित गरी उक्त अनुच्छेद गति, यति र उच्चारण मिलाई पालैपालो पढ्ने अवसर प्रदान गर्नुहोस् र त्यस क्रममा विद्यार्थीले गरेका गल्तीहरू ख्याल गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

**क्रियाकलाप-२**

- विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठेरो लागेका शब्दहरू पाठबाट खोजी अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीहरूलाई सोध्दै उनीहरूलाई अप्ठ्यारो लागेका शब्दहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरू विद्यार्थीहरूलाई उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई शिक्षकले अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तैः सिर्जनशील/सिर्.जन्.सिल्/ यसरी उच्चारण अभ्यास गराउने क्रममा आफूले लगेको शब्दसूची पनि प्रदर्शन गर्नुहोस् र शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।
- कक्षामा नेपाली भाषा मातृभाषा नभएका र उच्चारणमा बढी समस्या भएका विद्यार्थीहरूलाई उच्चारणको अभ्यास गराउँदा उनीहरूको त्रुटि पहिचान गर्नुहोस् र थप अभ्यास गराउँदै सहयोग पनि गर्नुहोस् ।
- यदि कक्षामा सुस्त श्रवण भएका विद्यार्थीहरू छन् भने सम्भव भएसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् वा अप्ठेरा शब्दहरू उच्चारण अनुसार शैक्षणिक पाटीमा लेख्दै जानुहोस् र अनुलेखन निर्देशन दिनुहोस् । जस्तै : शालिग्राम /सा.लि.ग्राम् /

**क्रियाकलाप -३**

- कक्षाका विद्यार्थीहरूलाई सविभिन्न मूहमा विभाजन गरी शिक्षकले शैक्षणिक पाटी वा गोजी तालिकामा कठिन उच्चारणका शब्दहरू प्रस्तुत गरेर विद्यार्थीका बिच प्रतियोगिता गराउनुहोस् र विजेता समूहलाई ताली बजाएर प्रोत्साहित गर्न निर्देशन दिनुहोस् ।

Draft

- निम्न लिखित शब्दको विद्यार्थीहरूलाई उच्चारण गर्न लगाउनुहोस् र विद्यार्थी अलमल परेको अवस्थामा आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै : फोटोग्राफी, आविष्कार, पञ्चबुद्ध, बज्रसत्व, सभ्यता

४. **प्रतिबिम्बनः निम्न प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइलाई मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको पहिलो अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस्

(ख) पाठको अभ्यास अन्तर्गत प्र.नं. ११ मा दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य :**

पाठ पढेर आफूलाई उच्चारण गर्न कठिन लागेका शब्दहरू अभ्यास पुस्तिकामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य :**

आउँदो दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

(क) शब्द र अर्थ पत्ती : पौवा चित्र, ग्रन्थ चित्र, वास्तुकला, मूर्तिकला, प्रज्ञा पारमिता

(ख) ६ (क) मा दिइएका शब्दहरू वाक्यमा प्रयोग गरिएका वाक्य पत्ती ।

## दोस्रो दिन

पाठ शीर्षक : ग्रन्थचित्र (प्रबन्ध) घन्टी :

पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग समयः ४५ मिनेट

लक्षित सिप : बोलाइ र लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन ,
जस्तै : पौवाचित्र, ग्रन्थचित्र, वास्तुकला, मूर्तिकला, प्रज्ञा पारमिता

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, शब्दार्थ पत्ती, वाक्यपत्ती, बृहत् नेपाली शब्दकोश, गोजी तालिका र पलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरण :**

अघिल्लो दिन दिइएको गृहकार्य बिच बिचबाट विद्यार्थीलाई उठाएर केही नमुना परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । बाँकी विद्यार्थीलाई सोही अनुसार सुधार गर्न निर्देशन दिनुहोस् अनि एउटा ग्रन्थ चित्रको नमुना आजको घन्टीमा अध्ययन गरिने विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप :**

Draft

**क्रियाकलाप-१**

- विद्यार्थीलाई 'ग्रन्थचित्र' पाठ मौन पठन गर्न निर्देशन गरी आफूलाई नयाँ लागेका शब्दहरू आआफ्ना कापीमा टिप्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपेका नयाँ शब्दहरू शिक्षक आफूले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- ती शब्दका अर्थ विद्यार्थीमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् र आफूले सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्दार्थ पत्ती प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीलाई पाठमा दिइएका शब्द पठनबोध गर्न दस मिनेटको समय उपलब्ध गराउनुहोस् र पाठको अभ्यासमा रहेको प्र.नं. १० गर्न लगाउनुहोस् र आवश्यक सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप-२**

- आफूले वाक्यमा प्रयोग गरी लगेको नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्ने विषयका सम्बन्धमा विद्यार्थीका बिचमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई आवश्यकता अनुसार विभिन्न समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पाठको शब्दार्थमा दिइएका शब्दहरूलाई छुट्टा छुट्टै समूहमा फरक फरक पाँच पाँच ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यकता अनुसार सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीका फरक फरक समूहलाई प्रोत्साहित गर्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण गर्नुहोस् ।

**क्रियाकलाप : ३**

पाठको अभ्यास अन्तर्गत प्र.नं.९ को अभ्यास विद्यार्थीलाई कक्षामा गर्न लगाउनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरहँदा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै जानुहोस् र अलमलमा परेको देखिएमा सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

विद्यार्थीका एक समूहबाट अर्को समूहलाई शब्दको अर्थ सोध्न र वाक्यमा प्रयोग गर्न लगाउने कार्यकलाप गराई विद्यार्थीहरूको मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास अन्तर्गतको प्र.नं.४ को अभ्यास अभ्यास पुस्तिकामा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

**तेस्रो दिन**

पाठ शीर्षक : ग्रन्थचित्र (प्रबन्ध) घन्टी :

पाठ्यवस्तु : बोध, छलफल र प्रश्नोत्तर समय: ४५ मिनेट

लक्षित सिप : सुनाइ, बोलाइ

**१. यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) प्रस्तुत प्रबन्धका निर्धारित अनुच्छेदको बोध गरी प्रश्नहरूको उत्तर दिन ,

**२. शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, बोध प्रश्नहरूको सूची, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतीकरणपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर सम्मान गर्न सबै विद्यार्थीहरूलाई निर्देश गर्नुहोस् । अन्त्यमा आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुको बारेमा विद्यार्थीलाई जानकारी गराउनुहोस्

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप-१**

- प्रथमतः विद्यार्थीहरूलाई बोध शिक्षण गर्न प्रस्तुत प्रबन्धबाट उपयुक्त अनुच्छेद (१-५ अनुच्छेद) १० मिनेटभित्र मौन वाचन गर्न निर्देश गर्नुहोस् ।
- शिक्षकले यस समयमा विद्यार्थीहरूको मौन वाचन उपयुक्त ढङ्गले भए नभएको निरीक्षण गर्नुहोस् र आवश्यकता अनुसार दुई तिन पटकसम्म निर्धारित अनुच्छेद मौन वाचन गर्न निर्देश गर्नुहोस् ।

**क्रियाकलाप-२**

- मौन वाचनको समय समाप्त भएपछि निर्धारित अनुच्छेदबाट स्तर अनुरूप उपयुक्त किसिमका बोध प्रश्नहरू तयार पारी विद्यार्थीहरूलाई एक एक गरेर सोधी उत्तर दिन लगाउनुहोस् । उदाहरणार्थ अनुच्छेद नं. १ बाट सोध्न सकिने बोध प्रश्नहरू यसप्रकार छन् :

  (क) मानव मनलाई लोभ्याउने कला कुन कुन हुन् ?

  (ख) मानिस किन मुस्कुराउँछ ?

  (ग) मानिस कस्तो प्राणी हो ?

  (घ) चित्रकला कसरी जन्मिन्छ ?

  (ङ) ग्रन्थ चित्रको उत्पत्ति कहिले भएको हो ?
- निर्धारित अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर दिन लगाउँदा विद्यार्थीहरूलाई प्रथमतः बोध प्रश्नको मौखिक उत्तर दिन लगाएर त्यसपछि मात्र लिखित उत्तर दिन लगाउनुहोस् ।

Draft

- विद्यार्थीहरूबाट दिइएको उत्तर सन्तोषजनक नभएमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । निर्धारित अनुच्छेदहरू विद्यार्थीको बिचमा छलफल गराउनुहोस् । निर्धारित अनुच्छेदबाट प्रश्नहरू सोध्दै, पृष्ठपोषण प्रदान गर्दै विद्यार्थीहरूलाई सही उत्तर दिन प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप-३**

- विद्यार्थीहरूलाई आवश्यक छलफल गराइसकेपछि निर्धारित अनुच्छेदहरू पुनः मौन वाचन गर्न लगाउनुहोस् र आफूले तयार पारी लगेका निम्न लिखित थप प्रश्नहरू र पाठ्य पुस्तका अभ्यास खण्डमा रहेका थप प्रश्नहरू समेत सोध्नुहोस् र आवश्यक ठाउँमा पृष्ठपोषण प्रदान गर्नुहोस् :

  प्रश्नहरू :

  (क) परम्परागत नेपाली चित्रहरूमा कुन कुन चित्र पर्छन् ?

  (ख) हस्तलिखित ग्रन्थहरूमा लेखिएका चित्रहरू कस्ता हुन्थे ?

  (ग) कस्ता चित्रलाई गाता चित्र भनिन्छ ?

  (घ) रेखाचित्र र रङ्गीन चित्र पानाको छेउमा बनाउनुको कारण के हो ?

  (ङ) ग्रन्थचित्र ललित कलाको कुन भेद अन्तर्गत पर्छ ?

४. **प्रतिबिम्बन :**

आजको कक्षामा सम्पन्न गरिएका कार्यकलाप कत्तिको प्रभावकारी रहे र अझ प्रभावकारी बनाउन के के कुरामा ध्यान पुऱ्याउनु पर्ला भन्ने विषयमा कक्षाका दुई जना (सकेसम्म केटा र केटीबाट १/१ जना पर्ने गरी) विद्यार्थीलाई समीक्षा, मूल्याङ्कन र सुझाव प्रस्तुत गर्ने जिम्मेवारी दिनुहोस् ।

५. **गृहकार्य :**

पाठका सबै अनुच्छेदहरू मौन वाचन गरी प्र.नं. २ र ३ का प्रश्नको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना :**

- आउँदो दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :
- कुनै अनुच्छेदको बुँदा टिपोट र सारांश लेखनको नमुना

Draft

## चौथो दिन

पाठ शीर्षक : ग्रन्थचित्र (प्रबन्ध) घन्टी :

पाठ्यवस्तु : बुँदा टिपोट र सारांश लेखन समय: ४५ मिनेट

लक्षित सिप : लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) निर्धारित अनुच्छेदबाट मुख्य बुँदा टिप्न,

(ख) निर्धारित अनुच्छेदको सारांश लेख्न,

२. **शैक्षिक सामग्रीः**

पाठ्य पुस्तक, बुँदा टिपोटको नमुना, सारांशको नमुना, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

प्रथमतः अघिल्लो दिनको गृहकार्य बिच बिचबाट केही विद्यार्थीहरूलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण सहित आजको कक्षामा गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप :**

**क्रियाकलाप-१**

सारांश शिक्षण गर्न निर्धारित अनुच्छेदका महत्त्वपूर्ण बुँदा विद्यार्थीलाई सोध्दै शैक्षणिक पाटीमा टिप्नुहोस् । आवश्यक ठाउँमा थपघट गर्न लगाउनुहोस् र विद्यार्थी अलमल परे सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् र अन्त्यमा बुँदा टिपोटको नमुना प्रदर्शन गर्नुहोस् । जस्तै : अनुच्छेद आठबाट निम्नानुसारका बुँदा टिपोट गर्न सकिन्छ ;

**मुख्य बुँदाहरू :**

(अ) ग्रन्थचित्रमा कलाकारले विषय वस्तुको आधारमा भिन्नाभिन्नै प्राकृत रङको प्रयोग गर्ने,

(आ) ग्रन्थचित्र निर्माण गर्दा ताडपत्र एवम् भोजपत्रलाई चर्को घाम नपर्ने गरी छायामा सुकाएर आवश्यक आकारमा काटी पानीमा डुबाएर पुनः घाममा सुकाई शङ्ख वा शालिग्रामले घोटेर चिल्लो पारिने,

(इ) ग्रन्थचित्र बनाउँदा बाँसको कलम र चित्रमा रङ लगाउन चराको प्वाँख वा कलाकार आफैँले बनाएको जनावरको रौँको ब्रस प्रयोग गरिने,

(ई) ग्रन्थचित्र लेख्न र चित्र कोर्न कटुस, आँप र अमलाका पातलाई धेरै बेर पकाएर कालो मसी बनाइने,

**क्रियाकलाप-२**

यसरी बुँदा सङ्कलन गरेपछि दोहोरिएका र कम महत्त्वपूर्ण कुराहरू हटाउने र आवश्यक सुधार कार्य गर्दै टिपिएका बुँदालाई सिलसिलाबद्ध रूपमा वाक्यमा मिलाई मूल अनुच्छेदको एक तृतीयांशमा सारांश तयार पार्न निर्देशन दिनुहोस् । २-४ शब्द थोरै धेरै हुँदा नआत्तिन सल्लाह दिनुहोस् । यस सन्दर्भमा शिक्षकले तयार पारेर ल्याएका नमुना पनि फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । जस्तै :

**सारांश : ग्रन्थचित्र**

ताडपत्र वा भोजपत्रलाई आवश्यक आकारमा काटी छायामा सुकाएर शङ्ख वा शालिग्रामले घोटेर चिल्लो पारेपछि मात्र ग्रन्थ चित्र कोरिन्छ । यसमा विषय वस्तुको आधारमा भिन्न भिन्नै रङको प्रयोग गरिन्छ । कटुस, आँप अमलाका पातबाट बनाइएको कालो मसीले कोरिएका ग्रन्थचित्रमा रङ लगाउन चराको प्वाँख, बाँसको कलम वा जनावरका रौँको ब्रस प्रयोग गरिन्छ ।

Draft

- ❖ प्रश्नको अनुच्छेदमा दिइएका शब्द सङ्ख्या : १३७
- ❖ एक तृतीयांश शब्द सङ्ख्या : ४५
- ❖ उत्तरमा लेखिएका शब्द सङ्ख्या : ४८

**क्रियाकलाप-३**

यसरी छलफल गराइसकेपछि विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र टोली नेता पनि छान्न लगाउनुहोस् अनि पाठको अनुच्छेद नं. ६ बाट चार ओटा मुख्य बुँदा टिपोट गरी सारांश लेख्न लगाई टोली नेतालाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकता अनुसार पृष्ठपोषण पनि प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

कक्षाका विद्यार्थीलाई बुँदा टिपोट र सारांश लेखन सम्बन्धी प्रश्न सोधेर मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अन्तिम अनुच्छेदबाट मुख्य चार ओटा बुँदा टिपी सारांश लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## पाँचौं दिन

पाठ शीर्षक : ग्रन्थचित्र (प्रबन्ध) घन्टी :

पाठ्यवस्तु : मौन पठन र सङ्क्षिप्त प्रश्नोत्तर समय: ४५ मिनेट

लक्षित सिप : पढाइ, लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) पाठ पढेका आधारमा सङ्क्षिप्त प्रश्नको उत्तर दिन ,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, प्रश्नसूची र सङ्क्षिप्त उत्तर लेखिएको नमुना,

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य कक्षाका केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा र उत्प्रेरणा प्रदान गर्दै सबैलाई ताली बजाएर प्रोत्साहित गर्न लगाउनुहोस् । त्यसपछि आजको घन्टीमा सञ्चालन गरिने क्रियाकलापको बारेमा कक्षामा जानकारी दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप :**

**क्रियाकलाप -१**

- प्रथमतः अभ्यासका निम्ति निम्न लिखित प्रश्नहरूको सूची कक्षामा प्रदर्शन गर्नुहोस् ।

**प्रश्नहरू :**

Draft

(क) चित्रको जन्म कसरी भयो ?

(ख) पहिले ग्रन्थको बाहिरी र भित्री भागमा के कस्ता चित्रहरू बनाइन्थे ?

(ग) प्रज्ञा पारमिताको बारेमा वर्णन गर ।

(घ) कागजको आविष्कार हुनुभन्दा पहिले ग्रन्थ चित्रहरू कसरी कोरिन्थे ?

(ङ) आधुनिक युगमा ग्रन्थचित्रको महत्त्व बढ्नुको कारण के हो ?

- विद्यार्थीहरूलाई १५ मिनेटको समय दिएर पाठ मौन पठन गरी प्रश्नहरूको उत्तर खोजी गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप-२**

- मौन पठन कार्य सकेपछि विद्यार्थीहरूलाई पाँच ओटा समूहमा विभाजन गर्नुहोस् र टोली नेता तोक्न निर्देशन दिनुहोस् । आफूले शैक्षिक सामग्रीको रूपमा लगेको सङ्क्षिप्त उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराउनुहोस् र उत्तर लेख्न प्रोत्साहित गर्नुहोस् ।
- गोला प्रथा विधिको प्रयोग गरी प्रति समूह माथिका मध्ये कुनै एक प्रश्न पर्ने गरी ९ मिनेटभित्र सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन : निम्न लिखित प्रश्न सोधेर विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

(क) आधुनिक चित्रकलाको विकासमा ग्रन्थ चित्रको कस्तो भूमिका रहेको छ ?

५. **परियोजना कार्य :**

- विद्यार्थीहरूलाई निम्नानुसारको परियोजना कार्य दिनुहोस् :

(क) आफ्नो टोल वा छिमेकमा प्रचलित कुनै मन्दिर, मस्जिद, देवालय वा गुम्बाको रङ्गीन चित्र कोरी विद्यालयको प्रदर्शन पाटीमा टाँस्न लगाउनुहोस् ।

(ख) प्र.नं.६ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य :**

- आउँदो दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :
- कुनै महत्त्वपूर्ण पङ्क्तिको भाव विस्तार गरिएको नमुना ।

## छैटौं दिन

पाठ शीर्षक : ग्रन्थचित्र (प्रबन्ध) घन्टी :

पाठ्यवस्तु : भाव विस्तार समय: ४५ मिनेट

Draft

लक्षित सिप : लेखाइ अभिव्यक्ति

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठका विशिष्ट पङ्क्तिको भाव विस्तार गर्न

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, विशिष्ट पङ्क्तिको भाव विस्तार गरिएको नमुना, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिन विद्यार्थीहरूलाई दिइएको परियोजना कार्यको अवलोकन गर्दै विद्यार्थीहरूलाई प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् र आज गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप :**

**क्रियाकलाप-१**

- भाव विस्तार गरेको नमुना शैक्षिक सामग्रीको रूपमा प्रदर्शन गर्नुहोस् र भाव विस्तार गर्ने तरिकाका बारेमा विद्यार्थीहरूका बिचमा छलफल गराउनुहोस् । अन्त्यमा आफूले निष्कर्ष दिई भाव विस्तार गर्ने बारेमा थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी समूह नेता छनोट गर्न निर्देशन दिनुहोस् । पाठको अभ्यासको प्र.नं. ७ का विशिष्ट पङ्क्तिहरूमध्ये एउटा समूहमा एउटा मात्र पर्ने गरी कार्य विभाजन गर्नुहोस् र १५ मिनेटको समय तोकी छुट्टै पानामा अभ्यास गर्न लगाउनुहोस् । समूह कार्यको अवलोकन गर्दै विद्यार्थी अलमल परेको समूहमा पुगी सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप-२**

- निर्दिष्ट समय समाप्त भएपछि समूह नेताबट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बाँकी समूहलाई उनीहरूले प्रस्तुत गरेको सामग्रीको मूल्याङ्कनका लागि पृष्ठपोषण दिन प्रोत्साहित गर्नुहोस् । सबै समूहको लागि समय कम हुने भएमा बाँकी समूहको कार्यलाई प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् ।
- अन्त्यमा विद्यार्थीले गरेका कार्यहरूको सबल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्षहरू औँल्याई समग्रमा पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन :**

भाव विस्तार गर्दा ध्यान दिनुपर्ने कुराहरूको समीक्षा सम्बन्धी प्रश्न सोधेर विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

- आफूलाई मन पर्ने विषयमा कुनै एउटा रङ्गीन चित्र कोरी त्यसको बारेमा एउटा आकर्षक अनुच्छेद लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

Draft

## सातौं दिन

पाठ शीर्षक : ग्रन्थचित्र (प्रबन्ध) घन्टी :

पाठ्यवस्तु : कार्यमूलक व्याकरण (काल र पक्ष) समय: ४५ मिनेट

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) तिन ओटै कालका विभिन्न पक्षको पहिचान र प्रयोग गर्न,

(ख) काल र पक्ष अनुसार खाली ठाउँमा उपयुक्त क्रियापद भर्न,

**२. शैक्षिक सामग्री :**

(क) तिन ओटै कालका विभिन्न पक्षका क्रियापदहरूको सूची

(ख) तिन ओटै कालका विभिन्न पक्षका वाक्यहरूको सूची

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य अवलोकन गर्नुहोस् र तिन ओटा नमुना छनोट गरी विद्यार्थीहरूलाई प्रदर्शन पाटीमा टाँस्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण सहित आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने विषयवस्तुको बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप :**

**क्रियाकलाप-१**

- सर्वप्रथम विद्यार्थीहरूलाई तिन समूहमा विभाजन गर्नुहोस् र पहिलो समूहका विद्यार्थीलाई हिजोदेखि आजसम्म के के काम गर्‍यौ ? भनेर सोध्नुहोस् र पाँच वाक्यमा उत्तर भन्न लगाउनुहोस् । उनीहरूले भनेका कुराहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- दोस्रो समूहका विद्यार्थीहरूलाई निम्नानुसारका प्रश्नहरू सोध्नुहोस् र तिनको उत्तर शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । जस्तै :

  (क) बाघ कहाँ बस्छ ?

  (ख) तिम्रा बाबा आमा के के काम गर्नुहुन्छ ?

  (ग) तिमी बिहान कति बजे उठ्छौ ?

  (घ) किसनाले के के काम गर्छ ?

  (ङ) तिमीहरू कक्षामा के के काम गर्छौं ?

- दोस्रो समूहका विद्यार्थीहरूसँगको छलफल पछि तेस्रो समूहका विद्यार्थीहरूलाई निम्न प्रश्न सोध्नुहोस् र उनीहरूले दिएका जवाफ पनि शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । जस्तै :

  (क) यस पालिको विदामा तिमी कहाँ जाने छौ ?

  (ख) पाँच हजार रुपियाँ पायौ भने तिमी के के गर्ने छौ ?

  (ग) भोलि बिहानदेखि साँझसम्म तिमी के के काम गर्ने छौ ?

Draft

- अन्त्यमा तिन ओटै समूहका विद्यार्थीले भनेका कुराहरूको छुट्टा छुट्टै तिन ओटा तालिका बनाउनुहोस् र पहिलेको कुराले भूत काल जनाउने अहिलेको कुराले वर्तमान र पछिको कुराले भविष्यत् काल जनाउने कुरा विद्यार्थीहरूको बिचमा स्पष्ट पार्नुहोस् र आफूले लगेको तिन ओटा कालका विभिन्न पक्षका क्रियापदको सूची प्रदर्शन गरी थप स्पष्ट गर्नुहोस् ।

**क्रियाकलाप-२**

- विद्यार्थीहरूको बिचमा आफूले लगेको तिन ओटै कालका विभिन्न पक्षमा परिवर्तन गरिएका वाक्यहरूको सूची प्रदर्शन गर्नुहोस् र विद्यार्थीको बिचमा काल र पक्षमा परिवर्तन सम्बन्धी थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीहरूलाई काल र पक्षसित सम्बन्धित विभिन्न वाक्यहरू भएको अनुच्छेद दिएर तालिकामा छुट्याउन लगाउनुहोस् ।
- पाठको अभ्यासमा रहेका प्र.नं.१६, १७ र १८ लाई कक्षा कार्यको रूपमा गर्न निर्देशन दिनुहोस् र विद्यार्थीहरू अलमल परेमा सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- विद्यार्थीले गरेका क्रियाकलापहरूलाई प्रस्तुत गर्न लगाउनुहोस् र सकारात्मक क्रियाकलापको प्रशंसा गर्दै आवश्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन :**

पाठको अभ्यास अन्तर्गत प्र.नं. १९ मा दिइएका प्रश्नहरू एकल रूपमा गर्न लगाई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास अन्तर्गत प्र.नं. १९ र २० का उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## आठौं दिन

पाठ शीर्षक : ग्रन्थचित्र (प्रबन्ध) — घन्टी :

पाठ्यवस्तु : सिर्जनात्मक अभ्यास — समय: ४५ मिनेट

लक्षित सिप : सिर्जनात्मक लेखन

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

- निर्देशित (दिइएका) बुँदाहरूको आधारमा प्रबन्ध लेखेर प्रस्तुतीकरण गर्न,

२. **शैक्षिक सामग्री :**

प्रबन्धका बुँदाहरू,

नमुना शैक्षिक सामग्री :

Draft

मूर्तिकलाको सुरुवात प्राचीन कालदेखि भएको ...........धार्मिक कार्यहरूमा मूर्तिकलाको विशेष महत्त्व रहेको ......... पहिलेदेखि नै मन्दिरहरू बनाउने र भगवान्का मूतिहरू स्थापना गरेर पूजा गर्ने चलन रहेको ......... अहिले आएर उपहार दिनका लागि पनि मूर्ति बनाउने परम्पराको विकास भएको ......... पहिला मूर्तिहरू बनाउँदा काठ, ढुङ्गा, धातु र माटाको प्रयोग गरिने ......... मूर्तिहरू बनाउँदा धार्मिक विधि विधान अनुसार कुँदेर बनाइने ......... वर्तमान समयमा मूर्तिहरू बनाउँदा विभिन्न माध्यम र प्रविधिको प्रयोग गरिने ......... मूर्तिहरू बनाउन मेसिन, विदयुतीय औजार, रबर, मैन, धातु आदिको प्रयोग गरिने, मूर्ति बनाउँदा देवताहरूलाई वयस्क, कोमल, आकर्षक, सुन्दर शरीर, कम वस्त्र, शिरमा मुकुट, गर गहना आदि लगाएको बनाउने ......... मूर्तिकला अहिले दिनप्रति दिन लोकप्रिय हुँदै गएको ......... नेपाली समाजमा धार्मिक दृष्टिले मूर्तिकलाको विशेष महत्त्व रहेको ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

- आफूले लगेको शैक्षिक सामग्रीको रूपमा रहेका प्रबन्धका बुँदाहरूलाई सस्वर वाचन गरी सुनाएर विद्यार्थीहरूमा उत्प्रेरणा जगाउनुहोस् र आजको घन्टीमा विद्यार्थीले गर्नुपर्ने विषय वस्तुको बारेमा शैक्षणिक पाटीमा शीर्षकको रूपमा लेखी जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप-१**

शैक्षिक सामग्रीको रूपमा लगिएको प्रबन्धका बुँदाहरूका आधारमा मौखिक रूपमा प्रबन्धको आदिभाग, मध्यभाग र निष्कर्षभाग अर्थात् परिचय, विवरण र उपसंहार भाग छुट्याएर प्रबन्ध बनाई मौखिक प्रबन्ध सुनाउनुहोस् र प्रबन्ध लेखनशैली बारेमा थप स्पष्ट पार्नुहोस् । त्यसपछि सोही बुँदामा आधारित भएर विद्यार्थीलाई प्रबन्ध लेख्न १५ मिनेटको समय उपलब्ध गराउनुहोस् । विद्यार्थीले लेखन कार्य गरिरहँदा अलमल परेको स्थानमा पुगी सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप-२**

निर्धारित समय सकिएपछि बिच बिचबाट कक्षाका केही विद्यार्थीहरूलाई उठाएर उनीहरूले तयार पारेको प्रबन्ध प्रस्तुतीकरण गर्न लगाउनुहोस् र प्रस्तुतीकरण सकिएपछि बाँकी विद्यार्थीहरूलाई टिप्पणीका लागि प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप-३**

- प्रबन्ध लेखनका निम्ति बुँदाहरू दिई कक्षाका विद्यार्थीहरूको बिचमा प्रबन्ध लेखन प्रतियोगिता गराउनुहोस् र उत्कृष्ट तिन विद्यार्थीहरूलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउनुहोस् ।
- अन्त्यमा विद्यार्थीले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आवश्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

Draft

४. **प्रतिबिम्बन :**

- बुँदाहरूको आधारमा प्रबन्ध लेख्दा कुन कुन कुरामा ध्यान दिनु पर्दो रहेछ ? भन्ने प्रश्न राखी विद्यार्थीहरूलाई एकल रूपमा मौखिक उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

- पाठको अभ्यासमा रहेको प्र.नं.२२ को उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## चिठी विधाको परिचय

चिठी एक व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थाका समक्ष आफ्ना विचार वा भावनाहरू लिखित रूपमा प्रस्तुत गर्ने माध्यम हो । सामान्यत : घरायसी , कार्यालयीय र व्यापारिक गरी चिठी तिन किसिमका हुन्छन् । चिठीलाई व्यावहारिक लेखनसँग सम्बन्धित एक विशेष भाषिक विधाका रूपमा लिइन्छ । कार्यालयीय चिठीलाई निवेदन पनि भन्ने गरिन्छ । चिठी मुख्यत : लेख्य विधासँग सम्बन्धित हुन्छ । व्यावहारिक जीवनमा चिठी लेखनको निकै महत्त्व छ । हरेक व्यक्तिलाई बेलामौकामा विभिन्न किसिमका चिठीहरू लेख्नुपर्ने आवश्यकता परिरहन्छ । अत : यो समस्या समाधानका लागि चिठी विधाको शिक्षण सिकाइ निकै महत्त्वपूर्ण मानिन्छ । चिठी लेख्ने क्षमता शिक्षित व्यक्तिहरूका लागि एउटा विशेष गुण पनि हुन आउँछ ।

आधारभूत शिक्षा पाठ्यक्रम २०६८ ले नेपाली विषयमा कक्षा ८ का लागि चिठी विधाका दुइटा पाठहरू निर्धारण गरेको छ । यस अन्तर्गत घरयासी र कार्यालयीय चिठी पर्छन् । कार्यालयी चिठी भन्नाले विद्यालय र अन्य कार्यालयसँग सम्बद्ध निवेदन समेत भन्ने बुझिने छ । चिठी विधा अन्तर्गत आधारभूत तहमा विदा , छात्रवृत्ति , कार्यक्रममा सहभागिता , गुनासो , निमन्त्रणा , शुभकामना , बधाई , समवेदना तथा सामग्रीहरूको मागसम्बन्धी विषयवस्तु समेट्नु पर्ने कुरालाई पाठ्यक्रमले प्राथमिकता प्रदान गरेको छ । यस क्रममा पाठ्य पुस्तकमा प्रयुक्त चिठी तथा निवेदनहरूको शिक्षण गर्दा तिनलाई नमुनाका रूपमा उपयोग गरी तिनको ढाँचा र विभिन्न अङ्गहरूको परिचय समेत उदाहरणसहित दिनुपर्ने कुरालाई पनि पाठ्क्रमले विशेष जोड दिएको छ ।

नेपाली विषयको कक्षा ८ को पाठ्य पुस्तकमा कार्यालयीय चिठीका रूपमा निवेदन र घरायासी चिठीका रूपमा दाजुलाई चिठी भन्ने दुई ओटा पाठहरू समाविष्ट छन् । सो निवेदन भने आदर्श उच्च माध्यमिक विद्यालय , दिगामकोट , गुल्मी कक्षा ८ की छात्रा तुलसी विश्वकर्माले विद्यार्थीहरूका बिचमा हुने राष्ट्रिय कविता प्रतियोगितामा भाग लिनका लागि सिफारिस पाऊँ भनी श्रीमान् प्रधानाध्यापक समक्ष प्रस्तुत गरेको बेहोरामा आधारित छ ।

Draft

## पाठ : ५ निवेदन

*अनुमानित घन्टी : ८*

पाठ्यवस्तु र अनुमानित घन्टी

| | **पाठ्यवस्तु** | **घन्टी** |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | २ |
| ३. | विषयवस्तुसम्बन्धी छलफल तथा मौखिक प्रश्नोत्तर | १ |
| ४. | मौन पठन र लिखित प्रश्नोत्तर | २ |
| ५. | कार्यमूलक व्याकरण | १ |
| ६. | सिर्जनात्मक लेखन | १ |
| | **जम्मा** | ७ |

Draft

## पहिलो दिन

**पाठ्यवस्तु : १** **सस्वर वाचन र शुद्ध उच्चारण**

***घन्टी : १***

अपेक्षित सिप : सुनाइ र पढाइ

१. **उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठका अनुच्छेदहरू सस्वर वाचन गर्न,

(ख) पाठका जटिल शब्दहरू प्रस्ट र शुद्धसँग उच्चारण गर्न,

२. **शैक्षिक सामग्री**

(क) निवेदनका विभिन्न नमुनाहरू,

(ख) पाठका विभिन्न अनुच्छेदहरू,

(ग) शब्दहरूको सूची,

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

दैनिक जीवनमा निवेदनको भूमिकाका सम्बन्धमा मुख्य मुख्य कुरा बताउनुहोस् ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप - १**

(क) नमुनाका रूपमा पाठको पहिलो अनुच्छेद आदर्श वाचन गर्नुहोस् ।

(ख) सस्वर वाचन गर्दा गति, यति र शुद्ध उच्चारणमा ध्यान दिनुपर्ने कुरा बताउनुहोस् ।

(ग) पाठका विभिन्न अनुच्छेदहरू पालैपालो वाचन गर्न निर्देशन गर्नुहोस् ।

(घ) विद्यार्थीले सस्वर वाचन गर्दा कुनै त्रुटि गरेमा सच्याउन भन्नुहोस् ।

(ङ) एउटा विद्यार्थीले सस्वर वाचन गर्दा त्यसमा अरू विद्यार्थीहरूले अभिरुचि राखे वा नराखेको सम्बन्धमा पनि ख्याल गर्नुहोस् ।

**क्रियाकलाप २ :**

निवेदन पाठको सारांश सुनाउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । कुनै विद्यार्थीले पाठको सारांश सुनाउन नसकेमा त्यस विद्यार्थीलाई आवश्यक मदत गर्नुहोस् ।

**क्रियाकलाप ३ :**

थप अभ्यासका लागि अन्य निवेदनका आधारमा पनि सस्वर वाचन गर्ने अवसर प्रदान गर्नुहोस् ।

**क्रियाकलाप ४ :**

उच्चारण सम्बन्धी अभ्यासका लागि जटिल शब्दहरू, पदावली तथा उखान तुक्काहरूको सूची कक्षामा प्रस्तुत गर्नुहोस् । जस्तै :

Draft

आदर्श, गोरखा पत्र, प्रतिष्ठान, कमलादी, काठमाडौँ, प्रतियोगिता, प्रजातान्त्रिक आन्दोलन, आँ गर्दा अलङ्कार बुझ्नु , जिब्रो टोक्नु

४. **प्रतिबिम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइ मूल्याङ्कन गर्नुहोस् :**

(क) 'निवेदन' को अन्तिम अनुच्छेद गति, यतिलाई ख्याल गरी शुद्धसँग सस्वर वाचन गर्नुहोस् ।

(ख) तलका शब्दहरू प्रस्ट तथा शुद्धसँग उच्चारण गर्नुहोस् :

विद्यालय , क्षेत्र , टोल , वार्ड , इलाका

५. **गृहकार्य :**

प्रश्न ९ को उच्चारण सम्बन्धी क्रियाकलाप गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

६. **सन्दर्भ सामग्री :** भाषा विज्ञानको कुनै किताब

७. **परियोजना कार्य :**

पाठका कठिन शब्दहरूको शिक्षण गर्न शब्दसूची र शब्दार्थ पत्ती तयार गर्नुहोस् । (शिक्षकका लागि)

## दोस्रो दिन

**पाठ्यबस्तु : २** **शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग**

***घण्टी : १***

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठबाट विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) 'निवेदन' पाठमा भएका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) पाठका खास खास शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

२. **शैक्षिक सामग्री :**

(क) शब्द र अर्थका पत्तीहरू

(ख) वाक्यहरूको तालिका

(ग) शब्द र अर्थ सम्बन्धी प्रश्नहरू ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

पाठका निवेदन, प्रधानाध्यापक, मिति, श्रीमान् आदि केही सिकाइ उपयोगी शब्दहरू बोर्डमा लेख्नुहोस् र निवेदनका सम्बन्धमा विद्यार्थीहरूको अनुभवलाई परीक्षण गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १ :**

(क) विद्यार्थीहरूलाई पाठमा शब्दार्थका रूपमा दिइएका शब्द र अर्थ मनमनै पढ्न भन्नुहोस् र उनीहरूले कति जाने त्यसको परीक्षण पनि गर्नुहोस् ।

(ख) शब्दार्थ शिक्षणका लागि तपाईंले तयार गरेका शब्दपत्तीहरू कक्षामा प्रस्तुत गर्नुहोस् र विद्यार्थीहरूलाई त्यहाँका शब्द र अर्थ पढ्न तथा तिनलाई कापीमा सार्न अवसर प्रदान गर्नुहोस् ।

(ग) पाठको पुरै निवेदन मनमनै पढ्न लगाई त्यहाँका कठिन शब्दहरू सङ्कलन गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । उनीहरूले सङ्कलन गरेका शब्दहरूको अर्थ पनि बताउनुहोस् ।

(घ) शब्दार्थ शिक्षण गर्दा अनेक तरिकाहरू अपनाउन सकिन्छ । अतः पाठका सिकाइ उपयोगी शब्दहरू बोर्डमा लेखेर तिनको पर्याय अर्थ वा विपरीतार्थ शब्द बताउनुहोस् ।

(ङ) शब्दार्थ शिक्षण गर्दा मध्यम + इक = माध्यमिक , प्रधान + अध्यापक = प्रधानाध्यापक, स्तर + ईय = स्तरीय भनेर शब्दहरूको निर्माण प्रक्रियाहरू पनि बताउनुहोस् । यसले शब्दार्थ बोध गर्न विद्यार्थीहरूलाई निकै सजिलो हुन्छ ।

**क्रियाकलाप २ :**

पाठका खास खास शब्दहरूको वाक्यमा प्रयोग गर्न अभ्यास गराउनुहोस् :

(क) शब्दको अर्थ विद्यार्थीहरूले जानेपछि पाठका शब्दहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनपर्छ । विभिन्न समूहलाई नाम शब्द , विशेषण शब्द भनेर अलग अलग किसिमका शब्दहरू वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

(ख) विद्यार्थीहरूलाई उनीहरूको स्तरअनुसारका वाक्य निर्माण गर्न सिकाउनका लागि शिक्षक आफैँले पनि वाक्यपत्ती तथा वाक्य तालिकाहरूको प्रदर्शन गर्नुपर्छ । यसले शब्दलाई वाक्यमा प्रयोग गर्ने सन्दर्भमा विद्यार्थीहरूलाई मार्ग निर्देश गर्छ । अत : त्यस किसिमका क्रियाकलाप पनि गर्नुहोस् ।

(ग) शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउँदा पाठको प्रकृति अनुसारका शब्दमा अभ्यास गराउनु बढी उपयुक्त हुन्छ । उदाहरणका लागि निवेदन पाठका शब्दहरू वाक्यमा प्रयोग गर्ने अभ्यास गराउँदा सिफारिस, अनुरोध, महोदय आदि शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

४. **प्रतिविम्बन : निम्न लिखित प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइ मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठमा प्रयोग भएका प्रकाशित, राष्ट्रिय, अविस्मरणीय, सम्मान आदि शब्दहरूको विपरीतार्थ शब्द लेख्न भन्नुहोस् ।

(ख) विद्यालय, समक्ष, विनम्र, आज्ञाकारी आदि सरल शब्दहरूलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् ।

५. गृहकार्य : पाठको अभ्याससँग सम्बन्धित ५ , ६ ,७ र ८ प्रश्न हल गर्न भन्नुहोस् ।

६. प्राविधिक वा पारिभाषिक शब्द :

निवेदन : कुनै कामका लागि अनुरोध गरी लेखिने बेहोरा वा कागजात

उच्च माध्यमिक विद्यालय : माध्यमिक तहभन्दा माथिल्लो तहको विद्यालय

गोरखापत्र : वि.सं. १९५८ बाट प्रकाशन हुन थालेको नेपालको सरकारी समचार पत्र

Draft

नेपाल प्रज्ञा प्रतिष्ठान : वि.सं.२०१४ मा संस्थापित नेपालका विशिष्ट विद्वानहरूको सभा सञ्चालन

अतिरिक्त क्रियाकलाप : विद्यार्थीहरूको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले गरिने थप क्रियाकलाप

आज्ञाकारी : आज्ञा वा आदेशको पालना गर्ने व्यक्ति

## तेस्रो दिन

**पाठ्यवस्तु : ३ विषयसम्बन्धी छलफल तथा मौखिक प्रश्नोत्तर**

***घन्टी : १***

अपेक्षित सिप : बोलाइ

१. **उद्देश्य : यस पाठको आधारमा विद्यार्थीहरू निम्न लिखित विषयमा सक्षम हुने छन् :**

(क) पाठको विषयवस्तुका सम्बन्धमा हुने छलफलमा भाग लिन,

(ख) 'निवेदन' को ढाँचाका बारेमा कक्षाका साथीसँग कुराकानी गर्न,

(ग) पाठका विषयवस्तुका सम्बन्धमा प्रश्नोत्तर गर्न ।

२. **शैक्षिक सामग्री**

(क) निवेदनको ढाँचा

(ख) प्रश्नहरूको सूची ।

३. **सिकाइ सहजीकरण**

(क) **उत्प्रेरणा :**

पाठप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गर्न चिठीका विभिन्न प्रकारका सम्बन्धमा उनीहरूसँग कुराकानी गर्नुहोस् ।

(ख) **क्रियाकलाप :**

क्रियाकलाप १ :

(अ) तलका बुँदा बोर्डमा लेखी ती बुँदाका आधारमा छलफल गर्न विद्यार्थीहरूलाई आवश्यक निर्देशन दिनुहोस् । बुँदाहरू :

(क) गोरखापत्रको सूचना

(ख) विद्यालयको सिफारिसको आवश्यकता

(ग) छात्रा तुलसाको विशेष योग्यता

(घ) तुलसाले निवेदन दिनुको कारण

(आ) विद्यार्थीहरूलाई चिठी विधा अन्तर्गतका पाठहरूको ढाँचा बताउनुहोस् र अन्य पाठको ढाँचासँग 'निवेदन' पाठलाई तुलना गर्न उनीहरूलाई निर्देशन दिनुहोस् ।

Draft

(इ) विद्यार्थीहरूलाई दुईतीन पटकसम्म निवेदन पढ्न भन्नुहोस् र त्यसका आधारमा निम्न प्रश्नहरूको उत्तर मौखिक रूपमा दिन अभिप्रेरित गर्नुहोस् ।

**प्रश्नहरू :**

(क) 'निवेदन' लेख्ने व्यक्ति को हुन् ?

(ख) नेपाल प्रज्ञा प्रतिष्ठान कहाँ छ ?

(ग) कविता प्रतियोगिता कसको सम्मानमा आयोजना हुन लागेको थियो ?

(घ) कविता प्रतियोगिता कुन कुन तहमा हुने कुरा पाठमा उल्लेख छ ?

(ङ) 'निवेदन' मा केका लागि अनुरोध गरिएको छ ?

**क्रियाकलाप - २**

विद्यार्थीहरूलाई उनीहरूले विदाको निवेदन लेख्दाको अनुभव बताउन पनि भन्नुहोस् ।

**क्रियाकलाप - ३**

विद्यार्थीहरूले विगतमा विदाका सम्बन्धमा लेखेका निवेदनका आधारमा उनीहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिविम्बन : निम्न लिखित प्रश्नहरूका आधारमा सिकाइ मूल्याङ्कन गर्नुहोस् :**

(क) निवेदन पाठको सारांश बताउनुहोस् ।

(ख) 'निवेदन' पाठको कुनै अर्को शीर्षक के राख्न सकिन्छ भन्नुहोस् ।

५. **गृहकार्य :**

मौखिक रूपमा प्रश्नोत्तर गर्न पाठका आधारमा पाँच ओटा प्रश्नहरू निर्माण गर्नुहोस् ।

६ . **परियोजना कार्य :**

विद्यार्थीहरूलाई लिखित प्रश्नोत्तर गराउन तयार हुनुहोस् । (शिक्षकका लागि)

## चौथो दिन

**पाठ्यवस्तु : ४** **मौन पठन तथा लिखित प्रश्नोत्तर**

***घन्टी : १***

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित विषयमा सक्षम हुने छन् :**

(क) पाठका अनुच्छेदहरू पढेर अभ्यासका प्रश्नहरूको उत्तर लेख्न,

(ख) पाठका अनुच्छेदहरू पढेर थप अन्य प्रश्नहरूको उत्तर लेख्न,

२. **शैक्षिक सामग्री**

(क) पाठका विभिन्न अनुच्छेदहरू

(ख) शिक्षक निर्मित तथा अन्य प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

Draft

कक्षा कार्य शिक्षण सिकाइको अभिन्न अङ्ग हो भन्ने बारेमा विद्यार्थीहरूसँग कुराकानी गर्नुहोस् ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप १ :**

पाठका उक्त उद्देश्य पुरा गर्न निम्न लिखित क्रियाकलापहरू गराउनुहोस् :

(क) पाठका विभिन्न अनुच्छेदहरू सबै विद्यार्थीहरूलाई मनमनै पढ्न भन्नुहोस् ।

(ख) मौन पठन गर्दा साथीहरूलाई कुनै किसिमको बाधा गर्नु हुन्न भनेर सबै विद्यार्थीहरू सचेत गराउनुहोस् ।

(ग) पाठको विषयवस्तु सूक्ष्म रूपमा अध्ययन गर्दा भाषिक तत्वहरूका सम्बन्धमा पनि ध्यान दिन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

(घ) विद्यार्थीहरूले हल गर्नुपर्ने प्रश्नहरू बोर्डमा लेख्नुहोस् र ती प्रश्नहरूमा केन्द्रित भएर मौन पठन गर्न विद्यार्थीहरूलाई भन्नुहोस् ।

(ङ) विद्यार्थीहरूले मौन पठन गर्दा तपाइँ भने उनीहरूको गतिविधिको अवलोकन गर्नुहोस् ।

**क्रियाकलाप २ :**

मौन पठनपछि कक्षाकार्यका रूपमा विद्यार्थीहरूलाई निम्न प्रश्नहरूको उत्तर लेख्न निर्देशन दिनुहोस् :

(अ) पाठको प्रश्न नं. ३ को उत्तर लेख्न ।

(आ) पाठसँग सम्बन्धित तलका अन्य थप प्रश्नहरूको उत्तर लेख्न,

(क) माघ १६ गतेका दिन कविता प्रतियोगिता हुनुको कारण के हो ?

(ख) तुलसा विश्वकर्मा कस्तो छात्रा हुन् ?

(ग) जिल्ला शिक्षा कार्यालयले आयोजना गर्ने प्रतियोगिताहरू कुन स्तरमा सञ्चालन हुन्छन् ?

(घ) विद्यालय, जिल्ला, क्षेत्र र राष्ट्र शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

**क्रियाकलाप - ३**

अब विद्यार्थीहरूले लेखेको उत्तर परीक्षण गरेर उनीहरूलाई पृष्ठपोषण प्रदान गर्नुहोस् :

४. **प्रतिविम्बन : निम्न लिखित प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् ।**

(क) विद्यार्थीहरूले के गर्न सकेमा विद्यालयका लागि गौरव हुन्छ ?

(ख) प्रतिभा, पुरस्कार, विनम्र, कविता, शिक्षा शब्दको अर्थ लेख्नुहोस् ।

५. **गृहकार्य :**

प्रश्न नं. ४ अनुसारको निवेदन लेखेर ल्याउन विद्यार्थीहरूलाई भन्नुहोस् ।

६. **परियोजना कार्य :**

विशेषण शब्दका बारेमा शिक्षण गर्न तयारी गर्नुहोस् । (शिक्षकका लागि)

Draft

| पाँचौं दिन |
|---|

**पाठ्यवस्तु : ५ कार्यमूलक व्याकरण : विशेषण शब्द**

***घन्टी : १***

अपेक्षित सिप : विशेषण शब्दको पहिचान र प्रयोग

१. **उद्देश्य : यस पाठबाट विद्यार्थी निम्न लिखित विषयमा सक्षम हुने छन् :**

(क) विशेषण शब्दहरू चिन्न र तिनलाई प्रयोग गर्न,

(ख) विशेषण शब्दलाई विभिन्न समूहमा विभाजन गर्न,

२. **शैक्षिक सामग्री :**

(क) विशेषण शब्दका शब्दपत्तीहरू

(ख) विशेषण शब्द सम्बन्धी तालिका

(ग) विशेषण शब्दसँग सम्बन्धित प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

विशेषण शब्दसम्बन्धी विद्यार्थीहरूको पूर्व अनुभवका सम्बन्धमा उनीहरूसँग प्रश्नोत्तर वा छलफल गर्नुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप - १**

(क) विशेषण र विशेष्यका रूपमा विभिन्न पदावलीहरू बोर्डमा लेखेर विद्यार्थीहरूसँग विशेषणका सम्बन्धमा प्रश्नोत्तर तथा छलफल गर्नुहोस् ।

(ख) विशेषण र विशेष्यलाई शब्दपत्ती, गोजीतालिका, फलाटिन पाटी आदि शैक्षिक सामग्रीका सहयोगले कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ग) पाठका पहिला अनुच्छेदका उच्च, माध्यमिक, यही, राष्ट्रिय, आदि विशेषण शब्दहरू बोर्डमा लेख्नुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्न निर्देशन गर्नुहोस् ।

(घ) पाठका पुरै विशेषणहरू कापीमा टिप्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् र तपाईंले भने त्यसको परीक्षण गर्नुहोस् ।

**क्रियाकलाप - २**

(क) विशेषण शब्दहरू गुणबोधक, परिमाण बोधक, सङ्ख्या बोधक र सार्वनामिक गरी चार प्रकारका हुन्छन् । यस अनुसार विशेषण शब्दको तालिका बनाउनुहोस् र कक्षामा प्रदर्शन गरी विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।

(ख) थप अभ्यासका लागि विशेषण शब्दहरू बोर्डमा लेख्नुहोस् र तिनलाई चार समूहमा विभाजन गरी तालिकामा प्रस्तुत गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

४. **प्रतिविम्बन : निम्न लिखित प्रश्नका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :**

(क) तलका विशेषण शब्दहरूलाई चार प्रकारमा विभाजन गर्नुहोस् :

असल, पाँच, यो, केही प्रशस्त, दुई, जुन, पातलो

Draft

(ख) पाठबाट दस ओटा विशेषण शब्दहरू खाजेर तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

५. **गृहकार्य :**

सबै प्रकारका विशेषण शब्दलाई प्रयोग गरेर आफूले घरमा पालेको कुनै जीवजन्तुको बारेमा एक अनुच्छेद लेख । (विद्यार्थीहरूका लागि)

## छैटौं

**पाठ्यवस्तु : ५** **सिर्जनात्मक लेखन**

***घन्टी : १***

अपेक्षित सिप : लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) शुभ कामना पत्र लेख्न,

(ख) सिर्जनात्मक अभ्यासका अन्य प्रश्न हल गर्न,

२. **शैक्षिक सामग्री**

(क) शुभ कामना पत्रको नमुना

(ख) अभ्यासात्मक प्रश्न

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

शुभ कामना पत्रका नमुनाहरू कक्षामा प्रदर्शन गर्नुहोस् र त्यस बारेमा विद्यार्थीहरू कुराकानी गर्नुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

(क) सिर्जनात्मक अभ्यासमा भएको शुभ कामना पत्र विद्यार्थीहरूलाई सरसरती पढ्न भन्नुहोस् ।

(ख) त्यो शुभ कामनाका पत्रबाट विद्यार्थीहरूलाई तलका प्रश्नहरू सोध्नुहोस् र तिनीहरूको उत्तर दिन लगाउनुहोस् । प्रश्नहरू :

- प्रस्तुत शुभ कामना पत्र कुन कुन चाडका लागि तयार गरिएको हो ?
- प्रस्तुत शुभ कामना पत्रमा ककसका लागि शुभ कामना व्यक्त गरिएको छ ?
- शुभ कामना दिने व्यक्तिको परिचय देऊ ।
- शुभ कामना पत्रमा शुभ कामनाका रूपमा के के कुरा उल्लेख छन् ?

**क्रियाकलाप - २**

Draft

सिर्जनात्मक अभ्यासमा उल्लेख शुभ कामना पत्रको ढाँचामा विद्यार्थीहरूले नव वर्षमा आफ्ना साथीहरू दिने शुभ कामनाका लागि पत्र तयार गर्न उनीहरूलाई निर्देशन दिनुहोस् ।

**क्रियाकलाप - ३**

कक्षा कार्यका रूपमा प्रश्न १४ को उत्तर लेख्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । यसका लागि उनीहरूसँग कुरा गरेर तथा बोर्डमा सम्बन्धित विवरणका बुँदाहरू लेखेर उनीहरूलाई सहयोग गर्नुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) आफ्नो साथीले मनाउने कुनै पर्वको उपलक्ष्यमा पठाइने शुभ कामना पत्रको नमुना तयार गर ।

(ख) शुभ कामना पत्र र निवेदन बिचमा पाइने तिनओटा फरकहरू छुट्याउनुहोस् ।

५. **गृहकार्य :**

छठ पर्वको उपलक्ष्यमा पठाइने शुभकामना पत्रको ढाँचा तयार गर ।

Draft

**पाठ : ६**

**पाठ शीर्षक : मित्रता      विधा : कथा**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १ | कथा वाचन र शुद्ध उच्चारण | १ |
| २ | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३ | भावबोध र बोध प्रश्नोत्तर | १ |
| ४ | बुँदा टिपोट र सारांश | १ |
| ५ | घटनाक्रम मिलान र कथा लेखन | १ |
| ६ | व्याकरण : पुरुष | १ |
| ७ | सृजनात्मक अभ्यास : कथा लेखन | १ |
| ८ | सिकाइ पुनरावृत्ति | १ |
| | जम्मा | ८ |

**दिन : पहिलो**

पाठ्यवस्तु : **कथा वाचन र शुद्ध उच्चारण**

लक्षित सिप : पढाइ र बोलाइ

१. **विशिष्ट उद्देश्य**

(क) गति, यति र हावभाव मिलाई मित्रता कथा सस्वरवाचन गर्न,

(ख) यस कथाका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न,

२. **शैक्षिक सामग्री**

कठिन उच्चारण भएका शब्दहरूको शब्दपत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

एउटा छोटो पौराणिक कथा सुनाउनुहोस् वा विद्यार्थीलाई सुनाउन लगाउनुहोस् । अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको कार्य प्रस्तुत गराई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- सर्वप्रथम प्रतिनिधिमूलक एक जना विद्यार्थीलाई कथाको पहिलो अनुच्छेद गति, यति र हाउभाउ मिलाई बाचन गर्न लगाउनुहोस् र विद्यार्थीले वाचन गर्दा राम्ररी गर्न नसकेका स्थानमा सच्याएर आदर्शवाचन गरी सुनाउनुहोस् ।
- बाँकी अनुच्छेदहरू विद्यार्थीलाई समावेशिताका आधारमा पालैपालो बाचन गर्न लगाउनुहोस् र त्रुटि भएका स्थानमा पृष्ठपोषण दिनुहोस् । यसरी कथा वाचन गर्ने अभ्यास गराउनुहोस् ।
- गति, यति र हाउभाउ मिलाई राम्ररी पढ्न सक्ने विद्यार्थी पहिचान गर्न विद्यार्थीहरू स्वयम्लाई लगाउनुहोस् र ताली बजाउन लगाएर स्याबासी पनि दिनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीलाई उच्चारण गर्न कठिन भएका शब्दहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र विद्यार्थीहरूलाई पनि आआफ्नो अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउनुहोस् ।
- टिपोट गरिएका र अभ्यास १४ मा दिइएका शब्दहरू सामूहिक र उच्चारण गर्ने समस्या भएका विद्यार्थीहरूलाई व्यक्तिगतरूपमा उच्चारण गर्ने प्रशस्त अभ्यास गराउनुहोस् । यसरी उच्चारण गर्ने अभ्यास गराउँदा श/ष/स, ऋ/रि, चन्द्रबिन्दु/शिरबिन्दु, आधा अक्षर, संयुक्त अक्षरलाई विशेष ध्यान दिनुहोस् ।
- विद्यार्थीहरूलाई शुद्ध उच्चारण गर्न कठिन भएका शब्दहरू अक्षर अक्षर छुट्याई शैक्षणिक पाटीमा लेखेर देखाई शुद्ध उच्चार गर्ने अभ्यास गराउनुहोस् । जस्तै : द्रुपद (द्रु.पद्), फुर्सत (फुर्.सत्), अश्वत्थामा (अ.स्व.था.मा), सर्वस्व (सर्.बस्.स्व), शस्त्रास्त्र (सस्.त्रास्.त्र), शिष्टता (सिस्.ट.ता), शिष्य (सिस्.स्य) आदि ।
- शुद्ध उच्चारण गर्न कठिन शब्दका शब्दपत्ती दुई पङ्क्तिमा वितरण गरी एक पङ्क्तिका विद्यार्थीले देखाउने र अर्को पङ्क्तिका विद्यार्थीले उच्चारण गर्ने प्रतिस्पर्धात्मक खेल पनि खेलाउनुहोस् ।
- शुद्ध उच्चारण गर्न कठिन शब्दका शब्दहरूको शब्दपत्ती एकएक गर्दै प्रदर्शन पाटीमा राख्दै उच्चारण गर्न लगाई मूल्याङ्कन गरी पृष्ठपोषण समेत दिनुहोस् ।

**४. प्रतिविम्बन**

- मित्रता कथा वाचन गरेर सुनाउन लगाउनुहोस् ।
- उच्चारण गर्न कठिन शब्दहरू पालैपालो उच्चारण गरेर सुनाउन लगाउनुहोस् ।

**५. गृहकार्य/परियोजना कार्य**

- अभ्यास १६ र १७ को कार्य घरबाट गरेर ल्याउने गृहकार्य दिनुहोस् ।
- कुनै एउटा पौराणिक कथा सुनाउनका लागि घरबाट तयारी गरेर आउन विद्यार्थीलाई परियोजना कार्य दिनुहोस् ।

**६. शिक्षकका लागि परियोजना कार्य**

कठिन शब्दहरूको अर्थसहितको सङ्ग्रहलाई यस पाठका शब्दहरू थपगरी अद्यावधिक गर्नुहोस् ।

Draft

**दिन : दोस्रो**

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग**

लक्षित सिप : शब्द भण्डार वृद्धि

**१. विशिष्ट उद्देश्य**

(क) पाठका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) उक्त कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

**२. शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, प्रदर्शन पाटी र शब्दकोश

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- एक जना विद्यार्थीलाई अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको अभ्यास १६ र १७ को कार्य प्रस्तुत गर्न लगाउनुहोस् र छलफल गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप १**

- शिक्षकले निर्धारित अनुच्छेदहरू कुनै एक विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् र अन्य विद्यार्थीलाई सम्बद्ध अनुच्छेदहरू सुन्न र हेर्न लगाउनुहोस् ।
- सस्वरवाचन गरिसकेपछि विद्यार्थीहरूलाई ती अनुच्छेदहरूका नया" र अर्थका दृष्टिले कठिन शब्दहरू टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्दहरू एकएक गर्दै भन्न लगाउनुहोस् र शैक्षणिक पाटी टिप्दै जानुहोस् । जस्तै : उन्मत्त, सत्तासिन, अङ्कमाल, अशान्त, मुसुक्क आदि ।
- एकएक गर्दै विद्यार्थीहरूलाई उक्त प्रत्येक शब्दहरूको अर्थ सोध्दै जानुहोस् । यसो गर्दा गाढा अक्षरमा दिइएका शब्दको अर्थ त्यही पृष्ठको पुछारमा हेर्न समेत निर्देश गर्नुहोस् । पालैपालो गरी शब्दकोशको प्रयोग गरी अर्थ खोज्ने अभ्यास समेत गराउनुहोस् ।
- उनीहरूले भनेका शब्दका अर्थहरू सही भएमा सबलीकरण गर्नुहोस् र सही नभएमा वा आंशिक रूपमा मात्र सही भएमा शब्दपत्ती र अर्थपत्ती प्रदर्शन पाटीमा राख्दै अर्थ बताउनुहोस् । यसरी शब्दार्थ शिक्षण गर्दा शब्दको प्रकृति हेरी चित्र, वस्तु, पर्याय, विपर्याय, अभिनय, वर्णन जस्ता उपयुक्त विधि अ"गाली शब्दको अर्थ प्रष्ट पार्नुहोस् ।
- कक्षाको बसाइ अनुसार दुई पङ्क्तिका एकएक जना विद्यार्थीलाई अगाडि बोलाई प्रदर्शन पाटीबाट एक जनालाई शब्द र अर्को जनालाई मिल्दो अर्थपत्ती झिक्न

Draft

लगाउनुहोस् । सही भएमा सबलीकरण गर्नुहोस् र नमिलेमा सम्बन्धित पङ्क्तिका अन्य विद्यार्थीहरूको सहयोग लिन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- शब्दार्थ शिक्षपछि वाक्य निर्माण क्रियाकलाम सञ्चालन गर्नका लागि विद्यार्थीहरूलाई समूह समूहमा बाँडी शब्दपत्ती वितरण गर्नुहोस् । आफूलाई परेका ती शब्दहरू प्रयोग गरी सामुहिकरूपमा वाक्य निर्माण गर्न लगाउनुहोस् ।
- समूहबाट पालैपालो आफूलाई परेका शब्दहरू प्रयोगगरी बनाएका वाक्यहरू एक जनालाई एउटाका दरले भन्न लगाउनुहोस् र अर्थपूर्ण भए नभएको छलफल गर्नुहोस् । आफूले लगेका वाक्यपत्तीहरू पनि प्रदर्शन पाटीमा राख्दै विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।
- शब्दलाई वाक्यमा प्रयोग गराउ"दा नया" र कठिन शब्दको प्रकृति हेरी त्यसको धारणा स्पष्ट पार्न एकभन्दा बढी वाक्य बनाउनका लागि विद्यार्थीलाई प्रोत्साहित गर्नुहोस् ।
- यसरी प्रस्तुतीकरण कार्य सकेर ती शब्दपत्तीहरू प्रदर्शन पाटीमा राखी व्यक्तिगतरूपमा अर्थपूर्ण वाक्यहरू निर्माण गर्न लगाउनुहोस् र एक आपसमा हेर्न लगाई छलफल गराउनुहोस् ।

४. **प्रतिविम्बन**

- प्रगाढ, विश्राम, प्रतिज्ञा, सर्वस्व दान, शस्त्रास्त्र विद्या, पारङ्गत, दरिद्र, रन्थनिँदै, गुपचुप, अकिञ्चन, डन्डीबियो, विवरण, भाग्योदय, हस्त कौशल, युद्ध कौशल, उन्मत्त, बचनबद्धता, सर्वोत्तम जस्ता शब्दको अर्थ लेख्न लगाउनुहोस् ।
- उक्त शब्दहरूलाई अर्थपूर्ण प्रयोग गरी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

प्रतिविम्बनका शब्दहरू प्रयोग गरी एउटा अनुच्छेद लेख्ने परियोजना कार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

पाठका बोधप्रश्नहरूको नमुना उत्तर तालिका तयार पार्नुहोस् ।

Draft

| **दिन : तेस्रो** |
|---|

पाठ्यवस्तु : **बोध प्रश्नोत्तर र भावबोध**

लक्षित सिप : पठनबोध

१. **विशिष्ट उद्देश्य**

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेदको बोध गरी प्रश्नहरूको उत्तर दिन,

(ख) कथाको विशिष्ट पङ्क्तिहरू र कथाको भाव बताउन ।

२. **शैक्षिक सामग्री**

प्रश्नपत्ती, उत्तरपत्ती, कथाका विशिष्ट पङ्क्तिहरूको भाव टिपोट, कथाको भाव तालिका र प्रदर्शन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- विद्यार्थीलाई केही समय दिई यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक विषयमा छोटाछोटा प्रश्नहरू सोधी गुञ्जसत्रका आधारमा उत्तर भन्न लगाउने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
- अघिल्लो कक्षामा दिइएको गृहकार्य/परियोजना कार्य समावेशिताका आधारमा प्रस्तुत गर्न लगाई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- 'मित्रता' कथाको पहिलो र दोस्रो अनुच्छेद मौन वाचन गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले पढिरहेका समयमा कक्षाकोठाको सबैतिर पुगेर नजिकबाट अवलोकन गर्नुहोस् । मौन वाचन सकेपछि तलका जस्ता प्रश्नहरू एकएक गर्दै प्रदर्शन पाटीमा राख्दै समावेशी आधारमा उत्तर भन्न लगाउनुहोस् ।
    - o द्रोण र द्रुपद ककसका छोरा थिए ?
    - o राजकुमार द्रुपदले मित्र द्रोणसँग के प्रतिज्ञा गरे ?
    - o द्रोणको विवाह कोसँग भयो ?
    - o अश्वत्थामा कसका छोरा हुन् ?
- विद्यार्थीले सही उत्तर भन्न नसकेमा पुनः मौन वाचन गर्न लगाउनुहोस् र उत्तरहरू लेख्न लगाउनुहोस् । सही उत्तर पत्ता लगाउन आवश्यक सहजीकरण गर्नुहोस् ।
- यसैगरी अन्य बाँकी अनुच्छेदहरू पनि पढ्न लगाई तलका जस्ता प्रश्नहरू प्रदर्शन पाटीमा एकएक गरी राख्दै उत्तर भन्न लगाई छलफल गराउनुहोस् ।
    - o द्रोणले युद्धर्षि परशुरामसँग के मागे ?
    - o राजा द्रुपदले द्रोणलाई के भनेर गाली गरे ?
    - o युधिष्ठिरको औँठी निकाल्न द्रोणले के शर्त राखे ?
    - o औँठी निकालेको घटना युधिष्ठिरले कसलाई सुनाए ?
    - o भिष्मले द्रोण समक्ष के प्रस्ताव राखे ?
    - o द्रोणले द्रुपदलाई कस्तो व्यवहार गर ?
- माथिका प्रश्नहरूको उत्तर छलफल गरिसकेपछि अभ्यास २, ४ र ५ का प्रश्नहरूको उत्तर दिनका लागि समूह कार्य गराउनुहोस् ।

Draft

**क्रियाकलाप २**

- 'मित्रता' कथाका विशिष्ट पङ्क्तिहरू विद्यार्थीलाई समावेशिताका आधारमा भन्न लगाउँदै केहि विशिष्ट पङ्क्तिहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र आफूले तयार पारेर लगेका विशिष्ट पङ्क्तिको तालिका प्रदर्शन पाटीमा प्रस्तुत गरी छलफल गराउनुहोस् ।
- ती पङ्क्तिको भाव वा अर्थ पत्ता लगाउनका लागि समूह समूहमा एकएक ओटा विशिष्ट पङ्क्ति वितरण गर्नुहोस् र छलफल गरी भाव वा अर्थ पत्ता लगाई लेख्न लगाउनुहोस् ।
- समूह समूहमा तयार पारिएका भावहरू प्रस्तुत गर्न लगाई छलफल गरी अन्तिम रूप दिन लगाउनुहोस् ।
- यसपछि समूह समूहमा कथाको मूलभाव लेख्न लगाई प्रस्तुत गराउनुहोस् । आफूले तयार पारेको भावको तालिका समेत प्रस्तुत गरी छलफल गराउनुहोस् र कथाको भाव लेख्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

- अभ्यास ६ मा कसले कसलाई किन भनेको भनी दिइएका भनाइहरूको उत्तर भन्न लगाउनुहोस् ।
- मित्रता कथाबाट पाइने शिक्षा लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

अभ्यास ५, ७ र ८ का प्रश्नहरूको उत्तर लेखेर ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

अनुच्छेदहरूको बुँदा टिपोट र सारांश लेखनको नमुना तयार पार्नुहोस् ।

## दिन : चौथो

पाठ्यवस्तु : **बुँदा टिपोट र सारांश**

लक्षित सिप : बुँदा टिपोट र सारांश लेखन

१. **विशिष्ट उद्देश्य**

(क) मित्रता कथाको अनुच्छेदका बुँदा टिपोट तयार पार्न,

(ख) बुँदा टिपोटका आधारमा सारांश तयार पार्न,

२. **शैक्षिक सामग्री :**

महत्वपूर्ण बुँदाहरूको सूची तथा पत्ती, प्रश्नपत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

Draft

- गरी अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको कार्य प्रस्तुत गराई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम विद्यार्थीहरूलाई बसाइका आधारमा पाँच समूहमा विभाजन गर्नुहोस् र पाँचै समूहलाई पहिलो र दोस्रो बाहेकका अन्य अनुच्छेदहरू बुँदा टिपोटका लागि वितरण गरी आआफ्नो समूहलाई परेको अनुच्छेद मौनवाचन गर्न लगाउनुहोस् मुख्यमुख्य घटना वा विचारलाई बु“दागत रूपमा टिपोट बनाउन लगाउनुहोस् ।
- सहजीकरणका लागि आफूले बनाएको बुँदा टिपोटको निम्न नमुनालाई प्रदर्शन पाटीमा राखेर अवलोकन गर्न लगाउनुहोस् ।

**पहिलो र दोस्रो अनुच्छेदका मुख्य बुँदाहरू**

o भारद्वाज ऋषिका छोरा द्रोण र पाञ्चाल नरेश पृषतका छोरा द्रुपद एउटै गुरुकुलका अति मिल्ने शिष्य,

o द्रुपदले द्रोणलाई आधा राज्य दिने प्रतिज्ञा,

o गरिब द्रोणको कृपीसँग विवाह भएपछि अश्वत्थामाको जन्म,

o गाईको दुध समेत खान नपाएका अश्वत्थामालाई दुध भनेर अन्य ऋषिपुत्रहरूले पिठो र पानीको घोलले ठगेकाले द्रोण ज्यादै दुखित,

- समूह समूहमा बु“दा टिपोट गरिसकेपछि कुनै बु“दा अनावश्यक भए हटाउन र कम भए थप्न लगाई अन्तिमरूप दिन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- त्यसपछि टिपिएका बु“दाहरूलाई सिलसिलाबद्ध बनाएर सारांश लेख्न लगाउने कार्यका लागि पहिलो र दोस्रो अनुच्छेदबाट आफूले नमुनाका रूपमा तयार पारेको सारांशलाई प्रदर्शन पाटीमा प्रस्तुत् गर्नुहोस् ।
- समूह समूहमा आफूले टिपेका बु“दाका आधारमा सारांशको मस्यौदा तयार पार्न लगाउनुहोस् र त्यसलाई कक्षामा प्रस्तुत् गर्न लगाउनुहोस् ।
- समूह समूहका मस्यौदाहरू सुनिसकेपछि छलफल गराई आवश्यक सुधार गरिदिई तिनको साफी गर्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

- 'मित्रता' कथाको निर्धारित अनुच्छेदको बुँदा टिपोट गर्न लगाउनुहोस् ।
- 'मित्रता' कथाको निर्धारित अनुच्छेदको सारंश लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**



Draft

'मित्रता' कथाको निर्धारित अनुच्छेदहरूको बुँदा टिपोटको तालिका तयार पारी सारांश लेख्ने परियोजना कार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

कथा लेखन गराउनका लागि शीर्षकको सूची र मुख्य घटनाहरू दिई अन्य घटना वा शब्दावली थप गर्ने खाली ठाउँ भएको कथा लेखनको नमुना ढाँचा तयार पार्नुहोस् ।

| **दिन : पाँचौं** |
|---|

पाठ्यवस्तु : **घटनाक्रम मिलान र कथा लेखन**

लक्षित सिप : घटनाक्रम मिलान र अभिव्यक्ति

१. **विशिष्ट उद्देश्य**

(क) बुँदा टिपोटका आधारमा घटनाक्रम मिलाउन,

(ख) घटना वा बुँदाका आधारमा कथा लेख्न,

२. **शैक्षिक सामग्री**

घटना सूचीको तालिका, घटना पत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

कुनै लघुकथा वा मुक्तक आफूले सुनाउने साथै सहभागिताको सिद्धान्तका आधारमा केही विद्यार्थीहरूलाई पनि सुनाउन लगाउनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम अघिल्लो कक्षामा टिपोट गरिएका बुँदाहरू पुनरावलोकन गर्न लगाउनुहोस् । पहिलो र दोस्रो अनुच्छेदबाट घटनाहरूलाई अघिपछि गरेर तयार पारेको बुँदा टिपोटको तालिका प्रदर्शन पाटीमा प्रस्तुत गर्नुहोस् ।
- ती बुँदाका आधारमा क्रम मिलाएर घटनाहरूलाई भन्न लगाउनुहोस् । घटनाहरूको क्रम मिलाएर भन्ने कार्य सकिएपछि क्रम मिलाएर लेख्ने अभ्यास गराउनुहोस् ।
- त्यसैगरी विद्यार्थीहरूले आफूले तयार पारेर ल्याएका बुँदाका तालिकाहरूमध्ये कुनै एउटा तालिका प्रदर्शन पाटीमा प्रदर्शन गर्न लगाई उक्त तालिकामा टिपिएका बुँदाहरू क्रम नमिलेको भएमा क्रम मिलाउन लगाउनुहोस् ।
- अन्त्यमा आफू आफूले तयार पारेको बुँदा टिपोटलाई क्रम मिलाउन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूले तयार पारेका क्रमबद्ध घटनाहरूलाई समेटेर विषय वस्तुको विस्तार र वर्णन गर्न लगाउनुहोस् र उपयुक्त किसिमले वर्णन गर्न नसक्ने विद्यार्थीलाई वर्णन गर्ने प्रक्रिया स्पष्ट पारिदिनुहोस् र पुनः वर्णन गर्न लगाउनुहोस् ।

Draft

- मौखिक वर्णन गर्ने क्रियाकलाप सकेपछि कथा लेख्ने अभ्यास गराउनुहोस् । विद्यार्थीहरूले तयार पारेको कथालाई एकअर्कामा देखाई अन्तिमरूप दिन लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

बुँदा टिपोटका आधारमा घटनाक्रम मिलाई कथा लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

विभिन्न अनुच्छेदका बुँदाहरूको आधारमा कथा लेखेर ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

कविताका पङ्क्तिहरूको भाव विस्तार शिक्षणका लागि तालिका निर्माण गर्नुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

अभ्यास १९ जस्तै गरेर थप तालिका निर्माण गर्नुहोस् ।

## दिन : छैटौँ

पाठ्यवस्तु : **व्याकरण (पुरुष)**

लक्षित सिप : पुरुषको पहिचान र प्रयोग

१. **विशिष्ट उद्देश्य**

(क) पुरुषको पहिचान गर्न,

(ख) तिनओटै पुरुषको प्रयोग गर्न,

२. **शैक्षिक सामग्री**

पुरुषको तालिका तथा पत्ती र प्रदर्शन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

विद्याथीहरूलाई सिकाइमा सक्रिय गराउन यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक छोटो क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्य/परियोजना कार्य समावेशिताका आधारमा प्रस्तुत गर्न लगाई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम विद्यार्थीहरूलाई पाठ्य पुस्तकको अभ्यास १८ अध्ययन गर्न लगाउनुहोस् र उक्त अभ्यासबाट तयार पारिएको वाक्यपत्ती प्रदर्शन पाटीमा राखी पुरुष पहिचान गर्ने क्रियाकलाप गराउनुहोस् ।
    - o आधा राज्य **म तिमी**लाई नै दिन्छु,
    - o **मलाई तपाईं**सँग भएको शस्त्रास्त्र विद्या दिनुहोस्,
    - o **उनी** त्यहाँबाट उठेर बेलुकै हस्तिनापुरतिर लागे,

Draft

o **हामी**ले निकाल्न सकेनौं ।

- दिइएको उदाहरणमा गाढा र रेखाङ्कन गरिएका म, तिमी, तपाईं, उनी, हामी जस्ता सर्वनाम शब्दहरूले पुरुषलाई बुझाएको कुरा पहिचान गर्न लगाउनुहोस् ।
- 'मित्रता' कथा पढी माथिका जस्ता शब्दहरू खोजेर लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् र छलफल गर्नुहोस् र पुरुष वक्ता, सुन्ने श्रोता र कुरा गरिएको व्यक्ति वा विषयमा प्रयोग हुने बताउँदै सबै विद्यार्थीलाई तिनओटै पुरुषको दुईदुई ओटा वाक्यहरू बनाउन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीले निर्माण गरेका वाक्यमा पुरुष  जनाउने शब्दलाई पाठ्य पुस्तकको अभ्यास १८ को उदाहरणको आधारमा प्रथम, द्वितीय र तृतीय छुट्याउन लगाई पालै पालो प्रस्तुत गराई सही ढङ्गले छुट्याउन सकेनसकेको छलफल गरी पृष्ठपोषण दिनुहोस् ।
- नेपाली व्याकरणमा पुरुषले बोल्ने वक्ता, सुन्ने स्रोत र विषयलाई बुझाउने कुरा हो भन्ने निङ्गष्कर्षमा कक्षालाई पुऱ्याउनुहोस् ।
- पुरुषको प्रकार पहिचान गरिसकेपछि द्वितीय र तृतीय पुरुषलाई अनादर (निम्न आदर), मध्यम आदर (सामान्य आदर) र उच्च आदर गरी तिन भागमा बाँडेर सूची तयार पार्न लगाउनुहोस् । आफूले तयार पारेको तिन भागमा विभाजन गरिएको तालिका प्रस्तुत गरी विद्यार्थीले तालिकासँग तुलना गर्न लगाई गल्ती भएमा तालिका बनाउन लगाउनुहोस् ।
- पाठ्य पुस्तकको अभ्यास १९ को र त्यस्तै थप क्रियाकलाप गराउनुहोस् ।

४. **प्रतिविम्बन**

पुरुषका प्रकार र उदाहरण लेखी तालिका तयार पार्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

पाठ्य पुस्तकको अभ्यास १९ गरेर ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

विभिन्न पत्रिकाबाट काटेर वा पुराना पुस्तकबाट प्रतिलिपि बनाई कथा सङ्ग्रह तयार पार्नुहोस् ।

Draft

## दिन : सातौं

पाठ्यवस्तु : **सिर्जनात्मक अभ्यास (कथा लेखन)**

लक्षित सिप : लेखन

१. **विशिष्ट उद्देश्य**

(क) कथा लेखनका लागि बुँदा तयार पार्न,

(ख) बुँदाका आधारमा कथा लेख्न,

(ग) कथा वाचन गोष्ठी सञ्चालन गरी कथा सङ्ग्रह पुस्तिका तयार पार्न ।

२. **शैक्षिक सामग्री**

कथा लेखनका लागि बुँदाहरूको तालिका, पुरस्कारका लागि मसलन्द सामग्री र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

कुनै लघुकथा आफूले सुनाउने साथै सहभागिताको सिद्धान्तका आधारमा केही विद्यार्थीहरूलाई पनि सुनाउन लगाउनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- अभ्यास २० मा दिइए अनुसार बाटाभरि र आफ्नो राज्यमा पुगिसकेपछि द्रुपदले आफन्त र आफ्ना मन्त्रीहरूसँगको भेटमा गरेका कुराहरू समूहगत रूपमा दस बुँदाहरू लेख्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले लेखेका बुँदाहरू प्रस्तुत गर्न लगाई छलफल गरी अन्तिम रूप दिन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- ती बुँदाका आधारमा व्यक्तिगतरूपमा कथा लेख्न लगाउनुहोस् ।
- विद्यार्थीलाई आपसमा कथा साटासाट गरेर पढ्न लगाई कथालाई अन्तिम रूप दिन लगाउनुहोस् ।

**क्रियाकलाप ३**

- कथा वाचन गोष्ठी सञ्चालनका लागि विद्यार्थीहरूको एउटा समिति निर्माण गर्नुहोस् ।
- कथा वाचन गोष्ठी सञ्चालन गराउनुहोस् ।
- विद्यार्थीको समितिबाट मूल्याङ्कन गराई आवश्यक पृष्ठपोषण दिई पुरस्कृत समेत गर्नुहोस् ।
- वाचन गरिएका उत्कृष्ट कथाहरू भित्ते पत्रिकामा प्रकाशन गर्ने सामुहिक कार्य लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

- कथा लेखनका बुँदा निर्माण गर्दा विचार गर्नुपर्ने कुराहरू लेख्न लगाउनुहोस् ।
- कथा वाचन गोष्ठी सञ्चालन गर्दा ध्यान दिनुपर्ने पक्षहरू टिपोट गर्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

सबै कथाहरू सङ्कलन गरी पुस्तिकाको आकार दिएर पुस्तकालयमा राख्न सामुहिक परियोजना कार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

Draft

विद्यार्थीहरूलाई उनीहरूले यस 'मित्रता' पाठको शिक्षण सिकाइ क्रियाकलापमा गरेका कार्यहरू निरन्तर विद्यार्थी मूल्याङ्कनको आफ्नो कार्य सञ्चयिकामा सङ्कलन गर्न लगाई मूल्याङ्कन गरी अभिलेख फाराममा जनाउनुहोस् ।

## दिन : आठौँ

पाठ्यवस्तु : **सिकाइ पुनरावृत्ति**

लक्षित सिप : उपलब्धि परीक्षण

१. **विशिष्ट उद्देश्य**

यस एकाइबाट सोधिएका प्रश्नको उत्तर दिन

२. **शैक्षिक सामग्री**

उपलब्धि परीक्षणका लागि प्रश्नपत्र

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

यस पाठमा अध्ययन गरेका विषयवस्तुहरू के के हुन् भनी विद्यार्थीहरूलाई अभ्यास पुस्तिकामा टिप्न लगाउनुहोस् र यो पाठको अन्तिम दिन आज गर्ने कार्यको जानकारी गराउनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीलाई निम्नलिखित प्रश्नहरू दिई सिकाइ पुनरावृत्ति गराउनुहोस् ।

**नमुना प्रश्नपत्र**

विषय : नेपाली

अ. तल दिइएका शब्दहरूलाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर ।

उन्मत्त, सत्तासिन, अङ्कमाल, अशान्त, मुसुक्क

आ. निम्न लिखित प्रश्नको छोटो उत्तर देऊ :

(क) राजकुमार द्रुपदले मित्र द्रोणसँग के प्रतिज्ञा गरे ?

(ख) द्रोणको विवाह कोसँग भयो ?

(ग) द्रोण कसरी आचार्य द्रोण भए ?

(घ) अश्वत्थामा कसका छोरा हुन् ?

(ङ) द्रोण र कृपीलाई किन सारै दुःख लाग्यो ?

इ. मित्रता कथाबाट के शिक्षा पाइन्छ पाँच वाक्यमा लेख ।

ई. भाव स्पष्ट पार : म अझै पनि तपाईँसँग मित्रता चाहन्छु । अहिले तपाईं अकिञ्चन, म सत्तासीन ।

उ. कोष्ठमा दिइएको सङ्केतका आधारमा तलका वाक्यहरू परिवर्तन गर :

Draft

(क) म तिमीलाई नै दिन्छु । (तृतीय पुरुष)

(ख) तपाईंसँग भएको शस्त्रास्त्र विद्या दिनुहोस् । (मध्यम आदर)

(ग) उनी त्यहाँबाट उठेर हस्तिनापुरतिर लागे । (उच्च आदर)

(घ) हामीले निकाल्न सकेनौँ । (द्वितीय पुरुष)

४. **प्रतिविम्बन**

माथिका प्रश्नहरूको प्रतिनिधिमूलक रूपमा उत्तर भन्न लगाई सबलिकृत पृष्ठपोषण दिनुहोस् ।

५. **शिक्षकका लागि परियोजना कार्य**

सिकाइ पुनरावृत्तिका उत्तरहरू परीक्षण गरी विद्यार्थीलाई फिर्ता गरेर आआफ्नो निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्य सञ्चयिकामा राख्न लगाउनुहोस् ।

**थप अध्ययन सामग्री**

**शब्दार्थ शिक्षण विधिहरू**

पर्याय विपर्याय विधि

परिभाषा विधि

आशय विधि

चित्रवस्तु विधि

अभिनय/हाउभाउ विधि

**व्याकरण शिक्षणका विधिहरू**

भाषा संसर्ग वा प्रत्यक्ष भाषा विधि

भाषा पाठ्य पुस्तक विधि

Draft

# पाठ : ७

**पाठ शीर्षक : सिप र श्रम** **विधा : कविता**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १. | लयबद्ध पठन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | मौखिक छलफल र प्रश्नोत्तर | १ |
| ४. | भाव विस्तार/अनुच्छेद लेखन | १ |
| ५. | मौन पठन र सङ्क्षिप्त उत्तर लेखन | १ |
| ६. | व्याख्या | १ |
| ७. | कार्यमूलक व्याकरण (क्रियाको भाव र अर्थ) | १ |
| ८. | कार्यमूलक व्याकरण (करण-अकरण) | १ |
| | जम्मा | ८ |

| पहिलो दिन |
|---|

**पाठ शीर्षक : सिप र श्रम (कविता)** घण्टी :

पाठ्यवस्तु : लयबद्ध पठन र शुद्धोच्चारण समय : ४५ मिनेट

लक्षित सिप : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुनेछन् :**

(क) 'सिप र श्रम' कवितालाई लयबद्ध वाचन गर्न,

(ख) 'सिप र श्रम' कविताका जटिल शब्दहरू प्रष्ट र शुद्धसँग उच्चारण गर्न ,
लक्षित शब्द : मर्स्याङ्दी , किरण, अँगालेर, सँगालेर, सिर्जना

२. **शैक्षिक सामग्री :**

(क) 'सिप र श्रम' कविता (लयबोधका लागि गति, यति र विश्रामको स्पष्ट सङ्केत गरिएको चार्ट)

(ख) जटिल शब्दहरूको सूची

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

कक्षामा प्रवेश गर्नासाथ सम्भव भएसम्म शिक्षकले विदयार्थीहरूलाई कुनै एउटा गीत गाएर सुनाउनुहोस् वा गीति कविताको कुनै अंश लयबद्ध वाचन गरी कक्षामा सुनाउनुहोस् । आफूले सुनाएको कविता वा गीत कस्तो लाग्यो, विद्यार्थीलाई सोध्नुहोस् र गीति कविताका

Draft

बारेमा छोटकरीमा बताइदिनुहोस् । आफूले पढाउने कविताको शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् अनि आजको घन्टीमा कक्षाको कोठाभित्र गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीलाई जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप -१**

- सर्वप्रथम कक्षामा 'सिप र श्रम' कविताको चार्ट प्रदर्शन गर्नुहोस् रकक्षाका विद्यार्थीहरूलाई 'सिप र श्रम' कविताका श्लोकहरू समूहगत रूपमा लयबद्ध वाचन गर्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीहरूबाट सम्भव नभएमा उनीहरूलाई ध्यानपूर्वक सुन्न निर्देशन दिँदै शिक्षक आफूले दुई तिन पटक आदर्श वाचन गरी कविता सुनाउनुहोस् । यसरी लयबद्ध पठन अभ्यास गराउँदा कविताका प्रत्येक पङ्क्ति लय हालेर पढ्नुहोस् र सोही अनुसार विद्यार्थीलाई पनि लय हालेर पढ्न लगाउनुहोस् । सम्भव भएसम्म पेनड्राइभ, क्यासेट, सिडीको प्रयोग गरेर वा मोवाइलको रेकर्ड सुनाएर अनुकरण गर्न प्रोत्साहित गर्नुहोस् ।
- समूहगत रूपमा कविता वाचन गराइसकेपछि (भएमा केटा र केटीको बिचमा) बेन्चगत समूहमा र अन्त्यमा व्यक्ति व्यक्तिलाई लयबद्ध वाचनको अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप-२**

- विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठेरो लागेका शब्दहरू कविताबाट खोजी अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीलाई सोध्दै उनीहरूलाई अप्ठ्यारो लागेका शब्दहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरू पालैपालो विद्यार्थीहरूलाई उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई शिक्षकले अक्षर अक्षर छुट्याई (जस्तै : मर्स्याङ्दी /मर्.स्याङ् दि/) शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यसरी शुद्ध उच्चारण गराउने क्रममा आफूले लगेको शब्दसूची पनि प्रदर्शन गर्नुहोस् र शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।
- उच्चारणमा बढी कठिनाइ भएका विद्यार्थीहरूलाई उच्चारणको अभ्यास गराउँदा उनीहरूको उच्चारणगत त्रुटि क्षेत्र पहिचान गर्नुहोस् र थप अभ्यास गराउनुहोस् ।
- यदि कक्षामा सुस्तश्रवण भएका विद्यार्थीहरू छन् भने उनीहरूको हकमा सकेसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् वा अप्ठ्यारा शब्दहरू उच्चारण अनुसार शैक्षणिक पाटीमा लेख्दै जानुहोस् र अनुलेखन गर्न निर्देशन दिनुहोस् । जस्तै : विशेष /बि.सेस्

**क्रियाकलाप-३**

- पाठको अभ्यासको ३, ९ र ११ का क्रियाकलाप गराउनुहोस् र विद्यार्थी अलमल परेको अवस्थामा सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

४. **प्रतिबिम्बन : निम्न प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइ मूल्याङ्कन गर्नुहोस् :**

(क) आजको कक्षामा विद्यार्थीले उच्चारण गर्न सिकेका कम्तीमा पाँचओटा कठिन शबदहरु आआफ्नो कापीमा टिपोट गर्न दिर्नेशन दिनुहोस् ।

(ख) कविताका छुट्टा छुट्टै हरफहरू दिई बिच बिचबाट उठाएर लयबद्ध वाचन गर्न लगाउनुहोस् ।

(ग) तलका शब्दहरू पालैपालो उच्चारण गर्न लगाउनुहोस् :

दृश्य, भविष्य, सृष्टि, गण्डकी, थुम्की, आशीर्वाद

**५. गृहकार्य/परियोजना कार्य :**

(क) आफूले सुनेको गीत छुट्टै पानामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) पाठको अभ्यास अन्तर्गत प्र.नं. १० र ११ अभ्यास पुस्तिकामा गृहकार्य गर्न निर्देशन दिनुहोस् ।

## दोस्रो दिन

**पाठ शीर्षक : सिप र श्रम (कविता)** घण्टी :

पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग समय : ४५ मिनेट

लक्षित सिप : शब्दार्थ

**१. विशिष्ट उद्देश्यः यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) जस्तै : सारङ्गी, टिको, पहरा, पाखो, मुटु कवितामा प्रयुक्त नयाँ शब्दहरूको अर्थ बताउन,

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

**२. शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, शब्दार्थ पत्ती, वाक्यपत्ती, गोजी तालिका र फलाटिन पाटी

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

अघिल्लो दिन दिइएको परियोजना कार्यबाट केही नमुना छनोट गरी विद्यार्थीलाई प्रस्तुत गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीका सामग्रीलाई प्रदर्शन पाटीमा टाँस्न लगाउनुहोस् । उत्प्रेरणात्मक कार्य सम्पन्न गरिसकेपछि आजको घन्टीमा अध्ययन गरिने विषय वस्तुका बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप :**

**क्रियाकलाप-१**

- विद्यार्थीलाई 'सिप र श्रम' कविता पठन गर्न निर्देशित गरी आफूलाई नयाँ लागेका शब्दहरू आआफ्ना कापीमा टिप्न निर्देश गर्नुहोस् ।
- विद्यार्थीले टिपेका नयाँ शब्दहरू शिक्षक आफूले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- ती शब्दका अर्थ विद्यार्थी मध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् र आफूले सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

Draft

- अन्त्यमा आफूले लगेको शब्दार्थ पत्ती प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीलाई पाठमा दिइएका शब्दार्थ पठनबोध गर्न दस मिनेटको समय उपलब्ध गराउनुहोस् ।

**क्रियाकलाप-२**

- आफूले वाक्यमा प्रयोग गरी लगेको नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्ने विषयको सम्बन्धमा विद्यार्थीहरूको बिचमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई पाँच पाँच जनाको समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पाठको शब्दार्थमा दिइएका शब्दहरूलाई छुट्टा छुट्टै समूहमा फरक फरक पाँच पाँच ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यकता अनुसार सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीका फरक समूहलाई प्रोत्साहित गर्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण गर्नुहोस् ।

**क्रियाकलाप-३**

- पाठको अभ्यास अन्तर्गत प्र.नं. ६ र ७ को अभ्यास विद्यार्थीलाई कक्षामा गर्न लगाउनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरहँदा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै अलमल परेको देखिएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

प्रत्येक विद्यार्थीलाई आज कक्षामा पढेको पाठबाट २/२ ओटा शब्द कापीमा टिपी वाक्य बनाएर सुनाउन लगाउनुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास अन्तर्गतको प्र.नं. ८ को अभ्यास अभ्यास पुस्तिकामा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

| **तेस्रो दिन** |
|---|

**पाठ शीर्षक : सिप र श्रम (कविता)** घण्टी :

पाठ्यवस्तु : मौखिक छलफल र प्रश्नोत्तर समय : ४५ मिनेट

लक्षित सिप : पढाइ, सुनाइ, बोलाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) 'सिप र श्रम' कविताको मौखिक वर्णन गर्न,

(ख) 'सिप र श्रम' कविताको विषय वस्तुका सम्बन्धमा प्रश्नोत्तर गर्न,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, शिक्षक निर्मित प्रश्नसूची, पाठका मुख्य बुँदाहरूको सूची ,

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य केही विद्यार्थीहरूलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतीकरणपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर सम्मान गर्न अन्य विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । अन्त्यमा आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुको बारेमा विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप :**

**क्रियाकलाप-१**

- सर्वप्रथम विद्यार्थीहरूलाई 'सिप र श्रम' कविता पढ्न १० मिनेटको समय दिनुहोस् र आफूले बुझेका कुराहरू समूहगत र व्यक्तिगत रूपमा भन्न प्रोत्साहित गर्नुहोस् ।
- विद्यार्थीले भनेका बुँदाहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र व्यापक रूपमा छलफल गराउँदै अन्य बुँदाहरू पनि थप्न आवश्यक सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र छुट्टा छुट्टै श्लोकहरू पढी समूहगत रूपमा छलफल गरी बुँदा टिपोट गर्न निर्देशन दिनुहोस् ।
- उनीहरूले तयार गरेका बुँदाहरू पालैपालो टोली नेतालाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप-२**

- विद्यार्थीहरूको अगाडि आफूले लगेको निम्नानुसारको प्रश्नसूची प्रस्तुत गर्नुहोस् र उत्तर भन्न प्रोत्साहित गर्दै उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

  **प्रश्नहरू :**

  (क) कुलो कहाँ खोप्नुपर्छ ?

  (ख) सिप कहाँ रोप्नुपर्छ ?

  (ग) आमाले कस्तो आसिक दिऊन् ?

  (घ) मेचीकाली कहाँ बगाइराख्नुपर्छ ?

  (ङ) सपनामा के अँगालेर सुत्नुपर्छ ?

  (च) सारङ्गीका स्वरहरूले किन सङ्गीत फेर्नुपर्छ ?

  (छ) आफू हेर्ने आँखाहरूले किन देश हेर्नुपर्छ ?

  (ज) के सँगालेर उठ्नुपर्छ ?

**क्रियाकलाप-३**

- आफूले तयार पारी लगेका पाठका बुँदाहरू प्रदर्शन गर्नुहोस् र कविताका श्लोकसँग समन्वित गर्दै विद्यार्थीलाई मौखिक रूपमा छलफल गराउनुहोस् । जस्तै :

Draft

**बुँदाहरू :**

(१) 'सिप र श्रम' कविता नेपाली साहित्यका लोकप्रिय कवि तथा गीतकार क्षेत्रप्रताप अधिकारीद्वारा रचना गरिएको उत्कृष्ट कविता,

(२) हाम्रो देश नेपाल हिमाल, पहाड, तराई, मधेस, उपत्यका, भञ्ज्याङ र टारीहरूले बनेको,

(३) प्राकृतिक र भौगोलिक दृष्टिले अत्यन्तै सुन्दर र मनमोहक भएर पनि देशको उन्नति र समुन्नति हुन नसकेको,

(४) देशको युवाशक्ति विश्व बजारमा आफ्नो सिपप र श्रम बेच्न बाध्य,

(५) काम र मामको खोजीमा संसारको जुन ठाउँमा पुगेपनि आफ्नो मन, मुटुमा देशभक्तिको सङ्लो मायाप्रीति हुनुपर्ने,

(६) सिर्जनशील युवाहरूले आफ्नो पाखुराको बल स्वदेशकै निर्माणको लागि देशकै पहरा र छहरामा सिर्जनाका फुल फुलाउन प्रयोग गर्नुपर्ने,

(७) आफ्नो सिप र श्रम पहाडी मुलुक नेपालका टारी र बारीमा रोपेर बाँझा जमिन हराभरा बनाउनुपर्ने,

(८) अहिले नेपालमा नेपाल आमाले चाहे जस्तै ठुलो राजनीतिक परिवर्तन आएको,

(९) जनताहरू चेतनशील बनेर राजनीतिक क्रान्ति सम्पन्न गरी लोकतन्त्रको नयाँ बिहानीमा प्रवेश गरेका,

(१०) यस्तो अवस्थामा देशको विकास र समुन्नतिका लागि आफ्नो सिप र श्रम आफ्नै देशको माटामा खर्चँदै अगाडि बढ्नुपर्ने,

(११) जन्मेपछि मर्नैपर्ने प्रकृतिको नियम भएकाले मर्नुभन्दा पहिले देशको गौरव बढाउने र उचाइँमा पुऱ्याउने दृढ सङ्कल्पका साथ महत्वपूर्ण कार्य सम्पन्न गर्नुपर्ने बेला आएको,

(१२) देशमा उद्योगधन्दा र कल कारखानाहरूको स्थापना गरी खेर गइरहेको जमिनमा अन्न उब्जाएर देशलाई आत्मर्भिर बनाउनुपर्ने,

(१३) प्राकृतिक सुन्दरताले भरिपूर्ण हाम्रो देश नेपालका पाखा पखेरामा फुल्ने फुलहरूले जस्तै यो देशलाई सिर्जनाले सजाई नयाँ नेपालको निर्माण गर्नुपर्ने,

(१४) माटासँग मुटुको नाता गाँस्दै स्वार्थरहित भएर सारा नेपालीहरू देशको नव निर्माणमा लाग्नुपर्ने,

(१५) सुत्दा पनि हिमाली देश नेपालको इज्जत र प्रतिष्ठालाई सगरमाथा जस्तै उच्च बनाउने नौलो सपना देखेर  सुत्नुपर्ने र उठ्दा पनि नव आशा , जोस, जाँगर र उत्साहका साथ उठ्नुपर्ने,

(१६) देशका कलाकार, गीतकार र सङ्गीतकारहरूले पनि अब यो देशको मुहार फेर्न र चेतनाको नयाँ जागरण ल्याउन सङ्गीतको धुन फेर्नुपर्ने,

(१७) सम्पूर्ण नेपालीहरूले व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएर देशको स्वार्थलाई मन, मुटु र आँखामा सजाउँदै अगाडि बढ्नुपर्ने,

(१८) सम्पूर्ण नेपालीहरू देशप्रति समर्पित भई स्वार्थबाट अलग नहुँदासम्म देशको समृद्धि र जनताको भलो हुन नसक्ने गीतकारको भनाइ ।

Draft

**क्रियाकलाप-४**

उल्लिखित बुँदाहरू छलफल गराइसकेपछि पाठको अभ्यास अन्तर्गत प्र.नं. ५ मा भएका प्रश्नहरू सोध्नुहोस् र आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

आजको कक्षामा प्रस्तुत गरिएका क्रियाकलाप कति प्रभावकारी भए भन्ने विषयमा समूहको नेतालाई आआफ्नो विचार अभिव्यक्त गर्न लगाउनुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यासमा दिइएका प्र.नं. २ का उत्तर पढेर आउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## चौथो दिन

पाठ्यवस्तु : भाव विस्तार गरी अनुच्छेद लेखन

लक्षित सिप : लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'सिप र श्रम' कविताका निर्दिष्ट पङ्क्तिहरूको भाव विस्तार गरी अनुच्छेद लेख्न,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, पाठको अन्तिम श्लोक, भाव विस्तारका लागि तयार पारिएका बुँदाहरू र अनुच्छेद लेखनको नमुना, फलाटिन पाटी,

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा :**

कक्षाको कुनै गीत गाउन जान्ने विद्यार्थीलाई एउटा रोचक देशभक्तिपूर्ण गीत गाउन लगाउनुहोस् र कक्षाको वातावरण रमाइलो बनाउनुहोस् अनि त्यस गीतले के भन्न खोजेको होला भन्ने विषयमा मौखिक छलफल गर्दै आजको पाठ्यवस्तुको बारेमा विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

शिक्षकले शैक्षिक सामग्रीको रूपमा लगेको कविताको अन्तिम श्लोकलाई फलाटिन पाटीमा टाँसेर प्रदर्शन गर्नुहोस् । उक्त श्लोकको भावको विषयमा विद्यार्थीहरूलाई प्रत्येक बेन्चको एक समूह बनाई छलफल गरी बुँदा टिपोट गर्न १० मिनेटको समय उपलब्ध गराउनुहोस् ।

**क्रियाकलाप-२**

निर्धारित समय सकिएपछि विद्यार्थीको प्रत्येक समूहले तयार पारेका बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् र ती बुँदालाई शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । स्मरण रहोस्, दोहोरिएका बुँदा नटिप्नुहोस् । आफूले शैक्षिक सामग्रीको रूपमा लगेका बुँदाहरू पनि फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् ।

Draft

**बुँदाहरू :**

(१) हामी सुत्दा पनि हिमाली देश नेपालको इजजत र प्रतिष्ठालाई उच्च बनाउने विश्वको सर्वोच्च शिखर सगरमाथा अँगालेर सुत्नु पर्ने,

(२) उठ्दा देशको नव निर्माणका निम्ति जोस, जाँगर र उत्साहका साथ सिर्जनाका गीतहरू सँगालेर उठ्नुपर्ने,

(३) सङ्गीतकारहरूले पनि चेतनाको नयाँ जागरण ल्याई यो देशको मुहार फेर्न आफ्ना सङ्गीतका धुन फेर्नुपर्ने

(४) सम्पूर्ण नेपालीहरू देशप्रति समर्पित भई व्यक्तिगत स्वरूपलाई नहेरी देशको समुन्नतिकोलागि अघि बढ्नुपर्ने ।

**क्रियाकलाप- ३**

माथि उल्लिखित बुँदाहरूका आधारमा १० मिनेटको समय दिई भाव विस्तार गर्न सम्पूर्ण विद्यार्थीलाई निर्देश गर्नुहोस् । विद्यार्थी अलमल परेको देखिएमा आवश्यकता अनुसार सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप-४**

निर्धारित समय सकिएपछि विद्यार्थीको समूह मध्ये बिच बिचबाट केही विद्यार्थीलाई उठाएर प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि ताली बजाएर प्रोत्साहित गर्न निर्देशन दिनुहोस् र आवश्यक पृष्ठपोषण सहित अन्य विद्यार्थीलाई पनि आवश्यक सुधार गर्न निर्देशन दिँदै आफूले शैक्षिक सामग्रीको रूपमा भाव विस्तार गरी लगेको अनुच्छेदको नमुना प्रदर्शन गर्नुहोस् ।

**भाव विस्तार/अनुच्छेद लेखनको नमुना**

हाम्रो देश नेपाल विश्व सामु हिमालको देशको रूपमा पनि चिनिन्छ । विश्वको सर्वोच्च शिखर सगरमाथा हाम्रो देशको स्वाभिमान र गौरवको प्रतीक पनि हो । त्यसैले हामी सुत्दा पनि सगरमाथालाई अँगालेर सुत्नुपर्छ भने उठ्दा पनि जोस, जाँगर र उत्साहका साथ सिर्जनाका नयाँ गीतहरू सँगालेर उठ्नुपर्छ । समय धेरै परिवर्तन भइसेको छ । विश्व चेतनाका नौला किरणहरू छर्दै समुन्नतिको यात्रामा अगाडि बढिसकेको छ । यसर्थ हाम्रो देशका सङ्गीतकारहरूले पनि आफ्ना सङ्गीतका धुन फेरी चेतनाको नयाँ जागरण ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ । निःस्वार्थ भावनाबाट अभिप्रेरित भएर गरेको त्याग र समर्पणबाट मात्र राष्ट्रको समुन्नति सम्भव छ । तसर्थ आत्मकेन्द्रित व्यक्तिगत स्वार्थलाई तिलाञ्जली दिएर आफूलाई मात्र हेर्ने आँखाहरू अब समग्र देश हेर्न तयार हुनुपर्छ । सम्पूर्ण नेपालीहरू देशप्रति समर्पित भई स्वार्थबाट अलग नहुँदासम्म देशको समृद्धि र जनताको भलाई असम्भव छ । यसलाई हृदयमा राखेर माटासँग मुटुको नाता गाँस्दै निःस्वार्थ भावले नयाँ नेपालको निर्माणमा लाग्नु हामी नेपालीको कर्तव्य हो ।

**क्रियाकलाप-५**

भाव विस्तार तथा अनुच्छेद लेखनको उल्लिखित नमुना प्रदर्शन गरिसकेपछि विद्यार्थीलाई 'सिप र श्रम' कविताको पहिलो श्लोक भाव विस्तार गर्न लगाउनुहोस् र आवश्यकता अनुसार सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

Draft

४. **प्रतिबिम्बन :**

पाठको दोस्रो श्लोकलाई मौखिक रूपमा भाव विस्तार गर्न लगाएर विद्यार्थीको सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको तेस्रो श्लोक भाव विस्तार गरी अनुच्छेद लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## पाँचौ दिन

पाठ्यवस्तु : मौन पठन र सङ्क्षिप्त उत्तर लेखन

लक्षित सिप : पढाइ लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) कविता मौन पठन गरेका आधारमा सोधिएका प्रश्नको उत्तर दिन ।

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, प्रश्नहरूको सूची सङ्क्षिप्त उत्तर लेखिएको नमुना र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा :**

विद्यार्थीलाई पाठको तेस्रो श्लोक सामूहिक रूपमा लयबद्ध रूपमा वाचन गर्न लगाउनुहोस् र अघिल्लो दिन गृहकार्यको रूपमा भावार्थ लेख्न दिइएको उक्त श्लोकको भावार्थ कक्षाका केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाई आवश्यक पृष्ठ पोषण दिनुहोस् र आजको घन्टीमा कक्षामा सञ्चालन गरिने क्रियाकलापको बारेमा जानकारी गराउनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- सर्वप्रथम अभ्यासका निम्ति निम्न लिखित प्रश्नहरूको सूची कक्षामा प्रदर्शन गर्नुहोस् :

  **प्रश्नहरू :**

  (क) कवितामा टारिभरि र बारीभरि सिप रोप्न किन भनिएको हो ?

  (ख) कविताको दोस्रो श्लोकमा मर्नुभन्दा पहिले के गर्नुपर्छ भनिएको छ ?

  (ग) हामीले हाम्रो देशको सिप र श्रमलाई किन देशको लागि खर्चिनु पर्छ ?

  (घ) हामीले किन मुटुभित्र मेची काली बगाइराख्नु पर्छ ?

  (ङ) 'सिप र श्रम' कविताको मुख्य भाव के हो ?

- विद्यार्थीहरूलाई १५ मिनेटको समय दिएर 'सिप र श्रम' कविता मौन पठन गरी उल्लिखित प्रश्नहखको उत्तर खोजी गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप-२**

Draft

- निर्धारित समय सकिएपछि विद्यार्थीहरूलाई पाँच ओटा समूहमा विभाजन गर्नुहोस् र टोली नेता तोक्न निर्देशन दिनुहोस् । आफूले शैक्षिक सामग्रीको रूपमा लगेको सङ्क्षित उत्तर लेखिएको नमुना फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् र उत्तर लेखनको शैली र शिल्पको बारेमा विद्यार्थीहरूका बिचमा छलफल गराउनुहोस् र उत्तर लेख्न प्रोत्साहित गर्नुहोस् ।
- गोला प्रथा विधिको प्रयोग गरी प्रति समूह माथिका कुनै एक प्रश्न पर्ने गरी ९ मिनेटभित्र सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक परेको खण्डमा सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- निर्धारित समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

पाठको अभ्यास खण्डमा प्र.नं.५ मा रेका प्रश्नहरू एकल रूपमा सोधेर मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास नं. ५ का प्रश्नहरूको उत्तर अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

Draft

## छैटौँ दिन

पाठ्यवस्तु : व्याख्या

लक्षित सिप : लेखाइ अभिव्यक्ति

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) कविताका विशिष्ट पङ्क्तिहरूका व्याख्या गर्न,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक व्याख्याको नमुना, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिन विद्यार्थीहरूलाई दिइएको गृहकार्य केही विद्यार्थीहरूलाई अगाडि आएर प्रदर्शन गर्न निर्देशन दिनुहोस् र आवश्यक पृष्ठपोषण सहित आजको पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखेर विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप -१**

- कविताका कुनै दुई ओटा विशिष्ट पङ्क्तिको व्याख्या गरेको नमुना शैक्षिक सामग्रीको रूपमा प्रदर्शन गर्नुहोस् र व्याख्या गर्ने तरिकाका बारेमा विद्यार्थीहरूका बिचमा छलफल गराउनुहोस् । व्याख्या गर्दा पहिलो भागमा विशिष्ट पङ्क्तिको व्याख्या/विश्लेषण र दोस्रो भागमा उपसंहार वा निष्कर्ष राम्ररी मिलाएर लेख्नुपर्छ भन्ने कुरामा सजग बनाउनुहोस् ।
- व्याख्याको नमुना प्रदर्शन गरी छलफल गराइसकेपछि विद्यार्थीहरूलाई विभिन्न समुहमा विभाजन गरी टोली नेता छनोट गर्न निर्देशन दिनुहोस् र फरक फरक समूहमा फरक फरक पङ्क्ति पर्ने गरी पाठबाट दुई दुई ओटा विशिष्ट पङ्क्तिहरू दिनुहोस् र ९ मिनेटको समय तोकी अभ्यास गर्न लगाउनुहोस् ।
- विद्यार्थीको कार्यको अवलोकन गर्दै विद्यार्थी अलमलमा परेको खण्डमा उक्त स्थानमा पुगी सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप-२**

- निर्दिष्ट समय समाप्त भएपछि समूह नेताबाट पालैपालो प्रस्तुत गर्न निर्देश गर्नुहोस् र बाँकी समूहलाई आवश्यक मूल्याङ्कन गरी पृष्ठपोषणका लागि सुझाव दिन प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले गरेका सवल पक्षहरूको प्रशंसा गर्दै सुधार गर्नुपर्ने पक्ष औँल्याएर समग्रमा आवश्यक पृष्ठ पोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बिन :**

प्रत्येक टोली नेतालाई आजको कक्षाका कुनै दुई जना (सकेसम्म एक जना केटा र एक जना केटी पर्ने गरी) विद्यार्थीलाई उठाएर आजको कक्षा क्रियाकलापमा व्याख्याको प्रस्तुति गर्दा टोली नेताले गरेका सवल र दुर्वल पक्षको समीक्षा गर्न लगाई प्रतिबिम्बन कार्य सम्पन्न गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास अन्तर्गत प्र.नं. ४ अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## सातौँ दिन

**पाठ शीर्षक : सिप र श्रम (कविता)** घण्टी :

पाठ्यवस्तु : कार्यमूलक व्याकरण (क्रियाको भाव र अर्थ) समय : ४५ मिनेट

१. **विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) सम्भावनार्थक, इच्छार्थक र आज्ञार्थक भावको पहिचान गर्न,

(ख) भाव अनुसारका वाक्यहरूको प्रयोग गर्न,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, सम्भावनार्थक, इच्छार्थक र आज्ञार्थक वाक्यहरूको सूची, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य सबैको अगाडि आएर प्रस्तुत गर्न केही विद्यार्थीलाई निर्देशन दिनुहोस् । उनीहरूका सकारात्मक पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीहरूलाई ताली बजाएर प्रोत्साहित गर्न लगाउनुहोस् र आवश्यक पृष्ठभूमि सहित आजको पाठ्यवस्तुको बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप -१**

सर्वप्रथम शिक्षकले सम्भावनार्थक, इच्छार्थक र आज्ञार्थक वाक्यहरूको सूची फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् र क्रियाको भाव र अर्थका सम्बन्धमा विद्यार्थीहरूसँग आवश्यक छलफल गर्नुहोस् ।

**क्रियाकलाप-२**

पाठको कार्यमूलक व्याकरण अन्तर्गत १२ नं. मा प्रस्तुत गरिएको भावसम्बन्धी अनुच्छेद र सम्भावनार्थक, इच्छार्थक र आज्ञार्थक भाव सम्बन्धी तालिकाको अध्ययन गर्न विद्यार्थीलाई १० मिनेटको समय दिनुहोस् र प्रशस्त उदाहरण दिएर स्पष्ट पार्नुहोस् । विद्यार्थीलाई पाठको प्र.न.१२ मा दिइएको अभ्यास गर्न निर्देशन दिनुहोस् । विद्यार्थीहरू अलमल परेमा आवश्यक ठाउँमा पुगी सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप-३**

- कक्षाका विद्यार्थीहरूलाई तिन समूहमा विभाजन गरी टोली नेता समेत छान्न निर्देशन दिनुहोस् र प्रत्येक समूहलाई सम्भावनार्थक, इच्छार्थक र आज्ञार्थक मध्ये गोलाप्रथाद्वारा एक एक ओटा शीर्षक दिएर १०/१० ओटा वाक्य निर्माण गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले क्रियाकलाप गरिसकेपछि प्रत्येक समूहका टोली नेतालाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र बाँकी समूहलाई मूल्याङ्कन र पृष्ठपोषणका लागि प्रोत्साहित गर्नुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले सम्पन्न गरेका सकारात्मक क्रियाकलापहरूको प्रशंसा गर्दै आवश्यक देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

पाठको अभ्यास नं. १३ मा दिइएको अभ्यासका प्रश्नहरू मौखिक रूपमा सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास नं. १३ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनहोस् ।

## आठौं दिन

**पाठ शीर्षक : सिप र श्रम (कविता)** घण्टी :

पाठ्यवस्तु : कार्यमूलक व्याकरण (करण-अकरण) समय : ४५ मिनेट

१. **विशिष्ट उद्देश्यः** यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) करण र अकरणको पहिचान गर्न ,

(ख) वाक्य परिवर्तन गर्न ,

**२. शैक्षिक सामग्री :**

- पाठ्य पुस्तक, करण र अकरण वाक्यहरूको  सूची, फलाटिन पाटी,

**३. शिक्षण सिकाइ क्रियाकलाप :**

(क) उत्प्रेरणा :

- विद्यार्थीहरूले गरेको अघिल्लो दिनको गृहकार्यलाई अगाडि आएर प्रस्तुत गर्न केही विद्यार्थीलाई निर्देशन दिनुहोस् । सकारात्मक पक्षको स्वागत गर्न अन्य विद्यार्थीलाई निर्देशन दिई आवश्यक पृष्ठपोषण सहित आजको घन्टीमा गरिने क्रियाकलापको बारेमा जानकारी दिनुहोस् ।

मुख्य क्रियाकलाप :

**क्रियाकलाप-१**

- विद्यार्थीलाई दुई समूहमा विभाजन गरी टोली नेता छान्न निर्देशन दिनुहोस् र पहिलो समूहलाई 'हो' वा 'हुन्छ' भन्ने विषयमा दस ओटा वाक्य निर्माण गर्न निर्देशन दिनुहोस् । त्यस्तै दोस्रो समूहलाई 'होइन' वा 'हुँदैन' भन्ने निषेधात्मक क्रियापद प्रयोग भएका दस ओटा वाक्य निर्माण गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूको कार्य सकिएपछि दुवै समूहका टोली नेतालाई आफूले तयार पारेका वाक्यकहरू प्रस्तुत गर्न लगाउनुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- विद्यार्थीलाई करण र अकरण वाक्यको बारेमा स्पष्ट पार्नुहोस् र आवश्यक छलफल गराउनुहोस् ।

**क्रियाकलाप-२**

- विद्यार्थीलाई पाठको कार्यमूलक व्याकरण अन्तर्गत १४ मा दिइएको करण-अकरण सम्बन्धी अनुच्छेद र करणलाई अकरणमा परिवर्तन गरिएको तालिका पढ्न १० मिनेटको समय उपलब्ध गराउनुहोस् ।
- विद्यार्थीलाई विभिन्न उदाहरण दिएर थप स्पष्ट पार्दै आफूले लगेको करण-अकरण वाक्यहरूको सूची समेत प्रस्तुत गरी छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूलाई पाठको अभ्यासमा दिइएको प्र.नं. १४ को अभ्यास गर्न निर्देशन दिनुहोस् । विद्यार्थी अलमल परेमा आवश्यक सहजीकरण गर्नुहोस् ।

Draft

४. **मूल्याङ्कन :**

पाठको प्र.नं.१५ मा दिइएको अभ्यासका प्रश्नहरू मौखिक रूपमा सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको प्र.नं. १५ को उत्तर लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

Draft

पाठ : ८

# भूगोलविद् हर्क गुरुङ

***घन्टी : ८***

पाठ्यवस्तुको विभाजन

| पाठ्यवस्तु | | घन्टी |
|---|---|---|
| (क) सस्वर वाचन र शुद्ध उच्चारण | | १ |
| (ख) शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | | १ |
| (ग) विषयवस्तुको छलफल र मौखिक प्रश्नोत्तर | | १ |
| (घ) पठनबोध तथा लिखित प्रश्नोत्तर | | २ |
| (ङ) कार्यमूलक व्याकरण | | २ |
| (च) सिर्जनात्मक अभ्यास | | १ |
| | जम्मा | ८ |

## पहिलो दिने

पाठ्यवस्तु : सस्वर वाचन र शुद्ध उच्चारण घन्टी : १

अपेक्षित सिप : सुनाइ र पढाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थी तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठका विभिन्न अनुच्छेदहरू सस्वर वाचन गर्न,

(ख) लिखित सामग्रीहरू शुद्ध उच्चारण गरी पढ्न,

२. **शैक्षिक सामग्री :**

(क) पाठका विभिन्न अनुच्छेद

(ख) उच्चारण उपयोगी शब्दहरूको सूची

(ग) विभिन्न प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

हर्क गुरुङका बारेमा विद्यार्थीहरूलाई मुख्य मुख्य कुराहरू बताउनुहोस् र उनीहरुको धयन पढाइप्रति आकर्षित गर्नुहोस् ।

**(ख) क्रियाकलाप :**

क्रियाकलाप - १

Draft

(क) पाठको प्रारम्भिक अनुच्छेद नमुनाका लागि कक्षाका विद्यार्थीहरूलाई वाचन गरेर सुनाउनुहोस् । पाठका बाँकी पनि त्यसरी पालैपालो वाचन गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

(ख) एउटै अनुच्छेद पनि भिन्न भिन्न विद्यार्थीले वा एउटै विद्यार्थीले पनि सिकाइ क्रममा एकभन्दा बढी पटक सस्वर वाचन गर्नुपर्ने हुन्छ । त्यस्तै एउटै अनुच्छेद पनि आदि, मध्य र अन्त्यमा विभाजन गरेर विभिन्न विद्यार्थीहरूबाट पालैपालो वाचन गराउन सकिन्छ । अत : त्यस अनुसार पनि विद्यार्थीहरूलाई सस्वर वाचन गर्न अभ्यास गराउनुहोस् ।

(ग) कुनै अनुच्छेदको कुनै अंश सस्वर वाचन गर्न विद्यार्थीहरूले समस्या महसुस गरेमा त्यस्ता अंशहरू बोर्डमा लेख्नुहोस् र थप अभ्यास गराउनुहोस् । त्यसरी थप अभ्यास गराउँदा तलका उपायहरू अवलम्बन गर्नुहोस् :

(अ) साथीहरूले गरेको वाचनलाई अनुकरण गर्न निर्देशन दिनुहोस् ।

(आ) अनुच्छेदमा भएका चिह्नहरूलाई ख्याल गर्न सङ्केत गर्नुहोस् ।

(इ) अनुच्छेदका जटिल शब्दहरू छुट्टै लेखेर पढ्न लगाउनुहोस् ।

**क्रियाकलाप - २**

अनुच्छेदका लामा वाक्यहरूलाई अनेक खण्डमा टुक्रयाउनुहोस् । यस अनुसार पनि विद्यार्थीहरूलाई सस्वर वाचन गराउन अभ्यास गराउनुहोस् ।

जस्तै : हिमाल, पहाड, तराई, छाँगा, छहरा, भिरपाखा, उपत्यका र खोँचहरूले यो देशलाई थप आकर्षक बनाएका छन् (पाठमा भएको वाक्य) । यस वाक्यलाई यसरी दुई खण्डमा टुक्रयाउन सकिन्छ । जस्तै :

- हिमाल, पहाड, तराई र उपत्यका यस देशका प्रमुख विशेषता हुन् ।
- यस देशलाई यहाँका छाँगा, छहरा, भिरपाखा तथा खोँचहरूले थप आकर्षक बनाएका छन् ।

**क्रियाकलाप - ३**

कक्षाका विद्यार्थीहरूलाई उदाहरण अनुसार पाठका जटिल शब्दहरू उच्चारण गर्न अभ्यास गराउनुहोस् । जस्तै :

भूगोलविद् - /भू.गोल्.विद् / विविधता : बि.बि.ध.ता, प्राकृतिक - प्रा कृ तिक्, छहरा - छ ह रा, समृद्ध - सम्.ऋद्.ध, महत्त्व - म.हत्.त्व, राष्ट्र - रास्.ट्र., योगदान - योग्.दान् आदि ।

४. **प्रतिविम्बन :**

**तलका प्रश्नका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको पहिलो अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।

(ख) योजनाविद्, चिन्तनशील, मिलनसार, लेकबेंसी, त्रिचन्द्र, बेलायत यी शब्द प्रस्ट र शुद्धसँग उच्चारण गर्नुहोस् ।

५. **गृहकार्य :**

Draft

पाठको अभ्यासका १२ , १३ र १४ प्रश्नहरू हल गर्न निर्देशन दिनुहोस् ।

६. **पाठका केही पारिभाषिक शब्दहरू :**

**योजना** : कुनै काम व्यवस्थित ढङ्गबाट सम्पन्न गर्न गरिने तयारी

**राष्ट्र** : समान संस्कृति , राजनीति वा अर्थव्यवस्थामा आबद्ध कुनै देशको समस्त जनता

**वातावरण** : स्थान वा समय सम्बन्धी प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रभाव पार्ने अवस्था

## दोस्रो दिन

**पाठ्यवस्तु : २ शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग घन्टी : १**

अपेक्षित सिप : पढाइ र लेखाइ

१. उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् ।

(क) पाठका खास खास शब्दहरूको अर्थ बताउन,

(ख) शब्दलाई वाक्यमा प्रयोग गर्न,

२. शैक्षिक सामग्री

(क) शब्दपत्ती तथा वाक्य तालिका

(ख) चित्र एवम् ठोस वस्तु

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

पाठको पाँचौं अनुच्छेदका शब्दहरूलाई उदाहरणअनुसार दुई समूहमा विभाजन गर्नुहोस् र कक्षाका विद्यार्थीहरूसँग ती शब्दहरूको स्वरूपका बारेमा कुराकानी गर्नुहोस् । जस्तै :

(अ) मूल शब्द : हर्क , गुरुङ , धर्ती , तारा आदि ।

(आ) व्युत्पन्न शब्द : नेपाली , उदाएको , एउटा , जाज्वल्यमान आदि ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप - १**

पाठमा शब्दार्थका रूपमा उल्लेख शब्दहरू छ सात पटकसम्म पढ्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् र सिकाइप्रतिको विद्यार्थीहरूको अभिरुचि पनि परीक्षण गर्नुहोस् ।

**क्रियाकलाप - २**

कक्षाका सबै विद्यार्थीहरूलाई अभ्यासका ८, ९, १० र ११ प्रश्नहरूको उत्तर कक्षा कार्यका रूपमा लेख्न भन्नुहोस् र त्यसका लागि विद्यार्थीहरूलाई आवश्यकता अनुसार मदत पनि गर्नुहोस् ।

**क्रियाकलाप - ३**

Draft

उही एउटै शब्दको अर्थ पनि विभिन्न किसिमले व्यक्त गरेमा शब्दार्थको शिक्षण सिकाइ झन् बढी प्रभावकारी हुन्छ । अत : त्यसतर्फ ध्यान दिनुहोस् । जस्तै ः भूगोल शब्दको अर्थ :

पर्याय अर्थ : भूगोल-पृथ्वी

व्याख्या अर्थ : भूगोल-गोलाकार पृथ्वी

विपरीत अर्थ : भूगोल-आकाश

पारिभाषिक अर्थ : भूगोल-जमिन र जलले बनेको जगत्

यसरी नै शैक्षिक सामग्रीको रूपमा ग्लोब, विश्वको नक्सा, भूगोलको चित्रका माध्यमले पनि भूगोल शब्दको अर्थ सिकाउन सकिन्छ । भूगोल शब्दलाई वाक्यमा प्रयोग गरेर पनि भूगोल शब्दको अर्थको बारेमा जानकारी प्रदान गर्न सकिन्छ । अत : शब्दहरूको अर्थ बताउँदा शब्दार्थ शिक्षणका विभिन्न तरिकाहरू अपनाउनुहोस् ।

**क्रियाकलाप - ४**

शब्दार्थ शिक्षणको महत्त्वपूर्ण क्रियाकलाप शब्दलाई वाक्यमा प्रयोग गर्नु हो । यसका लागि सम्बन्धित पाठका आधारमा नै शब्दलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउँदा विद्यार्थीहरूलाई विषयवस्तु बोध गर्न पनि मदत मिल्छ । अत : शब्दलाई वाक्यमा प्रयोग गर्न अभ्यास गराउँदा त्यस किसिमका क्रियाकलापमा विशेष ध्यान दिनुहोस् । जस्तै :

**योजना** : हर्क गुरुङले देशको उन्नतिका लागि योजनाहरू बनाए ।

**विकास** : हर्क गुरुङ दुर्गम क्षेत्रको विकासमा जोड दिन्थे ।

**उत्थान** : हर्क गुरुङले जनजातिको उत्थानमा आवाज उठाए ।

४. **प्रतिविम्बन : तलका प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) आज, कारण, विश्व, सम्झना, सरकार शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

(ख) विश्व, वन्यजन्तु, कोष, राष्ट्रिय, योजना, आयोग शब्दको अर्थ लेख्नुहोस् ।

५. गृहकार्य :

पाठको तेस्रो अनुच्छेदमा प्रयोग भएका साथी, प्रिय, पहाड, चरा, अध्ययन, नक्सा शब्दको अर्थ लेख्न विद्यार्थीहरूलाई भन्नुहोस् ।

६. परियोजना कार्य :

हर्क गुरुङका जीवनका मुख्य मुख्य घटनाहरू सङ्कलन गर्नुहोस् । (शिक्षकका लागि)

## तेस्रो दिन

**पाठ्यवस्तु : ३ विषयवस्तुको छलफल र मौखिक प्रश्नोत्तर** **घन्टी : १**

अपेक्षित सिप : बोलाइ

१. उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् ।

(क) भूगोलविद् हर्क गुरुङको जीवनीका बारेमा छलफल गर्न,

(ख) पाठको विषयवस्तुसँग सम्बन्धित प्रश्नहरूको मौखिक उत्तर दिन,

(ग) पाठका मुख्य मुख्य कुराहरूको वर्णन कक्षामा प्रस्तुत गर्न,

२. **शैक्षिक सामग्री**

(क) जीवनी सम्बन्धी घटनाहरूको सूची

(ख) अभ्यासात्मक प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा :**

पाठप्रति विद्यार्थीहरूको ध्यानाकर्षण गर्न सर्वप्रथम हर्क गुरुङको पारिवारिक परिचय प्रस्तुत गर्नुहोस् । जस्तै :

हर्क गुरुङका पिताको नाम प्रसाही गुरुङ र माताको नाम मायसेवो गुरुङ हो । उनको जन्म वि.सं.१९९५ पुस २१ गते भएको थियो । उनी लमजुङको तराँचे गाउँमा जन्मेका हुन् । उनका पिता भारतीय सेनामा जागिरे थिए ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप - १**

(अ) कथाका विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र उनीहरूलाई समूहका साथीहरूसँग तलका बुँदाहरूमा छलफल वा कुराकानी गर्न भन्नुहोस् । जस्तै :

(क) हर्क गुरुङको बाल्याकाल र विद्यालय तहको शिक्षा

(ख) गुरुङको आनीबानी र अभिरुचि

(ग) उनको उच्च शिक्षासम्बन्धी अध्ययन

(घ) हर्क गुरुङ भूगोलविद्का रूपमा

(ङ) हर्क गुरुङ योजनाविद्का रूपमा

(च) बहुमुखी प्रतिभाका धनी हर्क गुरुङ

(छ) उनका योगदानहरू

(ज) हर्क गुरुङको निधन

(झ) उनीप्रतिको सम्मान

(आ) विद्यार्थीहरूले गरेको छलफलको अवलोकन गर्नुहोस् , छलफललाई गति दिनका लागि आवश्यक विवरणहरू बोर्डमा लेखेर उनीहरूलाई मदत गर्नुहोस् र अन्त्यमा छलफलका सहभागी विद्यार्थीहरूलाई पृष्ठपोषण पनि प्रदान गर्नुहोस् ।

**क्रियाकलाप - २**

पाठको अभ्यासका प्रश्न नं २ र ४ मा उल्लेख प्रश्नहरू तथा अन्य प्रश्नहरूका आधारमा भूगोलविद् हर्क गुरुङका बारेमा विद्यार्थीहरूसँग मौखिक प्रश्नोत्तर गर्नुहोस् ।

**क्रियाकलाप - ३**

पाठका मुख्य मुख्य कुराहरू मौखिक रूपमा कक्षामा प्रस्तुत गर्न पनि केही विद्यार्थीहरूलाई अवसर प्रदान गर्नुहोस् ।

Draft

४. **प्रतिविम्बन :**

**तलका प्रश्नहरूको आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) नेपालको सुन्दरता बढाउने तत्त्वहरू के के हुन् ?

(ख) हर्क गुरुङले भूगोलको अध्ययनमा अभिरुचि राख्नुका कारण के हुन् ?

(ग) हर्क गुरुङका योगदानहरू बताउनुहोस् ।

५. **गृहकार्य : विद्यार्थीहरूलाई तलको कार्य गर्न निर्देशन दिनुहोस् :**

हर्क गुरुङका मूल्यवान् विचारहरू पाठबाट सङ्कलन गरेर ल्याऊ र तिनलाई कक्षामा प्रस्तुत गर ।

६. **परियोजना कार्य :**

हर्क गुरुङका बारेमा लेखिएका पुस्तक , पत्रपत्रिका आदिको सङ्कलन र अध्ययन । (शिक्षकका लागि)

## चौथो दिन

**पाठ्यवस्तु : ४** पठनबोध तथा लिखित प्रश्नोत्तर **घन्टी : २**

अपेक्षित सिप : पढाइ र लेखाइ

१. उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :

(क) पठनका विभिन्न अनुच्छेदहरू अभिरुचिपूर्वक पढ्न,

(ख) पाठका विषयवस्तुका सम्बन्धमा लिखित रूपमा प्रश्नोत्तर गर्न,

२. **शैक्षिक सामग्री :**

(क) पाठका विभिन्न अनुच्छेदहरू

(ख) पाठका अभ्यासात्मक प्रश्नहरू

(ग) पाठसँग सम्बन्धित अन्य थप प्रश्न

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा :**

पाठप्रति विद्यार्थीहरूको ध्यानलाई आकर्षक गर्न कक्षामा हर्क गुरुङको फोटो प्रदर्शन गर्नुहोस् र त्यसका आधारमा हर्क गुरुङलाई चिनाउन प्रयास गर्नुहोस् ।

(ख) क्रियाकलाप :

**क्रियाकलाप - १**

पठनबोध प्रयोजनका लागि विद्यार्थीहरूलाई कक्षा कार्यमा संलग्न गराउन तलका प्रक्रियाहरू अपनाउनुहोस् :

(क) पाठका अलग अलग अनुच्छेदहरू अलग अलग विद्यार्थीहरूलाई पढ्न निर्देशन दिनुहोस् ।



Draft

(ख) सबै विद्यार्थीहरूलाई पुरै पाठ  पढ्न भन्नुहोस् ।

(ग) अब पाठको अभ्यास नं ६ मा उल्लेख प्रश्नहरूको उत्तर लेख्न लगाउनुहोस् ।

**क्रियाकलाप - २**

पठनबोधका रूपमा विद्यार्थीहरूलाई वस्तुगत प्रश्नहरू पनि सोध्नुहोस् । जस्तै :

(क) वस्तुगत प्रश्नका रूपमा खाली ठाउँ भर्ने , ठिक बेठिक छुट्याउने , जोडा मिलाउने प्रश्नहरू बोर्डमा लेख्नुहोस् र तिनको उत्तर कापीमा लेख्न लगाउनुहोस् । यस्ता प्रश्न नमुनाका लागि अभ्यासको प्रश्न नं. ३ मा पनि उल्लेख छन् ।

(ख) लिखित प्रश्नोत्तरका सन्दर्भमा अभ्यासको प्रश्न नं.५ पनि हल गर्न लगाउनुहोस् ।

**क्रियाकलाप - ३**

अभ्यासको प्रश्न नं. ७ मा उल्लेख भाव स्पष्ट गर भन्ने प्रश्नको उत्तर पनि विद्यार्थीहरूलाई कक्षा कार्यका रूपमा लेख्न लगाउनुहोस् । यस्तै तात्पर्य लेखन, आशय लेखन, सारांश लेखन, व्याख्या आदि प्रश्नहरू पनि पूर्णत : लेखाइ सिपसँग सम्बन्धित हुन्छन् । लिखित प्रश्नोत्तर गराउँदा यस किसिमका प्रश्नहरूलाई विशेष गरी उपयोग गर्ने गर्नुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको दोस्रो अनुच्छेद पढेर त्यसको सारांश लेख्नुहोस् ।

(ख) पाठको तेस्रो अनुच्छेदबाट मुख्य मुख्य बुँदा टिप्नुहोस् ।

**५. गृहकार्य** : तलको भनाइका बारेमा एक अनुच्छेद लेख्न विद्यार्थीहरूलाई भन्नुहोस् ।
'हर्क गुरुङ भूगोलविद् मात्र थिएनन् बहुमुखी प्रतिभाका धनी थिए' ।

६. परियोजना कार्य : काल तथा पक्ष सम्बन्धी वाक्यहरूको तालिका बनाउनुहोस् । (शिक्षकका लागि)

Draft

## पाँचौं दिन

**पाठ्यवस्तु : ५** कार्यमूलक व्याकरण **घन्टी : २**

अपेक्षित सिप : काल तथा संयोजक शब्दको पहिचान र प्रयोग

१. उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :

(क) काल र पक्षसम्बन्धी वाक्यहरू चिन्न र प्रयोग गर्न,

(ख) संयाजक शब्दहरू चिन्न र तिनलाई वाक्यमा प्रयोग गर्न,

२. शैक्षिक सामग्री :

(क) काल तथा पक्षसम्बन्धी तालिका

(ख) संयोजक शब्दहरूको सूची

३. सिकाइ सहजीकरण क्रियाकलाप :

**(क) उत्प्रेरणा :**

पाठप्रति विद्यार्थीहरूको ध्यानलाई आकर्षण गर्न काल र पक्षसम्बन्धी तालिका कक्षामा प्रस्तुत गर्नुहोस् र त्यस तालिकाका आधारमा विद्यार्थीहरूसँग काल र पक्षका बारेमा कुराकानी गर्नुहोस् ।

**(ख) क्रियाकलाप :**

क्रियाकलाप - १

काल र पक्षअनुसारका वाक्यहरू बोर्डमा लेख्नुहोस् र त्यस अनुसारका वाक्य निर्माण गर्न विद्यार्थीहरूलाई पनि भन्नुहोस् :

| भूत काल | वर्तमान काल | भविष्यत् काल |
|---|---|---|
| (क) सामान्य भूत | (क) सामान्य वर्तमान | (क) सामान्य भविष्यत् |
| (ख) अपूर्ण भूत | (ख) अपूर्ण वर्तमान | (ख) अपूर्ण भविष्यत् |
| (ग) पूर्ण भूत | (ग) पूर्ण वर्तमान | (ग) पूर्ण भविष्यत् |
| (घ) अभ्यस्त भूत | | |

**क्रियाकलाप - २**

विभिन्न काल तथा पक्षसँग सम्बन्धित वाक्यहरू पाठबाट खोज्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

**क्रियाकलाप - ३**

पाठको अभ्यासका १६ र १७ नं का प्रश्नहरू त्यहाँको निर्देशन अनुसार हल गर्न कक्षाका सबै विद्यार्थीहरूलाई भन्नुहोस् ।

**क्रियाकलाप - ४**

काल र पक्षका सम्बन्धमा तलका निर्देशन अनुसार थप अभ्यास गराउनुहोस् ।

(क) पढ् धातुलाई प्रयोग गरेर सामान्य भूत, वर्तमान र भविष्यत् कालमा वाक्य रचना गर्न लगाउनुहोस् ।

(ख) काल तथा पक्ष अनुसारका वाक्यहरूलाई तलमाथि गरेर प्रस्तुत गरी काल र पक्षका आधारमा जोडा मिलाउन भन्नुहोस् ।

(ग) वाक्यहरूमा खाली ठाउँ दिएर त्यहाँका खाली ठाउँलाई धातु तथा सङ्केतका आधारमा भर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप - ५**

(क) संयोजक शब्दहरूको सिकाइका लागि पाठको अभ्यास १८ मा उल्लेख अनुच्छेदहरू ध्यानपूर्वक पढ्न भन्नुहोस् र त्यहाँका प्रश्नहरू हल गर्न लगाउनुहोस् ।

(ख) पाठका संयोजक शब्दहरू बोर्डमा लेखेर तिनलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप - ६**

पाठमा प्रयोग भएका संयोजक शब्दहरू कापीमा टिप्न लगाउनुहोस् ।

**४. प्रतिविम्बन : तलका प्रश्नहरूको आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

Draft

(क) अपूर्ण पक्षमा तिन तिन ओटा वाक्य लेख्नुहोस् ।

(ख) 'खा' धातुलाई प्रयोग गरेर पुर्ण पक्षमा तिन ओटा वाक्य लेख्नुहोस् ।

(ग) र, तर, अनि, किनभने, जो, नत्र संयोजक शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

५. **गृहकार्य :** पाठमा प्रयोग भएका संयोजक शब्दहरूलाई फरक सन्दर्भमा प्रयोग गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

## छैठौँ दिन

**पाठ्यवस्तु : ६ सिर्जनात्मक अभ्यास घन्टी : २**

अपेक्षित सिप : सिर्जनात्मक लेखन

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) सिर्जनात्मक अभ्यासका रूपमा बुँदाहरूका आधारमा जीवनी लेख्न ।

(ख) सिर्जनात्मक अभ्यासका रूपमा स्वतन्त्र रूपले जीवनी लेख्न ।

(ग) आफूले लेखेका जीवनीहरू कक्षामा पढेर सुनाउन र त्यसमा छलफल गर्न ।

२. **शैक्षिक सामग्री**

(क) सिर्जनात्मक अभ्यासका प्रश्नहरू

(ख) जीवनीका नमुनाहरू

(ग) जीवनीमा समावेश गर्ने बुँदाहरूको सूची

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

तलका बुँदाहरूका आधारमा सिर्जनात्मक अभ्यासको महत्त्व बताउनुहोस् :

(क) सिर्जनात्मक लेखनले विद्यार्थीहरूमा बेलैदेखि साहित्य सिर्जना गर्ने बानीको विकास हुन्छ ।

(ख) साहित्य वा रचनाहरूको सिर्जनाले लेखाइ सिपको पनि विकास हुन्छ ।

(ग) यसले विद्यार्थीहरूलाई खोज गर्ने तथा प्रतिस्पर्धाको भावना पनि जगाउँछ ।

(घ) आफ्ना अनुभवका आधारमा सिर्जना गर्ने भएकाले यसलाई सोख तथा अभिरुचिका रूपमा लिन सकिन्छ ।

(ङ) सिर्जनात्मक लेखन विशेष गरेर फुर्सदको समयमा घरमा बिहान बेलुका तयार गर्दा सजिलो हुन्छ ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप - १**

Draft

सिर्जनात्मक लेखनका रूपमा जीवनी लेख्दा तलका बुँदाहरू उल्लेख गर्न लगाउनुहोस् । जस्तो: व्यक्तिको जन्म, बाल्याकाल, प्रारम्भिक शिक्षा, विद्यालय तथा महाविद्यालय तहको शिक्षा, विशिष्ट योग्यता, महत्त्वपूर्ण योगदान, सम्बन्धित व्यक्तिका विचार वा दृष्टिकोण, जीवन दर्शन, उनीप्रतिको सम्मान, मरण आदि ।

**क्रियाकलाप - २**

(क) अभ्यासमा दिइएको गोपालप्रसाद रिमालको जीवनी लेख्नका लागि विद्यार्थीहरूलाई त्यहाँ भएका बुँदाहरू पढ्न भन्नुहोस् ।

(ख) आवश्यकता अनुसार ती बुँदाहरूलाई विस्तार वा वर्णन गरेर सुनाउनुहोस् ।

(ग) सँगैको साथी वा समूहका साथीहरूसँग छलफल वा कुराकानी गर्न र साथीहरूबाट आवश्यक सहयोग लिन पनि निर्देशन दिनुहोस् । जति विचारको आदान प्रदान गर्‍यो सिकाइ त्यति प्रभावकारी हुन्छ भन्ने कुराहरू विद्यार्थीहरूलाई राम्ररी बुझाउनुहोस् ।

**क्रियाकलाप - ३**

सिर्जनाका लागि विशेष तयारीको आवश्यकता पर्छ । गोपालप्रसाद रिमालको जीवनी लेख्ने सन्दर्भमा अन्य कक्षाका पाठ्य पुस्तक तथा साथीहरूको पनि सहयोग लिन सकिन्छ । त्यस्तै यसका लागि सन्दर्भ सामग्रीबाट पनि सहयोग लिन सकिन्छ । यस बारेमा पनि विद्यार्थीहरूलाई बुझाउनुहोस् ।

**क्रियाकलाप - ४**

अब कक्षा कार्यका रूपमा बुँदाका आधारमा गोपालप्रसाद रिमालको जीवनी लेख्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीहरूले लेखेको जीवनीका केही अंशहरू कक्षामा सुनाउन पनि निर्देशन दिनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूको आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) गोपालप्रसाद रिमालले लेखेका कृतिहरू के के हुन् ?

(ख) गोपालप्रसाद रिमालको जन्म तथा मृत्यु भएको मिति लेख्नुहोस् ।

५. **गृहकार्य** : सिर्जनात्मक अभ्यासको प्रश्न नं २० को उत्तर लेख्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

Draft

## पाठ : ९

**पाठ शीर्षक : प्रकृति र वातावरण  विधा : प्रबन्ध**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १ | सस्वर बाचन र शुद्ध उच्चारण | १ |
| २ | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३ | द्रुत पठन/मौन पठन बोध | १ |
| ४ | मौखिक र लिखित वर्णन | १ |
| ५ | शब्द भण्डार तथा व्याकरण : करण र अकरण | १ |
| ६ | वर्ण विन्यास | १ |
| ७ | सिर्जनात्मक अभ्यास : प्रबन्ध लेखन | १ |
| ८ | सिकाइ पुनरावृत्ति | १ |

**दिन : पहिलो**

पाठ्यवस्तु : **ससर बाचन र शुद्ध उच्चारण**

लक्षित सिप : पढाइ र उच्चारण

१. विशिष्ट उद्देश्य

(क) गति, यति र हावभाव मिलाई प्रकृति र वातावरण प्रबन्ध सस्वर वाचन गर्न,

(ख) यस प्रबन्धका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न,

२. **शैक्षिक सामग्री**

कठिन उच्चारण भएका शब्दको सूची, उक्त शब्दहरूको शब्दपत्ती र प्रदर्शन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) उत्प्रेरणा

कुनै लघुकथा आफूले सुनाउने साथै सहभागिताको सिद्धान्तका आधारमा केही विद्यार्थीहरूलाई पनि सुनाउन लगाउनुहोस् । सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप १**

- पाठको पहिलो अनुच्छेद गति, यति मिलाई सस्वर वाचन गरी सुनाउनुहोस् । प्रत्येक विद्यार्थीले ध्यान दिए नदिएको विचार पुर्‍याउनुहोस् ।

Draft

- समावेशी आधारमा कक्षालाई पाँच समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहबाट पालैपालो एकएक अनुच्छेद गति, यति मिलाई शुद्धसँग वाचन गर्न लगाउनुहोस् ।
- एक जनाले वाचन गरेका बखतमा अन्य विद्यार्थीहरूलाई गति, यति नमिलेको स्थान पहिचान गरी टिपोट गर्न लगाई वाचन गरिसकेपछि ती स्थानहरूलाई पुनः वाचन गर्ने अभ्यास गराउनुहोस् ।
- शिक्षकले सबलीकरण गर्दै आवश्यक स्थानमा नमुना वाचन गर्नुहोस् ।

क्रियाकलाप २

- वाचन गर्दा उच्चारण गर्न कठिन भएका शब्दहरू टिपोट गर्न लगाउनुहोस् र वाचन गरिसकेपछि ती शब्दहरू एकएक गर्दै भन्न लगाउँदै शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- ती शब्दहरू एकएक गर्दै उच्चारण गर्दै विद्यार्थीहरूलाई पनि पछ्याएर सँगसँग शुद्ध र स्पष्ट उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।
- विद्यार्थीहरूलाई शुद्ध उच्चारण गर्न कठिन शब्दको शब्दपत्ती प्रदर्शन पाटीमा एकएक गर्दै राख्दै अक्षर अक्षर छुट्याई शैक्षणिक पाटीमा लेखेर देखाई शुद्ध उच्चार गर्ने अभ्यास गराउनुहोस् । जस्तै : प्रदर्शन (प्र.दर्.सन्), लट्ठिने (लट्.ठि.ने), प्रतिस्पर्धात्मक (प्र.तिस्.पर्.धात्.मक्), बग्रेठ (बग्.ग्रेठ्), दामाशाही (दा.मा.सा.हि), अनुशासित (अ.नु.सा.सित्), क्षमता (छ्य.म.ता) आदि ।
- आगामी कक्षामा शब्दार्थ र वाक्य निर्माण क्रियाकलाप गरिने कुराको जानकारी दिँदै कक्षा समापन गर्नुहोस् ।

४. प्रतिविम्बन

उच्चारण गर्न कठिन शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न लगाउनुहोस् ।

५. गृहकार्य/परियोजना कार्य

उच्चारण गर्न कठिन लागेका १० ओटा शब्द लेखेर ल्याउने गृहकार्य दिनुहोस् ।

**६. शिक्षकका लागि परियोजना कार्य**

कठिन शब्दहरूको अर्थसहितको सङ्ग्रह तयार पार्नुहोस् ।

Draft

| **दिन : दोस्रो** |
|---|

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग**

लक्षित सिप : शब्द भण्डार वृद्धि

१. विशिष्ट उद्देश्य

(क) पाठका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) उक्त कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

२. शैक्षिक सामग्री

शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, प्रदर्शन पाटी र शब्दकोश

३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) उत्प्रेरणा

केही शब्दहरूको अर्थ भन्ने गाउँखाने कथा सोधी कक्षाको सुरुवात गर्नुहोस् । अघिल्लो दिन गृहकार्य/परियोजना कार्य समावेशिताका आधारमा प्रस्तुत गर्न लगाई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ख) क्रियाकलाप

क्रियाकलाप १

- शिक्षकले निर्धारित अनुच्छेदहरू कुनै एक विद्यार्थीलाई सस्वर वाचन गर्न लगाउनुहोस् र कक्षामा अन्य विद्यार्थीलाई सम्बद्ध अनुच्छेदहरू सुन्न र हेर्न लगाउनुहोस् ।
- सस्वर वाचन गरिसकेपछि विद्यार्थीहरूलाई ती अनुच्छेदहरूका नया" र अर्थका दृष्टिले कठिन शब्दहरू टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्दहरू एकएक गर्दै भन्न लगाउनुहोस् र शैक्षणिक पाटी टिप्दै जानुहोस् ।
- एकएक गर्दै विद्यार्थीहरूलाई उक्त प्रत्येक शब्दहरूको अर्थ सोध्दै जानुहोस् । यसो गर्दा गाढा अक्षरमा दिइएका शब्दको अर्थ त्यही पृष्ठको पुछारमा हेर्न समेत निर्देश गर्नुहोस् । पालैपालो गरी शब्दकोशको प्रयोग गरी अर्थ खोज्ने अभ्यास समेत गराउनुहोस् ।
- उनीहरूले दिएको शब्दार्थ सही भएमा सबलीकरण गर्नुहोस् र सही नभएमा वा आंशिक रूपमा मात्र सही भएमा शब्दपत्ती र अर्थपत्ती प्रदर्शन पाटीमा राख्दै अर्थ बताउनुहोस् । यसरी शब्दार्थ शिक्षण गर्दा शब्दको प्रकृति हेरी चित्र, वस्तु, पर्याय, विपर्याय, अभिनय, वर्णन जस्ता उपयुक्त विधि अ"गाली शब्दको अर्थ प्रष्ट पार्नुहोस् ।
- दुई पङ्क्तिका एकएक जना विद्यार्थीलाई अगाडि बोलाई प्रदर्शन पाटीबाट एक जनालाई शब्द र अर्को जनालाई मिल्दो अर्थपत्ती झिक्न लगाउनुहोस् । सही भएमा सबलीकरण गर्नुहोस् र नमिलेमा सम्बन्धित पङ्क्तिका अन्य विद्यार्थीहरूको सहयोग लिन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- शब्दार्थ शिक्षपछि वाक्य निर्माण क्रियाकलाम सञ्चालन गर्नका लागि विद्यार्थीहरूलाई समूह समूहमा बाँडी शब्दपत्ती वितरण गर्नुहोस् । आफुलाई परेका ती शब्दहरू प्रयोग गरी सामुहिकरूपमा वाक्य निर्माण गर्न लगाउनुहोस् ।
- समूहबाट पालैपालो आफूलाई परेका शब्दहरू प्रयोगगरी बनाएका वाक्यहरू एक जनालाई एउटाका दरले भन्न लगाउनुहोस् र अर्थपूर्ण भए नभएको छलफल गर्नुहोस् । आफूले लगेका वाक्यपत्तीहरू पनि प्रदर्शन पाटीमा राख्दै विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।
- शब्दलाई वाक्यमा प्रयोग गराउ"दा नया" र कठिन शब्दको प्रकृति हेरी त्यसको धारणा स्पष्ट पार्न एकभन्दा बढी वाक्य बनाउनका लागि विद्यार्थीलाई प्रोत्साहित गर्नुहोस् ।

- यसरी प्रस्तुतीकरण कार्य सकेर ती शब्दपत्तीहरू प्रदर्शन पाटीमा राखी व्यक्तिगतरूपमा अर्थपूर्ण वाक्यहरू निर्माण गर्न लगाउनुहोस् र एक आपसमा हेर्न लगाई छलफल गराउनुहोस् ।

४. **प्रतिविम्बन**

रुचि, प्रगति, गर्व, भाव, क्षमता, अनौठो, शक्ति, सहमति जस्ता शब्दको अर्थ लेखी अर्थ खुल्नेगरी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

५. गृहकार्य/परियोजना कार्य

पाठमा प्रयोग भएका उच्चारण र अर्थका दृष्टिले कठिन शब्दको सूची बनाउने गृहकार्य दिनुहोस् ।

६. शिक्षकका लागि परियोजना कार्य

द्रुतपठन शिक्षणका लागि सामग्री तयार पार्नुहोस् ।

**दिन : तेस्रो**

पाठ्यवस्तु : **द्रुतपठन र मौनपठन बोध**

लक्षित सिप : मौनपठन र बोध

१. विशिष्ट उद्देश्य

(क) प्रस्तुत प्रबन्धको द्रुतपठनको अभ्यास गरी द्रुतपठन सिप विकास गर्न,

(ख) द्रुतपठनबोधका आधारमा बोध प्रश्नको उत्तर दिन ।

२. शैक्षिक सामग्री

प्रश्नपत्ती, उत्तरपत्ती, भित्ते घडी, पाठ्य पुस्तक बाहिरको कुनै लेखको एक अनुच्छेदको ठूलो अक्षरमा तयार पारिएको तालिका र प्रदर्शन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) उत्प्रेरणा

कुनै गीत, कवितांश, लघुकथा वा मुक्तक आफूले सुनाउने साथै सहभागिताको सिद्धान्तका आधारमा केही विद्यार्थीहरूलाई पनि सुनाउन लगाउनुहोस् ।

(ख) क्रियाकलाप

क्रियाकलाप १

- प्रस्तुत 'प्रकृति र वातावरण' निबन्धबाट द्रुतपठनका लागि दोस्रो अनुच्छेद निर्धारित गरी विद्यार्थीहरूकाबिच द्रुतपठनका सम्बन्धमा छलफल गराउ"दै द्रुतपठनको परिचय दिनुहोस् ।
- निश्चित समय दिई 'प्रकिृति र वातावरण' पाठको दोस्रो अनुच्छेद द्रुतपठन गर्न लगाउनुहोस् । भित्तेघडी कक्षाको अगाडिको भित्तामा राखी द्रुतपठन सुरु हुने समय निर्धारण गर्नुहोस् । तोकिएको समयमा सुरु गर्ने र आफूले द्रुतपठन सकेपछि समापन भएको समय टिपोट गर्न लगाउनुहोस् ।



Draft

- द्रुतपठन कार्य सकेपछि अनुच्छेदका शब्द सङ्ख्या र पढिसकेको समयलाई आधार मानी द्रुत पठनदर पत्ता लगाउने क्रियाकलाप गराउनुहोस् । थप अभ्यासका लागि तेस्रो अनुच्छेद द्रुतपठन गर्न लगाई पठनदर निकाल्न लगाई पठनदर बढेनबढेको पत्ता लगाउन भन्नुहोस् ।
- विद्यार्थीहरूलाई पाठ्य पुस्तक बाहिरको कुनै लेखको एक अनुच्छेदको ठुलो अक्षरमा तयार पारिएको तालिका प्रदर्शन पाटीमा प्रस्तुत गरी द्रुतपठनका लागि थप अभ्यास गराउनुहोस् ।
- पठनदर बढी भएको विद्यार्थी पत्ता लगाई सामुहिकरूपमा ताली बजाउन लगाई प्रोत्साहित गर्नुहोस् र अन्य विद्यार्थीहरूलाई पनि पठनदर बढाउनका लागि थप अभ्यास गर्न प्रेरित गर्नुहोस् ।

**क्रियाकलाप २**

- मौनवाचन सकिएपछि अभ्यास २ मा दिइएका जस्ता बोधप्रश्नहरू एकएक गर्दै प्रदर्शन पाटीमा राख्दै विद्यार्थीलाई उत्तर भन्न लगाउनुहोस् ।
    - के गरेमा वातावरणको संरक्षण हुन्छ ?
    - मानिस कस्तो अवस्थामा सङ्कटको भुमरीमा फस्छ ?
    - मानिसले कुन रूपमा कल्पनालाई साकार पार्छ ?
    - किन प्राकृतिक स्रोतमा विकृति आउँछ ?
    - वातावरण शब्दले मूल रूपमा केलाई जनाउँछ ?
    - कुन कुन कुरालाई सन्तुलित ढङ्गले उपयोग गर्नुपर्छ ?
    - मानवीय क्रियाकलाप केमा केन्द्रित हुनपर्छ ?
    - मानिसले वातावरणको रक्षा कसरी गर्न सक्छ ?
    - वातावरण विनास भए के हुनछ ?
- उत्तर आउन नसकेको अवस्थामा अनुच्छेद पत्ता लगाई सो अनुच्छेद पुनः मौनवाचन गराउनुहोस् र प्रश्नको उत्तर दिन लगाउनुहोस् । विद्यार्थीबाट सही उत्तर आउन नसकेमा आफूले सहजीकरण गर्नुहोस् ।
- थप अभ्यासका लागि लिखित रूपमा उत्तर लेख्ने कक्षा कार्य दिनुहोस् ।

४. **प्रतिविम्बन**

विद्यार्थीहरूलाई आफ्नो पठनदरसँग साथीको पठनदर तुलन गर्न लगाउनुहोस् ।

५. गृहकार्य/परियोजना कार्य

पाठका कुनै तिन अनुच्छेद पढी आफ्नो पठनदर पत्ता लगाएर आउने गृहकार्य दिनुहोस् ।

६. शिक्षकका लागि परियोजना कार्य

मौखिक र लिखित वर्णन शिक्षणका लागि तयारी गर्नुहोस् ।

Draft

## दिन : चौथो

पाठ्यवस्तु : **मौखिक र लिखित वर्णन**

लक्षित सिप : अभिव्यक्ति

१. विशिष्ट उद्देश्य

(क) टिपोटका आधारमा मौखिक वर्णन गर्न,

(ख) मौखिक वर्णनका आधारमा लिखित रूपमा टिपोट गर्न,

२. शैक्षिक सामग्री

लिखित वा मौखिक वर्णनका लागि शीर्षक तालिका, लिखित अभिव्यक्ति वा वर्णनको नमुना र प्रदर्शन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) उत्प्रेरणा

अघिल्लो दिन दिएको गृहकार्य/परियोजना कार्यहरू समावेशिताका आधारमा केही विद्यार्थीहरूलाई प्रस्तुत गर्न लगाउनुहोस् र प्रस्तुतिपछि विद्यार्थीहरूले प्रदर्शन गरेका राम्रो पक्षहरू तथा राम्रो प्रदर्शन गर्ने विद्यार्थीलाई ताली बजाएर प्रशंसा गर्ने कार्य गर्नुहोस् र गृहकार्य गर्ने सबैलाई धन्यवाद दिँदै आवश्यक पृष्ठभूमिसहित आजको पाठ्य वस्तुका बारेमा जानकारी दिनुहोस् । यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) क्रियाकलाप

क्रियाकलाप १

- शिक्षकले कुनै विषय तोकी त्यसमा आफूले मौखिक अभिव्यक्ति वर्णन गरेर नमुना प्रस्तुत गरी विद्यार्थीहरूकाबिच छलफल गराउँदै मौखिक अभिव्यक्तिका वर्णनको परिचय दिनुहोस् ।
- यसरी मौखिक अभिव्यक्ति वा वर्णनका लागि क्रियाकलाप गराउ“दा शिक्षकले आवश्यकता अनुसार विद्यार्थीहरूलाई खाली ठाउ“ भर्ने ढाँचा दिई वा सम्बन्धित बु“दाहरू शैक्षणिक पाटीमा लेखिदिई वर्णन गर्न लगाउनहोस् ।
- यसपछि विभिन्न क्षेत्रका विभिन्न किसिमका शीर्षक र आवश्यकतानुसार त्यसका लागि बु“दासमेत बनाइदिएर विद्यार्थीहरूलाई मौखिक वर्णन गर्ने अभ्यास गराउनुहोस् ।

क्रियाकलाप २

- उक्त किसिमले मौखिक वर्णनको अभ्यास गराएपछि विद्यार्थीहरूलाई लिखित वर्णनको सिप अभ्यास गराउनका लागि कुनै विषय शीर्षकमा गरिएको लिखित वर्णन वा अभिव्यक्तिको उदाहरण प्रस्तुत गरी छलफल समेत गराएर लिखित वर्णन वा अभिव्यक्तिको परिचय दिनुहोस् ।
- यसपछि यस्तै किसिमका शीर्षक दिई बु“दा तयार पार्न लगाउनुहोस् र उक्त बु“दामा आधारित भई लिखित वर्णन वा अभिव्यक्ति गर्न लगाउनुहोस् ।

Draft

- यसरी नै विद्यार्थीहरूलाई उक्त अभिव्यक्ति वा वर्णनमा सक्षम पार्न यस पाठ्य पुस्तक वा यस्तै अन्य विभिन्न विषय क्षेत्रबाट तहअनुकूल हुने खालका शीर्षकहरू दिई वा छान्न लगाई तत्सम्बन्धी बु“दा तयार गरी तिनको संयोजन गरेर लिखित अभिव्यक्ति वा वर्णन तयार पार्न लगाउनुहोस् ।
- यसै गरी विद्यार्थीहरूलाई यस किसिमको वर्णनमा अभ्यस्त र दक्ष पार्न विभिन्न शीर्षक दिई कक्षा कार्यकै रूपमा समूह कार्य गराउनुहोस् ।
- यस सन्दर्भमा निबन्ध लेखन र अनुच्छेद लेखनका लागि अपनाइने क्रियाकलापहरूलाई समेत उपयुक्त किसिमले उपयोग गरी शिक्षण गर्नुहोस् ।

४. प्रतिविम्बन

अभ्यास गराइएका विषय वस्तुका बारेमा मौखिक र लिखित वर्णन गराउनुहोस् ।

५. गृहकार्य/परियोजना कार्य

आफूलाई मनपरेको शीर्षकका बारेमा वर्णन गरेर ल्याउने गृहकार्य दिनुहोस् ।

६. शिक्षकका लागि परियोजना कार्य

‘वि’ र ‘कु’ उपसर्ग तथा ‘शील’ र ‘ईय’ प्रत्यय लागेका शब्दहरूको सूची तयार पार्नुहोस् ।

## दिन : पाँचौं

पाठ्यवस्तु : **शब्द भण्डार तथा करण र अकरण**

लक्षित सिप : शब्द निर्माण

१. विशिष्ट उद्देश्य

(क) ‘वि’ र ‘कु’ उपसर्ग तथा ‘शील’ र ‘ईय’ प्रत्यय लगाई शब्द निर्माण गर्न,

(ख) पाठमा दिइएका क्रियापदहरूलाई करण भए अकरण र अकरण भए करणमा बदल्न

२. शैक्षिक सामग्री

शब्दपत्ती, शब्दार्थ पत्ती र प्रदर्शन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) उत्प्रेरणा

- यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक मस्तिष्क मन्थनसम्बन्धी प्रश्न गरी उत्तर तयार पार्न लगाई विद्यार्थीलाई समावेशिताको आधारमा एकएक गर्दै तोक्दै उत्तर भन्न लगाई सही उत्तर पहिचान गर्ने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
- कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक जानेको/जान्न चाहेको/सिकेको क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) क्रियाकलाप



Draft

क्रियाकलाप १

- 'वि' उपसर्ग लागेका शब्दहरूको केही उदाहरण आफूले दिनुहोस् र विद्यार्थीहरूलाई पनि थप उदाहरण दिन लगाउनुहोस् । जस्तै : वि+जय = विजय, वि+नाश = विनाश, वि + शुद्ध = विशुद्ध आदि । (विद्यार्थीले शब्द निर्माणको उदाहरणमा दिएको '+' चिह्नलाई 'जोड' भनेर पढ्ने भएकाले त्यसतर्फ सचेत रहनुपर्छ । उनीहरूलाई '+' र '=' चिह्नलाई जस्ताको तस्तै 'जोड' र 'बराबर' भनेर पढ्नुको सट् '+' चिह्न आएको स्थानमा एकैछिन रोकिएर र '=' चिह्न आएको स्थानमा नरोकिई पढ्ने बानी पार्नुहोस् । जस्तो 'वि+जय = विजय' लाई पढ्दा 'विऽऽऽजय विजय' गरी पढ्न सिकाउनुपर्छ) ।
- अभ्यास १० को कार्य गर्न लगाउनुहोस् र निर्माण भएका शब्दहरूका अर्थ पनि लेख्न लगाई साथीहरूमाझ एक आपसमा छलफल गर्न लगाउनुहोस् ।
- त्यसैगरी 'कु' उपसर्ग लागेका शब्दहरूको उदाहरण दिनुहोस् र विद्यार्थीहरूलाई पनि थप उदाहरण दिन लगाउनुहोस् । जस्तै : कु+विचार = कुविचार, कु+लत = कुलत, कु+कर्म = कुकर्म आदि ।
- अभ्यास १२ को कार्य गर्न लगाउनुहोस् र निर्माण भएका शब्दहरूका अर्थ पनि लेख्न लगाई साथीहरूमाझ एक आपसमा छलफल गर्न लगाउनुहोस् ।
- 'शील' प्रत्यय लागेका केही शब्दहरूको उदाहरण दिनुहोस् र विद्यार्थीहरूलाई पनि थप उदाहरण दिन लगाउनुहोस् । अभ्यास ११ को कार्य गराउनुहोस् ।
- 'ईय' प्रत्यय लागेका शब्दहरूको उदाहरण दिनुहोस् र विद्यार्थीहरूलाई पनि थप उदाहरण दिन लगाउनुहोस् । अभ्यास १३ को कार्य गराउनुहोस् ।
- विद्यार्थीहरूलाई दुई पङ्क्ति अनुसारको समूह विभाजन गरी एउटा समूहले 'वि' वा 'कु' उपसर्ग भन्ने र अर्को समूहले त्यो उपसर्ग लागेका शब्दहरू पालैपालो गरी भन्न लगाउने । यसैगरी 'शील' र 'ईय' प्रत्यको पनि अभ्यास गराउनुहोस् ।

क्रियाकलाप २

- पाठमा भएका क्रियापदहरू टिपोट गर्न लगाई उक्त क्रियापदहरूलाई करण भए अकरण र अकरण भए करण बनाउन लगाउनुहोस् ।
- हो भन्ने अर्थ दिने क्रियापद करण र होइन भन्ने अर्थ दिने क्रियापद अकरण हो भनी छलफल गराउनुहोस् ।
- पाठ्य पुस्तकमा भएका क्रियापदहरूबाट करण र अकरणको तालिका बनाउन लगाउनुहोस् ।
- क्रियापदलाई करण र अकरण बनाई वाक्यलाई करण र अकरण बनाउने अभ्यास गराउनुहोस् । तलको उदाहरण शैक्षणिक पाटीमा लेखी करण र अकरण बारे छलफल गराउनुहोस् ।

  मानिसले प्रकृतिलाई जोगाउन सक्छ । (करण)

Draft

मानिसले प्रकृतिलाई जोगाउन सक्दैन । (अकरण)

मानिसले प्रकृतिलाई सपारेको छ । (करण)

मानिसले प्रकृतिलाई सपारेको छैन । (अकरण)

- उदाहरणमा दिइए जस्तै गरी अभ्यास २० को कक्षा कार्य गराई आवश्यक पृष्ठपोषण समेत दिनुहोस् ।
- पाठमा भएका दस ओटा वाक्य छानी करण भए अकरण र अकरण भए करण बनाएर लेख्ने कक्षाकार्य दिनुहोस् र प्रस्तुत गर्न लगाई सबलीकृत पृष्ठपोषण दिनुहोस् ।

४. प्रतिविम्बन

'वि' र 'कु' उपसर्ग तथा 'शील' र 'ईय' प्रत्यय लगेका शब्द निर्माणको तालिका बनाउन लगाउनुहोस् ।

५. गृहकार्य/परियोजना कार्य

त्यस्तै प्रकारका उपसर्ग र प्रत्यय लागेका शब्दहरूको तालिका बनाई ल्याउने गृहखेल दिनुहोस् ।

६. शिक्षकका लागि परियोजना कार्य

वर्ण विन्यास शिक्षणका लागि हस्तपत्र तयार पार्नुहोस् ।

Draft

## दिन : छैटौं

पाठ्यवस्तु : **व्याकरण (वर्ण विन्यास)**

लक्षित सिप : वर्ण विन्यास

१. विशिष्ट उद्देश्य

(क) वर्ण विन्यासको नियमका आधारमा वर्ण विन्यासको अभ्यास गर्न,

(ख) पदयोग र पद वियोग भएका शब्दहरूको तालिका बनाउन ।

२. शैक्षिक सामग्री

शब्दपत्ती, वर्ण विन्यास अभ्यासका लागि तालिका र प्रदर्शन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) उत्प्रेरणा**

- विद्याथीहरूलाई सिकाइमा सक्रिय गराउने छोटो क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको कार्य प्रस्तुत गराई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

(ख) क्रियाकलाप

क्रियाकलाप १

- अभ्यास १७ मा दिइएको उपयुक्त शब्द छानी लेख्ने अभ्यासात्मक कार्य गराउनुहोस् ।
    - वर्ण विन्यास शिक्षण गर्दा शिक्षकले विभिन्न त्रुटिस“ग सम्बन्धित शब्दहरू भन्नुहोस् र विद्यार्थीलाई क्रमैस“ग ती शब्दहरूको शुद्ध वर्ण विन्यास शैक्षणिक पाटीमा लेख्न लगाउनुहोस् । विद्यार्थीहरूले लेखेको शब्दको वर्ण विन्यास ठिक भएनभएको कक्षामा सोध्नुहोस् र ठिक नभए अरू विद्यार्थीलाई सच्याउन लगाउनुहोस् । विद्यार्थीले सच्याउन नसके शिक्षकले सच्याएर लेखिदिनुहोस् ।
    - प्रस्तुत पाठ पढी ञ, श, ष, स, न, ण, ऊ, ब, व भएका शब्दहरू टिपोट गरी तालिका तयार पार्ने अभ्यास १८ को कार्य गराउनुहोस् ।
    - वर्ण विन्यास शिक्षण गर्दा शिक्षकले जुन पाठ वा अंश सिकाउनु छ । त्यसबाट प्रशस्त उदाहरण प्रस्तुत गरी त्यसको नियम र प्रयोग सिकाउनुहोस् । यसका लागि पाठ्य पुस्तकका नियमहरू पढ्न लगाउनुहोस् ।
    - वर्ण विन्यासको प्रयोग र अभ्यासका लागि नयाँ शब्दकोश र पाठ्यक्रम विकास केन्द्रले प्रकाशित गरेको ‘प्रकाशन शैली २०७०’ को आवश्यकता पर्ने कुरा बताउ“दै विद्यार्थीलाई शब्दकोश प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् ।

क्रियाकलाप २

- पदयोग भएका शब्दहरूको केही उदाहरण दिनुहोस् र विद्यार्थीहरूलाई पनि हात उठाएर पालैपालो उदाहरण दिन लगाउनुहोस् ।
- पदयोग र पद वियोगको लागि अभ्यास २१ मा दिइएको उदाहरण अध्ययन गर्ने वातावरण तयार पारी पाठ्य पुस्तकबाट पदयोग र पद वियोग भएका शब्दहरू टिपोट गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- पदयोग र पद वियोगको सम सामयिकरूपमा प्रचलनमा आएका कुराहरू र पाठ्यक्रम विकास केन्द्रबाट २०७० सालमा प्रकाशित भएको ‘प्रकाशन शैली’ मा व्यवस्था गरिएको पदयोग र पद वियोगका केही नयाँ व्यवस्थाहरू प्रस्तुत गरी उक्त नयाँ व्यवस्थाका बारेमा छलफल गराउनुहोस् ।

४. प्रतिविम्बन

यस कक्षामा छलफल भएका विषय वस्तुहरूको प्रतिविम्बनका लागि अभ्यास १७, १८, १९, २० र २१ का प्रतिनिधिमूलक क्रियाकलाप गराउनुहोस् ।

५. गृहकार्य ⁄ परियोजना कार्य

अभ्यास १७, १८, १९, २० र २१ का कार्यहरू गरेर ल्याउने गृहकार्य दिनुहोस् ।

६. शिक्षकका लागि परियोजना कार्य

प्रबन्ध लेखनका शीर्षकको सूची र ढाँचा तयार पार्नुहोस् ।

## दिन : सातौँ

पाठ्यवस्तु : **सिर्जनात्मक अभ्यास (प्रबन्ध लेखन)**

लक्षित सिप : लेखन

**१. विशिष्ट उद्देश्य**

(क) प्रबन्ध लेखनका लागि बुँदा तयार पार्न,

(ख) वातावरण प्रदूषण शीर्षकमा प्रबन्ध लेखनको अभ्यास गर्न ।

**२. शैक्षिक सामग्री**

पुरस्कारका लागि मसलन्द सामग्री

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप १**

- कुनै विषय वस्तुका बारेमा लेख्नका लागि बुँदा टिपोट आवश्यक हुने कुरामा छलफल गराई कुनै विषय वस्तुको शीर्षक शैक्षणिक पाटीमा लेखी बुँदा टिपोटका उदाहरणहरू प्रस्तुत गर्नुहोस् ।
- अभ्यास २२ मा दिइए अनुसार 'वातावरण प्रदूषण' शीर्षकमा प्रबन्ध लेख्नका लागि बुँदा लेखन अभ्यास गराउनका लागि विद्यार्थीहरूलाई बुँदाहरू भन्न लगाउँदै शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।
- टिपेका बुँदाहरूलाई एकआपसमा छलफल गर्न लगाई अन्तिम रूप दिन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- ती बुँदाहरूका आधारमा 'वातावरण प्रदूषण' शीर्षकमा प्रबन्ध लेखनको प्रतिस्पर्धा गराउनुहोस् ।
- विद्यार्थीले लेखेका प्रबन्धहरू प्रतिनिधिमूलक नमुना वाचन गर्न लगाई सङ्कलन गरी पुस्तिका आकार दिई पुस्तकालयमा राख्न लगाउनुहोस् ।

**४. प्रतिविम्बन**

'वातावरण प्रदूषण' शीर्षकमा प्रबन्ध लेख्न लगाउनुहोस् ।

**५. गृहकार्य/परियोजना कार्य**

वातावरण सफा र स्वच्छ राख्नका लागि आफ्नो विद्यालयले गरेका प्रयासहरूका बुँदाहरूको टिपोट बनाई एउटा अनुच्छेद लेख्न गृहकार्य दिनुहोस् ।

**६. शिक्षकका लागि परियोजना कार्य**

Draft

विद्यार्थीहरूलाई उनीहरूले यस 'प्रकृति र वातावरण' पाठको शिक्षण सिकाइ क्रियाकलापमा गरेका कार्यहरू निरन्तर विद्यार्थी मूल्याङ्कनको आफ्नो कार्य सञ्चयिकामा सङ्कलन गर्न लगाई मूल्याङ्कन गरी अभिलेख फाराममा जनाउनुहोस् ।

**दिन : आठौँ**

पाठ्यवस्तु : **सिकाइ पुनरावृत्ति**

लक्षित सिप : उपलब्धि परीक्षण

१. विशिष्ट उद्देश्य

यस एकाइबाट सोधिएका प्रश्नको उत्तर दिन ।

२. शैक्षिक सामग्री

उपलब्धि परीक्षणका लागि प्रश्नपत्र ।

३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) उत्प्रेरणा

सर्वप्रथम विद्यार्थीलाई यो पाठको शिक्षणभरि अनुपस्थित र उपस्थित को को भयौ भनेर सोध्दै आआफ्नो ठाउँबाट उठेर भन्न लगाउनुहोस् । आज यो पाठको अन्तिम दिन हामी के गर्छौं भनी आजको कार्यको जानकारी गराउनुहोस् ।

(ख) क्रियाकलाप

**क्रियाकलाप १**

विद्यार्थीलाई निम्न लिखित प्रश्नहरू दिई सिकाइ पुनरावृत्ति गराउनुहोस् ।

**नमुना प्रश्नपत्र**

विषय : नेपाली

अ. तल दिइएका शब्दहरूलाई शुद्ध उच्चारण गरी सुनाऊ :

प्रदर्शन, लट्ठिने, प्रतिस्पर्धात्मक, बग्रेठ, क्षमता

आ. तलका प्रश्नको छोटो उत्तर देऊ ।

(क) वातावरण शब्दले मूल रुपमा केलाई जनाउँछ ?

(ख) कुन कुन कुरालाई सन्तुलित ढङ्गले उपयोग गर्नु पर्छ ?

(ग) मानिसका कस्ता क्रियाकलापले गर्दा वातावरण प्रतिकूल हुन्छ ?

(घ) वातावरण प्रतिकूल हुँदै जाँदा अहिले के के सङ्कटहरू देखिँदै छन् ?

(ङ) मानिसले वातावरणको रक्षा कसरी गर्न सक्छ ?

इ. वातावरण संरक्षण गर्ने पाँच ओटा कार्यहरू लेख ।

ई. 'वि' उपसर्ग र 'ईय' प्रत्यय लागेका दुई दुई ओटा शब्द लेख ।

४. प्रतिविम्बन



Draft

माथिका प्रश्नहरूको उत्तर दिन लगाई पृष्ठपोषण दिनुहोस् ।

५. शिक्षकका लागि परियोजना कार्य

सिकाइ पुनरावृत्तिका उत्तरहरू परीक्षण गरी विद्यार्थीलाई फिर्ता गरेर आआफ्नो निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्य सञ्चयिकामा राख्न लगाउनुहोस् ।

६. **थप अध्ययन सामग्री**

**द्रुतपठनको तरिका**

द्रुतपठन भनेको थोरैभन्दा थोरै समयमा छिटो छिटो पाठ्य सामग्री पढी बोध गर्नु हो । यसमा पढाइको गति वा द्रुत पाठको विकास गर्ने कुरा भए तापनि बोधलाई बिलकुलै अलग्याउन मिल्दैन । त्यसैले द्रुत पाठमा बोधका साथै पढाइको गतिको विकास पनि आवश्यक हुन्छ । यसका लागि मौन पठन र यसका क्रियाकलाप अत्यन्त लाभदायक हुन्छन् । द्रुतपठन गर्दा आँखाको एक पकडमा शब्दशब्दका सट्टा शब्दावली पढ्ने बानी बसाल्दै लैजानुपर्छ ।

**पठनदर पत्ता लगाउने तरिका**

निश्चित समय निर्धारण गरी द्रुतपठन गर्न लगाई समय समाप्त भएपछि पढाइ स्थगित गर्ने सूचना दिनुहोस् र पढेका शब्दहरू गन्न लगाई तल उदाहरणमा दिइएको जस्तो तालिका तयार पार्न लगाई पठनदर पत्ता लगाउन भन्नुहोस् ।

| पठनप्रगति तालिका | |
|---|---|
| सुरु समय | १:०५ (सबैको) |
| समाप्ति समय | १:१० (व्यक्तिगत) |
| जम्मा पठनसमय | ५ मिनेट (व्यक्तिगत) |
| पाठ्य सामग्रीका शब्दहरू | १२२ शब्द |
| पठनदर (प्रतिमिनेट शब्द) | २४ शब्द (व्यक्तिगत) |

**मौखिक वर्णन शिक्षण**

मौखिक अभिव्यक्ति वा वर्णन भनेको कुनै विषय, कार्य, वस्तु वा घटना आदिका बारेमा मौखिक रूपमा बयान गर्नु हो । उदाहरणार्थ विद्यालय, पुस्तकालय, हिमालय, अनुशासन आदिका विषयमा मुखैले बयान गर्नु मौखिक अभिव्यक्ति वा वर्णन हो ।

सुरुसुरुमा मौखिक वर्णन वा अभिव्यक्ति शिक्षणका क्रियाकलाप गराउ"दा सम्बन्धित निबन्धबाटै त्यसमा भएका विषय वस्तुसम्बन्धी बु"दाहरू दिई वर्णन गर्न लगाउनुहोस् ।

**लिखित वर्णन शिक्षण**

लिखित अभिव्यक्ति कुनै विषय शीर्षकमा अनुच्छेदात्मक रूपले लिखित अभिव्यक्ति गर्नु लिखित वर्णन वा अभिव्यक्ति हो । यस क्रियाकलामका लागि विद्यार्थीहरूको स्तरअनुसार विषय शीर्षक दिइन्छ । उदाहरणार्थ विद्यालय, पुस्तकालय, पाठ्य पुस्तक, मेरो गाउँ/सहर, काठमाडौँ उपत्यका, पोखराको दृश्य, दसैं, नेपाली खाना, पहाडी जीवन आदि विषय शीर्षकलाई लिन सकिन्छ ।

Draft

**वर्ण विन्यास शिक्षण**

वर्ण विन्यास सिकाउन तथा तिनका वर्ण विन्याससम्बन्धी गल्ती निराकरण गर्न तलका जस्ता उपायहरूको प्रयोग र गल्ती निराकरणात्मक अभ्यासको आवश्यकतानुसार प्रयोग गर्न सकिन्छ ।

- वर्ण विन्यासका दृष्टिले कठिन शब्दहरू भएका अनुच्छेद सार्न लगाउने,
- जटिल वर्ण विन्यास भएका वाक्यहरू सार्न लगाउने,
- श्रुतिलेखन गराई अशुद्धी संशोधन गर्न लगाउने,
- खाली ठाउ“ दिई शुद्ध शब्द भर्न लगाउने,
- लेखन नियमित रूपमा हेर्ने र लेखनको सुधार गरिदिने ।

Draft

## पाठ १०  एउटा घटना (कथा)

एकाइगत पाठ्यवस्तु विभाजन योजना

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | बोध र प्रश्नोत्तर | १ |
| ४. | छलफल तथा मौखिक प्रश्नोत्तर | १ |
| ५. | घटनाक्रम मिलान र कथा लेखन | १ |
| ६. | शब्द भण्डार | १ |
| ७. | कार्यमूलक व्याकरण | १ |
| ८. | सिर्जनात्मक अध्यास (कथन लेखन) | १ |
| | जम्मा | ८ |

Draft

### पहिलो दिन

**पाठ शीर्षक : एउटा घटना (कथा)** घन्टी :

पाठ्यवस्तु : सस्वर पठन र शुद्धोच्चारण समय: ४५ मिनेट

लक्षित सिप : सुनाइ र बोलाइ

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'एउटा घटना' कथाका अनुच्छेदहरू सस्वर वाचन गर्न,

(ख) 'एउटा घटना' कथाका कठिन शब्दहरू प्रष्ट र शुद्धसँग उच्चारण गर्न ।

लक्षित शब्द : गर्व, स्वर्ण, बग्रेठ, प्रतिस्पर्धात्मक, कृतज्ञता, दृश्य, प्रदर्शन, प्रगति, सम्पूर्ण

२. **शैक्षिक सामग्री :**

शब्द पत्ती, गोजी तालिम, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

सर्वप्रथम कथाको शीर्षक शैक्षणिक पाटीमा लेखेर शिक्षकले आफ्नो जीवनमा घटेको कुनै एउटा रोचक घटना विद्यार्थीलाई सुनाउनुहोस् । विद्यार्थीलाई पनि उनीहरूको जीवनमा घटेको कुनै अविस्मरणीय घटना सुनाउन प्रोत्साहित गर्नुहोस् । त्यसपछि कथाको शीर्षक बारेमा बताउँदै उनीहरूको ध्यान पाठमा केन्द्रित गराउनुहोस् र आजको घन्टीमा कक्षा कोठाभित्र गरिने क्रियाकलापको बारेमा विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप :**

**क्रियाकपाल-१**

- शिक्षकले 'एउटा घटना' कथाका निर्दिष्ट अनुच्छेद गति, यति मिलाई सस्वर वाचन गरी सुनाउनुहोस् र विद्यार्थीहरूलाई पालैपालो सस्वर वाचन गराउनुहोस् ।
- कक्षाका बाँकी विद्यार्थीलाई निर्दिष्ट अनुच्छेद पाठमा हेर्न र ध्यानपूर्वक सुन्न निर्देशन ि दनुहोस् ।
- विशेषतः कक्षाका कमजोर विद्यार्थीलाई लक्षित गरी निर्दिष्ट अनुच्छेद गति, यति र उच्चारण मिलाई पालै पालो पढ्ने अवसर प्रथम गर्नुहोस् ।
- सस्वर वाचनका क्रममा विद्यार्थीले गरेका गल्तीहरू ठम्याउनुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

**क्रियाकलाप -२**

- विद्यार्थीलाई उच्चारणका दृष्टिले समस्यापूर्ण शब्द तथा वाक्य छान्न लगाउनुहोस् । उनीहरूलाई कठिन लागेका शब्द वा वाक्यहरू सोध्दै शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र उनीहरूलाई उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेमा त्यस्ता शब्द वा वाक्यको उच्चारण गरी विद्यार्थीहरूलाई पनि सोही अनुसार उच्चारण गर्न निर्देश गर्नुहोस् ।
- उच्चारणका लागि अभ्यास गराउँदा गल्ती क्षेत्र पहिचान गर्नुहोस् र अक्षर, शब्द, वाक्य र अनुच्छेदका तहसम्म अभ्यास गराउनुहोस् । यस्तो अभ्यास व्यक्तिगत र समूहमा पनि गराउनुहोस् । यसरी शुद्ध अभ्यास गराउने क्रममा आफूले लगेको शब्दसूची पनि प्रस्तुत गर्नुहोस् र शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।
- नेपाली दोस्रो भाषा भएका र उच्चारणमा बढी कठिनाइ भएका विद्यार्थीहरूलाई शुद्ध उच्चारणको अभ्यास गराउँदा उनीहरूको उच्चारणगत त्रुटिक्षेत्र पहिचान गरी थप अभ्यासको अवसर प्रदान गर्नुहोस् ।
- सुस्त श्रवण भएका विद्यार्थीहरूको हकमा सकेसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् वा अप्ठेरा शब्दहरू उच्चारण अनुसार शैक्षणिक पाटीमा लेख्दै जानुहोस् र अनुलेखन गर्न निर्देशन दिनुहोस् । जस्तै : प्रतिस्पर्धात्मक /प्र.तिस्.प्र.धात्.मक/ कृतज्ञता /कृ.तग्.ग्य.ता/

**क्रियाकलाप-३**

कक्षाका विद्यार्थीहरूलाई समूहमा विभाजन गरी शिक्षकले शैक्षणिक पाटी वा जोगी तालिकामा कठिन शब्दहरू प्रस्तुत गरेर विद्यार्थीका बिच प्रतिस्पर्धा गराउनुहोस् र विजेता समूहलाई ताली बजाएर प्रोत्साहित गर्न निर्देशन दिनुहोस् ।

४. **प्रतिबिम्बन : निम्न प्रश्नका आधारमा विद्यार्थीको सिकाइलाई मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको दोस्रो अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास अन्तर्गत प्र.नं १३ मा दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर्न र लेख्न लगाउनुहोस् ।



Draft

५. **गृहकार्य :**

- पढेर उच्चारणका दृष्टिले अप्ठेरोलागेका १० ओटा शब्द लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य :**

(क) शब्द र अर्थ पत्ती: भावुक हुनु, तन, मन लगाउनु, सामेल हुनु, अलप हुनु, चनाखो हुनु, गम्भीर देखिनु, नम्र हुनु

(ख) ६ (क) मा दिइएका तुक्कागत शब्दहरू वाक्यमा प्रयोग गरिएको वाक्यपत्ती

**दोस्रो दिन**

**पाठ शीर्षक : एउटा घटना (कथा)** घन्टी :

पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग समय: ४५ मिनेट

लक्षित सिप : शब्दार्थ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त निम्न लिखित नयाँ शब्दहरूको अर्थ बताउनु,

लक्षित शब्द : भावुक हुनु, तन, मन लगाउनु, सामेल हुनु, अलप हुनु, चनाखो हुनु, गम्भीर देखिनु, नम्र हुनु

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, शब्दार्थ पत्ती, वाक्यपत्ती, गोजी तालिका र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिन विद्यार्थीले गरेको गृहकार्य केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र बाँकी विद्यार्थीको गृहकार्यलाई आवश्यक पृष्ठपोषण सहित सुधार गर्न निर्देशन दिनुहोस् । यसप्रकारको उत्प्रेरणात्मक कार्य सम्पादन गरी आज गरिने विषय वस्तुको बारेमा विद्यार्थीलाई जानकारी दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप :**

**क्रियाकपाल-१**

- शब्दार्थ शिक्षणका लागि सर्वप्रथम कक्षाका सबै विद्यार्थीहरूलाई निर्धारित पाठका अनुच्छेदहरू मौन वाचन गर्न लगाउनुहोस् र उनीहरूले अर्थ नजानेका शब्दहरूमा सिसा कलमले रेखाङ्कन गर्न लगाउनुहोस् । यसरी रेखाङ्कन गर्दा पाठमा गाढा अक्षरमा दिइएका शब्दको अर्थ सोही पृष्ठमा हेर्न निर्देशन दिनुहोस् । त्यहाँ अर्थ फेला नपरेका शब्दहरूको अर्थ नजानेमा मात्र रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।

Draft

- विद्यार्थीले पढिसकेपछि उनीहरूले रेखाङ्कन गरेका शब्दहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र विद्यार्थीको माझबाटै ती शब्दको अर्थ बताउन प्रोत्साहित गर्नुहोस्। उनीहरूले अर्थ नजानेमा उपयुक्त विधि अँगालेर अर्थ बताउनुहोस् । अन्त्यमा आफूले लगेको शब्दपत्तीबाट प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् । यदि विद्यार्थीले टिपेका शब्द शिक्षकको शब्दपत्तीमा परेनन् भने विद्यार्थीलाई सहभागी गराएर 'नेपाली बृहत् शब्दकोश' हेरी अर्थ पत्ता लगाउन सिकाउनुहोस् ।

**क्रियाकलाप -२**

- शब्दार्थ शिक्षणपछि आफूले वाक्यमा प्रयोग गरी लगेका २-३ ओटा नमुना वाक्यपत्तीको रूपमा प्रदर्शन गर्नुहोस् । उपयुक्त वाक्य निर्माण गर्ने विषयमा छलफल गराउनुहोस् । विद्यार्थीलाई कठिन लागेका शब्दलाई वाक्यमा प्रयोग गर्न सामूहिक र व्यक्तिगत रूपमा प्रोत्साहित गर्नुहोस् । उनीहरूको वाक्य गठन ठिक नभएमा शैक्षणिक पाटी वा फलाटिन पाटीमा विभिन्न वाक्य पत्तीहरूको प्रयोग गरी वाक्य निर्माण गरी उदाहरण दिँदै त्यस्तै ढङ्गले अर्थ स्पष्ट हुने गरी वाक्य निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीको तह र स्तर अनुसारका वाक्य निर्माणमा जोड दिनुहोस् ।
- विद्यार्थीलाई वाक्य निर्माण सम्बन्धी छलफल गराइसकेपछि विभिन्न समूहमा विभाजन गरी टोली नेता छान्न निर्देशन दिनुहोस् । त्यसपछि उद्देश्य महलमा अर्थ बताउन दिइएका लक्षित शब्दहरूको आशय खुल्ने गरी वाक्यमा प्रयोग गर्न १० मिनेटको समय दिई प्रोत्साहित गर्नुहोस् ।
- समूहकार्य सकिएपछि पालैपालो टोली नेतालाई प्रस्तुत गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीहरूलाई नै प्रोत्साहित गर्नुहोस् र अन्त्यमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप-३**

वाक्य निर्माण सम्बन्धी छलफल सकिएपछि पाठको अभ्यास अन्तर्गतको प्र.नं. ९ र १० का क्रियाकपालहरू प्रत्येक विद्यार्थीलाई कक्षामा गर्न लगाउनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरहँदा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै अलमल परेको देखिएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**४. प्रतिबिम्बन :**

पाठको अभ्यास अन्तर्गत प्र.नं.९ मा दिइएका शब्दको अर्थ सोधेर मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

**५. गृहकार्य :**

पाठको अभ्यासमा दिइएका प्र.नं. ९ र १० का अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

Draft

## तेस्रो दिन

**पाठ शीर्षक : एउटा घटना (कथा)** घन्टी :

पाठ्यवस्तु : बोध प्रश्नोत्तर समय: ४५ मिनेट

लक्षित सिप : पढाइ , लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) 'एउटा घटना' कथाका निर्दिष्ट अनुच्छेदको बोध गरी प्रश्नहरूको उत्तर दिन

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, प्रश्नहरूको सूची, उत्तर लेखिएको नमुना, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्यलाई कक्षा अगाडि आएर केही विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतीकरणपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर अन्य विद्यार्थीलाई सम्मान गर्न निर्देशन दिनुहोस् । अन्त्यमा आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुको बारेमा जानकारी गराउनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप :**

**क्रियाकलाप-१**

- 'एउटा घटना' कथाबाट बोधका लागि एघारौँ अनुच्छेद निर्देशन गर्नुहोस् र विद्यार्थीहरूलाई उक्त अनुच्छेद मनमनै पढ्न लगाउनुहोस् ।
- विद्यार्थीले अनुशासित भई उपयुक्त किसिमले पढिरहेका छन् वा छैनन्, निरीक्षण गर्नुहोस् र आवश्यकता अनुसार पटक पटक मौन वाचन गर्न १५ मिनेटको समय दिनुहोस् ।
- मौन वाचनको निर्धारित समय सकिएपछि निर्दिष्ट एघारौँ अनुच्छेदबाट निम्न लिखित प्रश्नहरूको सूची कक्षामा प्रदर्शन गर्नुहोस् :

  **प्रश्नहरू :**

  (क) गमला किन्न लाग्ने पैसा सबैले दामासाहीले बेहोर्नु पर्नाको कारण के हो ?

  (ख) सुरेशको अनुहारमा किन साथीहरूप्रति कृतज्ञताको भाव उर्लियो ?

  (ग) गमला कसले फुटाएको थियो ?

  (घ) गमला फुट्नाको कारण के हो ?

  (ङ) सुरेशको स्वर किन मसिनु थियो ?
- पुनः विद्यार्थीहरूलाई १० मिनेटको समय दिएर मौन पठन गरी माथिका प्रश्नहरूको उत्तर खोजी गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप -२**

Draft

- पठनकार्य सकिएपछि विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र समूह नेता तोक्न निर्देशन दिनुहोस् । आफूले शैक्षिक सामग्रीको रूपमा लगेको बोध प्रश्नको उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराउनुहोस् र उत्तर लेख्न प्रोत्साहित गर्नुहोस् ।
- सबै समूहलाई माथिका प्रश्नहरूको उत्तर १० मिनेटभित्र एक वा दुई वाक्यमा लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठ पोषण दिनुहोस् ।

**क्रियाकलाप-३**

- पाठको एघारौँ अनुच्छेदबाट सोधिएका निम्न लिखित प्रश्नको उत्तर लेख्न लगाई मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोस् :

**प्रश्नहरू :**

(क) सुरेशले फुटाएको गमलाको पैसा सबै विद्यार्थीले दामासाहीले बेहोर्नु के उपयुक्त थियो ? तर्क देऊ ।

(ख) गमला फुटाउने सुरेश के बदमास केटा हो ? आफ्नो विचार लेख ।

(ग) यदि तिमी शिक्षकको ठाउँमा भएको भए के गर्थ्यौ ?

(घ) शिक्षकले प्रश्न सोध्दा कक्षाका सबै विद्यार्थीहरू चुप लाग्नुको कारण के थियो ?

(ङ) यो अनुच्छेद पढेर के शिक्षा पायौ ?

४. **प्रतिबिम्बन :**

पाठको अभ्यास खण्डको प्र.नं.१ मा रहेका प्रश्नहरू विद्यार्थीहरूलाई एकल रूपमा सोधेर मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

(क) विद्यार्थीहरूलाई सिङ्गो पाठ मौन वाचन गरी प्र.नं. १, २ र ३ का अभ्यासहरू अभ्यास पुस्तिकामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

(ख) आफ्नो विद्यार्थी जीवनमा विद्यालयमा घटेको कुनै घटनाको वर्णन गरी छुट्टै पानामा लेखेर ल्याई कक्षाको प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् ।

| **चौथौ दिन** |
|---|

**पाठ शीर्षक : एउटा घटना (कथा)** घन्टी :

पाठ्यवस्तु : छलफल तथा मौखिक प्रश्नोत्तर समय: ४५ मिनेट

Draft

लक्षित सिप : सुनाइ, बोलाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) 'एउटा घटना' कथाका पात्रहरूको परिचय मौखिक रूपमा बताउन,

(ख) कथाका विभिन्न घटनाहरूका बारेमा छलफल गर्न,

(ग) कथाका विषयवस्तुका सम्बन्धमा प्रश्नोत्तर गर्न ।

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, कथाका पात्र तथा घटनाहरूको सूची, शिक्षक निर्मित थप प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

- शिक्षकले 'एउटा घटना' कथामा आधारित भई विद्यार्थीलाई प्रस्तुत कथाका विषयमा निम्नानुसारका केही प्रश्न सोधी उत्प्रेरणा प्रदान गर्दै कथाप्रति विद्यार्थीहरूको ध्यान केन्दित गर्नुहोस् । जस्तै :

  **प्रश्नहरू :**

  (क) के तिमीहरूले 'एउटा घटना' कथा राम्ररी पढेका छौ ?

  (ख) तिमीहरूलाई 'एउटा घटना' कथाका पात्रहरूको नाम थाहा छ ?

  (ग) तिमीहरूलाई यो कथा कस्तो लाग्यो ?

- शिक्षकले विद्यार्थीहरूलाई 'एउटा घटना' कथाका बारेमा छोटो चिनारी दिनुहोस् र विद्यार्थीका जिज्ञासा मेटाउँदै आफूले पढाउने पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् अनि आजको घन्टीमा कक्षाकोठाभित्र गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीलाई जानकारी दिनुहोस ।

(ख) **मुख्य क्रियाकलाप :**

**क्रियाकपाल-१**

- पाठप्रति विद्यार्थीहरूको अभिरूचि बढाउन 'एउटा घटना' कथाका पात्रहरू तथा घटनाहरूको सूची शैक्षणिक पाटीमा प्रस्तुत गर्नुहोस् ।
- सर्वप्रथम 'एउटा घटना' कथाका पात्रहरू, सुरेश, विजय, सुमन, चेतन, केशव र शिक्षकका बारेमा विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् । ती पात्रहरूको भूमिकालाई कथाका घटनाहरूसँग जोड्दै विद्यार्थीहरूको बिचमा व्यापक छलफल गर्नुहोस् । कथाका पात्रहरूको बारेमा छलफल गर्दा उनीहरूका व्यवहार, विचार र चरित्रका सम्बन्धमा पनि विद्यार्थीलाई जानकारी गराउनुहोस् ।

**क्रियाकलाप -२**

- निम्न लिखित घटनाहरूलाई ध्यानमा राखेर कथाका विभिन्न अनुच्छेदहरू सबै विद्यार्थीलाई पढ्न निर्देशन दिनुहोस् । ती घटनाका सम्बन्धमा पनि विद्यार्थीहरूको बिचमा छलफल गराउनुहोस् । जस्तै :

(क) 'एउटा घटना' कथाको प्रमुख पात्र सुरेशले आफ्नो पढाइ, पाठ्य पुस्तक र खेलप्रति आफ्नो विचार व्यक्त गरेको घटना,

(ख) विजयले पढाइ र खेल दुवैमा आफूलाई उत्कृष्ट सावित गर्न सकेको घटना,

(ग) सुमन र सुरेशका बिचमा भएको कुराकानी,

(घ) ओलम्पिक खेल र स्वर्ण पदकको विषय,

(ङ) विद्यालयको चउरमा साथीहरूका बिचमा फुटबल खेल्ने प्रतिस्पर्धा,

(च) सुरेशले बल हान्दा कक्षाको झ्याल बाहिर राखिएको फुलको गमला फुटेको घटना,

(छ) सबै विद्यार्थी खेल मैदानबाट अलप भई कक्षामा चुपचाप बसिरहेको बेला अचानक शिक्षकको प्रवेश,

(ज) गमला कसले फुटाएको हो भन्ने शिक्षकको जिज्ञासामा सबै विद्यार्थी मौन बसेपछि दामासाहीले पैसा तिर्नुपर्ने शिक्षकको निर्णय र विद्यार्थीको स्वीकारोक्ति,

(झ) सुरेशले आफ्नो सिप र क्षमता प्रदर्शन गर्न खोज्दा आफूबाट गल्ती भई गमला फुटेको र आफूसँग क्षतिपूर्ति दिने पैसा नभएको अवस्थामा साथीहरूले सहयोग गरेकामा सबैप्रति कृतज्ञता व्यक्त,

(ञ) विद्यार्थीले पढाइको साथमा कुनै क्षति नहुने गरी खेल्नुपर्ने सन्देश ।

**क्रियाकलाप-३**

- उल्लिखित 'एउटा घटना' कथाका विषयवस्तुका सम्बन्धमा छलफल गराइसकेपछि विद्यार्थीहरूलाई निम्न लिखित प्रश्नहरूका साथमा पाठ्य पुस्तकको अभ्यास खण्डमा रहेका प्रश्नहरूको पनि उत्तर भन्न प्रोत्साहित गर्नुहोस् । प्रश्न सोध्दा सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्नुहोस् ।

  **प्रश्नहरू :**

  (क) सुरेशको विचारमा पढाइमा प्रगति हुन कस्ता किताबहरू हुनुपर्छ ?

  (ख) सुरेश र विजयका बिचमा के कस्ता अन्तरहरू छन् ?

  (ग) सुरेशको कुन कुरामा सबैको सहमति हुन्छ ?

  (घ) गुरु किन प्रसन्न भएर बाहिरिनु भयो ?

  (ङ) 'एउटा घटना' कथाले कस्तो सन्देश दिएको छ ?

- कुनै विद्यार्थीले प्रश्नको उत्तरभन्दा अलमल परेमा कक्षाका अन्य विद्यार्थीलाई उक्त प्रश्नको उत्तर भन्न प्रोत्साहित गर्दै सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

- कथाका बारेमा विद्यार्थीको मनमा कुनै जिज्ञासा बाँकी भएमा पुनः एक पटक अवसर प्रदान गर्नुहोस् र पाठ्य पुस्तकको अभ्यासमा दिइएका प्रश्नहरूको बारेमा छलफल गराउनुहोस् ।

४. **प्रतिबिम्बन :**

(क) 'एउटा घटना' कथाको शीर्षक कत्तिको उपयुक्त छ ? आफ्नो विचार व्यक्त गर ।

Draft

(ख) पाठको अभ्यासमा रहेका प्र.नं.७ र ८ का प्रश्नहरू सोध्नुहोस् ।

**५. गृहकार्य :**

पाठको अभ्यासमा दिइएका प्र.नं. ४, ५ र ६ का प्रश्नको उत्तर अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## पाँचौं दिन

**पाठ्य वस्तु :** घटनाक्रम मिलान र कथा लेखन

लक्षित सिप : पढाइ, लेखाइ

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) 'एउटा घटना' कथाका घटनाक्रमहरूको टिपोट गर्न,

(ख) टिपोटका आधारमा घटनाक्रम मिलाउन,

(ग) दिइएका विषय, घटना वा बुँदाका आधारमा कथा लेख्न,

**२. शैक्षिक सामग्रीः**

कथाका घटनाहरूको सूची, कथा लेखनको विषय र घटना मिलान गरिएका बुँदाहरूको सूची

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणाः**

अघिल्लो दिन विद्यार्थीहरूलाईदिएको गृहकार्य अवलोकन गर्नुहोस् र आजको कक्षामा सञ्चालन गरिने पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखेर विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप-१**

- 'एउटा घटना' कथाका मुख्य घटनाहरूलाई क्रमबद्ध रूपमा बुँदाहरू प्रस्तुत गर्न निर्देशन दिनुहोस्। उनीहरूले भनेका बुँदाहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र अन्त्यमा आफूले तयार पारी लगेको 'एउटा घटना' कथाका घटनाहरू समेटिएको सूची प्रदर्शन गर्नुहोस् ।

  **मुख्य घटनाहरूको टिपोट :**

  (१) एउटा घटना कथाको मुख्य पात्र सुरेशको ध्यान र रूचि सानैदेखि पढाइतिरभन्दा पनि खेलतिर थियो ।

  (२) सुरेशलाई दिनका दिन उही कुरा रटिरहन जस्तो उराठलाग्दो अरू केही कुरा नभएकाले ऊ पढाइमा पनि खेल खेल्दा जस्तै रमाइलो हुने गरी पढ्न सिकाउने किताबहरू भए हुन्थ्यो विचार राख्थ्यो ।

  (३) सुरेशले खेलको विषयमा सुन्नेहरू सबै लट्ठिने गरी रमाइलो पाराले घन्टौंसम्म वर्णन गर्न सक्थ्यो ।

Draft

(४) हिजो आफ्नो विद्यालको तर्फबाट विजयले खेलेको खेल राम्रो भएको र उसकै प्रहार र करामतले गर्दा विद्यालयले खेल जितेका कुरा सुरेशले व्यक्त गऱ्यो ।

(५) विजयले कक्षामा पढ्दा पनि तन, मन लगाएर पढ्छ र खेल्दा पनि तन, मन लगाएर खेल्छ भन्ने सुरेशको कुरामा सबैको सहमति भयो ।

(६) हामीले पनि विजयले जस्तै तन, मन लगाएर ध्यान केन्द्रित गर्न सक्यौँ भने उसले जस्तै खेल र पढाइ दुवैमा प्रगति गर्न सकिहाल्छौँ नि भन्ने महत्त्वपूर्ण विचार सुरेशले व्यक्त गऱ्यो ।

(७) सुमनले खेल खेल्दा अर्थात् फुटबल हान्दा त्यसैमा सम्पूर्ण शक्ति र ध्यान केन्द्रित गर्न सक्यौँ भने जता भन्यो त्यतै र जसरी चाह्यो त्यसरी नै हान्न सक्ने हुन्छौँ भन्ने विचार व्यक्त गऱ्यो ।

(८) चेतनले विद्यालयको चउरमा भएको फुटबललाई भए भएभरको शक्ति निकालेर हिर्काएपछि केशव लगायतका अन्य साथीहरू पनि रमाइलो खेलमा समावेश भए ।

(९) विमलले सुरेशलाई क्षमता प्रदर्शन गर्न उत्साहित गरेपछ सुरेशले जोडले हिर्काएको बल फुलको गमालामा ठोकिएर गमला फुटेको आवाज आयो ।

(१०) खेलमा संलग्न सबै विद्यार्थीहरू त्यहाँबाट एकैपल्ट अलप भएर आआफ्नो कोठामा गई चुपचाप बसे ।

(११) विद्यालयका शिक्षक कक्षा कोठाभित्र आएर झ्याल बाहिरको गमला कसले फुटाएको भनी प्रश्न गर्दा कसैले पनि केही बोलेनन् ।

(१२) तिमीहरूमध्ये गमला फुटाल्ने काम एक जनाबाट भए पनि कोही नबोलेकोले गमला किन्ने पैसा सबैले दामासाहीले बेहोर्नु पर्छ भन्ने शिक्षकको भनाइमा सबै विद्यार्थीले सहमति जनाए ।

(१३) आफ्नो सिप र क्षमता प्रदर्शन गर्न खोज्दा गमला फुटेको र आफूसँग गमला किन्न लाग्ने पैसा आफूसँग नहुँदा सबै साथीहरूले सहयोग गरेकामा सुरेशले साथीहरू समक्ष कृतज्ञता व्यक्त गर्दै शिक्षकलाई साँचो कुरा बताएर माफी माग्यो ।

(१४) एउटा राम्रो र अनुशाति खेलाडी सुरेशले साँचो कुरा बताएर गल्ती स्वीकारेपछि शिक्षक सुरेशप्रति प्रसन्न भएर गमला किन्न लाग्ने आधी पैसा म नै बेहोर्छु भन्नुभयो ।

(१५) विद्यार्थीले पढाइको साथमा खेल्नु पनि पर्छ तर अबदेखि यस्तो प्रदर्शन कुनै क्षति नहुने गरी होस् भनेर शिक्षक त्यहाँबाट बाहिरिनु भयो ।

(१६) कुनै पनि काम गर्दा तन, मन लगाएर गर्नुपर्ने, खेल्दा कुनै पनि घटना नघट्ने गरी चनाखो भएर खेल्नुपर्ने र साँचो बोल्नु पर्ने सन्देश 'एउटा घटना' कथाबाट पाइन्छ ।

- उल्लिखित घटनाहरू विद्यार्थीहरूलाई ध्यान दिएर पढ्न निर्देशन दिनुहोस् र कुनै जिज्ञासा भएमा सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

Draft

**क्रियाकलाप-२**

कथाका घटनाहरूको अध्ययनपछि ती घटनाहरूलाई तल माथि वा छ्यासमिस पारेर शैक्षणिक पाटीमा प्रस्तुत गर्नुहोस् र घटनाक्रमलाई क्रमबद्ध रूपमा भन्न लगाउनुहोस् । विद्यार्थीहरूले बुँदाहरू क्रमबद्ध रूपमा भन्दै जाँदा १, २ लेखेर क्रमबद्धताको सङ्केत गर्नुहोस् र विद्यार्थी अलमलमा परेमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप-३**

- विद्यार्थीहरूले तयारपारेका क्रमबद्ध घटनाहरूलाई विषयवस्तुको विस्तार र वर्णन गरी सिङ्गो कथा भन्न लगाउनुहोस् । उपयुक्त ढङ्गले वर्णन गर्न नसक्ने विद्यार्थीहरूलाई वर्णन गर्ने तरिका स्पष्ट पारिदिनुहोस् र आफू सहज कर्ता बनेर पुनः कथा भन्न लगाउनुहोस् ।
- यसरी विद्यार्थीलाई कथाका मुख्य घटना टिपोट गर्ने तरिका र घटनाहरूलाई नयाँ विषयवस्तु बनाई नयाँ कथा लेख्ने अभ्यास पटक पटक गराउनुहोस्
- विद्यार्थीसँगको छलफल सकिएपछि विभिन्न घटना र बुँदाहरू दिई १५ मिनेट भित्र कथा लेख्न निर्देशन दिनुहोस् ।
- निर्धारित समय सकिउपछि कक्षाको बिच बिच बाट केही विद्यार्थीहरूलाई उठाएर कथा प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतीकरणपछि उनीहरूका सकारात्मक पक्षको प्रशंसा गर्दै ताली बजाएर प्रोत्साहित गर्न कक्षाका सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

बुँदा टिपोट, घटनाक्रम मिलान र नयाँ कथा लेखनको बारेमा विद्यार्थीलाई प्रतिक्रिया व्यक्त गर्न लगाएर सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

शैक्षणिक पाटीमा कुनै कथाको घटनाहरू छ्यासमिस पारेर दिनुहोस् र घटनाक्रम मिलान गरी नया कथा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

## छैटौं दिन

पाठ्य वस्तु : हिज्जे र शब्द भण्डार

लक्षित सिप सिकाइ : पढाइ, लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठबाट ह्रस्व इकार र दीर्घ इकार लागेका शब्दहरूको पहिचान र टिपोट गर्न,

(ख) 'ब' र 'व' लागेका शब्दहरूको पहिचान र टिपोट गर्न

(ग) वर्णको भिन्नताले हुने फरक अर्थ बुझेर लेख्न,

(घ) निर्दिष्ट उपसर्ग र प्रत्यय लगाएर नयाँ शब्द निर्माण गर्न,

२. **शैक्षिक सामग्री :**

(क) ह्रस्व र दीर्घ इकार प्रयोग भएका शब्दहरूको सूची

(ख) 'ब' र 'व' लागेर बनेका शब्दहरूको सूची

(ग) वर्णको भिन्नताले गर्दा फरक अर्थ दिने शब्दहरूको सूची

(घ) उपसर्ग र प्रत्यय लागेका शब्दहरूको सूची

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

(क) **उत्प्रेरणा :**

विद्यार्थीलाई वर्ण विन्यास सम्बन्धी निम्न लिखित कविता सुनाएर उनीहरूको ध्यानलाई पढाइतिर आकृष्ट गर्दै आजको घन्टीमा सञ्चालन गरिने क्रियाकलापको जानकारी दिनुहोस्

कविता :

दाइ भाइको टुप्पी छैन लेख्दा याद गर<br>
ईश्वरमा एन्टिना छ छोड्नु हुन्न तर ।<br>
इक, इत प्रत्ययलार्य ह्रस्व लेख्ने गर<br>
नियमसित लेखेपछि मान्नु हुन्न डर ॥

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

सर्वप्रथम ह्रस्व इकार र दीर्घ इकार लागेका शब्दहरूको सूची प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई ह्रस्व र दीर्घ शब्दका बारेमा छलफल गराउनुहोस् र छलफल सकिएपछि उनीहरूलाई पाठबाट पाँच पाँच ओटा ह्रस्व र दीर्घ लगेका शब्दहरूको पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

**क्रियाकलाप-२**

एउटा घटना' कथामा प्रयुक्त 'ब' र 'व' लागेका शब्दहरूको टिपोट गर्न विद्यार्थीहरूलाई निर्देश गर्नुहोस् । विदयार्थीहरू अलमल परेमा आफूले शैक्षिक सामग्रीको रूपमा लगेको 'ब' र 'व' प्रयोग भएका शब्दहरूको सूची प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई 'ब' र 'व' को प्रयोग सम्बन्धी थप पारेरपाठबाट पुनः 'ब' र 'व' को प्रयोग भएका शब्दहरू पहिचान गरी टिपोट गर्न लगाउनुहोस् ।

**क्रियाकलाप-३**

वर्णको भिन्नताले फरक अर्थ हुने 'स्याल' ऱ्याल जस्ता शब्दहरूको सूची प्रदर्शन गरेर उनीहरूलाई फरक फरक अर्थ बताउन प्रोत्साहित गर्नुहोस् । विद्यार्थीहरू अलमल परेमा सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् र उनीहरूलाई पाठबाट यस्ता पाँच ओटा शब्द टिपी फरक फरक अर्थ बताउन लगाउनुहोस् ।

**क्रियाकलाप-४**

Draft

उपसर्ग र प्रत्यय लागेर बनेका शब्दहरूको सूची प्रदर्शन गर्नुहोस् । ती शब्दको बनोट अर्थात् निर्माण प्रक्रिया देखाउनुहोस् र विद्यार्थीलाई पाठबाट उपसर्ग र प्रत्यय लागेका पाँच पाँच ओटा नयाँ शब्द टिप्न निर्देश गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

विद्यार्थीहरूलाई वर्ण विन्यास र शब्द निर्माणसित सम्बन्धित फरक फरक प्रश्नहरू सोधेर उनीहरूको सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास खण्डमा रहेका प्र.नं. ११, १२, १४ र १५ का अभ्यासहरू अभ्यास पुस्तिकामा लेखेर ल्याउनु सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## सातौँ दिन

**पाठ शीर्षक : एउटा घटना (कथा)** घन्टी :

पाठ्यवस्तु : कार्यमूलक व्याकरण (नामयोगी र सर्वनाम) समय: ४५ मिनेट

१. **विशिष्ट उद्देश्य : यस पाठको शिक्षणपछि विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) नामयोगीको पहिचान गर्न र प्रयोग गर्न ।

(ख) सर्वनाम शब्दको पहिचान र प्रयोग गर्न

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, नामयोगी र सर्वनाम पदहरूको सूची, गोजी तालिका र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिन विद्यार्थीलाई दिइएको गृहकार्य कक्षाकोठाको अगाडि आएर प्रस्तुत गर्न केही विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । उनीहरूका सकारात्मक पक्षको प्रशंसा गर्दै अन्य विद्यार्थीलाई ताली बजाएर प्रोत्साहित गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण सहित आजको पाठ्य वस्तुको बारेमा जानकारी दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप :**

**क्रियाकपाल-१**

- शिक्षकले आफूले तयार पारेर ल्याएको नामयोगी र सर्वनाम पदहरूको सूची कक्षामा प्रदर्शन गर्नुहोस् र विद्यार्थीहरूसँग आवश्यक छलफल गर्नुहोस् ।
- विद्यार्थीलाई दुई समूहमा विभाजन गर्नुहोस् र पहिलो समूहलाई नामयोगी र दोस्रो समूहलाई सर्वनाम शब्दहरू भन्न प्रोत्साहित गर्नुहोस् ।

Draft

- दुवै समूहले भनेका शब्दहरू शैक्षणिक पाटीमा छुट्टाछुट्टै टिपोट गर्दै जानुहोस् र ती शब्दलाई वाक्यमा प्रयोग गर्न पनि प्रोत्साहित गर्नुहोस् । विद्यार्थी अलमलमा परेको ठाउँमा आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप -२**

विद्यार्थीलाई पाठको कार्यमूलक व्याकरण अन्तर्गत १८ र २० नं.मा प्रस्तुत गरिएका नामयोगी र सर्वनाम शब्दको पहिचान सम्बन्धी अध्ययन गर्न विद्यार्थीलाई १० मिनेटको समय प्रदान गर्नुहोस् र प्रशस्त उदाहरण दिएर थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप-३**

- कक्षाका दुवै समूहका विद्यार्थीहरूमध्ये पहिलो समूहलाई नामयोगीको प्रयोग सम्बन्धी पाठको अभ्यासको प्र.नं.१९ र दोस्रो समूहलाई सर्वनाम सम्बन्धी अभ्यासको प्र.नं. २० को अभ्यास गर्न लगाउनुहोस् । अध्यास गर्दै जाँदा विद्यार्थी अलमल परेमा सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- विद्यार्थीहरूले क्रियाकलाप सकेपछि दुवै समूहका टोली नेतालाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूको प्रस्तुतिपछि सकारात्मक क्रियाकलापको प्रशंसा गर्दै आवश्यकता देखिएमा थप सुधारका लागि उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन :**

पाठको प्र.नं. १९ र २० मा दिइएका प्रश्नहरू विद्यार्थीलाई एक एक गरी मौखिक रूपमा सोधी मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास नं. १९ र २० का प्रश्नहरूको उत्तर लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## आठौँ दिन

पाठ्यवस्त : सिर्जनात्मक अभ्यास (कथा लेखन)

लक्षित सिप : सुनाइ, लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) अरूले भनेको कथा राम्ररी सुनेर बुँदा टिपोट गर्न,

(ख) टिपिएका बुँदाहरूको आधारमा छुट्टै शीर्षक राखेर नयाँ कथा तयार पार्न,

२. **शैक्षिक सामग्री :**

आफूले सुनाएको कथाका मुख्या बुँदाहरूको नमुना, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

Draft

विद्यार्थीहरूलाई तिमीहरूलाई कस्ता कथा मनपर्छ ? तिमीहरूले कुन कुन कथा सुनेका छौँ ? जस्ता प्रश्नहरू सोधेर उनीहरूमा उत्प्रेरणा जगाउँदै आजको घन्टीमा कक्षकोठाभित्र सञ्चालन गरिने क्रियाकलापको जानकारी गराउनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- सर्वप्रथम विद्यार्थीहरूलाई कथाकार गुरूप्रसाद मैनालीको 'छिमेकी' कथा वा आफूले भन्ने कुनै कथन राम्ररी सुन्न निर्देशन दिनुहोस् । उनीहरूलाई बुँदा टिपोटका लागि तयारी अवस्थामा रहन सङ्केत गर्नुहोस् । कथा रोचक ढङ्गले भन्नुहोस् भन्दै जानुहोस् उनीहरूले सुने नसुनेको पनि ख्याल गर्दै जानुहोस् । आवश्यकता अनुसार विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।
- कथा भनेर सकिएपछि विद्यार्थीहरूलाई १० ओटा बुँदा टिपोट गर्न १० मिनेट समय उपलब्ध गराउनुहोस् । विद्यार्थी अलमल परेमा आवश्यक ठाउँमा पुत्री सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप-२**

निर्धारित समय सकिएपछि केही विद्यार्थीलाई आफूले तयार पारेका बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् प्रत्येक प्रस्तुतीकरणपछि ताली बजाएर प्रोत्साहित गर्न अन्य विद्यार्थीलाई निर्देशन दिनुहोस् र आफूले तयार पारी लगेको शैक्षिक सामग्री प्रदर्शन गरी विद्यार्थीलाई छलफलमा सहभागी बनाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

**क्रियाकलाप -३**

बुँदा टिपोट र त्यसको प्रस्तुतीकरण सम्पन्न भएपछि विद्यार्थीलाई नयाँ शीर्षक राखेर छुट्टै कथा लेख्नका लागि १५ मिनेटको समय प्रदान गर्नुहोस् । विद्यार्थीले कथा लेख्दै गर्दा आवश्यक परेमा सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप-४**

कथा लेखनको निर्धारित समय सिद्धिएपछि कक्षाका दुई जना (सम्भव भएसम्म केटा र एक जना केटी) विद्यार्थीलाई कथा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठभूमि सहित अन्य विद्यार्थीलाई आवश्यक सुधार गर्न निर्देशन दिनुहोस् ।

४. **प्रतिबिम्बन :**

कथा सुनेर बुँदा टिपोट गर्दा देखा परेका समस्या र तिनको समाधान विषयमा प्रतिक्रिया व्यक्त गर्न लगाएर विद्यार्थीको सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको प्र.नं. २१ को अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

Draft

पाठ : ११

# दाजुलाई चिठी

*घन्टी : ८*

**पाठ्यवस्तु र अनुमानित घन्टी**

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन तथा शुद्ध उच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | पठनबोध र विषयवस्तुमा आधारित प्रश्नोत्तर | १ |
| ४. | चिठी लेखन | १ |
| ५. | कार्यमूलक व्याकरण | २ |
| ६. | सिर्जनात्मक लेखन | २ |
| | **जम्मा** | **८** |

## पहिलो दिन

पाठ्यवस्तु : १ सस्वर वाचन तथा शुद्ध उच्चारण उन्टी : १

अपेक्षित सिप : सुनाइ र पढाइ

१. **विशिष्ट उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठका विभिन्न अनुच्छेदहरू सस्वर वाचन गर्न,

(ख) पाठका विभिन्न शब्दहरू प्रस्ट र शुद्धसँग उच्चारण गर्न,

२. **शैक्षिक सामग्री**

(क) चिठी पाठका विभिन्न अनुच्छेद

(ख) विभिन्न प्रकारका चिठी

(ग) शब्दहरूको सूची

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा :**

पाठप्रति विद्यार्थीहरूको अभिरुचि जगाउन विद्यार्थीहरूसँग सर्वप्रथम तलका बुँदाहरूमा छलफल गर्नुहोस् :

(क) चिठीको आवश्यकता र महत्त्व

(ख) चिठीको परम्परा र चिठी पठाउने माध्यम

Draft

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप - १**

(क) चिठी पाठको पहिलो अनुच्छेदलाई आदर्श रूपमा वाचन गरेर कक्षाका विद्यार्थीहरूलाई सुनाउनुहोस् अनि त्यस अनुसार नै चिठी पाठका विभिन्न अनुच्छेदहरूलाई वाचन गर्न उनीहरूलाई निर्देशन दिनुहोस् ।

(ख) विद्यार्थीहरूले सस्वरवाचन गर्दा तपाइँ भने उनीहरूले गरेको सस्वर वाचनको अवलोकन गर्नुहोस् । विद्यार्थीहरूले सस्वर वाचन गर्दा तलका गल्ती गर्न सक्छन्, त्यसमा ध्यान दिनुहोस् । जस्तै :

- शब्दहरू प्रस्ट र शुद्धसँग उच्चारण नगर्ने
- गति, यति तथा विराम चिन्हहरूको बेवास्ता गर्ने
- विषयवस्तुको प्रकृतिअनुसार हाउभाउमा ध्यान नदिने
- स्वरवाचन गर्दा शब्द , विभक्ति तथा पङ्क्तिहरू नै छुटाउने
- पाठको विषयवस्तुलाई स्मृतिमा अङ्कित गर्न पछि पर्ने आदि ।

**क्रियाकलाप - २**

अब आफूले सुरुमा गरेका गल्तीहरूलाई सच्याएर ध्यानपूर्वक पढ्न विद्यार्थीहरूलाई पुन : अवसर प्रदान गर्नुहोस् ।

**क्रियाकलाप - ३**

विद्यार्थीहरूले सस्वर वाचन गर्दा उच्चारण गर्न उनीहरूलाई समस्या परेका शब्दहरू बोर्डमा लेख्नुहोस् । आफूले नमुनाका लागि ती कठिन शब्दहरू उच्चारण गरेर विद्यार्थीहरूलाई सुनाउनुहोस् । त्यसका आधारमा उनीहरूलाई पालैपालो उच्चारण गर्न निर्देश दिनुहोस् । जस्तै : विन्ध्यवासिनी - बिन्.ध्य.बा.सि.नि., कुशलता - कु.स.ल्.ता, प्रतीक्षा - प्र.ति.क्षा., व्यवस्था - ब्य.बस्. था., व्याजमा - ब्याज् मा, स्तब्ध - स्तब्.ध., दायित्व - दा.यित्.त्व, फलफुल - फल्.फुल्.आदि ।

**क्रियाकलाप - ४**

अब अभ्यासका १ र २ मा उल्लेख प्रश्नहरू हल गर्न विद्यार्थीहरूलाई अवसर प्रदान गर्नुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको पहिलो अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।

(ख) 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' यो उद्धरणका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् ।

(ग) तलका शब्दहरू शुद्ध र प्रष्टसँग उच्चारण गर्नुहोस् :

समय , निर्णय , विश्वास , स्वदेश , जिम्मेवारी , मुहार , कृषि ।

५. **गृहकार्य :**

सबै विद्यार्थीहरूलाई खामको नमुना बनाएर ल्याउन निर्देशन दिनुहोस् ।



Draft

## दोस्रो दिन

**पाठ्यवस्तु : २ शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग घन्टी : १**

अपेक्षित सिप : पढाइ र लेखाइ

**१. उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठका शब्दहरूको अर्थ विभिन्न रूपमा बताउन,

(ख) पाठका शब्दहरूलाई उपयुक्त किसिमका वाक्यमा प्रयोग गर्न,

**२. शैक्षिक सामग्री**

(क) शब्दपत्ती तथा शब्दहरूको सूची

(ख) अभ्यासात्मक प्रश्नहरू

(ग) चित्र तथा अन्य ठोस वस्तुहरू

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा :**

पाठप्रति विद्यार्थीहरूको ध्यानलाई आकर्षण गर्न शब्दार्थ शिक्षणको आवश्यकता र महत्त्वका बारेमा विद्यार्थीहरूसँग कुराकानी गर्नुहोस् । जस्तै :

(क) शब्द र तिनको अर्थ जान्नाले पठनबोधमा सहयोग हुन्छ ।

(ख) शब्दहरूलाई मौखिक तथा लिखित अभिव्यक्तिमा निर्धक्कसँग प्रयोग गर्न सकिन्छ ।

(ग) सिर्जनात्मक क्षमता विकास गर्न शब्द भण्डारले मदत गर्छ ।

(घ) वाद विवाद, वक्तृत्वकला, छलफल तथा कुराकानीहरूमा नयाँ नयाँ शब्दहरू प्रयोग गर्न सकिन्छ ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

(क) सर्वप्रथम पाठमा भएका शब्द र अर्थहरू तिनचार पटक पढ्न भन्नुहोस् ।

(ख) पाठका विभिन्न अनुच्छेदहरू पढेर अर्थ नजानेका त्यहाँका शब्दहरू विद्यार्थीहरूलाई आफ्ना कापीमा टिप्न निर्देशन दिनुहोस् ।

(ग) ती शब्दहरूको अर्थ बताउनुहोस् र कतिपय शब्दहरूको अर्थ लेखाइ पनि दिनुहोस् ।

**क्रियाकलाप - २**

शब्दार्थ शिक्षणको मुख्य प्रयोजन विद्यार्थीहरूलाई वाक्यहरू निर्माण गर्न सक्षम बनाउनु हो । यसका लागि वाक्यमा शब्दहरू राख्ने क्रम पनि बताउनुहोस् । जस्तै :

(क) वाक्यमा कर्ता वा उद्देश्य सामन्यतया सुरुमा लेख्नुपर्छ भने क्रियापद अन्त्यमा लेखिन्छ । कर्म, करण आदि अन्य कारकहरू बिचमा आउँछन् ।

(ख) विशेषण शब्दहरू विशेस्य शब्दभन्दा प्राय : पहिले नै लेखिन्छन् । त्यस्तै क्रियापद भन्दा ठिक पहिले क्रियायोगी शब्दहरू लेख्नुपर्छ ।

Draft

(ग) असमापिका क्रियाले लिने कर्ता , कर्म असमापिका क्रियाभन्दा पहिले र समापिका क्रियाका साथ आउने कर्ता, कर्म आदि कारकहरू समापिका क्रियापदभन्दा पहिले लेख्नुपर्छ ।

(घ) सकर्मक क्रिया भएको वाक्यमा कर्म, पुरकापेक्षी क्रिया भएको वाक्यमा पूरक र द्विकर्मक क्रिया भएको वाक्यमा मुख्य र सहायक दुवै कर्महरू अनिवार्य लेख्नुपर्छ ।

**क्रियाकलाप - ३**

(क) अब पाठका शब्दलाई वाक्यमा प्रयोग गर्न अभ्यास गराउनुहोस् । विद्यार्थीहरूले गरेको कक्षाकार्यको अवलोकन गर्नुहोस् र आवश्यकता अनुसार उनीहरूलाई मदत गर्नुहोस् ।

(ख) विद्यार्थीहरूले गरेको कार्यलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मूल्याङ्कन गर्नुहोस् ।

**क्रियाकलाप - ४**

कक्षा कार्यका रूपमा अभ्यासका ८, ९ र १० प्रश्नहरू हल गर्न पनि भन्नुहोस् ।

४. **प्रतिविम्बन :**

तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् ।

(क) तलका शब्दहरूको विपरीत अर्थसँग सम्बन्धित शब्द लेख्नुहोस् :

खुसी, विदेश, उज्यालो, आधुनिक, अहिले, बेरोजगार, आम्दानी

(ख) तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सादर, प्रणाम, आदरणीय, चिठी, पोखरा, डोल्मा, तरकारी

५. **गृहकार्य : विद्यार्थीहरूलाई तलका शब्दहरूको अर्थ लेखेर ल्याउन भन्नुहोस् :**

पत्र, प्रतीक्षा, काँध, सम्मान, विद्यालय, प्रधानाध्यापक, शिक्षा

Draft

| तेस्रो दिन |
|---|

**पाठ्यवस्तु : ३ पठनबोध र विषयवस्तुमा आधारित प्रश्नोत्तर घन्टी : २**

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठका विभिन्न अनुच्छेदहरू ध्यानापूर्वक पढ्न,

(ख) अभ्यासमा दिइएका प्रश्नहरू हल गर्न,

२. **शैक्षिक सामग्री :**

(क) पाठका विभिन्न अनुच्छेदहरू

(ख) अभ्यासात्मक प्रश्नहरू

(ग) शिक्षक निर्मित अन्य नमुना प्रश्न

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

'दाजुलाई चिठी' पाठको सारांश बताएर विद्यार्थीहरूको ध्यानलाई पाठप्रति आकर्षित गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप - १**

(क) कक्षाका विभिन्न विद्यार्थीहरूलाई पाठका विभिन्न अनुच्छेदहरू पढ्न भन्नुहोस् ।

(ख) आफूले पढेको अनुच्छेदको सारांश वा निष्कर्ष पनि विद्यार्थीहरूलाई पालैपालो बताउन निर्देशन दिनुहोस् ।

(ग) सबै विद्यार्थीहरूलाई पुरै पाठ मनमनै पढ्न भन्नुहोस् र सबै विद्यार्थीहरूको प्रतिनिधित्व हुने गरी केही विद्यार्थीहरूलाई पढेका पाठको निष्कर्ष पनि पालैपालो भन्न लगाउनुहोस् ।

**क्रियाकलाप - २**

(क) कक्षा कार्यका रूपमा अभ्यास ४ का प्रश्नहरूको उत्तर लेख्न भन्नुहोस् र त्यसको परीक्षण पनि गर्नुहोस् ।

(ख) कक्षा कार्यमा विद्यार्थीहरूलाई आवश्यक पनि सहयोग गर्नुहोस् । जस्तै, आमा र जन्मभूमिको महिमा बताउन तलको अनुच्छेद बोर्डमा लेख्नुहोस् :

हाम्रो जन्म, पालन पोषण तथा शिक्षा दीक्षा सबै आमाबाट नै हुन्छ । आमाले हामीलाई आफूलाई भन्दा पनि बढी माया गर्नुहुन्छ । हाम्रो भाग्य विधाता पनि आमा नै हुन् । व्यक्तिको व्यक्तित्व विकासमा आमाको प्रभाव पर्छ । जन्मभूमिको पनि हाम्रा लागि त्यस्तै महत्त्व छ । जन्मभूमि भनेको आफू जन्मेको देश हो । जन्मभूमिकै हावापानीले हामी जन्मभूमिकै वातावरणमा हुर्कन्छौं । हाम्रो पठनपाठनदेखि लिएर अन्य उन्नति प्रगतिका लागि समेत देशले अनेक प्रबन्ध मिलाउँछ । अत : आमा र जन्मभूमि हाम्रा लागि अति महत्त्वपूर्ण मानिन्छन् । यी हाम्रा लागिसबैभन्दा ठुला वा स्वर्गभन्दा मूल्यवान् हुन आउँछन् ।

(ग) पाठ पढ्दा होस् वा लिखित रूपमा कक्षा कार्य गर्दा होस् वा कुराकानीमा सहभागी हुँदा होस् उनीहरूका मनमा लागेका कुराहरू व्यक्त गर्न वा प्रश्न सोध्न विद्यार्थीहरूलाई विशेष रूपमा प्रोत्साहन गर्नुहोस् । यसरी कक्षाको वातावरणलाई विद्यार्थी मैत्री बनाउन पनि प्रयास गर्नुहोस् ।

(घ) अब विद्यार्थीहरूको कक्षाकार्यको परीक्षण गरी उनीहरूलाई पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिविम्बन :**

(अ) विद्यार्थीहरूलाई पाठको दोस्रो अनुच्छेद पढेर तलका प्रश्नहरूको उत्तर लेख्न भन्नुहोस् :

(क) कसैलाई पनि कसको निर्णय मन परेको छैन ?

(ख) सुम्निमा दिदी गाउँमा के गर्छिन् ?

(ग) गोविन्द, डोल्मा, मनोज र आर्य गाउँमा कसरी बाँचेका छन् ?

(घ) सरकारले युवा युवतीहरूलाई किन सस्तो ब्याजमा ऋण दिन्छ ?

(ङ) सरकारले बेरोजगारका लागि कस्तो कार्यक्रम ल्याएको छ ?

(आ) अभ्यास ३ का प्रश्नहरूको उत्तर त्यहाँ भएका विकल्पहरूबाट छान्न भन्नुहोस् ।

५. **गृहकार्य :**

अभ्यासको प्रश्न नं ७ सँग सम्बन्धित चिठी लेख्न सबै विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

## चौथो दिन

**पाठ्यवस्तु : ४** **चिठी लेखन** **घन्टी : १**

अपेक्षित सिप : लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) व्यवहारिक कागजातहरूको किसिम र तिनको महत्त्व बताउन,

(ख) घरायसी चिठीको सामान्य ढाँचा तयार गर्न,

(ग) आवश्यकताअनुसार तथा जवाफका रूपमा चिठी लेख्न,

२. **शैक्षिक सामग्री**

(क) व्यवहारिक कागजातहरूको सूची

(ख) विभिन्न किसिमका चिठीका नमुनाहरू

(ग) अभ्यासात्मक प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- पाठप्रति विद्यार्थीहरूको ध्यान आकर्षण गर्न उनीहरूको परिवारका सदस्यहरूले सामाजिक कामका लागि के कस्ता लिखतहरू लेख्ने गरेका छन् भनी उनीहरूसँग कुराकानी गर्नुहोस् ।
- बोर्डमा व्यावहारिक कागजातहरूको किसिम लेखेर तिनीहरूको प्रयोजन वा महत्त्वका सम्बन्धमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् । जस्तै :

  (क) घरायसी चिठी (ख) कार्यालयीय चिठी

  (ग) व्यापारिक चिठी (घ) निमन्त्रणा पत्र

  (ङ) शुभकामना पत्र (च) सार्वजनिक गुनासा

  (छ) बधाई तथा समवेदना पत्र आदि ।

**(ख) क्रियाकलाप**



Draft

**क्रियाकलाप - १**

(क) चिठीको ढाँचा कक्षामा प्रदर्शन गर्नुहोस् र त्यो ढाँचाका बारेमा एक एक गरी बताउनुहोस् ।

(ख) चिठीको ढाँचाका बारेमा विद्यार्थीहरूले कुनै पक्षमा विशेष जानकारी हासिल गर्ने अभिरुचि राखेमा प्रश्न गर्न प्रोत्साहन गर्नुहोस् ।

(ग) समूहगत रूपमा कक्षाकार्य गर्न भनी अलग अलग समूहलाई अलग अलग बेहोराको चिठी लेख्न निर्देशन दिनुहोस् । तपाइँ भने विद्यार्थीहरूले गरेको कक्षाकार्यको अवलोकन गर्नुहोस् ।

**क्रियाकलाप - २**

(अ) चिठी लेख्दा ध्यान दिनुपर्ने पक्षहरू बोर्डमा लेख्नुहोस् र तिनका बारेमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् । ध्यान दिनुपर्ने पक्षहरू जस्तै :

(क) चिठी लेख्दाको स्थान , समय अनि कसलाई चिठी लेखेको हो त्यसलाई गर्ने सम्बोधन र अभिवादन तथा तत्कालको आफ्नो अवस्था उल्लेख गर्न बिर्सनु हुँदैन ।

(ख) त्यसपछि चिठीमा लेख्न चाहेको बेहोरा प्रस्ट रूपमा लेख्नुपर्छ । चिठी लेख्ने भाषा सरल र शिष्ट हुनुपर्छ ।

(ग) आफ्ना आवश्यकताहरू अन्त्यमा विनम्रतापूर्वक प्रस्तुत गर्नु उचित हुन्छ । त्यसपछि आफूसँगको निकटता, नाता र आफ्नो नाम लेख्नुपर्छ ।

(आ) जवाफमा लेख्ने चिठीका बारेमा पनि विद्यार्थीसँग सामान्य छलफल गर्नुहोस् । जवाफका रूपमा चिठी लेख्दा ध्यान दिनुपर्ने पक्षहरू यस प्रकार हुन सक्छन् । जस्तै :

(क) आफूले पाएको चिठी दुई तिन पटक राम्ररी पढ्नुपर्छ ।

(ख) जवाफमा लेख्नुपर्ने कुराहरू कापीमा टिपोट गर्नुपर्छ ।

(ग) चिठी विभिन्न विषयसँग सम्बन्धित भए ती कुरा नछुटाइकन क्रमैसँग लेख्नुपर्छ ।

(घ) भाषा सरल, शिष्ट, प्रष्ट र सौहार्द्र हुनुपर्छ ।

४. **प्रतिविम्बन :**

**तलका प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) घरायासी चिठीमा समावेश गर्नुपर्ने पक्षहरू के के हुन् ?

(ख) पाठको चिठी कसले कसलाई किन लेखेको हो ?

(ग) नव वर्षको उपलक्ष्यमा शुभ कामना दिन शुभ कामना पत्रको ढाँचा तयार गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठमा उल्लेख चिठीको जवाफमा लेख्ने पत्र तयार गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य :**

अव्यय शब्दका बारेमा विस्तृत जानकारीका लागि नेपाली व्याकरणको कुनै पुस्तकको सहयोग लिनुहोस् ।

Draft

## पाँचौ र छैटौं

**पाठ्यवस्तु : ५** **कार्यमूलक व्याकरण : अव्यय शब्द** **घन्टी :२**

अपेक्षित सिप : अव्यय शब्दको पहिचान र प्रयोग

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) अव्यय शब्दहरू चिन्न र तिनले गर्ने काम बताउन,

(ख) विभिन्न किसिमका अव्यय शब्दलाई वाक्यमा प्रयोग गर्न,

२. **शैक्षिक सामग्री**

(क) अव्यय शब्दको तालिका

(ख) अव्यय शब्दहरूको सूची

(ग) अभ्यासात्मक तथा थप अन्य प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

यस पाठप्रति विद्यार्थीहरूको ध्यान आकर्षण गर्न कक्षामा विकारी शब्द र अविकारी शब्दको परिचय प्रस्तुत गर्नुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

अव्यय शब्दहरूको तालिका कक्षामा प्रस्तुत गर्नुहोस् , अनि त्यस तालिकाका आधारमा अव्यय शब्दका सम्बन्धमा विशेष छलफल गर्नुहोस् । जस्तै :

(क) क्रियायोगी शब्द : आज, भोलि, भित्र, बाहिर, राम्ररी, बिस्तारै, धेरै, थोरै पढ्न, लेख्न, पढेर, लेखेर आदि ।

(ख) नामयोगी शब्द : तिर, तर्फ, सित, सँग, सम्म, समेत, बाहेक, अनुसार, माथि, मुनि, बमोजिम आदि ।

(ग) संयोजक शब्द : र, तर, किनभने, वा, अथवा, पनि, तापनि, जो, जे, जुन आदि ।

(घ) निपात शब्द : खै, पो, त, नि, र, ल, है आदि ।

(ङ) विस्मयादि बोधक : अहो, आहा, हाय, ऐया, छि, स्यावास्, उफ् आदि ।

**क्रियाकलाप - २**

अव्यय शब्दका रूपमा पाठबाट विद्यार्थीहरूलाई क्रियायोगी , नामयोगी , संयोजक , निपात र विस्मयादिबोधक शब्दहरू सङ्कलन गर्न भन्नुहोस् ।

**क्रियाकलाप - ३**

Draft

क्रियायोगी, नामयोगी, संयोजक, निपात तथा विस्मयादिबोधक शब्दहरूले वाक्य संसचनामा गर्ने कार्यहरू अलग अलग रूपमा बताउनुहोस् र विद्यार्थीहरूलाई भने ती कामहरू कापीमा लेख्न भन्नुहोस् । जस्तै :

(क) क्रियायोगी शब्दहरूले क्रियापदसित सम्बन्ध राख्ने वा क्रियाको विशेषता बताउने काम गर्छन् ।

(ख) नामयोगी शब्दहरूले वाक्यभित्रका पूर्वापर शब्दहरूसँग सम्बन्ध स्थापित गर्छन् ।

(ग) संयोजक शब्दहरूले वाक्य संरचनामा शब्द तथा वाक्यहरूलाई जोड्ने काम गर्छन् ।

(घ) निपात शब्दहरूले वाक्यले व्यक्त गर्ने कुरालाई सुदृढ तुल्याउँछन् ।

(ङ) विस्मयादिबोधक शब्दहरूले हर्ष, विस्मात्, आश्चर्य, घृणा आदि भाव व्यक्त गर्छन् ।

**क्रियाकलाप - ४**

(क) क्रियायोगी, नामयोगी, संयोजक, निपात तथा विस्मयादिबोधक शब्दहरू प्रयोग भएका वाक्यहरूको तालिका कक्षामा प्रस्तुत गर्नुहोस् र त्यसबारेमा छलफल पनि गर्नुहोस् ।

(ख) अव्यय शब्दहरू प्रयोग गरेर वाक्यहरूको संरचना गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

**क्रियाकलाप - ५**

(क) अब कक्षाकार्यका रूपमा पाठको अभ्यासमा उल्लेख १२, १३, १४ र १५ प्रश्नहरू हल गर्न सबै विद्यार्थीहरूलाई भन्नुहोस् ।

(ख) प्रश्नको उत्तर लेख्न विद्यार्थीहरूलाई कुनै कठिनाइ भएमा आवश्यक मदत गर्नुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूको आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) 'दाजुलाई चिठी' पाठमा भएका क्रियायोगी शब्दहरू कापीमा टिप्नुहोस् ।

(ख) संयोजक शब्दले वाक्य संरचनामा के काम गर्छन् बताउनुहोस् ।

(ग) तलका नामयोगी शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

सँग , सित , माथि , नेर , विना , भन्दा , तिर ।

(घ) निपात र विस्मयादिबोधक शब्दको उदाहरण दिनुहोस् ।

५. **गृहकार्य :**

सबै किसिमका अव्यय शब्दहरू प्रयोग गरेर आफूले मनाउने गरेको कुनै एउटा चाडका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

Draft

## सातौँ दिन

**पाठ्यवस्तु : ६** **सिर्जनात्मक लेखन** **घन्टी : २**

अपेक्षित सिप : लेखाइ

**१. उद्‌देश्य : यस पाठका आधारमा विद्‌यार्थी तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) निमन्त्रणा पत्र लेख्न,

(ख) घरयासी चिठी लेख्न,

**२. शैक्षिक सामग्री**

(क) निमन्त्रणा पत्रका नमुना

(ख) घरायसी चिठीको नमुना

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

निमन्त्रणा पत्र तथा घरायसी चिठीका बारेमा विद्‌यार्थीहरूलाई उनीहरूको अनुभव कक्षामा प्रस्तुत गर्न अवसर प्रदान गर्नुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

(क) पाठको सिर्जनात्मक अभ्यासमा उल्लेख निमन्त्रणाको ढाँचा मनमनै पढ्न विद्‌यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

(ख) त्यस निमन्त्रणा पत्रका आधारमा बुँदाहरू टिपेर बोर्डमा लेख्नुहोस् । ती बुँदा विद्‌यार्थीहरूलाई कापीमा कापीमा सार्न पनि लगाउनुहोस् । जस्तै :

- विधा
- सम्बोधन
- बेहोरा
- कार्यक्रम
- प्रार्थी

**क्रियाकलाप - २**

(क) आफ्नो जन्म दिनको कार्यक्रममा उपस्थित हुनका लागि आफ्ना साथीहरूलाई लेख्ने निमन्त्रणा पत्रको ढाँचा तयार गर्न सबै विद्‌यार्थीलाई निर्देशन दिनुहोस् । केही विद्‌यार्थीहरूलाई उनीहरूले लेखेको निमन्त्रणा पत्र कक्षामा प्रस्तुत गर्न पनि लगाउनुहोस् ।

(ख) विद्‌यार्थीले लेखेका निमन्त्रणा पत्र परीक्षण गरी उनीहरूलाई पृष्ठपोषण पनि प्रदान गर्नुहोस् ।

**क्रियाकलाप - ३**

(क) विभिन्न बेहोराका घरायसी चिठीहरू फरक फरक ढङ्गका हुन सक्छन् । यस बारेमा विद्‌यार्थीहरूसँग सामान्य कुराकनी गर्नुहोस् । कुराकानी गर्दा विद्‌यार्थीहरूलाई नै धेरै कुरा भन्ने अवसर प्रदान गर्नुहोस् ।

Draft

(ख) घरायसी चिठीको नमुना कक्षामा प्रस्तुत गर्नुहोस् र त्यस चिठीका आधारमा विद्यार्थीहरूलाई बुँदा टिप्न लगाउनुहोस् ।

(ग) उनै बुँदाका आधारमा चिठी लेख्न अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप - ४**

(क) विभिन्न प्रश्नहरूका आधारमा विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा चिठी लेख्न लगाउनुहोस् र उनीहरूले लेखेको चिठी परीक्षण गरेर पृष्ठपोषण दिनुहोस् ।

(ख) अब कक्षा कार्यकै रूपमा अभ्यासमा उल्लेख १७ नं. को प्रश्न हल गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूको आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :**

(क) सिर्जनात्मक अभ्यासमा उल्लेख निमन्त्रणाका आधारमा पाँच ओटा प्रश्न बनाउनुहोस् ।

(ख) घरायसी चिठीमा प्रारम्भ र अन्त्य कसरी हुन्छ , यस बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

५. **गृहकार्य :**

आफ्नो विद्यालयको शैक्षिक अवस्था उल्लेख गरी आफ्ना साथीलाई पत्र लेख्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

Draft

# पाठ : १२

**पाठ शीर्षक : मेरो घर      विधा : कविता**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १ | लयबोध र शुद्ध उच्चारण | १ |
| २ | भावबोध र व्याख्या | १ |
| ३ | बोध प्रश्नोत्तर | १ |
| ४ | भाव विस्तार र सारांश | १ |
| ५ | शब्द भण्डार | १ |
| ६ | व्याकरण : पदवर्ग, करण र अकरण | १ |
| ७ | सिर्जनात्मक अभ्यास : मन परेको शीर्षकमा कविता लेखन | १ |
| ८ | सिकाइ पुनरावृत्ति | १ |
| | जम्मा | ८ |

**पहिलो दिन**

पाठ्यवस्तु : **लयबोध र शुद्ध उच्चारण**

लक्षित सिप : लयवाचन र उच्चारण

१. **विशिष्ट उद्देश्य**

(क) 'मेरो घर' कविताको लयवाचन गर्न,

(ख) कविताको कठिन उच्चारण भएका शब्दको शुद्ध उच्चारण गर्न,

२. **शैक्षिक सामग्री :**

ठूलो अक्षरमा उतार गरिएको 'मेरो घर' कविताको तालिका, कठिन उच्चारण भएका शब्दहरूको शब्दपत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

विद्याथीहरूलाई सिकाइमा सक्रिय गराउने दुई पङ्क्ति कविता वा गीत गाउन लगाएर आजको कक्षा शुरुवात गर्नुहोस् ।

(क) **क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- सर्वप्रथम 'मेरो घर' कविता लय मिलाएर वाचन गर्न विद्यार्थीलाई लगाउनुहोस् र विद्यार्थीले वाचन गरेको लयभन्दा फरक लय भएमा आफूले वाचन गरेर सुनाउनुहोस् त्यसपछि शिक्षकलाई अनुकरण गर्दै विद्यार्थीलाई पनि लय मिलाएर वाचन गर्न लगाउनुहोस् ।
- कविताको वाचनमा ध्यान दिनुपर्ने गति, लय, विश्रामका सम्बन्धमा विद्यार्थीहरूका बिचमा छलफल गराउनुका साथै वाचनका लागि प्रष्ट निर्देशन दिनुहोस् ।
- विद्यार्थीलाई समूहमा वाचन गराउने तथा एक जना विद्यार्थीलाई शिक्षकको भूमिका निर्वाह गर्न लगाई अन्य विद्यार्थीलाई अनुकरण वाचन गर्ने क्रियाकलाप गराउनुहोस् ।
- कविताको लयवाचन गराउँदा विश्राम हुनुपर्ने ठाउँमा विश्राम भए नभएको अवलोकन गर्नुहोस् र गल्ती भए आफूले लयवाचन गरी सच्याउन लगाउनुहोस् ।
- लयवाचनका लागि समूह समूह छुट्याई प्रतियोगितात्मक वाचन गराउनुहोस् र मूल्याङ्कन गरी उत्कृष्ठ विद्यार्थीलाई तालिले प्रोत्साहित पनि गर्नुहोस् ।

**क्रियाकलाप २**

- लयवाचन गर्दा उच्चारण गर्न कठिन भएका शब्दहरू टिपोट गर्न लगाउनुहोस् र लयवाचन गरिसकेपछि ती शब्दहरूलाई उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।
- विद्यार्थीले सही उच्चारण गर्न नसकेका कठिन शब्दहरूको शब्दपत्ती प्रदर्शन पाटीमा एक एक गरी राखी आफूले उच्चारण गरी सँगसँगै उच्चारण गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई शुद्ध उच्चारण गर्न कठिन भएका शब्दहरू अक्षर अक्षर छुट्याई शैक्षणिक पाटीमा लेखेर देखाई शुद्ध उच्चार गर्ने अभ्यास गराउनुहोस् । जस्तै : आँगन (आँ.गन्), सहेली (स.हे.लि), गुम्बा (गुम्.बा), मस्जिद (मस्.जिद्), ल्होसार (ल्हो.सार्), अर्चना (अर्.च.ना) आदि ।
- यस क्रममा विद्यार्थीहरूलाई समूहमा विभाजन गरी शुद्ध उच्चारण गर्ने प्रतियोगिता गराई प्रशस्त अभ्यास गराउनुहोस् ।
- आगामी कक्षामा भावबोध र व्याख्या क्रियाकलाप गरिने कुराको जानकारी दिँदै कक्षा समापन गर्नुहोस् ।

४. **प्रतिविम्बन**

कविताका श्लोकहरू व्यक्तिगतरूपमा लयवाचन गर्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

उच्चारण गर्न कठिन १० ओटा शब्दहरू पहिचान गरी अक्षरअक्षर बाँडेर लेखेर ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

बोध प्रश्नोत्तरको तालिका तयार पार्नुहोस् ।

Draft

| दिन : दोस्रो |
| --- |

पाठ्यवस्तु : **भावबोध र व्याख्या**

लक्षित सिप : बोध र अभिव्यक्ति

**१. विशिष्ट उद्देश्य**

(क) कविताका विशिष्ट पङ्क्तिको भावार्थ बताउन,

(ख) कविताको भाव व्याख्या गर्न ।

**२. शैक्षिक सामग्री**

कविताका विशिष्ट पङ्क्तिहरूको तालिका, भावार्थ पत्ती, प्रदर्शन पाटी र शब्दकोश

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

विद्याथीहरूलाई सिकाइमा सक्रिय गराउने छोटो क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको कार्य प्रस्तुत गराई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप १**

- लयबोधको संक्षिप्त पुनरावलोकन गराउनुहोस् ।
- कविताको पहिला दुई पङ्क्ति लेखिएको तालिका प्रस्तुत गरी भाव पहिल्याई लेख्नलाई विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

  मेरो यो घर, छानामा खर, ढुङ्गाको आँगन

  मन छ ठुलो दिएरै पुग्छ पर्दैन मागन ।
- कक्षालाई कविताका विशिष्ट पङ्क्तिको भाव पहिल्याई लेख्नलाई आवश्यक समय दिई केही विद्यार्थीहरूलाई पालैपालो भन्न लगाउनुहोस् ।
- विद्यार्थीले पहिचान गरेको विशिष्ट पङ्क्तिको भावलाई सबलीकरण गर्दै माथिका पङ्क्तिको भाव लेखिएको तालिका प्रदर्शन पाटीमा प्रस्तुत गर्दै उक्त भावका बारेमा छलफल गर्नुहोस् ।
- त्यसैगरी अन्य विशिष्ट पङ्क्तिहरू विभिन्न समूहमा वितरण गरी भाव पहिचान गर्न लगाउनुहोस् र समावेशिताको आधारमा सबै समूहले लेखेको भाव प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीले प्रस्तुतीकरण गरेपछि आवश्यक पृष्ठपोषण दिई थपघट गर्न लगाउनुहोस् ।

Draft

**क्रियाकलाप २**

- विशिष्ट पङ्क्तिको भाव पहिल्याई सकेपछि सम्पूर्ण कविताको भाव व्याख्या गर्ने क्रियाकलाप गराउनका लागि सर्वप्रथम कविता मौनवाचन गर्न लगाउनुहोस् ।
- कवितालाई समेट्ने गरी सङ्क्षिप्त प्रश्नहरू सोध्नुहोस् र समूहमा छलफल गरी प्रश्नहरूको उत्तर तयार पार्न लगाउनुहोस् । यसका लागि शिक्षकले नमुना प्रश्न र उत्तर प्रदर्शन पाटीमा प्रस्तुत गर्नुहोस् ।
  - o किसानको घर कस्तो छ ?
  - o किसानको भूतल कस्तो छ ?
  - o किसानका सहेलीहरू कस्ता छन् ?
  - o किसान कहाँ छरिन्छन् ?
  - o किसान कसरी भरिन्छन् ?
  - o हिमाल किन फुलेको होला ?
  - o किसानले जहान कसरी पाल्छ ?
- विशिष्ट पङ्क्तिको भाव र उक्त प्रश्नहरूका उत्तको आधारमा समूहमा छलफल गरी कविताको भाव लेख्न लगाउनुहोस् ।
- विद्यार्थीले आफ्नो समूहबाट तयार पारेको कविताको भाव अर्को समूहमा अवलोकन गर्न लगाई पृष्ठपोषण लिई अन्तिम रूप दिन लगाउनुहोस् ।
- आफूले तयार पारेको कविताको भाव तालिका प्रदर्शित गर्दै छलफल गरी समूहले तयार पारेका भावलाई अन्तिम रूप दिएर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक सबलीकृत पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिविम्बन**

'मेरो घर' कविताको भाव भन्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

'मेरो घर' कविताको भाव लेखेर ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

मोबाइलमा कविता गायनको रेकर्ड सङ्कलन गर्नुहोस् ।

| **दिन : तेस्रो** |
|---|

पाठ्यवस्तु : **बोध प्रश्नोत्तर**

लक्षित सिप : बोध र अभिव्यक्ति

१. **विशिष्ट उद्देश्य**



Draft

कविताको विषय वस्तुका बारेमा प्रश्नोत्तर गर्न

२. **शैक्षिक सामग्री**

प्रश्नपत्ती, उत्तरपत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

विद्यार्थीलाई केही समय दिई यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक विषयमा द्रुतलेखन क्रियाकलाप सञ्चालन गर्नुहोस् । यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- 'मेरो घर' कविता' विद्यार्थीलाई मौनवाचन गर्न लगाउनुहोस् ।
- 'मेरो घर' कवितालाई समेटिने गरी यसभन्दा पहिलेको पाठमा तयार पारेका सङ्क्षिप्त प्रश्नहरू समूह समूहमा वितरण गरी उत्तर तयार पार्न लगाउनुहोस् । आवश्यक परे आफूले तयार पारेर ल्याएको प्रश्नहरूको उत्तरहरूमध्ये कुनै एउटा नमुना उत्तर प्रदर्शन पाटीमा प्रस्तुत गर्नुहोस् ।
- समूहले तयार पारेको उत्तरहरू एकएक गर्दै प्रस्तुत गर्न लगाई त्यसका बारेमा आवश्यक टिप्पणी गर्नुहोस् । यस क्रममा विद्यार्थीहरूले दिएको उत्तर अस्पष्ट भएमा वा नमिलेमा प्रश्नको सही उत्तर खोज्नका लागि पङ्क्तिहरू औँल्याई सबलीकृत पृष्ठपोषण दिनुहोस् ।
- विद्यार्थीहरूलाई पनि त्यस्तै अन्य प्रश्नहरू बनाउन लगाई अर्को पङ्क्तिका विद्यार्थीलाई सोध्न लगाई प्रश्नोत्तर सत्र सञ्चालन गर्नुहोस् । राम्रो प्रश्न र उत्तरलाई तालीले प्रोत्साहन गर्नुहोस् ।

४. **प्रतिविम्बन**

अभ्यास २ बाट तयार पारिएका प्रश्नहरूको उत्तर भन्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

अभ्यास ४ का प्रश्नहरूको उत्तर लेखेर ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

कविताका पङ्क्तिहरूको भाव विस्तार तालिका निर्माण गर्नुहोस् ।

**दिन : चौथो**

Draft

पाठ्यवस्तु : **भाव विस्तार र सारांश**

लक्षित सिप : पढाइ, बोलाइ र सारांश कथन

## १. विशिष्ट उद्देश्य

(क) प्रस्तुत कविताका विशिष्ट पङ्क्तिहरूको भाव विस्तार गर्न,

(ख) 'मेरो घर' कविताको सारांश भाव व्यक्त गर्न ।

## २. शैक्षिक सामग्री

कविताको विशिष्ट पङ्क्तिको पत्ती, सारांश तालिका र प्रदर्शन पाटी ।

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) उत्प्रेरणा

अघिल्लो दिन दिएको गृहकार्य/परियोजना कार्यहरू समावेशिताका आधारमा केही विद्यार्थीहरूलाई प्रस्तुत गर्न लगाउनुहोस् र प्रस्तुतिपछि विद्यार्थीहरूले प्रदर्शन गरेका राम्रो पक्षहरू तथा राम्रो प्रदर्शन गर्ने विद्यार्थीलाई ताली बजाएर प्रशंसा गर्ने कार्य गर्नुहोस् र गृहकार्य गर्ने सबैलाई धन्यवाद दिँदै आवश्यक पृष्ठभूमीसहित आजको पाठ्य वस्तुका बारेमा जानकारी दिनुहोस् । यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

### (ख) क्रियाकलाप

**क्रियाकलाप १**

- कविताका विशिष्ट पङ्क्तिको भाव विस्तार गर्नका लागि कविता मौनवाचन गराई विशिष्ट पङ्क्तिहरू टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपेका पङ्क्तिहरूमध्ये कुनै एक वा दुई पङ्क्ति भन्न लगाई शैक्षिणिक पाटीमा टिपोट गर्नुहोस् ।
- उदाहरणका रूपमा उक्त पङ्क्तिलाई व्याख्या वा भावविस्तारका लागि बु"दा वा विषय वस्तुका बारेमा समूहमा छलफल गराउनुहोस् । छलफलबाट आएका महत्त्वपूर्ण बु"दाहरू शैक्षिणिक पाटीमा टिप्दै जानुहोस् । बु"दा टिपोटपछि तिनै बु"दाका आधारमा भाव विस्तारको नमुना तयार गर्न विद्यार्थीहरूलाई लगाउनुहोस् ।
- सहजीकरणका लागि कुनै विशिष्ट अंशको व्याख्या वा भावविस्तारको नमुना प्रस्तुत गर्नुहोस् र त्यही नमुनामा आधारित हु"दै उक्त अंशको व्याख्या वा भावविस्तार गर्न लगाउनुहोस् । आफूले तयार गरेर ल्याएको नमुना प्रदर्शन पाटीमा प्रस्तुत गर्नुहोस् ।
- अभ्यास ६ को काम कक्षाकार्यकारूपमा गर्न लगाउनुहोस् ।
- भाव वा आशयको विस्तृतीकरणका साथै उक्त भावको पुष्टिका लागि उदाहरण, तर्क, उक्तिसमेत दिई उक्त कथनलाई सुस्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- यसपछि प्रस्तुत कविताको सबै पङ्क्तिहरूको भावलाई समेटेर पाँच वाक्यमा नबढ्नेगरी कविताको सारांश भावको खेस्रा तयार पार्न लगाउनुहोस् ।
- यसरी विद्यार्थीले तयार पारेको कविताको सारांश भावलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

- आफूले तयार पारेर ल्याएको कविताको सारांश भावलाई प्रदर्शन पाटीमा प्रस्तुत गरी छलफल गर्नुहोस् ।
- विद्यार्थीले तयार पारेको सारांश भावमा आवश्यक पृष्ठपोषण दिई अन्तिम रूप दिन लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

कविताका विशिष्ट पङ्क्तिहरूको भाव विस्तार गर्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

'मेरो घर' कविताको सारांश भावमा लेखेर ल्याउनका लागि गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

कठिन शब्दहरूको सङ्ग्रह तयार पार्नुहोस् ।

## दिन : पाँचौं

पाठ्यवस्तु : **शब्द भण्डार**

लक्षित सिप : शब्द निर्माण

१. **विशिष्ट उद्देश्य**

(क) पर्यायवाची शब्दहरू पहिचान गर्न,

(ख) चन्द्रबिन्दु र शिरबिन्दु लागेका शब्दहरूको सूची तयार पार्न ।

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दार्थ पत्ती, प्रदर्शन पाटी र शब्दकोश

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक मस्तिष्क मन्थनसम्बन्धी प्रश्न गरी उत्तर तयार पार्न लगाई विद्यार्थीलाई समावेशिताको आधारमा एकएक गर्दै तोक्दै उत्तर भन्न लगाई सही उत्तर पहिचान गर्ने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
- कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक जानेको/जान्न चाहेको/सिकेको क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- यस कवितामा प्रयोग भएका विद्यार्थीलाई कठिन लागेका शब्दहरू अभ्यास पुस्तिकामा ठाडो गरेर टिप्न लगाउनुहोस् र ती शब्दसँग अर्थ मिल्दोजुल्दो हुने अन्य शब्दहरू सम्बन्धित शब्दको दायाँपट्टी लेख्न लगाउनुहोस् । जस्तो :

| | | |
|---|---|---|
| भूतल | : | पृथ्वीको बाहिरी भाग, जमिन |
| सहेली | : | साथी, मित्र |

Draft

अर्चन : पूजा, प्रार्थना

- ती शब्दहरूलाई क्रमशः पालैपालो कक्षामा नदोहोरिनेगरी भन्न लगाउनुहोस् र अरू विद्यार्थीलाई मिल्दो अर्थ दिने (पर्यायवाची) शब्दहरू भन्न लगाउनुहोस् । यदि सही पर्यायवाची शब्द भन्न नसकेमा सहजीकरण गर्नुहोस् । जसले कुनै शब्दको धेरै ओटा पर्यायवाची शब्द भन्न सक्छ उसलाई ताली बजाएर प्रशंशा गर्नुहोस् ।
- यसरी पर्यायवाची शब्दहरू खोज्ने क्रममा शब्दकोशको पनि प्रयोग गर्नका लागि प्रेरित गर्नुहोस् । शब्दभण्डार विकासका लागि शब्द सङ्कलन गर्न लगाउनुहोस् ।
- अभ्यसा ८ र ९ को क्रियाकलाप पनि गराउनुहोस् ।

**क्रियाकलाप २**

- चन्द्रबिन्दु र शिरबिन्दुको प्रयोगमा विद्यार्थीले गल्ति गर्ने गरेका शब्दहरूको अनुलेखन गराउनुहोस् । जस्तै : संस्कृत, संस्कृति, गहुँ, दसैँ, हाँसेर आदि ।
- विद्यार्थीले लेखेका शब्दहरू एक आपसमा साटासाट गरेर पृष्ठपोषण दिन लगाउने कार्यको सहजीकरण गर्नुहोस् र ती शब्दहरूको शब्दपत्ती प्रदर्शन पाटीमा प्रस्तुत गरी एकएक गरी आफूले उच्चारण गरी अनुकरण गर्न लगाउनुहोस् ।
- पाठ्य पुस्तकबाट चन्द्रबिन्दु र शिरबिन्दु लागेका शब्दहरू खोजिगरेर सूची बनाउन लगाउनुहोस् । शुद्धीकरणका लागि शब्दकोषको पनि प्रयोग गर्नका लागि सल्लाह दिनुहोस् र प्रयोग गर्न समेत सहजीकरण गर्नुहोस् ।
- विद्यार्थीले टिपोट गरेका शब्दहरू पालैपालो पढ्न लगाउनुहोस् । सही उच्चारण गर्न नसकेका वा नसक्ने शब्दहरूको उच्चारण गरी दोहोर्‍याउन लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

'मेरो घर' कवितामा प्रयोग भएका १० ओटा शब्दको पर्यायवाची शब्दहरूको तालिका बनाउन लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

चन्द्रबिन्दु र शिरबिन्दु लागेका १०/१० ओटा शब्दको सूची तयार पारेर ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

पदवर्ग र करण अकरण शिक्षणका लागि हस्तपत्र तयार पार्नुहोस् ।

| **दिन : छैटौँ** |
|---|

पाठ्यवस्तु : **व्याकरण (पदवर्ग, करण र अकरण)**

लक्षित सिप : पदवर्ग र वाक्य परिवर्तन

१. **विशिष्ट उद्देश्य**

(क) नाम, सर्वनाम, विशेषण र क्रियापद शब्दको सूची तयार पार्न,

(ख) करण र अकरण क्रियापदलाई एकअर्कामा परिवर्तन गर्न,

## २. शैक्षिक सामग्री

नाम र विशेषण शब्दको शब्दपत्ती, पदवर्गको आधार सूची, क्रियपादको शब्दपत्ती र प्रदर्शन पाटी ।

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) उत्प्रेरणा

सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

### (ख) क्रियाकलाप

**क्रियाकलाप १**

- सर्वप्रथम घर, खेत, पहाड, पानी जस्ता नाम शब्द, म, हामी, त्यो, जस्ता सर्वनाम शब्द रातो, मीठो, होचो आदि विशेषण शब्द, लेख्यो, पढ्छ, जाला, जस्ता क्रियापद शब्द कालोपाटीमा प्रस्तुत गरी ती शब्दको भिन्नता सोध्नुहोस् ।
- शब्द (नाम, सर्वनाम, विशेषण र क्रिया) को सूची विद्यार्थीहरूलाई बनाउन लगाउनुहोस् र छलफल गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई पाठबाट नाम, सर्वनाम, विशेषण र क्रियापद शब्द अलगअलग रूपमा छान्न लगाउनुहोस् ।
- नाम, सर्वनाम, विशेषण र क्रियापदको उदाहरण दिई परिभाषा समेत बनाउन लगाउनुहोस् । अनि विद्यार्थीहरूका बिचमा प्रश्नोत्तर गराउनुहोस् ।

**क्रियाकलाप २**

- पाठमा भएका क्रियापदहरू टिपोट गर्न लगाई उक्त क्रियापदहरूको उल्टो जनाउने क्रियापद पहिचान गर्न लगाई लेख्न लगाउनुहोस् ।
- हो वा हुन्छ भन्ने नकारात्मक अर्थ जनाउने क्रियापदहरूलाई करण र अकरणका शब्दहरू हुन् भनी छलफल गराउनुहोस्
- पाठ्य पुस्तकमा भएका क्रियापदहरूबाट करण र अकरणको तालिका बनाउन लगाउनुहोस् ।
- पाठमा भएका दस ओटा वाक्य छानी करण भए अकरण र अकरण भए करण बनाएर लेख्ने कक्षाकार्य दिनुहोस् र प्रस्तुत गर्न लगाई सबलीकृत पृष्ठपोषण दिनुहोस् ।

## ४. प्रतिविम्बन

नाम, सर्वनाम, विशेषण र क्रियापदका विभिन्न शब्दहरू दिएर पदवर्ग छुट्याउन लगाउनुहोस् ।

## ५. गृहकार्य/परियोजना कार्य

'मेरो घर' कवितामा भएका १० ओटा शब्द छानी करण भए अकरण र अकरण भए करण बनाएर ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

अनुदित कविताहरूको सङ्ग्रह तयार पार्नुहोस् ।

| दिन : सातौँ |
|---|

पाठ्यवस्तु : **सिर्जनात्मक अभ्यास (मन परेको शीर्षकमा कविता लेखन)**

लक्षित सिप : कविता लेखन र वाचन

१. **विशिष्ट उद्देश्य**

(क) आफूलाई मनपरेको शीर्षकमा कविता लेख्न,

(ख) कविता वाचन र मूल्याङ्कन गर्न ।

२. **शैक्षिक सामग्री :**

कविता लेखनका लागि शीर्षकको सूची र पुरस्कारका लागि मसलन्द सामग्री

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

कुनै गीत, कवितांश, लघुकथा वा मुक्तक आफूले सुनाउने साथै सहभागिताको सिद्धान्तका आधारमा केही विद्यार्थीहरूलाई पनि सुनाउन लगाउनुहोस् ।

(क) **क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूको कविता गोष्ठी सञ्चालनका लागि एउटा समिति निर्माण गर्नुहोस् ।
- अफूलाई मनपर्ने एउटा विषय छनोट गर्न लगाई विषयसँग मिल्ने विषय वस्तु वा बुँदाहरू टिपोट गर्न लगाउनुहोस् । सो विषय वस्तुहरू समेटेर कविताको खेस्रा तयार पार्न लगाउनुहोस् ।
- विद्यार्थीले कविताको खेस्रा तयार पारेपछि समूहमा कविता साटासाट गरेर पढ्न लगाई कवितालाई अन्तिम रूप दिन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- कविता गोष्ठी सञ्चालनका लागि विद्यार्थीहरूको एउटा समिति निर्माण गर्नुहोस् ।
- प्रतिनिधिमूलक कविता गोष्ठी सञ्चालन गराउनुहोस् ।
- विद्यार्थीको समितिबाट मूल्याङ्कन गराई उत्कृष्ट तिन ओटा कविताहरू छनोट गर्ने कार्य गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिई पुरस्कृत समेत गर्नुहोस् ।

Draft

- वाचन गरिएका कविताहरू व्यक्तिगत कुनामा टाँस्ने व्यवस्थागरी उत्कृष्ट कविताहरू भित्ते पत्रिकामा प्रकाशन गर्ने सामुहिक कार्य लगाउनुहोस् ।

**४. प्रतिविम्बन**

आफूलाई मन परेको शीर्षकमा कविता लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

**५. गृहकार्य/परियोजना कार्य**

कविता गोष्ठी सञ्चालन गरी भित्ते पत्रिकामा प्रकाशन गर्ने सामुहिक परियोजना कार्य गराउनुहोस् ।

**६. शिक्षकका लागि परियोजना कार्य**

विद्यार्थीहरूलाई उनीहरूले यस 'मित्रता' पाठको शिक्षण सिकाइ क्रियाकलापमा गरेका कार्यहरू निरन्तर विद्यार्थी मूल्याङ्कनको आफ्नो कार्य सञ्चयिकामा सङ्कलन गर्न लगाई मूल्याङ्कन गरी अभिलेख फाराममा जनाउनुहोस् ।

## दिन : आठौं

पाठ्यवस्तु : **सिकाइ पुनरावृत्ति**

लक्षित सिप : उपलब्धि परीक्षण

**१. विशिष्ट उद्देश्य**

यस एकाइबाट सोधिएका प्रश्नको उत्तर दिन ।

**२. शैक्षिक सामग्री**

उपलब्धि परीक्षणका लागि प्रश्नपत्र

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

सर्वप्रथम विद्यार्थीलाई यो पाठको शिक्षणभरि अनुपस्थित र उपस्थित को को भयो सोध्दै आआफ्नो ठाउँबाट उठेर भन्न लगाउनुहोस् । आज यो पाठको अन्तिम दिन हामी के गर्छौं भनी आजको कार्यको जानकारी गराउनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप १**

निम्नलिखित प्रश्नहरू समावेश गरी विद्यार्थीलाई सिकाइ पुनरावृत्ति गराउनुहोस् ।

**नमुना प्रश्नपत्र**

विषय : नेपाली

अ. तल दिइएका शब्दको अर्थ लेख :

माघी, छठ, मारुनी, सहेली, भूतल

आ. तलका प्रश्नको छोटो उत्तर देऊ :

(क) किसानको घर कस्तो छ ?

(ख) किसानको भूतल कस्तो छ ?

(ग) किसानका सहेलीहरू कस्ता छन् ?

(घ) किसान कहाँ छरिन्छन् ?

(ङ) नेपालको प्रकृति चित्रण कसरी गरिएको छ ?

इ. 'मेरो घर' कविताको मूलभाव पाँच वाक्यमा लेख ।

ई. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याऊ :

घामले दिन्छ मायालु न्यानो जूनले शीतल ।
मायाले भिजी रसिलो सधैँ मेरो यो भूतल ।

**४. प्रतिविम्बन**

माथिका प्रश्नहरूको उत्तर प्रतिनिधिमूलकरूपमा भन्न लगाउनुहोस् ।

**५. शिक्षकका लागि परियोजना कार्य**

सिकाइ पुनरावृत्तिका उत्तरहरू परीक्षण गरी विद्यार्थीलाई फिर्ता गरेर आ-आफ्नो निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्य सञ्चयिकामा राख्न लगाउनुहोस् ।

**थप अध्ययन सामग्री**

**कविता शिक्षणका विधिहरू**

गीत तथा अभिनय विधि

अर्थबोध विधि

व्याख्या विधि

खण्डान्वय/प्रस्नोत्तर विधि

व्यास विधि

तुलनात्मक विधि

समीक्षा विधि

Draft

## पाठ १३ विज्ञान अभिशाप नभई वरदान (वाद विवाद)

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | बोध, छलफल र प्रश्नोत्तर | १ |
| ४. | मौन पठन र सङ्क्षिप्त प्रश्नोत्तर | १ |
| ५. | द्रुत पठन र बोध | १ |
| ६. | शब्द भण्डार | १ |
| ७. | कार्यमूलक व्याकरण | १ |
| ८. | सिर्जनात्मक अभ्यास | १ |
| | **जम्मा** | ८ |

**पहिलो दिन**

### पाठ शीर्षक : विज्ञान अभिशाप नभई वरदान (वाद विवाद)

*घन्टी :*

पाठ्यवस्तु : सस्वर पठन र शुद्धोच्चारण — समय: ४५ मिनेट

लक्षित सिप : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) वाद विवादका निर्दिष्ट अनुच्छेदलाई गति यति मिलाई सस्वर पढ्न ।

(ख) यस पाठका कठिन शब्दको शुद्ध रूपमा उच्चारण गर्न ।

लक्षित शब्द: सभाध्यक्ष, निर्णायक, आदरणीय, आक्षेप, मण्डल, प्लेग, प्राण, ध्वस्त, ध्वंस, शस्त्रास्त्र

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक उच्चारण गर्न कठिन लाग्ने शब्दको सूची, शब्दपत्ती, गोजीतालिका

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

शिक्षकले 'विज्ञान अभिशाप नभई वरदान' पाठमा आधारित भई विद्यार्थीहरूलाई प्रस्तुत वाद विवादसित सम्बन्धित निम्नानुसारका केही प्रश्न सोधी उत्प्रेरणा प्रदान गर्दै पाठप्रति विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् । जस्तै :

Draft

(क) तिमीहरूले कहिल्यै वाद विवाद प्रतियोगितामा भाग लिएका छौ ?

(ख) वाद विवाद प्रतियोगितामा भाग लिने प्रतियोगीले के के कुरामा ध्यान दिनुपर्छ ?

(ग) तिमीहरूको विचारमा विज्ञान अभिशाप हो कि वरदान ?

(घ) विज्ञानका नराम्रा पक्षहरू के के हुन् ?

(ङ) विज्ञानका महत्त्वपूर्ण उपलब्धिहरू के के हुन् ?

- शिक्षकले विद्यार्थीलाई वाद विवादका बारेमा छोटो प्रवचन दिनुहोस् र विद्यार्थीका जिज्ञासा मेटाउँदै आफूले पढाउने पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् अनि आजको कक्षामा कक्षा कोठाभित्र गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीलाई जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप-१**

- सर्वप्रथम शिक्षकले कक्षाका विद्यार्थीहरूलाई उद्घोषकसहित अरू चार जना वक्ता बनेर हाउभाउसहित पालैपालो अभिनय गरेर सिङ्गो पाठ सुनाउन लगाउनुहोस् ।
- यस किसिमको सस्वर वाचनका क्रममा कक्षाका अन्य विद्यार्थीहरूलाई निर्दिष्ट अनुच्छेद पाठमा हेर्न र सुन्न निर्देशन दिनुहोस् ।
- विशेषतः कमजोर विद्यार्थीहरूलाई लक्षित गरी पाठका विभिन्न वक्ताका भनाइहरू गति, यति र उच्चारण मिलाई पालैपालो पढ्ने अवसर प्रदान गर्नुहोस् र त्यस क्रममा विद्यार्थीले गरेका गल्तीहरू ख्याल गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

**क्रियाकलाप-२**

- विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठेरो लागेका शब्दहरू पाठबाट खोजी अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीहरूलाई सोध्दै उनीहरूलाई अप्ठ्यारो लागेका शब्दहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरू विद्यार्थीहरूलाई नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई शिक्षकले अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तैः सभाध्यक्ष /स.भा.ध्यक्.छ्य/, मण्डल/मन्.डल् / यसरी उच्चारण अभ्यास गराउने क्रममा आफूले लगेको शब्दसूची पनि प्रदर्शन गर्नुहोस् र शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।
- कक्षामा नेपाली भाषा मातृभाषा नभएका र उच्चारणमा बढी समस्या भएका विद्यार्थीहरूलाई उच्चारणको अभ्यास गराउँदा उनीहरूको त्रुटि पहिचान गर्नुहोस् र थप अभ्यास गराउनुहोस् ।
- यदि कक्षामा सुस्त श्रवण भएका विद्यार्थीहरू छन् भने सम्भव भएसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् वा अप्ठेरा शब्दहरू उच्चारण अनुसार शैक्षणिक पाटीमा लेख्दै जानुहोस् र अनुलेखन गर्न निर्देशन दिनुहोस् । जस्तै : वरदान /बर्.दान्/, आक्षेप /आक्.छेप्/, गर्ल्यामगुर्लुम /गर्.ल्याम्.गुर्.लुम् /

**क्रियाकलाप -३**

Draft

- कक्षाका विद्यार्थीहरूलाई समूहमा विभाजन गरी शिक्षकले शैक्षणिक पाटी वा गोजी तालिकामा उच्चारणमा कठिनाइ हुने शब्दहरू प्रस्तुत गरेर विद्यार्थीका बिच प्रतियोगिता गराउनुहोस् र विजेता समूहलाई ताली बजाएर प्रोत्साहित गर्न निर्देशन दिनुहोस् ।
- निम्न लिखित शब्दको विद्यार्थीहरूलाई उच्चारण गर्न लगाउनुहोस् र विद्यार्थी अलमल परेको अवस्थामा आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै : गर्ल्यामगुर्लुम, शिष्ट, प्रविधि, पूर्ववक्ता, क्यान्सर, पङ्क्ति, सङ्कट, अत्यधिक, प्रदूषित, औद्योगिकीकरण

४. **प्रतिबिम्बन : निम्न प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइलाई मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको पहिलो अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास अन्तर्गत प्र.नं. १३ मा दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य :**

पाठका प्र.नं. १५, १६, १७ र १८ अभ्यास पुस्तिकामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य :**

आउँदो दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

(क) शब्द र अर्थ पत्ती : समय पालक, वक्ता, शिष्ट, ज्वालामुखी, यन्त्र मानव, परिणाम, ऊर्जा, दानवीय, माइक्रोफोन, यान्त्रिक, सन्त्रास, ओजोन तह

(ख) निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गरिएका वाक्य पत्ती ।

उर्वर, प्रदूषण, परीक्षण, वातावरण, निदान, नर संहार, भूकम्प, प्राण घातक, टुलुटुलु, मन्तव्य

| **दोस्रो दिन** |
|---|

**पाठ शीर्षक : विज्ञान अभिशाप नभई वरदान (वाद विवाद)** घन्टी :

पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग समयः ४५ मिनेट

लक्षित सिप : शब्दार्थ

१. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :

(क) पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन ।

जस्तै : समय पालक, वक्ता, शिष्ट, ज्वालामुखी, यन्त्र मानव, परिणाम, ऊर्जा, दानवीय, माइक्रोफोन, यान्त्रिक, सन्त्रास, ओजोन तह

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

जस्तै : उर्वर, प्रदूषण, परीक्षण, वातावरण, निदान, नर संहार, भूकम्प, प्राण घातक, टुलुटुलु, मन्तव्य

Draft

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, शब्दार्थ पत्ती, वाक्यपत्ती, गोजी तालिका र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणाः**

अघिल्लो दिन दिइएको गृहकार्य बिच बिचबाट विद्यार्थीलाई उठाएर केही नमुना परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्दै बाँकी विद्यार्थीलाई सोही अनुसार सुधार गर्न निर्देशन दिनुहोस् अनि आजको घन्टीमा अध्ययन गरिने विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- विद्यार्थीलाई वाद विवाद पाठ मौन पठन गर्न निर्देशन गरी आफूलाई नयाँ लागेका शब्दहरू आआफ्ना कापीमा टिप्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपेका नयाँ शब्दहरू शिक्षक आफूले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- ती शब्दका अर्थ विद्यार्थीमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् र आफूले सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्दार्थ पत्ती प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीलाई पाठको शब्दार्थमा दिइएका शब्द पठनबोध गर्न दस मिनेटको समय उपलब्ध गराउनुहोस् र पाठको अभ्यासमा रहेको प्र.नं.८ गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप - २**

- आफूले वाक्यमा प्रयोग गरी लगेको नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्ने विषयका सम्बन्धमा विद्यार्थीका बिचमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई आवश्यकता अनुसार विभिन्न समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पाठको शब्दार्थमा दिइएका शब्दहरू सहित अन्य शब्द थपेर छुट्टा छुट्टै समूहमा फरक फरक पाँच पाँच ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यकता अनुसार सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।
- समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीका फरक फरक समूहलाई प्रोत्साहित गर्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण गर्नुहोस् ।

**क्रियाकलाप : ३**

- पाठको अभ्यास अन्तर्गत प्र.नं.९ र १० का अभ्यास विद्यार्थीलाई कक्षामा गर्न लगाउनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरहँदा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै जानुहोस् र अलमलमा परेको देखिएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

Draft

४. **मूल्याङ्कन :**

पाठको अभ्यासमा रहेका प्र.नं.८ र ९ का प्रश्न विद्यार्थीहरूलाई एकल रूपमा सोधेर विद्यार्थीका सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास अन्तर्गतको प्र.नं. ११ र १२ को अभ्यास अभ्यास पुस्तिकामा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## तेस्रो दिन

**पाठ शीर्षक : विज्ञान अभिशाप नभई वरदान (वाद विवाद)** घन्टी :

पाठ्यवस्तु : बोध, छलफल र प्रश्नोत्तर समय: ४५ मिनेट

लक्षित सिप : सुनाइ, बोलाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) प्रस्तुत वाद विवादका निर्धारित अनुच्छेदको बोध गरी प्रश्नहरूको उत्तर दिन

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक निर्धारित अनुच्छेदबाट बोध प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतीकरणपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर सम्मान गर्न सबै विद्यार्थीहरूलाई निर्देशन गर्नुहोस् । अन्त्यमा आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुको बारेमा विद्यार्थीलाई जानकारी गराउनुहोस् र वाद विवादको पक्ष र विपक्षमा बोल्ने वक्ताहरूको नाम शैक्षणिक पाटीमा लेखेर विद्यार्थीहरूको ध्यान पाठतिर आकर्षित गर्नुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- प्रथमतः विद्यार्थीहरूलाई बोध शिक्षण गर्न प्रस्तुत वाद विवादबाट उपयुक्त अनुच्छेद आशाराम थारूका अभिव्यक्ति निर्देश गर्नुहोस् र निर्धारित अनुच्छेद विद्यार्थीहरूलाई मौन वाचन गर्न लगाउनुहोस् ।
- शिक्षकले यस समयमा विद्यार्थीहरूको मौन वाचन उपयुक्त ढङ्गले भए नभएको निरीक्षण गर्नुहोस् र आवश्यकता अनुसार दुई तिन पटकसम्म निर्धारित अनुच्छेद मौन वाचन गर्न निर्देश गर्नुहोस् ।

**क्रियाकलाप-२**

- मौन वाचनपछि निर्धारित अनुच्छेदबाट स्तर अनुरूप उपयुक्त किसिमका बोध प्रश्नहरू तयार पारी विद्यार्थीहरूलाई एक एक गरेर सोधी उत्तर दिन लगाउनुहोस् ।

Draft

उदाहरणार्थ आशाराम थारूका विचारहरू अभिव्यक्त गरिएका अनुच्छेदबाट सोध्न सकिने बोध प्रश्नहरू यसप्रकार छन् :

**प्रश्नहरू :**

(क) के कारणले माटाको उर्वरा शक्ति नष्ट हुँदै छ ?

(ख) वातावरण प्रदूषित हुनाको कारण के हो ?

(ग) के कारणले सम्पूर्ण प्राणीको अस्तित्व सङ्कटमा पर्न सक्छ ?

(घ) कैयौँ व्यक्तिको जीवन खतरामा पर्नुको कारण के हो ?

(ङ) विज्ञान अभिशाप हुनाका कारणहरू के के हुन् ?

- निर्धारित अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर दिन लगाउँदा विद्यार्थीहरूलाई प्रथमतः बोध प्रश्नको मौखिक उत्तर दिन लगाएर त्यसपछि मात्र लिखित उत्तर दिन लगाउनुहोस् ।
- विद्यार्थीहरूबाट दिइएको उत्तर सन्तोषजनक नभएमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । निर्धारित अनुच्छेदहरू विद्यार्थीको बिचमा छलफल गराउनुहोस् । निर्धारित अनुच्छेदबाट प्रश्नहरू सोध्दै, पृष्ठपोषण प्रदान गर्दै विद्यार्थीहरूलाई सही उत्तर दिन प्रोत्साहित गर्नुहोस् ।

क्रियाकलाप-३

- विद्यार्थीहरूलाई आवश्यक छलफल गराइसकेपछि पुनः पाठका सबै अनुच्छेदहरू मौन वाचन गर्न लगाउनुहोस् र आफूले तयार पारी लगेका निम्न लिखित थप प्रश्नहरू तथा पाठ्य पुस्तकका अभ्यास खण्डमा रहेका प्रश्नहरू समेत सोध्नुहोस् र आवश्यक ठाउँमा पृष्ठपोषण प्रदान गर्नुहोस् :

**प्रश्नहरू :**

(क) वाद विवाद प्रतियोगिता कुन ठाउँमा हुँदै छ ?

(ख) वाद विवाद प्रतियोगिताको सञ्चालन कसले गर्दै छिन् ?

(ग) पक्ष र विपक्षमा बोल्ने वक्ताहरूको नाम लेख ।

(घ) के के कुरा विज्ञानका वरदान सावित भएका छन् ?

(ङ) हतियारको आविष्कार किन गरिएको हो ?

(च) के कुराले गर्दा मानवीय जीवनमा ठुलो परिवर्तन आएको छ ?

(छ) कुन कुन रोगलाई विज्ञानले नियन्त्रणमा लिएको छ ?

४. **प्रतिबिम्बन :**

'विज्ञान अभिशाप कि वरदान' भन्ने विषयमा प्रतिक्रिया व्यक्त गर्न लगाएर विद्यार्थीको सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस्

५. **गृहकार्य :**

पाठका सबै अनुच्छेदहरू मौन वाचन गरी पाठको अभ्यासका प्र.नं. २ र ३ का प्रश्नको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

Draft

**चौथो दिन**

**पाठ शीर्षक : विज्ञान अभिशाप नभई वरदान (वाद विवाद)** घन्टी :

पाठ्यवस्तु : मौन पठन र सङ्क्षिप्त प्रश्नोत्तर समय : ४५ मिनेट

लक्षित सिप : पढाइ, लेखाइ

१. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :

(क) पाठ पढेका आधारमा सङ्क्षिप्त प्रश्नको उत्तर दिन ,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, प्रश्नसूची र सङ्क्षिप्त उत्तर लेखिएको नमुना ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य कक्षाका केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा र उत्प्रेरणा प्रदान गर्दै सबैलाई ताली बजाएर प्रोत्साहित गर्न लगाउनुहोस् । त्यसपछि आजको घन्टीमा सञ्चालन गरिने क्रियाकलापको बारेमा कक्षामा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप -१**

प्रथमतः अभ्यासका निम्ति निम्न लिखित प्रश्नहरूको सूची कक्षामा प्रदर्शन गर्नुहोस् ।

**प्रश्नहरू :**

(क) आधुनिक युग मानवका निम्ति किन वरदान सावित भएको छ ?

(ख) विज्ञानलाई अभिशाप मान्नुपर्ने कारणहरू के के हुन् ?

(ग) आशाराम थारूले भनेका मुख्य मुख्य बुँदाहरू लेख ।

(घ) गोपाल बुढामगरको विचारलाई समेटी पाँच ओटा बुँदा लेख ।

(ङ) मोनिका बुढाथोकीका विचारलाई समेटेर एउटा अनुच्छेद लेख ।

विद्यार्थीहरूलाई १५ मिनेटको समय दिएर पाठ मौन पठन गरी उल्लिखित प्रश्नहरूको उत्तर खोजी गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप-२**

- मौन पठन कार्य सकेपछि विद्यार्थीहरूलाई पाँच ओटा समूहमा विभाजन गर्नुहोस् र टोली नेता तोक्न निर्देशन दिनुहोस् । आफूले शैक्षिक सामग्रीको रूपमा लगेको सङ्क्षिप्त उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराउनुहोस् र उत्तर लेख्न प्रोत्साहित गर्नुहोस् ।
- गोला प्रथा विधिको प्रयोग गरी प्रति समूह माथिका मध्ये कुनै एक प्रश्न पर्ने गरी ९ मिनेटभित्र सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

Draft

- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **मूल्याङ्कन :**

पाठको अभ्यास खण्डमा रहेका प्र.नं.४ का प्रश्नहरू एकल रूपमा सोधेर मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यासमा दिइएका प्र.नं.४, ५ र ६ का प्रश्नहरूको उत्तर ल्याउन विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## पाँचौं दिन

**पाठ शीर्षक : विज्ञान अभिशाप नभई वरदान (वाद विवाद)** घन्टी :

पाठ्यवस्तु : द्रुत पठन र बोध समय : ४५ मिनेट

लक्षित सिप : पढाइ लेखाइ

१. **विशिष्ट उद्‌देश्य** : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) निर्दिष्ट अंशको द्रुत पठन गर्न,

(ख) द्रुत पठनपछि सोधिएका प्रश्नको उत्तर दिन,

२. **शैक्षिक सामग्री :**

द्रुत पठनका लागि ठुलो अक्षरमा लेखिएको अनुच्छेद, बोध प्रश्नहरूको सूची र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलापः**

(क) उत्प्रेरणा :

अघिल्लो दिन विद्यार्थीहरूलाई दिइएको गृहकार्य केही विद्यार्थीहरूलाई अगाडि आएर प्रदर्शन प्रस्तुत गर्न निर्देशन दिनुहोस् र आवश्यक पृष्ठपोषण सहित आज गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखेर विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप :**

**क्रियाकलाप-१**

सर्वप्रथम पाठबाट द्रुत पठनका लागि अनुच्छेद निर्दिष्ट गरी विद्यार्थीहरूका बिच द्रुत पठनका सम्बन्धमा छलफल गराउनुहोस् । जस्तै :

द्रुत पठन थोरैभन्दा थोरै समयमा छिटो छिटो पाठ्य सामग्री पढी बोध गर्नु हो । यसमा पढाइको गति वा द्रुत पाठको विकास गर्ने कुरा भए तापनि बोधलाई अलग्याउन मिल्दैन । त्यसैले द्रुत पाठमा बोधका साथै पढाइको गतिको विकास पनि आवश्यक हुन्छ । यसका लागि

Draft

मौन पठन सहयोगी हुन्छ र मौन पठनका क्रियाकलाप पनि आवश्यक हुन्छ । द्रुत पठन गर्दा आँखाको एक पकडमा शब्द शब्दका सट्टा शब्दावली पढ्ने बानी बसाल्नुपर्छ ।

**क्रियाकलाप-२**

- द्रुत पठनका सम्बन्धमा विद्यार्थीको बिचमा छलफल गराइसकेपछि पाठ्य पुस्तकबाट कुनै अंश निर्दिष्ट गरी द्रुत पठन गर्न लगाउनुहोस् र बोधका निम्ति सारांश भन्न लगाउनुहोस् ।
- विद्यार्थीलाई थोरै भन्दा थोरै समयमा धेरैभन्दा धेरै अंश पढ्न प्रोत्साहित गर्नुहोस् र समय सकिएपछि पाठ बन्द गर्न लगाई बोध प्रश्न सोध्नुहोस् र उत्तर दिन लगाउनुहोस् ।
- विद्यार्थीलाई निश्चित समयभित्र पढिसक्नका लागि कार्डबोर्ड वा ठुलो चार्ट पेपरमा सबैले देख्ने गरी ठुलाठुला अक्षरमा लेखेर फलाटिन पाटी वा शैक्षणिक पाटीमा टाँस्नुहोस् र विद्यार्थीलाई पढ्नका लागि निश्चित समय प्रदान गर्नुहोस् । पठन कार्यको समय सिद्धिनासाथ बोधका लागि प्रस्तुत गरिएको अंश हटाउनुहोस् र बोध प्रश्न सोध्नुहोस् ।
- यसबाहेक पाठबाट अन्य थप अनुच्छेदहरू दिनुहोस् । विद्यार्थीलाई घडी हेरेर द्रुत पठन गर्ने प्रशस्त अभ्यास गराउनुहोस् र त्यसबाट प्रश्नोत्तर, सारांश वा बुँदाहरू भन्न र लेख्न लगाउनुहोस् ।

**क्रियाकलाप-३**

निश्चित अनुच्छेद वा अंशबाट द्रुत पठन गराइसकेपछि शैक्षणिक पाटीमा ५०-१०० शब्दसम्म लेख्नुहोस् र घडी हेरेर छिटो भन्दा छिटो पढ्ने अभ्यास गराउनुहोस् । पटक पटक द्रुत पठनको अभ्यास गर्दा विद्यार्थीमा प्रति मिनेट कति ओटा शब्दसम्म पढ्न सक्ने क्षमताको विकास भयो; पठन प्रगति तालिका निर्माण गर्नुहोस् र अझ छिटो पढ्न प्रोत्साहित गर्नुहोस् । जस्तै :

**पठन प्रगति तालिका**

| | |
|---|---|
| द्रुत पठनका लागि दिइएका शब्दहरू | १०० |
| सुरू समय | १०.१५ |
| समाप्ति समय | १०.२० |
| जम्मा पठन समय | ०५ मिनेट |
| पठन दर | प्रति मिनेट २० शब्द |

४. **मूल्याङ्कन :**

(क) पाठमा गोपाल बुढामगरले बोलेका कुराहरू निश्चित समय दिएर पढ्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास अन्तर्गत प्र.नं. १४ दिइएका प्रश्नहरू सोधेर उत्तर भन्न लगाउनुहोस

५. **गृहकार्य :**

द्रुत पाठबाट हुने फाइदाहरूलाई समेटी एउटा अनुच्छेद लेखेर ल्याउन निर्देशन दिनुहोस् ।



Draft

## छैठौँ दिन

पाठ्य वस्तु : वर्ण विन्यास र शब्द भण्डार

लक्षित सिप : पढाइ, लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) शब्दको सुरु र बिचमा ह्रस्व र दीर्घ इकार लागेका शब्दहरू पहिचान गरी टिप्न,

(ख) शब्द समूहबाट शुद्ध शब्द छानेर लेख्न,

(ग) 'इक, इत, ईय' प्रत्यय लगाई नयाँ शब्द निर्माण गर्न,

२. **शैक्षिक सामग्री :**

(क) पाठ्य पुस्तक : ह्रस्व र दीर्घ इकार लागेका शब्दहरूको सूची

(ख) शुद्ध र अशुद्ध शब्दहरू छ्यासमिस पारेर तयार गरिएको शब्दहरूको सूची

(ग) 'इक, इत र ईय' प्रत्यय तयार पारिएको शब्द सूची

३. सिकाइ सहजीकरण क्रियाकलाप :

**(क) उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य अवलोकन गरी केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुतीकरण गर्न लगाउनुहोस र आवश्यक पृष्ठपोषण सहित आजको पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखेर विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप -१**

सर्वप्रथम सुरू र बिचमा ह्रस्व र दीर्घ इकार लागेका शब्दहरूको सूची विद्यार्थीहरूको अगाडि प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई नयाँ त्यस्तै शब्द थप्न प्रोत्साहित गर्नुहोस् । सुरूमा ह्रस्व र दीर्घ लागेका दस दस ओटा शब्द निर्दिष्ट पाठमा खोजी टिपोट गर्न लगाउनुहोस् र आवश्यक परे सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप-२**

- शुद्ध र अशुद्ध शब्दहरूको सूची प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई शब्द समूहबाट शुद्ध शब्द छान्न प्रोत्साहित गर्नुहोस् र विद्यार्थी अलमल परेमा आवश्यकता अनुसार सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- विद्यार्थीलाई पाठको अभ्यास अन्तर्गत प्र.. १७ मा दिइएका शब्द समूहबाट शुद्ध शब्द छान्न निर्देशन दिनुहोस् । विद्यार्थीले अभ्यास गर्दै गर्दा समूह समूहमा पुगेर अवलोकन गर्नुहोस् । विद्यार्थी अलमल परेको देखिएमा आवश्यकता अनुसार सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- लेखन कार्य सकिएपछि विद्यार्थीहरूकै बिचमा कापी साटासाट गर्न लगाएर मूल्याङ्कन गराउनुहोस् ।

**क्रियाकलाप-३**

Draft

- विद्यार्थीलाई पाठको शब्द भण्डार अन्तर्गत ७ नं. को तालिका पढ्न पाँच मिनेटको समय उपलब्ध गराउनुहोस् र शब्द निर्माण सम्बन्धी छलफल गराउनुहोस् साथै तालिकामा दिइए जस्तै इक, इत र ईय प्रत्यय लागेका अरू शब्द भन्न प्रोत्साहित गर्नुहोस् र अन्त्यमा आफूले शैक्षिक सामग्रीको रूपमा लगेको शब्द निर्माणको तालिका प्रदर्शन गरी विद्यार्थीलाई थप अभ्यास गराउनुहोस् ।
- पाठको अभ्यासमा शब्द भण्डार अन्तर्गत तालिकामा दिइएका थप शब्दहरूमा प्रत्यय लगाई निर्माण गर्न लगाउनुहोस् । विद्यार्थी अलमल परेमा सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

समाज, विज्ञान केन्द्र, सञ्चालन, मानव, दानव जस्ता शब्दमा प्रत्यय लगाई नयाँ शब्द निर्माण गर्न लगाई विद्यार्थीको सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यासमा दिइएका प्र.नं. १५, १६ र १७ अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## सातौँ दिन

**पाठ शीर्षक : विज्ञान अभिशाप नभई वरदान (वाद विवाद)** घन्टी :

पाठ्यवस्तु : कार्यमूलक व्याकरण (पद सङ्गति) समय: ४५ मिनेट

लक्षित सिप : बोलाइ, लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पद सङ्गतिको पहिचान गर्न ।

(ख) पद सङ्गति मिलाएर बोल्न र लेख्न ।

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, पद सङ्गति नमिलेका र मिलेका वाक्यहरूको सूची, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) उत्प्रेरणा :

सर्वप्रथम विद्यार्थीहरूको बिचमा निम्न लिखित पद सङ्गति नमिलेका केही वाक्यहरू शैक्षणिक पाटीमा लेखेर ती वाक्य ठिक छन् कि छैनन् भनेर विद्यार्थीलाई सोध्नुहोस् । जस्तै :

(क) गुरु आयो ।

(ख) साथीहरू जान्छ ।

(ग) बहिनीले मलाई बोलाउँछ ।

(घ) हामीले खान्छ ।

(ङ) मैले वाद विवाद प्रतियोगितामा भाग लिन्छ ।

Draft

उल्लिखित वाक्यहरूको आधारमा विद्यार्थीहरूको क्षमता पहिचान गर्नुहोस् । सही उत्तर भन्न प्रोत्साहित गर्नुहोस् र आजको कक्षामा अध्ययन गरिने पाठ्य वस्तु शैक्षणिक पाटीमा लेख्नुहोस् र उनीहरूको ध्यान पाठ्यवस्तुप्रति आकर्षित गर्नुहोस् ।

(ख) **मुख्य क्रियाकलाप :**

**क्रियाकलाप-१**

सर्वप्रथम विद्यार्थीहरूको बिचमा पद सङ्गतिको बारेमा छलफल गराउनुहोस् । पद सङ्गति नमिलेका विभिन्न वाक्यहरू शैक्षणिक पाटीमा लेखेर विद्यार्थीलाई लिङ्ग, वचन, पुरुष, आदर लगायत व्याकरण कोटीका आधारमा पद सङ्गति मिलाउनुपर्ने कुरा राम्ररी बुझाउनुहोस् र पद सङ्गति नमिलेका वाक्यलाई पद सङ्गति मिलाउन प्रोत्साहित गर्नुहोस् । विद्यार्थीहरू अलमलमा परेमा आवश्यक सहजीकरण गर्दै जानुहोस् ।

**क्रियाकलाप-२**

पद सङ्गति सम्बन्धी छलफल सकिएपछि आफूले  लगेको पद सङ्गति नमिलेका वाक्यहरूको तालिका प्रस्तुत गर्नुहोस् । उनीहरूलाई सही उत्तर भन्न प्रोत्साहित गर्नुहोस् । त्यसपछि पद सङ्गति मिलेका वाक्यहरूको सूची प्रस्तुत गर्नुहोस् र उनीहरूलाई पहिले आफूले भनेको उत्तर सही वा गलत के थियो ? बुझ्ने मौका दिनुहोस् र पद सङ्गति सम्बन्धी धारणा स्पष्ट पार्नुहोस् ।

क्रियाकलाप- ३

- विद्यार्थीलाई शैक्षणिक पाटीमा पद सङ्गति मिलेका र नमिलेका वाक्यहरू छ्यासमिस पारेर दिनुहोस् र उनीहरूलाई तालिकामा पद सङ्गति मिलेका र नमिलेका वाक्य छुट्टा छुट्टै लेखेर देखाउन निर्देशन दिनुहोस् । विद्यार्थीले लेख्दै गर्दा अलमल परेमा आवश्यक सहजीकरण गर्दै जानुहोस् ।
- विद्यार्थीको लेखन कार्य सकिएपछि केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न निर्देशन दिनुहोस् । प्रत्येक प्रस्तुतिपछि ताली बजाएर प्रोत्साहित गर्न अन्य विद्यार्थीलाई निर्देशन दिनुहोस् र आवश्यकता अनुसार समग्रमा पृष्ठपोषण प्रदान गर्नुहोस् ।

क्रियाकलाप- ४

- पाठको अभ्यास खण्डमा रहेको २२ नं. को तालिका पढ्न विद्यार्थीलाई केही समय प्रदान गर्नुहोस् र उनीहरूका केही जिज्ञासा भएमा समाधान गरिदिनुहोस् ।
- पठन कार्य सकिएपछि सोही नं. को अभ्यास खण्डमा दिइएका प्रश्नहरू सोध्नुहोस् र सामूहिक रूपमा उत्तर भन्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन :**

पाठको अभ्यास खण्डमा रहेका प्र.नं.२२ का प्रश्नहरू विद्यार्थीलाई एकल रूपमा सोधेर मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **गृहकार्य :**

Draft

पाठको अभ्यास खण्डमा रहेका प्र.नं.१९-२२ सम्मका प्रश्नको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## आठौँ दिन

**पाठ शीर्षक : विज्ञान अभिशाप नभई वरदान (वाद विवाद)** घन्टी :

पाठ्यवस्तु : सिर्जनात्मक कार्य (वाद विवाद प्रतियोगिता) समय : ४५ मिनेट

लक्षित सिप सिकाइ : सिर्जनात्मक सिप

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) वाद विवाद प्रतियोगितामा सहभागी हुन,

**२. शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, वाद विवादको पक्ष र विपक्षमा दुई जना वक्ताले बोलेका वाद विवादका नमुना, प्रतियोगिताका लागि परीक्षण सामग्री पुरस्कार दिने सामग्री ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप:**

**(क) उत्प्रेरणा :**

शिक्षकले विद्यार्थीलाई आफूले लगेका वाद विवादका नमुनाहरू वाचन गरी सुनाउनुहोस् र ती नमुनालाई कक्षाको प्रदर्शन पाटी वा भित्तामा टाँस्नुहोस् । त्यसपछि आजको वाद विवाद प्रतियोगिताको बारेमा जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप :**

**क्रियाकलाप-१**

अध्ययनको समय समाप्त भएपछि विद्यार्थीहरूलाई चार ओटा समूहमा विभाजन गरी टोली नेता छान्न लगाउनुहोस् । त्यसपछि उनीहरूको समूहलाई पाठ्य पुस्तकको अभ्यास खण्डमा रहेको प्र.नं.२४ को शीर्षक निर्देश गर्नुहोस् र चारै जना टोली नेतालाई बोलाएर पक्ष वा विपक्षमा के मा बोल्नुपर्ने हो गोला प्रथाद्वारा दुई दुई जना छनोट गर्नुहोस् र आफ्नो विषयमा समूहसँग बसेर तयारी गर्न १५ मिनेटको समय उपलब्ध गराउनुहोस् ।

**क्रियाकलाप-२**

तोकिएको समय समाप्त भएपछि टोली नेतालाई सबैले सुन्ने गरी हाउभाउ सहित पालैपालो वाद विवाद प्रतियोगितमा सहभागी हुने अवसर प्रदान गर्नुहोस् । त्यसका लागि गोलाप्रथाद्वारा उद्घोषक छानेर कार्यक्रम सञ्चालन गर्न लगाउनुहोस् । विद्यार्थीहरूबाट तिन जनाको निर्णायक मण्डल र सभापति मसेत छान्नुहोस् । स्मरण रहोस् कार्यक्रम उद्घोषक, सभापति र निर्णायक मण्डल समूह विभाजन गर्नु भन्दा पहिले नै छान्नुहोस् र तपाईं अतिथि बनेर कक्षामा वाद विवाद प्रतियोगिता सञ्चालन गर्नुहोस् ।

क्रियाकलाप-३

उद्घोषकद्वारा प्रतियोगीले ध्यान दिनुपर्ने कुराहरू सुनाउनुहोस् र निम्न लिखित आधारमा प्रतियोगिताको मूल्याङ्न हुने कुरा पनि स्मरण गर्न लगाउनुहोस् ।

| मूल्याङ्कनका | प्रस्तुतीकरणको | शुद्धता र | सबैले सुनिने | हाउभाउ | विषय वस्तु | जम्मा |
|---|---|---|---|---|---|---|

Draft

| आधारहरू | शैली र सम्बोधन | स्पष्टता | स्वर र सिर्जनात्मकता | एवम् तर्कपूर्ण प्रस्तुति | | |
|---|---|---|---|---|---|---|
| अङ्क भार | १० | १० | १० | १० | १० | ५० |

**क्रियाकलाप-४**

प्रतियोगिता सकिएपछि तिनै निर्णायक मण्डलका सदस्यले दिएको अङ्कको जम्मा योगफल निकाली प्राप्ताङ्कको आधारमा पहिलो, दोस्रो र तेस्रो स्थान छुट्याई विजेता समूहलाई उचित पुरस्कार समेत वितरण गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

तपाईँलाई आजको कार्यक्रम कस्तो लाग्यो ? आफ्नो प्रतिक्रिया दिनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य :**

विद्यार्थीलाई पाठमा दिइएको अभ्यासबाट प्र.नं.२३ अभ्यास पुस्तिकामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

## पाठ : १४ साहित्यकार रवीन्द्रनाथ ठाकुर

*घन्टी : ८*

पाठ्यवस्तुको विभाजन

| | पाठ्य वस्तु | घन्टी |
|---|---|---|
| (क) | सस्वर वाचन र शुद्ध उच्चारण | १ |
| (ख) | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| (ग) | पठनबोध र मौखिक तथा लिखित प्रश्नोत्तर | १ |
| (घ) | बुँदा टिपोट र अनुच्छेद लेखन | १ |
| (ङ) | सारांश लेखन | १ |
| (च) | कार्यमूलक व्याकरण | २ |
| (छ) | सिर्जनात्मक लेखन | १ |
| | जम्मा | ८ |

**पहिलो दिन**

**पाठ्यवस्तु : १ सस्वर वाचन र शब्द उच्चारण** **घन्टी : १**

अपेक्षित सिप : सुनाइ र बोलाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठका विभिन्न अनुच्छेदहरू सस्वर वाचन गर्न,

(ख) सस्वर वाचन सुनेर त्रुटिहरू पहिल्याउन,

(ग) पाठमा प्रयोग भएका जटिल शब्दहरू शुद्धसँग उच्चारण गर्न,

२. **शैक्षिक सामग्री**

(क) पाठका विभिन्न अनुच्छेदहरू,

(ख) जटिल शब्दका शब्दपत्तीहरू,

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

पाठप्रति विद्यार्थीहरूको अभिरुचि जगाउन रवीन्द्रनाथ ठाकुरको तस्वीर कक्षामा प्रदर्शन गर्नुहोस् र विद्यार्थीहरूसँग उनका बारेमा सामान्य कुराकानी गर्नुहोस् ।

(ख) क्रियाकलाप

क्रियाकलाप - १

Draft

- पाठका विभिन्न अनुच्छेदहरू नमुनाका रूपमा सस्वर वाचन गरेर सुनाउनुहोस् र विद्यार्थीहरूलाई पनि त्यसै अनुसार पालैपालो सस्वर वाचन गर्न निर्देशन दिनुहोस् । एउटा अनुच्छेदलाई पनि सुरु, बिच र अन्त्य गरी तिन भागमा विभाजन गरेर पनि सस्वर वाचन गराउन सकिन्छ , त्यसो पनि गर्नुहोस् ।
- एउटा विद्यार्थीले सस्वर वाचन गर्दा अन्य विद्यार्थीहरूलाई भने ती अनुच्छेदहरू हेर्न, सुन्न र त्यसका आधारमा वाचनमा भएका त्रुटिहरू पहिल्याउन निर्देशन दिनुहोस् ।
- सस्वर वाचनमा कुनै त्रुटिहरू फेला परेमा सच्याएर त्यस अनुसार पुन : वाचन गर्न पनि लगाउनुहोस् ।

**क्रियाकलाप - २**

सस्वर वाचन गर्दा भाषिक तहअनुसार गति तथा यतिमा ध्यान दिन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । भाषिक तह भन्नाले अक्षर, रुपिम (शब्दको मूल रूप), शब्द (विभक्ति वा प्रत्यय लागेका शब्द) पदावली, वाक्यखण्ड र वाक्यलाई जनाउँछ । यिनलाई ख्याल गरेर सस्वर वाचन गर्नाले सस्वर वाचनमा प्रगति हुन्छ ।

**क्रियाकलाप - ३**

विद्यार्थीहरूले सस्वर वाचन गर्दा उच्चारण गर्न समस्या महसुस गरेका शब्दहरू बोर्डमा लेख्नुहोस् र त्यस्ता शब्दहरूका आधारमा शुद्ध र प्रस्टसँग उच्चारण गर्न अभ्यास गराउनुहोस् । जस्तै :रवीन्द्रनाथ - र बिन् द्र नाथ्, विख्यात - बिक्.ख्यात्, प्रतिभाशाली - प्र.ति.भा.सा.लि., प्रतिष्ठा - प्र.तिस्.ठा ।

**क्रियाकलाप - ४**

कठिन शब्दहरूका आधारमा उच्चारण अभ्यास गराएपछि सस्वर वाचनमा कमजोर विद्यार्थीहरूलाई पुन : एक पटक सस्वर वाचन गर्न अवसर प्रदान गर्नुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको पहिलो अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।

(ख) तलका जटिल शब्दहरू शुद्ध र प्रस्टसँग उच्चारण गर्नुहोस् :

कृति, प्रकृति, ईश्वर, सर्वत्र, महत्त्व, दृष्टि, राष्ट्रप्रेम

(ग) तलका शब्दहरूलाई शब्दांश रूपमा छुट्याउनुहोस् :

सुकार्य , वियोग , अन्तराल , हृदय , विद्यालय , गीताञ्जली

५. **गृहकार्य :**

उच्चारण गर्न समस्या परेका शब्दहरू पाठबाट सङ्कलन गरेर ल्याउन विद्यर्थीहरूलाई निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य :**

विद्यार्थीहरूलाई पाठका विभिन्न शब्दहरूको अर्थ ठोस रूपमा बताउन कुनै नेपाली बृहत् शब्दकोशको सहयोग लिनुहोस् । (शिक्षकका लागि)

Draft

## दोस्रो दिन

**पाठ्यवस्तु : २ शब्दार्थ र वाक्यमा प्रयोग घन्टी : १**

अपेक्षित सिप : शब्द भण्डार वृद्धि

**१. उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) शब्दको अर्थ बुझेर पाठका अनुच्छेदहरू पढ्न,

(ख) पाठका कठिन शब्दहरूको अर्थ विभिन्न रूपमा व्यक्त गर्न,

(ग) पाठका खास खास शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

**२. शैक्षिक सामग्री**

(क) शब्दपत्ती तथा ठोस सामग्री

(ख) वाक्यका ढाँचा

(ग) पाठका अनुच्छेदहरू

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा :**

यस पाठप्रति विद्यार्थीहरूको ध्यान आकर्षण गर्न अर्थका साथै शब्दका बारेमा जान्नुपर्ने अन्य कुराहरू पनि बताउनुहोस् । जस्तै :

(क) बनोटका दृष्टिले मूल वा व्युत्पन्न शब्द

(ख) शब्द वर्गका रूपमा शब्दको किसिम

(ग) उत्पत्तिका रूपमा शब्दका स्रोत

(घ) अर्थ गर्ने आधारमा अनेकार्थक, पारिभाषिक आदि ।

(ख) क्रियाकलाप

क्रियाकलाप - १

- पाठका अनुच्छेदहरू विद्यार्थीहरूलाई पढ्न भन्नुहोस् र पढ्दा अर्थ नजानेका शब्दहरू रेखाङ्कन गर्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीहरूले रेखाङ्कन गरेका शब्दहरू तपाइँ बोर्डमा टिप्नुहोस् र ती शब्दहरूको अर्थ बताउन कक्षाका अन्य विद्यार्थीहरूलाई नै अवसर प्रदान गर्नुहोस् ।
- विद्यार्थीहरूले बताएका शब्दहरूको अर्थ बोर्डमा लेख्नुहोस् र ती शब्द तथा अर्थहरू विद्यार्थीहरूलाई कापीमा सार्न पनि भन्नुहोस् ।
- शब्दार्थ शिक्षणका लागि तयार पारेका शब्दपत्तीहरू पनि कक्षामा प्रदर्शन गर्नुहोस् र त्यसका आधारमा पनि शब्दहरूको अर्थ बताउनुहोस् ।

**क्रियाकलाप - २**

शब्दार्थ शिक्षण गर्दा शब्दार्थ शिक्षणका विधिहरू जस्तै - चित्र प्रयोग, विपरीतार्थक शब्द, पर्याय शब्द, आशय, अभिनय, परिभाषा र वाक्यमा प्रयोग आदि विविध तरिका अपनाउनुहोस् ।

Draft

क्रियाकलाप - ३

शब्दहरूलाई वाक्यमा प्रयोग गर्ने अभ्यास गराउँदा पाठका विभिन्न अनुच्छेदहरूबाट खास खास शब्दहरू बोर्डमा लेख्नुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । जस्तै :

साहित्यकार, भारत, बङ्गलादेश, सङ्गीत, चित्रकला, नाटक, भ्रमण, अनुभव, सम्पादन आदि ।

**क्रियाकलाप - ४**

कक्षा कार्यका रूपमा पाठको अभ्याससँग सम्बन्धित ६ देखि १२ नं. सम्मका प्रश्नहरू हल गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) तलका शब्दहरूको विपरीतार्थक शब्दहरू लेख्नुहोस् :

सुख, सम्पन्न, अस्थिर, बाहेक, शान्ति, प्राकृतिक, सुकार्य

(ख) तलका शब्दहरूको उस्तै अर्थ लाग्ने शब्द लेख्नुहोस् :

क्षमता, विश्व, विख्यात, पुरस्कार, गुरु, रचना, कथा

(ग) तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

जन्म, बाजे, नाम, परिवार, स्वतन्त्र, अभ्यास

५. गृहकार्य :

तलका शब्दहरू प्रयोग गरेर रवीन्द्रनाथ ठाकुरका बारेमा एक अनुच्छेद लेख्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् :

पुरस्कार, महत्त्व, राष्ट्रप्रेम, समाजसुधार, मानव आदि ।

६. परियोजना कार्य :

साहित्यकार रवीन्द्रनाथ ठाकुरसँग सम्बन्धित अन्य कुनै पाठ्य सामग्री पनि अध्ययन गर्नुहोस् । (शिक्षकका लागि)

Draft

## तेस्रो दिन

**पाठ्यवस्तु : ३ पठनबोध र मौखिक तथा लिखित प्रश्नोत्तर**

***घन्टी : १***

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठका अनुच्छेदसँग सम्बन्धित प्रश्नहरूको मौखिक रूपमा उत्तर दिन,

(ख) पाठका अनुच्छेदसँग सम्बन्धित प्रश्नहरूको लिखित रूपमा उत्तर दिन,

(ग) पाठको अभ्यास खण्डमा सोधिएका प्रश्नहरूको उत्तर दिन,

२. **शैक्षिक सामग्री**

(क) पाठका विभिन्न अनुच्छेदहरू

(ख) शिक्षक निर्मित प्रश्न

(ग) अभ्यास खण्डका प्रश्न

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

विद्यार्थीहरूमा अभिप्रेरणा जगाउन बोध प्रश्नहरूको उत्तर दिँदा ध्यान दिनुपर्ने पक्षका बारेमा उनीहरूसँग कुराकानी गर्नुहोस् । जस्तै :

- बोध प्रश्नको उत्तर दिन अनुच्छेदलाई दुई तिन पटक पढ्नुपर्छ ।
- अनुच्छेदको विषयवस्तुलाई राम्ररी बुझ्नुपर्छ ।
- बोध प्रश्नहरूको उत्तर वस्तुपरक रूपमा दिनुपर्छ ।
- बोध प्रश्नहरूको उत्तर सङ्क्षिप्त हुनुपर्छ ।

(ख) क्रियाकलाप

क्रियाकलाप - १

(अ) पाठको पहिलो, दोस्रो र तेस्रो अनुच्छेदसँग सम्बन्धित प्रश्नहरू बोर्डमा लेख्नुहोस् र ती प्रश्नहरूको उत्तर दिने प्रयोजनका लागि उक्त अनुच्छेदहरू पढ्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । प्रश्नहरू जस्तै :

(क) रवीन्द्रनाथ ठाकुरको अन्तर्राष्ट्रिय साहित्यकारहरूमा किन उच्च स्थान छ ?

(ख) रवीन्द्रनाथ ठाकुर कुन कुन विषयमा विशेष ध्यान दिन्थे ?

(ग) रवीन्द्रनाथ ठाकुरले जीवन र जगत् सम्बन्धी अनुभव कसरी बटुले ?

(आ) यी प्रश्नहरूको उत्तर विद्यार्थीहरूलाई मौखिक रूपमा दिन भन्नुहोस् ।

(इ) पाठको चौथो, पाँचौं, छैठौं र सातौँ अनुच्छेदहरूको बोध प्रश्नहरूको उत्तर भने लिखित रूपमा दिन भन्नुहोस् । प्रश्नहरू जस्तै :

(क) रवीन्द्रनाथले भाउजुको प्रेरणाबाट के कार्य गरे ?

(ख) शान्ति निकेतन विद्यालयमा शिक्षा लिने व्यवस्था कस्तो थियो ?

(ग) रवीन्द्रनाथ ठाकुरका प्रमुख कृतिहरू कुन कुन हुन् ?

(घ) रवीन्द्रनाथ ठाकुरका दृष्टिमा सर्वोपरि महत्त्वका विषय के के हुन् ?

**क्रियाकलाप - २**

कक्षा कार्यका रूपमा विद्यार्थीहरूलाई अभ्यास ४ का प्रश्नहरूको उत्तर लेख्न भन्नुहोस् । त्यसमा तपाईं भने उनीहरूलाई आवश्यक मदत गर्नुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूको आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) अभ्यास २ का प्रश्नहरूको उत्तर मौखिक रूपमा दिनुहोस् ।

(ख) अभ्यास ५ का प्रश्नहरूको उत्तर लिखित रूपमा दिनुहोस् ।

Draft

५. **गृहकार्य :**

पाठको पहिलो र दोस्रो अनुच्छेदबाट बोध प्रश्नोत्तरका लागि पाँच ओटा प्रश्नहरू बनाउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

| **चौथो दिन** |
|---|

**पाठ्यवस्तु : ४      बुँदा टिपोट र अनुच्छेद लेखन      घन्टी : १**

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) विभिन्न अनुच्छेदहरूबाट बुँदाहरू टिपोट गर्न

(ख) बुँदाहरूका आधारमा अनुच्छेदहरू लेख्न

२. शैक्षिक सामग्री

(क) नमुना अनुच्छेदहरू

(ख) बुँदा टिपोटका नमुना

३. सिकाइ सहजीकरण क्रियाकलाप

**(क) उत्प्रेरणा :**

(अ) बुँदा टिपोटका लागि 'साहित्यकार रवीन्द्रनाथ ठाकुर' पाठको कुनै अनुच्छेदका बारेमा छलफल गर्नुहोस् ।

(आ) बुँदा टिपोटका बारेमा तलका विवरणहरू कापीमा टिप्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । जस्तै :

- बुँदा टिपोट भनेको कुनै कुराहरूलाई छोट्याएर पद , पदावली वा वाक्यखण्डका रूपमा लेख्नु हो ।
- बुँदाहरू टिपोट गर्दा पाठ वा अनुच्छेदहरूलाई विभिन्न खण्डमा विभाजन गर्नुपर्छ र एउटा खण्डको विषयवस्तुलाई एउटा बुँदामा उल्लेख गर्नुपर्छ ।
- टिपोट गरेको बुँदाहरूलाई उपयुक्त कममा लेख्नुपर्छ , जसले गर्दा ती बुँदाहरूका आधारमा विषयवस्तुका बारेमा जान्न सकियोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

नमुनाका रूपमा 'साहित्यका रवीन्द्रनाथ ठाकुर' पाठको पहिलो अनुच्छेदबाट बुँदाहरू टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् र त्यसरी नै त्यस पाठका अन्य अनुच्छेदहरूबाट बुँदा टिपोट गर्न सबै विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । जस्तै, पहिलो अनुच्छेदका बुँदा :

Draft

मानिस बौद्धिक प्राणी............ठाकुर प्रतिभाशाली व्यक्ति.......... पाँच वर्षकै उमेरमा कविताको रचना ...........उनका रचना राष्ट्रिय गानका रूपमा भारत र बङ्गलादेशमा प्रसिद्ध .......ठाकुर विश्वकै महान साहित्यकार ।

**क्रियाकलाप - २**

अनुच्छेदहरूबाट बुँदा टिपोट गरेपछि विद्यार्थीहरूलाई ती बुँदाहरूका आधारमा पुन : अनुच्छेद लेख्न लगाउनुहोस् ।

**क्रियाकलाप - ३**

पाठसँग सम्बन्धित तलका शीर्षकका आधारमा विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा अनुच्छेद लेख्ने अभ्यास गराउनुहोस् । शीर्षकहरू :

(क) रवीन्द्रनाथको पारिवार

(ख) रवीन्द्रनाथ ठाकुरको साहित्यिक व्यक्तित्व

(ग) रवीन्द्रनाथका साहित्यिक कृतिको विशेषता

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइका् मूल्याङ्कन गर्नुहोस् :**

(क) 'साहित्यकार रवीन्द्रनाथ ठाकुर' पाठको छैटौँ अनुच्छेदबाट बुँदाहरू टिपोट गर्नुहोस् ।

(ख) पाठको सिर्जनात्मक अभ्यास प्रश्न नं. २० मा दिएका बुँदाका आधारमा विभिन्न अनुच्छेदहरू लेख्नुहोस् ।

५. परियोजना कार्य : सिर्जनात्मक अभ्यासका रूपमा प्रश्न २१ म उल्लेख निर्देशन अनुसार जीवनी लेख्न सबै विद्यार्थीहरूलाई भन्नुहोस् ।

## पाँचौं दिन

**पाठ्यवस्तु : ५** **सारांश लेखन** **घन्टी : १**

अपेक्षित सिप : लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) सारांश लेख्नका लागि बुँदाहरूको टिपोट गर्न

(ख) बुँदाका आधारमा सिलसिला मिलाएर सारांश लेख्न

२. **शैक्षिक सामग्री**

(क) बुँदा टिपोटका नमुना

(ख) सारांश लेखनका नमुना

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा**

'सारांश लेखन' मा विद्यार्थीहरूलाई अभिप्रेरित गर्न लेखाइ सिप सम्बन्धी तलका क्रियाकलापहरूका बारेमा छलफल गर्नुहोस् । जस्तै :



Draft

(क) बोध प्रश्नोत्तर (ख) तात्पर्य लेखन

(ग) बुँदा टिपोट (घ) व्याख्या लेखन

(ङ) सारांश लेखन आदि ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

अब सारांश लेखनको परिचयका बारेमा छलफल गर्नुहोस् र विद्यार्थीहरूलाई तलका विवरणहरू कापीमा लेख्न भन्नुहोस् । जस्तै :

(क) सारांश भनेको सारभाग हो । कुनै कुरो वा लेखको सङ्क्षिप्त रूपलाई सारांश भनिन्छ । सारांश आकार प्रकारमा छोटो भए पनि यसमा विषयवस्तुको सार वा भाव भने पूर्ण रूपमा समावेश हुन्छ ।

(ख) सारांश सामान्यतया तिन भागको एक भाग अर्थात् एक तृतीयांश हुनुपर्छ भन्ने मान्यता छ ।

(ग) सारांश लेखनका लागि विद्यार्थीहरूमा श्रुतिबोध तथा पठनबोधको क्षमता आवश्यक पर्छ ।

**क्रियाकलाप - २**

पाठको कुन अनुच्छेदको सारांश लेख्न लगाउनुहोस् । यसका लागि त्यो अनुच्छेद विद्यार्थीहरूलाई दुईतिन पटक पढ्न भन्नुहोस् । त्यस अनुच्छेदका मुख्य मुख्य कुराहरू पनि बुँदाका रूपमा टिप्न लगाउनुहोस् ,अनि ती बुँदाहरूका आधारमा सारांश लेख्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप - ३**

पाठको कुनै अनुच्छेदका बुँदा र सारांश कक्षामा प्रस्तुत गर्नुहोस् र त्यसका आधारमा अन्य अनुच्छेदको सारांश लेख्न लगाउनुहोस् । जस्तै , पाठको दोस्रो अनुच्छेदको बुँदा र सारांश :

बुँदा – ठाकुरको जन्म...........उनका पितामाता..........शिक्षित परिवार......अध्ययन गर्ने अभिरुचि .......... अध्ययन र अभ्यास गर्ने घरमा व्यवस्था ।

सारांश – साहित्यकार रवीन्द्रनाथ ठाकुर सन् १९६१ मे ७ का दिन भारतको कोलकताको जोडासाँकुमा जन्मेका थिए । उनी पिता देवेन्द्रनाथ र माता शारदा देवीका कान्छा छोरा हुन् । शिक्षित र सम्पन्न परिवार भएका कारण उनकै अभिरुचिअनुसार घरकै स्वतन्त्र वातावरणमा उनका लागि अध्ययनको व्यवस्था गरियो ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको पाँचौं अनुच्छेदको सारांश लेख्नुहोस् ।

(ख) सारांश लेखनका लागि पाठको छैठौं अनुच्छेदबाट बुँदाहरू टिप्नुहोस् ।

५. **गृहकार्य :**

सारांश लेखनका बारेमा एक अनुच्छेद लेख्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य :**

काल र पक्षका बारेमा प्रभावकारी शिक्षण गर्न नेपाली व्याकरणको कुनै पुस्तक हेर्नुहोस् । (शिक्षकका लागि)

## छैटौँ दिन

**पाठ्यवस्तु : ६ कार्यमूलक व्याकरण : काल र पक्ष तथा भाव घन्टी : २**

अपेक्षित सिप : काल र पक्ष तथा भावका आधारमा वाक्य रचना

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) काल र पक्षका आधारमा वाक्य परिवर्तन गर्न,

(ख) भावअनुसारका वाक्य संरचना गर्न,

(ग) भावका आधारमा वाक्यहरू परिवर्तन गर्न,

२. **शैक्षिक सामग्री**

(क) काल तथा पक्षको तालिका

(ख) भाव अनुसारका वाक्य तालिका

(घ) अभ्यासात्मक प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा**

काल र पक्ष अनुसारका वाक्यहरूको तालिका कक्षामा प्रस्तुत गरेर पाठप्रति विद्यार्थीहरूलाई अभिप्रेरित गर्नुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

काल र पक्षका बारेमा प्रश्नोत्तर विधिद्वारा विद्यार्थीहरूसँग छलफल गर्नुहोस्

**क्रियाकलाप - २**

(अ) बोर्डमा विभिन्न काल र पक्षका वाक्यहरू लेखेर कुन वाक्य कुन काल र पक्षको भनेर विद्यार्थीहरूलाई सोध्नुहोस् र विद्यार्थीले बताउन नसके तपाइँ बताउनुहोस् । जस्तै :

(क) वर्षायाममा प्रशस्त पानी पर्छ । (सामान्य वर्तमान)

(ख)यस वर्ष बाली राम्रो फल्यो । (सामान्य भूत)

(ग) मेलामा खेताला सबेरै आउने छन् । (सामान्य भविष्यत्)

(आ) यसरी तिनै कालका सबै पक्षका वाक्यहरू लेखेर चिनाउनुहोस् र त्यस अनुसारका अन्य वाक्यहरू बनाउन पनि विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । ती वाक्यहरूलाई विभिन्न काल र पक्षमा परिवर्तन गर्न पनि लगाउनुहोस् ।

**क्रियाकलाप - ३**



Draft

काल र पक्षको शिक्षणपछि विद्यार्थीहरूलाई भावका बारेमा जानकारी गराउनुहोस् । यसका लागि कक्षामा भाव अनुसारका वाक्यहरूको तालिका प्रस्तुत गर्नुहोस् र त्यो तालिकाका आधारमा भावका बारेमा छलफल गर्नुहोस् । जस्तै :

आज्ञार्थ

(क) तिमी बिहान सबेरै उठ ।

(ख) तपाईँ मलाई कथा सुनाउनुहोस् ।

(ग) तँ आफ्नो पाठ पढ् ।

इच्छार्थ

(क) आज घाम लागोस् ।

(ख) परीक्षा राम्रो होओस् ।

(ग) ईश्वरले कल्याण गरुन् ।

सम्भावनार्थ

(क) पाउना आउलान् ।

(ख) दसैं राम्रो होला ।

(ग) महँगी घट्ला ।

**क्रियाकलाप - ४**

विद्यार्थीहरूलाई भावका आधारमा वाक्य रचना गर्न भन्नुहोस् । भावका आधारमा वाक्यहरू लेखेर उनीहरूलाई चिनाउनुहोस् । त्यस्तै भावका आधारमा वाक्य परिवर्तन गर्न पनि लाउनुहोस् ।

**क्रियाकलाप - ५**

अब कक्षा कार्यका रूपमा पाठका १७ , १८ र १९ नं. का प्रश्नहरू हल गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) भूत कालका विभिन्न पक्षमा वाक्य रचना गर्नुहोस् ।

(ख) तलका आज्ञार्थक वाक्यलाई इच्छार्थकमा बदल्नुहोस् :

- तिमी विद्यालय जाऊ ।
- तपाईं मलाई कलम दिनुहोस् ।
- तिमी खाजा खाऊ ।

५. **गृहकार्य :**

वर्तमान कालका विभिन्न पक्षका वाक्यहरू प्रयोग गरेर हाम्रो संस्कृति भन्ने विषयमा एक अनुच्छेद लेख्नुहोस् ।

६. **थप अध्ययन सामग्री :** आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८)

Draft

**छैटौं दिन**

**पाठ्यवस्तु : ७** **सिर्जनात्मक लेखन** **घन्टी : १**

अपेक्षित सिप : लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) बुँदाका आधारमा जीवनी लेख्न,

(ख) स्वतन्त्र रूपमा जीवनी लेख्न,

२. शैक्षिक सामग्री

(क) जीवनीको नमुना

(ख) अभ्यासात्म प्रश्न

(ग) तथ्य सङ्कलन गर्ने सूचकहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

(अ) स्थानीय समुदायका विभिन्न विशिष्ट व्यक्तिको नाम बोर्डमा लेख्नुहोस् । अनि ती व्यक्तिहरूका बारेमा विद्यार्थीहरूसँग कुराकानी गर्नुहोस् ।

(आ) जीवनीको नमुना कक्षामा प्रस्तुत गरेर त्यहाँ उल्लेख मुख्य मुख्य कुरा विद्यार्थीहरूलाई बताउनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

- पाठको सिर्जनात्मक अभ्यासमा पत्रकार शिव अधिकारीका बारेमा जीवनीसँग सम्बन्धित बुँदा उल्लेख छन् । ती बुँदाहरू विद्यार्थीहरूलाई क्रमश : पढेर सुनाउनुहोस् र उनीहरूलाई पनि सँगसँगै मनमनै पढ्न भन्नुहोस् ।
- पाठ्य पुस्तकमा उल्लेख पत्रकार शिव अधिकारीका जीवनसँग सम्बन्धित बुँदाहरूलाई मौखिक रूपमा वर्णन वा विस्तार गर्नुहोस् । तपाईले गरेको वर्णन टिप्न विद्यार्थीहरूलाई निर्देशन पनि दिनुहोस् ।
- ती बुँदा र वर्णनका आधारमा विषयवस्तु वा जीवन वृतान्तलाई सिलसिला मिलाएर लेख्न विद्यार्थीहरूलाई भन्नुहोस् । जीवन वृतान्त लेख्दा अनावश्यक गन्थन नलेखेर खाँदिला कुराहरू लेख्नुपर्ने कुरा पनि बताउनुहोस् ।
- अब : केही विद्यार्थीहरूलाई उनीहरूले लेखेको जीवनी कक्षामा सुनाउन भन्नुहोस् र त्यसका आधारमा विद्यार्थीहरूलाई पृष्ठपोषण पनि प्रदान गर्नुहोस् ।

**क्रियाकलाप - २**

Draft

- स्थानीय समुदायका विशिष्ट व्यक्तिहरूको जीवनी परियोजना कार्यका रूपमा स्वतन्त्र रूपले लेख्न लगाउनुहोस् । यसका लागि तथ्य सङ्कलन गर्नुपर्ने बारेमा विद्यार्थीहरूलाई परामर्श प्रदान गर्नुहोस् । यस बारेमा आफ्ना भनाइ राख्न विद्यार्थीहरूलाई पनि अवसर प्रदान गर्नुहोस् ।
- (ख)तथ्य सङ्कलनका लागि आवश्यक पर्ने सूचकहरू बोर्डमा लेख्नुहोस् र सार्न विद्यार्थीहरूलाई भन्नुहोस् । ती बुँदाका आधारमा सम्बन्धित व्यक्ति जिवित भए सम्बन्धित व्यक्तिसँगै र सम्बन्धित व्यक्ति जिवित नभए परिवारसँग सोधेर जीवनी लेख्न आवश्यक विषयवस्तु सङ्कलन गर्न निर्देशन दिनुहोस् ।
- जीवनी लेख्ने क्रममा उक्त विषयवस्तुलाई विभिन्न भागमा विभाजन गरेर तिनको क्रम मिलाउनुपर्छ भनेर परामर्श प्रदान गर्नुहोस् । अनि पाँच सात अनुच्छेदमा खास व्यक्तिको जीवनी तयार गर्न विद्यार्थीहरूलाई हौसला दिनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) साहित्यकार रवीन्द्रनाथ ठाकुरको जीवनीका आधारमा मुख्य मुख्य बुँदाहरू टिप्नुहोस् ।

(ख) पाठको सिर्जनात्मक अभ्यासमा उल्लेख बुँदाहरूका आधारमा पत्रकार शिव अधिकारीको प्रारम्भिक जीवनका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

५. **गृहकार्य :** पाठको अभ्यास २१ को प्रश्न हल गर्न विद्यार्थीहरूलाई लगाउनुहोस् ।

एकाङ्की विधाको परिचय :

एक अङ्कको नाटक एकाङ्की हो । यो छोटो हुन्छ, तर आफैंमा पूर्ण हुन्छ । एकाङ्कीमा दृश्य भने एकभन्दा बढी हुन सक्छन् । यसमा कथामा जस्तै जीवनको एक खण्डको चित्रण हुन्छ । एकाङ्कीको उद्देश्य मञ्चनका माध्यमले मनोरञ्जन प्रदान गर्नु पनि हो । यो संवाद शैलीमा लेखिएको हुन्छ । यसका अङ्ग भनेका कथानक, पात्र, भाषा, शैली, परिवेश आदि हुन् ।

आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६८ मा रूपक विधा अन्तर्गत संवाद , वादविवाद तथा एकाङ्की पाठहरू समावेश छन् । एकाङ्की शिक्षणको मुख्य प्रयोजन मौखिक अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यसको शिक्षण गर्दा पात्र तथा भाव अनुकुल वाचन , अभिनय एवं भूमिका निर्वाहको अभ्यास गराउनुपर्छ । यसै प्रयोजनका लागि कक्षा ८ को नेपाली पाठ्य पुस्तकमा 'हामी एउटै हौं' भन्ने एकाङ्की समावेश गरिएको छ ।

Draft

# पाठ : १५

**पाठ शीर्षक : ठग समातियो** **विधा : कथा**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १ | सस्वार वाचन र शुद्ध उच्चारण | १ |
| २ | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३ | बोध प्रश्नोत्तर र सारांश | १ |
| ४ | घटनाक्रम मिलान र कथा लेखन | १ |
| ५ | भावबोध र कथाको विश्लेषण | १ |
| ६ | व्याकरण : विभक्ति, निपात र सर्वनाम | १ |
| ७ | सिर्जनात्मक अभ्यास : (कथा लेखन) | १ |
| ८ | सिकाइ पुनरावृत्ति | १ |
| | **जम्मा** | **८** |

**दिन : पहिलो**

पाठ्यवस्तु : **सस्वार वाचन र शुद्ध उच्चारण**

लक्षित सिप : पढाइ र उच्चारण

१. **विशिष्ट उद्देश्य**

(क) गति, यति र हावभाव मिलाई ठग समातियो कथा सस्वरवाचन गर्न,

(ख) ठग समातियो कथाका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न ।

२. शैक्षिक सामग्री

कठिन उच्चारण भएका शब्दहरूको शब्दपत्ती र प्रदर्शन पाटी

३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) उत्प्रेरणा :

- यस कक्षामा पहिला नै पढिसकेका शब्दहरूको शब्दपत्ति एकएकगरी देखाउँदै शुद्ध उच्चारण गर्नका लागि गुञ्जसत्र सञ्चालन गर्नुहोस् र सही उच्चारण गर्ने केही विद्यार्थीलाई एकएक गर्दै पुनः ती शब्दको उच्चारण गर्न लगाउनुहोस् ।
- सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

Draft

(ख) क्रियाकलाप

क्रियाकलाप १

- सर्वप्रथम आफूले कथाको पहिलो अनुच्छेद गति, यति र हाउभाउ मिलाई बाचन गर्न गर्नुहोस् र वाचन गर्दा विद्यार्थीले राम्ररी सुने नसुनेको ध्यान दिनुहोस् ।
- त्यसपछि कुनै प्रीतिनधीमूलक विद्यार्थीलाई दोस्रो अनुच्छेद गति, यति र हाउभाउ मिलाएर वाचन गर्न लगाई राम्ररी वाचन गर्न नसकेका स्थानमा सच्याइदिनुहोस् ।
- बाँकी अनुच्छेदहरू विद्यार्थीलाई पालैपालो बाचन गर्न लगाउनुहोस् र त्रुटि भएका स्थानमा सबलीकृत पृष्ठपोषण दिनुहोस् । यसरी कथा वाचन गर्ने अभ्यास गराउनुहोस् ।
- गति, यति र हाउभाउ मिलाई राम्ररी पढ्न प्रतिस्पर्धा गराउनुहोस् र सबैभन्दा राम्ररी कथावाचन गर्नसक्ने विद्यार्थी पहिचान गर्न विद्यार्थीहरू स्वयंलाई लगाउनुहोस् र ताली बजाउन लगाएर स्याबासी पनि दिनुहोस् ।

**क्रियाकलाप २**

- कथावाचन गर्दा उच्चारण गर्न कठिन भएका शब्दहरू विद्यार्थीलाई भन्न लगाउँदै शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र विद्यार्थीहरूलाई पनि टिपोट गर्न लगाउनुहोस् ।
- टिपोट गरिएका र अभ्यास १० मा दिइएका शब्दहरू सामूहिक र उच्चारण गर्ने समस्या भएका विद्यार्थीहरूलाई व्यक्तिगतरूपमा उच्चारण गर्ने प्रशस्त अभ्यास गराउनुहोस् । यसरी उच्चारण गर्ने अभ्यास गराउँदा श/ष/स, ऋ/रि, चन्द्रबिन्दु/शिरबिन्दु, विसर्ग, हलन्त, आधा अक्षर, संयुक्त अक्षरलाई विशेष ध्यान दिनुहोस् ।
- विद्यार्थीहरूलाई शुद्ध उच्चारण गर्न कठिन भएका शब्दहरू अक्षर अक्षर छुट्याई शैक्षणिक पाटीमा लेखेर देखाई शुद्ध उच्चार गर्ने अभ्यास गराउनुहोस् । जस्तै : स्वर (स्वर्) खर्च (खर्.च), अवस्था (अ.बस्.था), शङ्का (सङ्.का), अल्मल्याएर ( अल्.म.ल्या.ए.र), हडबडाएर (हड्.ब.डा.ए.र) आदि ।
- शुद्ध उच्चारण गर्न कठिन शब्दका शब्दपत्ती समूह समूहमा वितरण गरी समूहका विद्यार्थीले देखाउने र अर्को समूहका विद्यार्थीले उच्चारण गर्ने प्रतिस्पर्धात्मक खेल पनि खेलाउनुहोस् ।
- शुद्ध उच्चारण गर्न कठिन शब्दका शब्दहरूको शब्दपत्ती एकएक गर्दै प्रदर्शन पाटीमा राख्दै उच्चारण गर्न लगाई मूल्याङ्कन गरी पृष्ठपोषण समेत दिनुहोस् ।

४. **प्रतिविम्बन**

- 'ठग समातियो' कथा वाचन गरेर सुनाउन लगाउनुहोस् ।
- उच्चारण गर्न कठिन शब्दहरू पालैपालो उच्चारण गरेर सुनाउन लगाउनुहोस् ।

Draft

५. **गृहकार्य/परियोजना कार्य**

पाठमा प्रयोग भएका उच्चारण गर्न कठिन शब्दहरूको अक्षर विन्यास गरी लेखेर ल्याउने गृहार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

कठिन शब्दहरूको सङ्ग्रह तयार पार्नुहोस् ।

**दोस्रो दिन**

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग**

लक्षित सिप : शब्दभण्डार वृद्धि र वाक्य निर्माण

१. **विशिष्ट उद्देश्य**

(क) पाठमा प्रयोग भएका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) उक्त कठिन शब्दहरूलाई अर्थपूर्ण वाक्यमा प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, शब्दकोश र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- एक जना विद्यार्थीलाई अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको अभ्यास १६ र १७ को कार्य प्रस्तुत गर्न लगाउनुहोस् र छलफल गराई आवश्यक पृष्ठपोषण दिनुहोस् ।
- सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आज सञ्चालन हुने मुख्यमुख्य शिक्षण सिकाइ क्रियाकलापका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- पहिलो अनुच्छेदहरू कुनै एक विद्यार्थीलाई सस्वरवाचन गर्न लगाउनुहोस् र अन्य विद्यार्थीलाई अनुच्छेदहरू सुन्न र उक्त अनुच्छेद सँगसँगै हेर्न लगाउनुहोस् । त्यसपछि सबैलाई बाँकी अनुच्छेद मौनवाचन गर्न लगाउनुहोस् ।
- वाचन गरिसकेपछि विद्यार्थीहरूलाई ती अनुच्छेदहरूका नयाँ र अर्थका दृष्टिले कठिन शब्दहरू टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्दहरू एकएक गर्दै भन्न लगाउनुहोस् र शैक्षणिक पाटी टिप्दै जानुहोस् ।
- विद्यार्थीहरूलाई एकएक गर्दै उक्त प्रत्येक शब्दहरूको अर्थ सोध्दै जानुहोस् । यसो गर्दा गाढा अक्षरमा दिइएका शब्दको अर्थ त्यही पृष्ठको पुछारमा हेर्न समेत

Draft

लगाउनुहोस् । पालैपालो गरी शब्दकोशको प्रयोग गरी अर्थ खोज्ने अभ्यास समेत गराउनुहोस् ।

- उनीहरूले दिएको शब्दार्थ सही भएमा सबलीकरण गर्नुहोस् र सही नभएमा वा आंशिक रूपमा मात्र सही भएमा शब्दपत्ती र अर्थपत्ती प्रदर्शन पाटीमा राख्दै सबैलाई अर्थ पढ्न लगाउनुहोस् । यसरी शब्दार्थ शिक्षण गर्दा शब्दको प्रकृति हेरी चित्र, वस्तु, पर्याय, विपर्याय, अभिनय, वर्णन जस्ता उपयुक्त विधि अँगाली शब्दको अर्थ प्रष्ट पार्नुहोस् ।
- दुई पङ्क्तिका एकएक  जना विद्यार्थीलाई अगाडि बोलाई प्रदर्शन पाटीबाट एक जनालाई शब्द र अर्को  जनालाई मिल्दो अर्थपत्ती झिक्न लगाउनुहोस् । सही भएमा सबलीकरण गर्नुहोस् र नमिलेमा सम्बन्धित पङ्क्ति समूहका अन्य विद्यार्थीहरूको सहयोग लिन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- शब्दार्थ शिक्षपछि वाक्य निर्माण क्रियाकलाम सञ्चालन गर्नका लागि विद्यार्थीहरूलाई समूह समूहमा बाँडी शब्दपत्ती वितरण गर्नुहोस् । आफूलाई परेका ती शब्दहरू प्रयोग गरी सामुहिकरूपमा वाक्य निर्माण गर्न लगाउनुहोस् ।
- समूहबाट पालैपालो आफूलाई परेका शब्दहरू प्रयोगगरी बनाएका वाक्यहरू एक जनालाई एउटाका दरले भन्न लगाउनुहोस् र अर्थपूर्ण भए नभएको छलफल गर्नुहोस् । आफूले लगेका वाक्यपत्तीहरू पनि प्रदर्शन पाटीमा राख्दै विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।
- शब्दलाई वाक्यमा प्रयोग गराउ"दा नया" र कठिन शब्दको प्रकृति हेरी त्यसको धारणा स्पष्ट पार्न एकभन्दा बढी वाक्य बनाउनका लागि विद्यार्थीलाई प्रोत्साहित गर्नुहोस् ।
- यसरी प्रस्तुतीकरण कार्य सकेर ती शब्दपत्तीहरू प्रदर्शन पाटीमा राखी व्यक्तिगतरूपमा अर्थपूर्ण वाक्यहरू निर्माण गर्न लगाउनुहोस् र एक आपसमा हेर्न लगाई छलफल गराउनुहोस् ।

४. **प्रतिविम्बन**

- पाठमा प्रयोग भएका कठिन शब्दको अर्थ लेख्न लगाउनुहोस् ।
- उक्त शब्दहरूलाई अर्थपूर्ण प्रयोगगरी वाक्य निर्माण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

प्रतिविम्बनका शब्दहरू प्रयोग गरी एउटा अनुच्छेद लेख्ने परियोजना कार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

सारांश लेखनको ढाँचा तयार पार्नुहोस् ।

Draft

**दिन : तेस्रो**

पाठ्यवस्तु : **बोध प्रश्नोत्तर र सारांश**

लक्षित सिप : पठनबोध

## १. विशिष्ट उद्देश्य

(क) प्रस्तुत कथाका बोध प्रश्नहरूको उत्तर दिन,

(ख) निर्धारित अनुच्छेदबाट बुँदा टिपी सारांश तयार पार्न ।

## २. शैक्षिक सामग्री

प्रश्नपत्ती, उत्तरपत्ती र प्रदर्शन पाटी

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) उत्प्रेरणा

विद्यार्थीलाई केही समय दिई यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक विषयमा छोटाछोटा प्रश्नहरू सोधी गुञ्ज सत्रका आधारमा उत्तर भन्न लगाउने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

### (ख) क्रियाकलाप

**क्रियाकलाप १**

- 'ठग समातियो' कथा मौनवाचन गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले पढिरहेका बखत कक्षाकोठाको सबैतिर पुगेर नजिकबाट अवलोकन गर्नुहोस् । मौनवाचन सकेपछि तलका जस्ता प्रश्नहरू एकएक गर्दै प्रदर्शन पाटीमा राख्दै समावेशी आधारमा उत्तर भन्न लगाउनुहोस् ।
  - o विराजकी आमा किन चिन्तित हुनुहुनथ्यो ?
  - o आमा किन अस्पताल जान हिँड्न खोज्नुभयो ?
  - o विराज कहाँ गएको थियो ?
  - o विक्रमले कसलाई किन फोन गऱ्यो ?
  - o ठगले आमासँग कति रूपैँया मागेको थियो ?
  - o विक्रमले आमालाई अलमल्याउनुको कारण के थियो ?
  - o कसले गर्दा आमा ठगिबाट बच्नुभयो ?
- विद्यार्थीले सही उत्तर भन्न नसकेमा पुनः मौनवाचन गर्न लगाउनुहोस् र उत्तरहरू लेख्न कक्षाकार्य दिनुहोस् । सही उत्तर पत्ता लगाउन आवश्यक सहजीकरण गर्नुहोस् ।
- बोध प्रश्नोत्तरलाई कक्षाकार्यको एउटा अङ्ग बनाउनुहोस् र यसका लागि सर्वप्रथम मौखिक रूपमा र त्यसपछि लिखित रूपमा उत्तर भन्न र लेख्न लगाउनुहोस् ।

क्रियाकलाप २

- बोध प्रश्नोत्तर सकिएपछि पहिलो र दोस्रो अनुच्छेद दिई त्यसका मुख्य घटना वा विचारलाई बुँदागत रूपमा लेख्न लगाउनुहोस् ।

Draft

- बुँदा टिपोटपछि अनुच्छेदबाट टिपिएका बुँदा अनावश्यक भए हटाउन र कम भए थप्न निर्देश गर्नुहोस् । त्यसपछि टिपिएका बुँदाहरूलाई सिलसिलाबद्ध बनाएर सारांश लेख्न लगाउनुहोस् । यसका लागि शिक्षकले नमुनाका रूपमा तयार पारेको सारांशलाई प्रदर्शन पाटीमा प्रस्तुत गरी देखाउनुहोस् ।
- यसै गरी बाँकी अन्य अनुच्छेदहरूको मौखिक मौखिकरूपमा सारांश भन्न लगाएर र लिखित रूपमा सारांश तयार पार्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

- 'ठग समातियो' कथाको निर्धारित अनुच्छेदको बुँदा टिपोट गर्न लगाउनुहोस् ।
- 'ठग समातियो' कथाको सार खिच्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

'ठग समातियो' कथाको बुँदा टिपोट टिपोट गरी सारांश लेख्ने परियोजना कार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

कथा लेखन अभ्यासका लागि खाली ठाउँ भएको ढाँचाको सङ्ग्रह तयार पार्नुहोस् ।

## चौथो दिन

पाठ्यवस्तु : **घटनाक्रम मिलान र कथा लेखन**

लक्षित सिप : घटनाक्रम मिलान र कथा लेखन

१. **विशिष्ट उद्देश्य**

(क) टिपोटका आधारमा घटनाक्रम मिलाउन,

(ख) दिइएका विषय, घटना वा बुँदाका आधारमा कथा लेख्न ।

२. **शैक्षिक सामग्री**

घटनाहरूको तालिका, घटना पत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

विद्यार्थीहरूलाई सिकाइमा सक्रिय गराउने छोटो क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको कार्य प्रस्तुत गराई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । कुनै लघुकथा वा मुक्तक आफूले सुनाउने साथै सहभागिताको सिद्धान्तका आधारमा केही विद्यार्थीहरूलाई पनि सुनाउन लगाउनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप १**

- सर्वप्रथम अघिल्लो कक्षामा टिपोट गरिएका बुँदाहरू पुनरावलोकन गर्न लगाउनुहोस् । पहिलो र दोस्रो अनुच्छेदबाट घटनाहरूलाई अघिपछि गरेर तयार पारेको बुँदा टिपोटको तालिका प्रदर्शन पाटीमा प्रस्तुत गर्नुहोस् ।

Draft

- त्यसैगरी आफूले तयार पारेर ल्याएका बुँदाका तालिकाहरूमध्ये कुनै एउटा तालिका प्रदर्शन पाटीमा विद्यार्थीहरूलाई प्रदर्शन गर्न लगाई उक्त तालिकामा टिपिएका बुँदाहरू क्रम नमिलेको भएमा क्रम मिलाउन लगाउनुहोस् ।
- ती बुँदालाई क्रम मिलाएर घटनाहरूलाई भन्न लगाउनुहोस् । घटनाहरूको क्रम मिलाएर भन्ने कार्य सकिएपछि क्रम मिलाएर लेख्ने कार्य गराई गराउनुहोस् ।
- अन्त्यमा विद्यार्थीहरूले तयार पारेको बुँदा टिपोटलाई क्रम मिलाउन लगाउनुहोस् ।
- अभ्यास ६ को कार्य पनि गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूले तयार पारेका क्रमबद्ध घटनाहरूलाई समेटेर विषय वस्तुको विस्तार र वर्णन गर्न लगाउनुहोस् र उपयुक्त किसिमले वर्णन गर्न नसक्ने विद्यार्थीलाई वर्णन गर्ने प्रक्रिया स्पष्ट पारिदिनुहोस् र पुनः वर्णन गर्न लगाउनुहोस् ।
- मौखिक वर्णन गर्ने क्रियाकलाप सकेपछि कथा लेख्ने अभ्यास गराउनुहोस् । विद्यार्थीहरूले तयार पारेको कथालाई एकअर्कामा देखाई अन्तिम रूप दिन लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

बुँदा टिपोटका आधारमा घटनाक्रम मिलाई कथा लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

विभिन्न अनुच्छेदका बुँदाहरूको आधारमा कथा लेखेर ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

कथा विश्लेषणका तत्त्वहरूको हस्पत्र तयार पार्नुहोस् ।

## दिन : पाँचौं

पाठ्यवस्तु : **भावबोध र कथाको विश्लेषण**

लक्षित सिप : बोध र विश्लेषण

१. **विशिष्ट उद्देश्य**

(क) कथाको विशिष्ट पङ्क्तिहरू र कथाको भाव बताउन ।

(ख) कथाका पात्रहरू र कथाको विश्लेषण गर्न ।

२. **शैक्षिक सामग्री**

कथाका विशिष्ट पङ्क्तिहरूको भाव टिपोट, कथाका पात्रहरूको विशेषता पत्ती, कथाको विश्लेषणका अङ्गको तालिका र प्रदर्शन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

Draft

यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक छोटो क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्य/परियोजना कार्य समावेशिताका आधारमा प्रस्तुत गर्न लगाई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- 'ठग समातियो' कथाका विशिष्ट पङ्क्तिहरू विद्यार्थीलाई भन्न लगाउँदै शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । विद्यार्थीले भनिसकेपछि आफूले लगेको विशिष्ट पङ्क्तिको तालिका प्रदर्शन पाटीमा प्रस्तुत गरी छलफल गर्नुहोस् ।
- ती पङ्क्तिको भाव वा अर्थ पत्ता लगाउनका लागि समूह समूहमा एकएक ओटा विशिष्ट पङ्क्ति वितरण गर्नुहोस् र छलफल गरी भाव वा अर्थ पत्ता लगाई लेख्ने सामुहिक कार्य लगाउनुहोस् ।
- समूह समूहमा तयार पारेर लेखेका भावहरू प्रस्तुत गर्न लगाई छलफल गरी अन्तिम रूप दिन लगाउनुहोस् ।
- यसपछि समूह समूहमा कथाको मूल भाव लेख्न लगाई प्रस्तुत गराउनुहोस् । आफूले तयार पारेको भावको तालिका समेत प्रस्तुत गरी छलफल गराउनुहोस् र कथाको भाव लेख्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

- 'ठग समातियो' कथाका मुख्यमुख्य पात्रहरू को को हुन् ? विद्यार्थीहरूलाई सोध्नुहोस् र पालैपालो विद्यार्थीले भनेका पात्रहरू शैक्षणिक पाटीमा टिप्नुहोस् । आफूले लगेको पात्रहरूको पत्ती प्रदर्शन पाटीमा प्रस्तुत गरी विद्यार्थीले भनेका पात्रहरूलाई थपघट गराई मुख्य मुख्य पात्रहरूको अन्तिम रूप दिन लगाउनुहोस् ।
- पात्र सङ्ख्याका आधारमा समूह विभाजन गरी एउटा समूहलाई एउटा पात्रका दरले पात्रको मुख्यमुख्य विशेषताहरू टिप्न लगाउनुहोस् र पालै पालो प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् ।
- के के कुराका आधारमा कथालाई विश्लेषण गर्न सकिन्छ ? भनी विद्यार्थीलाई प्रश्न सोध्नुहोस् र विद्यार्थीले भनेका आधारहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । आफूले लगेको कथा विश्लेषणको आधारको तालिका प्रस्तुत गरी छलफल गर्नुहोस् ।
- कक्षालाई पाँच समूहमा विभाजन गरी कथा विश्लेषणका पाँच ओटा आधारलाई एकएक समूहमा वितरण गरी ती आधारमा कथाको विश्लेषण गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् र छलफल गरी पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिविम्बन**

'ठग समातियो' कथाले के सन्देश दिएको छ ? लेख्न लगाउनुहोस्

५. **गृहकार्य/परियोजना कार्य**

'ठग समातियो' कथाको विश्लेषणको तालिका बनाउने परियोजना कार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

विभक्ति, निपात र सर्वनाम शिक्षणका लागि हस्तपत्र तयार पार्नुहोस् ।

## दिन : छैटौं

पाठ्यवस्तु : **व्याकरण (विभक्ति, निपात र सर्वनाम)**

लक्षित सिप : व्याकरण तत्त्व पहिचान

१. **विशिष्ट उद्देश्य**

(क) विपरितार्थक र पर्यायवाची शब्द प्रयोग गर्न,

(ख) विभक्ति, निपात र सर्वनामको प्रयोगसम्बन्धी नियम पहिचान गरी सही प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

विपरितार्थक र पर्यावाची शब्दको तालिका, विभक्ति, निपात र सर्वनाम तालिका तथा प्रदर्शन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- कुनै विद्याथीलाई पहिला नै पढिसकेको कुनै एउटा शब्द भन्न लगाई अरू विद्यार्थी त्यो शब्दका पर्यायवाची शब्दहरू भन्न लगाउनुहोस् र आवश्यक परे थप गरिदिनुहोस् । यसैगरी अन्य केही शब्दको पनि पर्यायवाची शब्द भन्न लगाउनुहोस् ।
- अघिल्लो दिन गृहकार्यका रूपमा दिएको 'ठग समातियो' कथाको सन्देश समावेशिताका आधारमा प्रस्तुत गर्न लगाई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- विपरितार्थक शब्दहरूको आफूले लगेको तालिका प्रदर्शन गरी छलफल गराउनुहोस् । चोर, साँझ, उज्यालो जस्ता शब्दहरूको उल्टो अर्थ दिने शब्दहरू खोजी गर्न लगाउने पाठ्य पुस्तकको अभ्यास ७ मा दिइएको विपरितार्थक शब्द पहिचान गर्ने अभ्यास गराउनुहोस् ।
- पर्यायवाची शब्दहरूको आफूले लगेको तालिका प्रदर्शन गरी छलफल गराउनुहोस् । एक्कासी, मुहार, धन जस्ता शब्दहरूको समान अर्थ दिने शब्दहरू खोजी गर्न लगाउने पाठ्य पुस्तकको अभ्यास ८ मा दिइएको पर्यावाची शब्द पहिचान गर्ने अभ्यास गराउनुहोस् ।

Draft

**क्रियाकलाप २**

- पाठमा भएका ले, लाई, देखि जस्ता विभक्तिहरू लागेका शब्दहरू खोजेर लेख्न लगाउनुहोस् र विद्यार्थीले लेखिसकेपछि छलफल गर्नुहोस् । आफूले लगेको विभक्तिको तालिका प्रस्तुत गरी पहिलानै पढिसकेको विभक्तिको पुनरावलोकन गराउनुहोस् ।
- त्यसैगरी नि, त, न जस्ता निपातहरू पाठबाट खोजेर लेख्न लगाउनुहोस् र विद्यार्थीहरूले लेखिसकेपछि भन्न लगाउनुहोस् । आफूले लगेको निपात शब्दहरूको तालिका प्रदर्शन पाटीमा प्रस्तुत गरी ती निपातको प्रयोग गरी वाक्य वनाउने अभ्यास गराउनुहोस् ।
- अन्तमा म, ऊ, तपाइँ जस्ता सर्वनामहरू पाठबाट खोजेर लेख्न लगाउनुहोस् र विद्यार्थीहरूले लेखिसकेपछि भन्न लगाउनुहोस् । आफूले लगेको सर्बना शब्दहरूको तालिका प्रदर्शन पाटीमा प्रस्तुत गरी सर्वनाम शब्दको प्रयोगसम्बन्धी पुनरावलोकन गराई गरी वाक्य वनाउने अभ्यास गराउनुहोस् ।

४. **प्रतिविम्बन**

'ठग समातियो' कथामा प्रयोग भएका १० ओटा शब्द लेखी तिनीहरूको विपरितार्थक र पर्यायवाची शब्दको तालिका बनाउन लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

'ठग समातियो' कथामा प्रयोग भएका विभक्ति, निपात र सर्वनाम शब्दको तालिका बनाई ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

कथा लेखनका शीर्षकको सूची र ढाँचा तयार पार्नुहोस् ।

| **दिन : सातौँ** |
|---|

पाठ्यवस्तु : **सिर्जनात्मक अभ्यास (कथा लेखन)**

लक्षित सिप : स्वतन्त्र लेखाइ

१. **विशिष्ट उद्देश्य**

(क) कथा लेखनका लागि बुँदा तयार पारी कथा लेख्न,

(ख) कथा वाचन गोष्ठी सञ्चालन गरी कथा सङ्ग्रह पुस्तिका तयार पार्न ।

२. **शैक्षिक सामग्री**

कथा लेखनका लागि बुँदाहरूको तालिका, पुरस्कारका लागि मसलन्द सामग्री र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

कुनै लघुकथा आफूले सुनाउने साथै सहभागिताको सिद्धान्तका आधारमा केही विद्यार्थीहरूलाई पनि सुनाउन लगाउनुहोस् ।

Draft

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- अभ्यास १७ मा दिइए अनुसार आफ्नै गाउँठाउँको घटनालाई आधार मानेर कथा लेखनका लागि बुँदाहरू लेख्न लगाउनुहोस् ।
- ती बुँदाका आधारमा व्यक्तिगतरूपमा कथा लेख्न लगाउनुहोस् ।
- विद्यार्थीलाई आपसमा कथा साटासाट गरेर पढ्न लगाई कथालाई अन्तिम रूप दिन लगाउनुहोस् ।
- कथा लेखिसकेपछि व्यक्तिगत कुनामा टाँस्न लगाई विद्यार्थीबाट समिति बनाई मूल्याङ्कन गर्न लगाई उत्कृष्ट तिन ओटा कथालाई मसलन्द सामग्री सामग्री वितरण पुरस्कृत गर्नुहोस् ।

**क्रियाकलाप २**

- अभ्यास १८ मा दिइए अनुसार घर परिवार अथवा छिमेकीहरूबाट सुनेका कथाहरूमध्ये मन परेको एउटा कथा लेख्न लगाउनुहोस् ।
- कथा लेखन कार्य सकिएपछि हावभाव मिलाएर कथा वाचन गर्न लगाउनुहोस् ।
- उत्कृष्टरूपमा वाचन गर्ने विद्यार्थीलाई ताली बजाएर प्रशंसा गर्नुहोस् र सबैलाई सबलीकृत पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिविम्बन**

- कथा लेखनका बुँदा निर्माण गर्दा विचार गर्नुपर्ने कुराहरू लेख्न लगाउनुहोस् ।
- कथा वाचन गोष्ठी सञ्चालन गर्दा ध्यान दिनुपर्ने पक्षहरू टिपोट गर्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

माथिका दुबै क्रियाकलापका सबै कथाहरू सङ्कलन गरी अलग अलग पुस्तिकाको आकार दिएर कथाका दुई ओटा पुस्तिका बनाई पुस्तकालयमा राख्न सामुहिक परियोजना कार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

विद्यार्थीहरूलाई उनीहरूले यस 'ठग समातियो' पाठको शिक्षण सिकाइ क्रियाकलापमा गरेका कार्यहरू निरन्तर विद्यार्थी मूल्याङ्कनको आफ्नो कार्य सञ्चयिकामा सङ्कलन गर्न लगाई मूल्याङ्कन गरी अभिलेख फाराममा जनाउनुहोस् ।

Draft

**दिन : आठौँ**

पाठ्यवस्तु : **सिकाइ पुनरावृत्ति**

लक्षित सिप : उपलब्धि परीक्षण

१. **विशिष्ट उद्देश्य**

यस एकाइबाट सोधिएका प्रश्नको उत्तर दिन

२. **शैक्षिक सामग्री**

उपलब्धि परीक्षणका लागि प्रश्नपत्र

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

'ठग समातियो' कथाका पात्रहरूको नाम भन्न लगाउँदै उक्त पात्रहरूमा मन पर्ने पात्रको नाम भन्न लगाउँदै आजको यो अन्तिम दिनको क्रियाकलापका बारेमा जानकारी गराउनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीलाई निम्नलिखित प्रश्नको उत्तर लेख्न लगाई सिकाइ पुनरावृत्ति गराउनुहोस् ।

**नमुना प्रश्नपत्र**

विषय : नेपाली

अ. तलका शब्दको अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर :

अबेर, हुलिया, अल्मल्याएर, बिगबिगी, छक्क

आ. तलका प्रश्नको छोटो उत्तर देऊ :

(क) आमा के कारणले एकदमै आत्तिनुभयो ?

(ख) विक्रमले कसलाई किन फोन गर्‍यो ?

(ग) ठगले आमासँग के भनेर पैसा मागेको थियो ?

(घ) विराज कहाँ गएको थियो ?

(ङ) कसले गर्दा आमा ठगिबाट बच्नुभयो ?

इ. 'ठग समातियो' कथाले के सन्देश दिएको छ ।

ई. उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :

| | |
|---|---|
| चोर | आवाज |
| साँझ | अँध्यारो |
| उज्यालो | बिहान |
| सजिलो | साधु |
| | अप्ठेरो |

Draft

उ.	'त, नि, रे, पो, लौ' निपातको प्रयोग गरी एकएक ओटा वाक्य बनाऊ ।

४.	**प्रतिविम्बन**

माथिका प्रश्नहरूको उत्तर भन्न लगाई सबलिकृत पृष्ठपोषण दिनुहोस् ।

५.	**शिक्षकका लागि परियोजना कार्य**

यो परीक्षण पछि विद्यार्थीको उत्तर पत्रलाई फिर्ता गरेर आ-आफ्नो कार्य सञ्चयिका फायलमा राख्न लगाउनुहोस् ।

६.	**थप अध्ययन सामग्री**

**कथा विश्लेषणको आधार**

- घटना : कथालाई अगाडि बढाउँदा आउने मुख्यमुख्य मोड
- पात्र : कथामा वर्णित चरित्र वा मानिस
- चरित्र : मानिस वा मानिसबाहेकका पात्रको विशेषता
- परिवेश : कथाको स्थान, समय र वातावरण
- उद्देश्य : कथाले दिन खोजेको सन्देश ।

**जोडीमा पढाइ/जोडीमा सारांश (paired reading/paired summarizing )**

विद्यार्थीहरूलाई जोडीमा रहन लगाउने, कुनै विषय वस्तुका अनुच्छेदहरू पढ्न दिने, पढ्ने क्रममा पहिलो अनुच्छेद एक जनाले पढ्ने र सारांश निकाल्ने अर्काले प्रश्न सोध्ने, पढ्नेले उत्तर दिने । बाँकी अनुच्छेदहरू भूमिका परिवर्तन गरी पालैपालो यही प्रक्रियाले पढ्ने ।

**अनुरोध विधि -the request procedure)**

विद्यार्थीहरूलाई जोडीमा रहन लगाउने, कुनै विषय वस्तुका अनुच्छेदहरू पढ्न दिने, पढ्ने क्रममा पहिलो अनुच्छेद एक जनाले पढ्ने अर्काले प्रश्न सोध्ने, पढ्नेले उत्तर दिने । बाँकी अनुच्छेदहरू भूमिका परिवर्तन गरी पालैपालो यही प्रक्रियाले पढ्ने (यसमा सारांश निकाल्नु पर्दैन) ।

**बुँदा सङ्केत सहित पढाइ (reading with text coding)**

कुनै विषय वस्तु पढ्न दिने र कठिन वा महत्वपूर्ण शब्द वा शव्दावली वा बाक्यको मुनी रेखा तानेर वा अन्य कुनै तरिकाले सङ्केत गर्न लगाउने ।

Draft

## पाठः १६ कम्प्युटर र इन्टरनेट

एकाइगत पाठ्यवस्तु विभाजन योजना

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | बोध, छलफल र प्रश्नोत्तर | १ |
| ४. | बुँदा टिपोट र सारांश लेखन | १ |
| ५. | मौन पठन र सङ्क्षिप्त उत्तर लेखन | १ |
| ६. | भाव विस्तार | १ |
| ७. | शब्द भण्डार | १ |
| ८. | कार्यमूलक व्याकरण | १ |
| | जम्मा | ८ |

### पहिलो दिन

**पाठ शीर्षक : कम्प्युटर र इन्टरनेट (प्रबन्ध)** घन्टी :

पाठ्यवस्तु : सस्वर पठन र शुद्धोच्चारण समय: ४५ मिनेट

लक्षित सिप : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)

१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) 'कम्प्युटर र इन्टरनेट' प्रबन्धका निर्दिष्ट अनुच्छेदलाई गति यति मिलाई सस्वर पढ्न,

(ख) यस प्रबन्धका कठिन शब्दको शुद्ध रूपमा उच्चारण गर्न,

लक्षित शब्द: मस्तिष्क, स्वचालित, निर्वाचन, मनोरञ्जन, आविष्कार, सञ्जाल, अपरिहार्य, अन्तरसम्बन्ध

**२. शैक्षिक सामग्री :**

कठिन उच्चारण भएका शब्दको सूची, शब्दपत्ती, गोजीतालिका

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) उत्प्रेरणा :

- शिक्षकले कम्प्युटर र इन्टरनेटमा आधारित भई विद्यार्थीहरूलाई प्रस्तुत प्रबन्धका विषयमा निम्नानुसारका केही प्रश्न सोधी उत्प्रेरणा प्रदान गर्दै प्रबन्धप्रति विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् । जस्तै :

Draft

(क) के तिमीले कम्प्युटर चलाएका छौ ? छौ भने पहिलो पटक कम्प्युटर चलाउँदा कति वर्षका थियौ ?

(ख) इन्टरनेट भनेको के हो ? तिमीहरूलाई थाहा छ ?

(ग) तिमीहरूमध्ये कम्प्युटर ककसलाई मन पर्छ ?

(घ) इन्टरनेटबाट के के कुराको जानकारी पाउन सकिन्छ ?

(ङ) तिमीहरूले कम्प्युटर किन चलाउँछौ ?

- शिक्षकले विद्यार्थीलाई कम्प्युटर र इन्टरनेटका बारेमा छोटो प्रवचन दिनुहोस् र विद्यार्थीका जिज्ञासा मेटाउँदै आफूले पढाउने पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् अनि आजको कक्षामा कक्षा कोठाभित्र गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीलाई जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप-१**

- सुरूमा शिक्षकले निर्धारित दुई अनुच्छेद सस्वर पढी विद्यार्थीहरूलाई सुनाउनुहोस् र कक्षाका केही सक्षम तथा कमजोर विद्यार्थीहरूलाई उक्त अनुच्छेद पढी सुनाउन लगाउनुहोस् ।
- यस किसिमको सस्वर वाचनका क्रममा कक्षाका अन्य विद्यार्थीहरूलाई निर्दिष्ट अनुच्छेद पाठमा हेर्न र सुन्न निर्देशन दिनुहोस् ।
- विशेषतः कमजोर विद्यार्थीहरूलाई लक्षित गरी उक्त अनुच्छेद गति, यति र उच्चारण मिलाई पालैपालो पढ्ने अवसर प्रदान गर्नुहोस् र त्यस क्रममा विद्यार्थीले गरेका गल्तीहरू ख्याल गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

क्रियाकलाप-२

- विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठेरो लागेका शब्दहरू पाठबाट खोजी अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीहरूलाई सोध्दै उनीहरूलाई अप्ठ्यारो लागेका शब्दहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरू विद्यार्थीहरूलाई नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई शिक्षकले अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तैः मस्तिष्क /मस्. तिस्. क/, सञ्जाल /सन्. जाल् / यसरी उच्चारण अभ्यास गराउने क्रममा आफूले लगेको शब्दसूची पनि प्रदर्शन गर्नुहोस् र शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।
- कक्षामा नेपाली भाषा मातृभाषा नभएका र उच्चारणमा बढी समस्या भएका विद्यार्थीहरूलाई उच्चारणको अभ्यास गराउँदा उनीहरूको त्रुटि पहिचान गर्नुहोस् र थप अभ्यास गराउनुहोस् ।
- यदि कक्षामा सुस्त श्रवण भएका विद्यार्थीहरू छन् भने सम्भव भएसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् वा अप्ठेरा शब्दहरू उच्चारण अनुसार शैक्षणिक पाटीमा लेख्दै

जानुहोस् र अनुलेखन गर्न निर्देशन दिनुहोस् । जस्तै : शल्यक्रिया /सल्. ल्य. क्रि .या / सञ्चालन /सन्.चा.लन् /

**क्रियाकलाप -३**

- कक्षाका विद्यार्थीहरूलाई समूहमा विभाजन गरी शिक्षकले शैक्षणिक पाटी वा गोजी तालिकामा उच्चारणमा कठिनाइ हुने शब्दहरू प्रस्तुत गरेर विद्यार्थीका बिच प्रतियोगिता गराउनुहोस् र विजेता समूहलाई ताली बजाएर प्रोत्साहित गर्न निर्देशन दिनुहोस् ।
- निम्न लिखित शब्दको विद्यार्थीहरूलाई उच्चारण गर्न लगाउनुहोस् र विद्यार्थी अलमल परेको अवस्थामा आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै : माध्यम, तथ्य, कार्यालय, अन्तरिकक्ष, एनालिटिकल, चार्ल्स बाबेज, प्रवाह, इलोक्ट्रोनिक, विश्वकोश, गतिविधि

४. **प्रतिबिम्बन :** निम्न प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइलाई मूल्याङ्कन गर्नुहोस् :

(क) पाठको पहिलो अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास अन्तर्गत प्र.नं. १४ मा दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य :**

पाठ पढी उच्चारण गर्न कठिन लागेका कुनै दस ओटा शब्दहरू अभ्यास पुस्तिकामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य :**

आउँदो दिनका लागि  निम्न लिखित सामग्रीको  तयारी गर्नुहोस् :

(क  शब्द र अर्थ पत्ती : जटिलतम, अन्तरिक्ष, अनुसन्धान, इमेल, अनलाइन, सञ्जाल, विश्वकोश

(ख) ६ (क) मा दिइएका शब्दहरू वाक्यमा प्रयोग गरिएका वाक्य पत्ती ।

Draft

## दोस्रो दिन

**पाठ शीर्षक : कम्प्युटर र इन्टरनेट (प्रबन्ध)** घन्टी :

पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग समय: ४५ मिनेट

लक्षित सिप : शब्दार्थ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन ।

जस्तै : जटिलतम, अन्तरिक्ष, अनुसन्धान, इमेल, अनलाइन, सञ्जाल, विश्वकोश

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, शब्दार्थ पत्ती, वाक्यपत्ती, गोजी तालिका र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणः**

अघिल्लो दिन दिइएको गृहकार्य बिच बिचबाट विद्यार्थीलाई उठाएर केही नमुना परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्दै बाँकी विद्यार्थीलाई सोही अनुसार सुधार गर्न निर्देशन दिनुहोस् अनि आजको घन्टीमा अध्ययन गरिने विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) क्रियाकलाप :

क्रियाकलाप-१

- विद्यार्थीलाई ' कम्प्युटर र इन्टरनेट' पाठ मौन पठन गर्न निर्देशन गरी आफूलाई नयाँ लागेका शब्दहरू आआफ्ना कापीमा टिप्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपेका नयाँ शब्दहरू शिक्षक आफूले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- ती शब्दका अर्थ विद्यार्थीमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् र आफूले सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्दार्थ पत्ती प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीलाई पाठको शब्दार्थमा दिइएका शब्द पठनबोध गर्न दस मिनेटको समय उपलब्ध गराउनुहोस् र पाठको अभ्यासमा रहेको प्र.नं.११ गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप-२**

- आफूले वाक्यमा प्रयोग गरी लगेको नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्ने विषयका सम्बन्धमा विद्यार्थीका बिचमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई आवश्यकता अनुसार विभिन्न समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पाठको शब्दार्थमा दिइएका शब्दहरू सहित अन्य शब्द थपेर छुट्टा छुट्टै समूहमा फरक फरक पाँच पाँच ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यकता अनुसार सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।
- समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीका फरक फरक समूहलाई प्रोत्साहित गर्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण गर्नुहोस् ।

**क्रियाकलाप : ३**

पाठको अभ्यास अन्तर्गत प्र.नं. ९ को अभ्यास विद्यार्थीलाई कक्षामा गर्न लगाउनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरहँदा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै जानुहोस् र अलमलमा परेको देखिएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

Draft

४. **प्रतिबिम्बन :** निम्न लिखित शब्दहरूको अर्थ भनी वाक्यमा प्रयोग गर्न लगाउनुहोस् :
अन्तरिक्ष, अनुसन्धान, सञ्जाल, विश्वकोश

५. **गृहकार्य :**
पाठको अभ्यास अन्तर्गतको प्र.नं.८ , ९ र १० को अभ्यास अभ्यास पुस्तिकामा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| **तेस्रो दिन** |
| --- |

**पाठ शीर्षक : कम्प्युटर र इन्टरनेट (प्रबन्ध)** घन्टी :

पाठ्यवस्तु : बोध, छलफल र प्रश्नोत्तर समय: ४५ मिनेट

लक्षित सिप : सुनाइ, बोलाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**
(क) प्रस्तुत प्रबन्धका निर्धारित अनुच्छेदको बोध गरी प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षिक सामग्री :**
(क) निर्धारित अनुच्छेदबाट बोध प्रश्नहरू
(ख) पाठ्य पुस्तकमा दिइएका अभ्यासात्मक प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**
अघिल्लो दिनको गृहकार्य केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतीकरणपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर सम्मान गर्न सबै विद्यार्थीहरूलाई निर्देशन गर्नुहोस् । अन्त्यमा आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुको बारेमा विद्यार्थीलाई जानकारी गराउनुहोस्

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- प्रथमतः विद्यार्थीहरूलाई बोध शिक्षण गर्न प्रस्तुत प्रबन्धबाट उपयुक्त अनुच्छेद (१-२ अनुच्छेद) मौन पठनका लागि निर्देश गर्नुहोस् र विद्यार्थीहरूलाई मौन वाचन गर्न लगाउनुहोस् ।
- शिक्षकले यस समयमा विद्यार्थीहरूको मौन वाचन उपयुक्त ढङ्गले भए नभएको निरीक्षण गर्नुहोस् र आवश्यकता अनुसार दुई तिन पटकसम्म निर्धारित अनुच्छेद मौन वाचन गर्न निर्देश गर्नुहोस् ।

**क्रियाकलाप-२**

Draft

- मौन वाचनपछि निर्धारित अनुच्छेदबाट स्तर अनुरूप उपयुक्त किसिमका बोध प्रश्नहरू तयार पारी विद्यार्थीहरूलाई एक एक गरेर सोधी उत्तर दिन लगाउनुहोस् । उदाहरणार्थ अनुच्छेद नं. १ र २ बाट सोध्न सकिने बोध प्रश्नहरू यसप्रकार छन् :

  (क) कम्प्युटरको विशेषता के हो ?

  (ख) कम्प्युटरमा कस्तो क्षमता हुन्छ ?

  (ग) कुन कुन क्षेत्रमा कम्प्युटरको महत्त्व बढ्दै गएको छ ?

  (घ) कुन कुन काममा कम्प्युटरको प्रयोग गर्न सकिन्छ ?

  (ङ) 'निर्वाचन' र 'शल्यक्रिया' शब्दको अर्थ के हो ?

- निर्धारित अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर दिन लगाउँदा विद्यार्थीहरूलाई प्रथमतः बोध प्रश्नको मौखिक उत्तर दिन लगाएर त्यसपछि मात्र लिखित उत्तर दिन लगाउनुहोस् ।

- विद्यार्थीहरूबाट दिइएको उत्तर सन्तोषजनक नभएमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । निर्धारित अनुच्छेदहरू विद्यार्थीको बिचमा छलफल गराउनुहोस् । निर्धारित अनुच्छेदबाट प्रश्नहरू सोध्दै, पृष्ठपोषण प्रदान गर्दै विद्यार्थीहरूलाई सही उत्तर दिन प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप-३**

- विद्यार्थीहरूलाई आवश्यक छलफल गराइसकेपछि पुनः पाठका सबै अनुच्छेदहरू मौन वाचन गर्न लगाउनुहोस् र आफूले तयार पारी लगेका निम्न लिखित थप प्रश्नहरू तथा पाठ्य पुस्तका अभ्यास खण्डमा रहेका प्रश्नहरू समेत सोध्नुहोस् र आवश्यक ठाउँमा पृष्ठपोषण प्रदान गर्नुहोस् :

  **प्रश्नहरू :**

  (क) इन्टरनेटले के काम गर्छ ?

  (ख) कम्प्युटर सञ्जाल भनेको के हो ?

  (ग) इमेल मार्फत के के गर्न सकिन्छ ?

  (घ) कुन कुन क्षेत्रमा कम्प्युटर र इन्टरनेटको प्रयोग अपरिहार्य भएको छ ?

  (ङ) कम्प्युटर र इन्टरनेटको प्रयोग गरेर के के काम गर्न सकिन्छ ?

  (च) कम्प्युटर र इन्टरनेटको प्रयोग बिनाको मानव जीवनलाई अपुरो र अधुरो हुन्छ भन्नाको कारण के हो ?

४. **प्रतिबिम्बन :**

पाठको अभ्यास अन्तर्गत प्र.नं. २ मा रेका प्रश्नहरू एक रूपमा सोधेर सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पढेर पाठको अभ्यासका प्र.नं. २, ५ र ७ का प्रश्नको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना :**

आउँदो दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

- कुनै अनुच्छेदको बुँदा टिपोट र सारांश लेखनको नमुना ।

**चौथो दिन**

**पाठ शीर्षक : कम्प्युटर र इन्टरनेट (प्रबन्ध)** घन्टी :

पाठ्यवस्तु : बुँदा टिपोट र सारांश लेखन समय: ४५ मिनेट

लक्षित सिप : लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) निर्धारित अनुच्छेदबाट मुख्य बुँदा टिप्न ।

(ख) निर्धारित अनुच्छेदको सारांश लेख्न ।

२. **शैक्षिक सामग्री**

बुँदाहरूका उदाहरण र सारांशको नमुना, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा :**

प्रथमतः अघिल्लो दिनको गृहकार्य बिच बिचबाट केही विद्यार्थीहरूलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण सहित आजको कक्षामा गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

(ख) **मुख्य क्रियाकलाप :**

**क्रियाकलाप-१**

- सारांश शिक्षण गर्न निर्धारित अनुच्छेदका महत्त्वपूर्ण बुँदा विद्यार्थीलाई सोध्दै शैक्षणिक पाटीमा टिप्नुहोस् । जस्तै : अनुच्छेद छ बाट निम्नानुसारका बुँदा टिपोट गर्न सकिन्छ ;

**मुख्य बुँदाहरू :**

(i) शिक्षा स्वास्थ्य, सञ्चार, वायुसेवा, खोज, अनुसन्धान आदि क्षेत्रमा कम्प्युटर र इन्टरनेटको प्रयोग अपरिहार्य बन्नु,

(ii) प्रभावकारी ढङ्गले दस्तावेज लेख्न, सम्पादन गर्न , भण्डार गर्न, हिज्जे परीक्षण र शब्दकोशको परीक्षण गर्न, दृश्य, श्रव्य सामग्रीको माध्यमबाट अध्ययन अध्यापन गर्न कम्प्युटर र इन्टरनेट उपयोगी,

(iii) विद्यालयमा लिइने परीक्षाको नतिजा तयार पार्ने, प्रकाशन गर्ने,विद्यालय तथा महाविद्यालयमा शिक्षक तथा विद्यार्थीको तथ्याङ्क राख्ने र कक्षामा सहभागी हुन नसक्ने विद्यार्थीका लागि इन्टरनेट मार्फत अनलाइन शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिने,

(iv) नवीनतम समाचार, लेख, रचना, जीवनी, भाषण आदि पढ्न र हेर्न, खोज तथा अनुसन्धानात्मक परियोजना कार्य सम्पन्न गर्न, जटिल हिसाब तथा प्रश्नहरूको हिसाब खोज्न र कठिन शब्दहरूको अर्थ बुझ्न इन्टरनेट सहयोगी बन्न सक्ने ।

**क्रियाकलाप-२**

- यसरी बुँदा सङ्कलन गरेपछि दोहोरिएका र कम महत्त्वपूर्ण कुराहरू हटाउने र आवश्यक सुधार कार्य गर्दै टिपिएका बुँदालाई सिलसिलाबद्ध रूपमा वाक्यमा मिलाई एक तृतीयांशमा सारांश तयार पार्न निर्देशन दिनुहोस् । २-४ शब्द थोरै धेरै हुँदा नआत्तिन सल्लाह दिनुहोस् । यस सन्दर्भमा शिक्षकले तयार पारेर ल्याएको नमुना पनि फलाटिन पाटीमा प्रस्तुत गर्नुहोस् । जस्तै :

**सारांश : कम्प्युटर र इन्टरनेट**

शिक्षा, स्वास्थ्य, सञ्चार, वायुसेवा, अध्ययन, अध्यापन तथा कठिन शब्दहरूको अर्थ खोज्न र बुझ्न आज कम्प्युटर र इन्टरनेटको प्रयोग अपरिहार्य बनेको छ । परीक्षाको नतिजा तयार पार्न, प्रकाशन गर्न, शिक्षक र विद्यार्थीको तथ्याङ्क राख्ने र कक्षामा सहभागी हुन नसक्ने शिक्षक तथा विद्यार्थीका लागि पनि कम्प्युटर उपयोगी माध्यम बनेको छ । नवीनतम समाचार, लेख, रचना, जीवनी भाषण आदि पढ्न, हेर्न तथा जटिल खोज र अनुसन्धानका लागि पनि कम्प्युटर र इन्टरनेटको प्रयोग गर्न सकिन्छ ।

❖ प्रश्नको अनुच्छेदमा दिइएका शब्द सङ्ख्या : १९७

❖ एक तृतीयांश शब्द सङ्ख्या : ६५

❖ उत्तरमा लेखिएका शब्द सङ्ख्या : ६८

**क्रियाकलाप-३**

यसरी छलफल गराइसकेपछि विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र टोली नेता पनि छान्न लगाउनुहोस् अनि पाठको अनुच्छेद नं. ४ बाट चार ओटा मुख्य बुँदा टिपोट गरी सारांश लेख्न लगाई टोली नेतालाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

बुँदा टिपोट र सारांश लेखनको विधि र प्रक्रियाबारे प्रतिक्रिया व्यक्त गर्न लगाएर सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको पाँचौँ अनुच्छेदबाट मुख्य चार ओटा बुँदा टिपी सारांश लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

Draft

## पाँचौँ दिन

**पाठ शीर्षक : कम्प्युटर र इन्टरनेट (प्रबन्ध)** घन्टी :

पाठ्यवस्तु : मौन पठन र सङ्क्षिप्त प्रश्नोत्तर समय: ४५ मिनेट

लक्षित सिप : पढाइ, लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) पाठ पढेका आधारमा सङ्क्षिप्त प्रश्नको उत्तर दिन ,

Draft

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, प्रश्नसूची र सङ्क्षिप्त उत्तर लेखिएको नमुना ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) उत्प्रेरणा :

अघिल्लो दिनको गृहकार्य कक्षाका केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा र उत्प्रेरणा प्रदान गर्दै सबैलाई ताली बजाएर प्रोत्साहित गर्न लगाउनुहोस् । त्यसपछि आजको घन्टीमा सञ्चालन गरिने क्रियाकलापको बारेमा कक्षामा जानकारी दिनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

क्रियाकलाप -१

- प्रथमतः अभ्यासका निम्ति निम्न लिखित प्रश्नहरूको सूची कक्षामा प्रदर्शन गर्नुहोस् ।

  **प्रश्नहरू :**

  (क) कम्प्युटरलाई किन मानव मस्तिष्कसँग तुलना गरिन्छ ?

  (ख) कम्प्युटरको प्रयोग कुन कुन क्षेत्रमा गर्न सकिन्छ ?

  (ग) इन्टरनेटले के के काम गर्छ ?

  (घ) हरेक कम्प्युटर कसरी आफैमा सञ्जाल बन्न सक्छन् ?

  (ङ) विश्वमा अहिले कम्प्युटर र इन्टरनेटको महत्त्व बढ्नुको कारण के हो ?

- विद्यार्थीहरूलाई १५ मिनेटको समय दिएर पाठ मौन पठन गरी प्रश्नहरूको उत्तर खोजी गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप-२**

- मौन पठन कार्य सकेपछि विद्यार्थीहरूलाई पाँच ओटा समूहमा विभाजन गर्नुहोस् र टोली नेता तोक्न निर्देशन दिनुहोस् । आफूले शैक्षिक सामग्रीको रूपमा लगेको सङ्क्षिप्त उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराउनुहोस् र उत्तर लेख्न प्रोत्साहित गर्नुहोस् ।
- गोला प्रथा विधिको प्रयोग गरी प्रति समूह माथिका मध्ये कुनै एक प्रश्न पर्ने गरी ९ मिनेटभित्र सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन :**

प्र.नं.५ का प्रश्नहरू विद्यार्थीलाई एकल रूपमा सोधेर विद्यार्थीको सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **परियोजना कार्य :** विद्यार्थीहरूलाई निम्नानुसारको परियोजना कार्य दिनुहोस् :

(क) एउटा कम्प्युटरको सुन्दर चित्र बनाई त्यसको वर्णन गरेर एउटा आकर्षक अनुच्छेद छुट्टै पानामा तयार पारी ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

(ख) पाठको अभ्यासमा दिइएका प्र.नं. ५ र ७ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

**६. शिक्षकका लागि परियोजना कार्य :**

- आउँदो दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :
- कुनै महत्त्वपूर्ण पङ्क्तिको भाव विस्तार गरिएको नमुना ।

## छैटौँ दिन

**पाठ शीर्षक : कम्प्युटर र इन्टरनेट (प्रबन्ध)** घन्टी :

पाठ्यवस्तु : भाव विस्तार समय: ४५ मिनेट

लक्षित सिप : लेखाइ अभिव्यक्ति

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठका विशिष्ट पङ्क्तिको भाव विस्तार गर्न ।

**२. शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, विशिष्ट पङ्क्तिको भाव विस्तार गरिएको नमुना, फलाटिन पाटी र गोजी तालिका

**३. सिकाइ सहजीकरण क्रियाकलाप:**

**(क) उत्प्रेरणा :**

अघिल्लो दिन विद्यार्थीहरूलाई दिइएको परियोजना कार्यको अवलोकन गर्दै विद्यार्थीहरूलाई प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् र आज गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखी विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप :**

**क्रियाकलाप-१**

- भाव विस्तार गरेको नमुना शैक्षिक सामग्रीको रूपमा प्रदर्शन गर्नुहोस् र भाव विस्तार गर्ने तरिकाका बारेमा विद्यार्थीहरूका बिचमा छलफल गराउनुहोस् । अन्त्यमा आफूले निष्कर्ष दिई भाव विस्तार गर्ने बारेमा थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी समूह नेता छनोट गर्न निर्देशन दिनुहोस् । पाठको अभ्यासको प्र.नं. ६ को विशिष्ट पङ्क्तिको १५ मिनेटको समय तोकी अभ्यास गर्न लगाउनुहोस् । समूह कार्यको अवलोकन गर्दै विद्यार्थी अलमल परेको समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप-२**

Draft

- निर्दिष्ट समय समाप्त भएपछि समूह नेताबाट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बाँकी समूहलाई उनीहरूले प्रस्तुत गरेको सामग्रीको मूल्याङ्कनका लागि पृष्ठपोषण दिन प्रोत्साहित गर्नुहोस् । सबै समूहको लागि समय कम हुने भएमा बाँकी समूहको कार्यलाई प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् ।
- अन्त्यमा विद्यार्थीले गरेका कार्यहरूको सबल पक्षको प्रशंसा गर्दै समग्रमा पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन :**

पाठको अभ्यास अन्तर्गत प्र.नं. ६ सोधेर विद्यार्थीको सिकाइ सिपको मूल्याङ्न गर्नुहोस् ।

५. **गृहकार्य :**

- पाठको अभ्यासमा रहेको प्र.नं. ६ को उत्तर लेखेर ल्याउन सबै विद्यार्थीहरू निर्देशन दिनुहोस् ।

## सातौँ दिन

पाठ्यवस्तु : हिज्जे र शब्द भण्डार

लक्षित सिप : पढाइ, लेखाइ

१. **विशिष्ट उद्देश्य :यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) शब्द समूहबाट शुद्ध शब्द छानेर लेख्न,

(ख) ‘उप’ उपसर्ग ‘ईय’ प्रत्यय लगाई नयाँ शब्द बनाउन,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक शुद्ध र अशुद्ध शब्दहरू छ्यासमिस पारी तयार गरिएको शब्दहरूको सूची उप, ईय, लगाई निर्माण गरिएका शब्दको सूची , फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलापः**

(क) **उत्प्रेरणा :**

विद्यार्थीलाई अघिल्लो दिनको गृहकार्य अगाडि आई प्रस्तुत गर्न लगाउनुहोस् र सकारात्मक पक्षको प्रशंसा गर्दै आवश्यक पृष्ठ पोषण प्रदान गर्नुहोस् र आजको कक्षामा विद्यार्थीको ध्यान आकृष्ट गराउनुहोस् ।

(ख) मुख्य क्रियाकलाप :

क्रियाकलाप-१

- सर्वप्रथम शुद्ध र अशुद्ध शब्दहरूको सूची फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई विभिन्न शब्द समूहबाट शुद्ध शबद छनोट गर्न निर्देशन दिनुहोस् । विद्यार्थी अलमल परेको अवस्थामा आवश्यकता हेरी सहजकर्ताको भूमिका निर्वाह गर्नुहोस् र थप अभ्यास दिएर उनीहरूलाइ शुद्ध शब्द छान्न प्रोत्साहित गर्नुहोस् ।
- पाठको अभ्यास अन्तर्गत प्र.नं. १५ मा दिइएका शब्द समूहबाट लेख्दै गर्दा आवश्यकता अनुसार सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

Draft

**क्रियाकलाप-२**

- 'उप' उपसर्ग र 'ईय' प्रत्यय लगाएर निर्माण गरिएको शब्दहरूको सूची फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई त्यस्तै अन्य शब्दहरू थप्न प्रोत्साहित गर्नुहोस् । विद्यार्थीले भनेका शब्दहरू शैक्षणिक पाटीमा टिपोट गर्दै जानुहोस् र निर्माण प्रक्रिया पनि देखाएर थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीलाई पाठको अभ्यास खण्ड अन्तर्गत प्र.नं. १२ र १३ का शब्दमा आवश्कता अनुसार उपसर्ग र प्रत्यय लगाई नयाँ शब्द निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीहरू अलमल परेको स्थानमा पुगी सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

उपदेश, उपचार, उपयोग, तापीय, वर्गीय, केन्द्रीय, जस्ता शब्दहरूको निर्माण प्रक्रिया बताउन लगाएर विद्यार्थीको सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यासमा दिइएको प्र.नं.१५ अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## आठौँ दिन

**पाठ शीर्षक : कम्प्युटर र इन्टरनेट (प्रबन्ध)** घन्टी :

पाठ्यवस्तु : कार्यमूलक व्याकरण समयः ४५ मिनेट

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) विशेषण शब्दको पहिचान गर्न,

(ख) संयोजक शब्दको पहिचान गर्न,

(ग) अनुच्छेदलाई सामान्य भविष्यत् कालमा परिवर्तन गर्न ,

२. **शैक्षिक सामग्री :**

विशेषण र संयोजक शब्दको सूची, सामान्य भविष्यत् कालमा लेखिएको अनुच्छेदको नमुना र फलाटिन पाटी

३. **सिकाइ सहजीकरणक्रियाकलाप :**

(क) उत्प्रेरणा :

कक्षाका विद्यार्थीहरूमध्ये केही विद्यार्थीलाई अघिल्ला दिनको गृहकार्य अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि कक्षाका सबै विद्यार्थीहरूलाई ताली बजाएर प्रोत्साहित गर्न निर्देशन दिनुहोस् र आजको घन्टीमा छलफल गरिने पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखेर विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।

**(ख) मुख्य क्रियाकलाप :**

**क्रियाकलाप १**

Draft

- सर्वप्रथम कक्षाका विद्यार्थीहरूको बिचमा विशेषण र संयोजकको बिचमा छलफल गराउनुहोस् । कक्षाका विद्यार्थीहरूलाई विशेषण र संयोजक शब्द भन्न प्रोत्साहित गर्नुहोस् । उनीहरूले भनेका विशेषण र संयोजक शब्द शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । आफूले लगेको विशेषण र संयोजक शब्दको सूची प्रस्तुत गरी थप स्पष्ट पार्नुहोस् ।
- शैक्षणिक पाटीमा विशेषण र संयोजक छ्यासमिस पारेर दिनुहोस् र विद्यार्थीलाई विशेषण र संयोजक पहिचान गरी फरक फरक तालिकामा छुट्याउन लगाउनुहोस् । विद्यार्थीहरू अलमल परेमा आवश्यक पृष्ठपोषण गर्नुहोस् ।

**क्रियाकलाप-२**

- पछि आउने समयलाई भविष्यत् काल भनिन्छ भन्ने कुरा बुझाउँदै निम्न प्रश्नहरू सोधेर विद्यार्थीहरूलाई उत्तर भन्न लगाउनुहोस् :

  जस्तै : (क) पन्ध्र वर्षपछि तिमी के के गर्दै हुने छौ ?

  (ख) अबका पन्ध्र वर्षपछि तिम्रो कल्पनाको नेपाल कस्तो हुने छ ?
- उल्लिखित प्रश्नहरूको उत्तरलाई समेटेर विद्यार्थीहरूलाई छुट्टा छुट्टै दुई दुई ओटा अनुच्छेदहरू सामान्य भविष्यत् कालमा तयार गर्न लगाउनुहोस् र केही विद्यार्थीहरूलाई अगाडि आएर आफूले तयार गरेका अनुच्छेदहरू प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि सबै विद्यार्थीलाई ताली बजाएर प्रोत्साहित गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण दिनुहोस् ।

**क्रियाकलाप -३**

- कक्षाका विद्यार्थीलाई तिन समूहमा विभाजन गरी टोली नेता छान्न निर्देशन दिनुहोस् । पाठको अभ्यासमा भएका प्र.नं. १७, १८ र १९ मध्ये एउटा समूहलाई एउटा मात्र प्रश्न पर्ने गरी अभ्यास पुस्तिकामा लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थी क्रियाकलाप सकिएपछि टोली नेतालाई क्रमैसँग प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **मूल्याङ्कन :**

पाठको अभ्यास अन्तर्गत प्र.नं. १७, १८ र १९ मा दिइएका प्रश्नहरू एकल रूपमा गर्न लगाई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यासमा रहेको प्र.नं.२० का प्रश्नको उत्तर लेखेर ल्याउन विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

Draft

पाठ :१७ 

# हामी एउटै हौँ

*घन्टी : ८*

**पाठ्यवस्तुको विभाजन**

| | पाठ्यवस्तु | घन्टी |
|---|---|---|
| (क) | सस्वर वाचन र शुद्ध उच्चारण | १ |
| (ख) | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| (ग) | विषयवस्तुका बारेमा छलफल र मौखिक प्रश्नोत्तर | २ |
| (घ) | मौन पठन र लिखित प्रश्नोत्तर | १ |
| (ङ) | बुँदा टिपोट र संवाद लेखन | १ |
| (च) | कार्यमूलक व्याकरण | २ |
| | जम्मा | ८ |

## पहिलो दिन

**पाठ्यवस्तु : १ सस्वर वाचन र शुद्ध उच्चारण घन्टी : १**

अपेक्षित सिप : सुनाइ र पढाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा पात्रहरूले गरेका संवाद सस्वर वाचन गर्न,

(ख) पाठका जटिल शब्दहरू शुद्ध र प्रस्टसँग उच्चारण गर्न,

(ग) अभ्यासमा दिइएका सम्बन्धित प्रश्नहरू हल गर्न,

२. **शैक्षिक सामग्री क्रियाकलाप**

(क) संवादको नमुना

(ख) जटिल शब्दहरूको सूची

(ग) अभ्यासात्मक प्रश्नहरू

३. **सिकाइ सहजीकरण**

(क) **उत्प्रेरणा**

यस पाठप्रति विद्यार्थीहरूको ध्यानलाई आकर्षण गर्न सस्वर वाचन गर्दा ध्यान दिनुपर्ने कुराहरू कक्षामा सुनाउनुहोस् । जस्तै :

- उच्चारण प्रस्ट र शुद्ध हुनुपर्छ ।
- गति र यति स्वाभाविक हुनुपर्छ ।
- स्वरको आरोह, अवरोह, आघात तथा हाउभाउ समेतमा ध्यान दिनुपर्छ ।

Draft

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

(क) पाठका पङ्क्तिहरू सस्वर वाचन गर्न सबै विद्यार्थीहरूलाई पालैपालो अवसर प्रदान गर्नुहोस् र पालो बाहेकका विद्यार्थीहरूलाई भने साथीले गरेको सस्वर वाचन मूल्याङ्कन गर्न निर्देशन दिनुहोस् ।

(ख) सस्वर वाचनको उद्देश्य केवल पाठ गर्नु मात्र होइन, पठनबोध गर्नु हो । अतः एकाङ्कीको प्रारम्भिक अंश सस्वर वाचन गरेपछि विद्यार्थीहरूलाई त्यससँग सम्बन्धित तलका प्रश्नहरू सोध्नुहोस् । जस्तै :

(क) कमल, शान्ति, विजया र जनक को को हुन् ?

(ख) कमलले टिभी बन्द किन गरेको हो ?

(ग) 'परिचय' खेल खेल्ने कमलको प्रस्तावलाई ककसले समर्थन गरे ?

(ग) एवम् क्रमले पाठका पुरै पङ्क्तिहरू विद्यार्थीहरूलाई सस्वर वाचन गर्न लाउनुहोस् ।

**क्रियाकलाप - २**

विद्यार्थीहरूले सस्वर वाचनमा समस्या महसुस गरेका जटिल शब्दहरू बोर्डमा लेख्नुहोस् र ती शब्दका आधारमा उच्चारण अभ्यास गराउनुहोस् । जस्तै :

भूमण्डल - भू मन् डल् , असङ्ख्य - अ सङ् ख्य , बुद्ध - बुद् ध , स्वतन्त्र - स्व तन् त्र , टिभी - टि.भि , प्रसन्न - प्र सन् न , क्रियाकलाप - क्रि या क लाप् ।

**क्रियाकलाप - ३**

कक्षाकार्यका रूपमा अभ्यासका १० , ११ र १२ नं. का प्रश्नहरू विद्यार्थीहरूलाई हल गर्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) कमल, शान्ति, विजया र जनक बनेर पाठका संवादलाई हाउभाउसहित सस्वर वाचन गर्नुहोस् ।

(ख) एकाङ्कीको थालनी र अन्त्य कसरी भएको छ ?

(ग) तलका शब्दहरू शुद्ध र प्रस्टसँग उच्चारण गर्नुहोस् :

परिचय, मुद्रा, राष्ट्रभक्त, रक्त वाहिनी, घटघटी, सन्तति

५. **गृहकार्य :**

उच्चारण गर्न समस्या परेमा पाठबाट त्यस्ता शब्दहरू सङ्कलन गरेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

६. परियोजना कार्य :

शब्दार्थ शिक्षणका लागि केही खास शब्दहरू पाठबाट सङ्कलन गर्नुहोस् । (शिक्षकका लागि)

Draft

| दोस्रो दिन |
|---|

**पाठ्यवस्तु : २      शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग      घन्टी : १**

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) पाठका खास शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

(ग) अभ्यासमा दिइएका सम्बन्धित प्रश्नहरू हल गर्न,

२. शैक्षिक सामग्री

(क) शब्दहरूको सूची तथा शब्दपत्ती

(ख) आवश्यक स्थानीय सामग्री

(ग) अभ्यासात्मक प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

यस पाठप्रति विद्यार्थीहरूको ध्यान आकर्षण गर्न उनीहरूसँग एकाङ्कीका बारेमा सामान्य कुराकानी गर्नुहोस् । जस्तै :

(अ) एकाङ्की कस्तो विधा हो भनेर चिनाउन सर्वप्रथम एकाङ्कीको अर्थगत परिचय दिनुहोस् ।

(आ) बोर्डमा एकाङ्कीका विशेषताहरू लेखेर तिनका बारेमा छलफल गर्नुहोस् र त्यसका आधारमा एकाङ्कीको विस्तृत परिचय प्रस्तुत गर्नुहास् । जस्तै :

(क) एकाङ्की संवादात्मक शैलीमा लेखिन्छ ।

(ख) एकाङ्कीमा पात्रहरूसँग सम्बन्धित विभिन्न घटनाहरू हुन्छन् ।

(ग) एकाङ्कीमा जीवनको कुनै एउटा पक्षको पूर्ण चित्रण हुन्छ ।

(घ) एकाङ्कीमा विशेष गरेर कलात्मक अभिव्यक्ति हुन्छ ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

- 'हामी एक हौं' एकाङ्की मनमनै पढ्न सबै विद्यार्थीहरूलाई भन्नुहोस् र त्यहाँका कठिन शब्दहरूलाई रेखाङ्कित गर्न लगाउनुहोस् ।
- विद्यार्थीहरूले रेखाङ्कित गरेका शब्दहरू उनीहरूसँग सोधेर तपाईं बोर्डमा लेख्नुहोस् र ती प्रत्येक शब्दको अर्थ विद्यार्थीहरूलाई पालैपालो सोध्नुहोस् । विद्यार्थीहरूले शब्दको ठिक अर्थ बताएमा ठिक अर्थ बताउने विद्यार्थीहरूलाई धन्यवाद दिनुहोस् । कुनै पनि विद्यार्थीले ठिक अर्थ बताउन नसकेमा शब्दपत्ती तथा गोजी तालिकाको माध्यमले ठिक अर्थ तपाईं आफैं बताउनुहोस् ।

Draft

- शब्दहरूको प्रकृति अनुसार शब्दार्थ शिक्षणका लागि विभिन्न तरिका अवलम्बन गर्न सकिन्छ, ती तरिकाहरू अवलम्बन गर्नुहोस् । जस्तै :

  बेला - समय (पर्याय अर्थ)

  जोसिलो - दिक्कलाग्दो (विपरीत अर्थ)

  परिचय - चिनारी (यसका लागि दुई जनाका विचमा अभिनय गराउनुहोस्)

  सोफा - बेन्च आकारको आरामपूर्वक बस्ने आसन (यसका लागि चित्र पनि देखाउनुहोस्)

  रेल - वाष्पशक्तिद्वारा लिकमा गुडेर चल्ने सवारीको साधन (पारिभाषिक अर्थ)

  राष्ट्रभक्त - राष्ट्रका भक्त (व्युत्पत्ति अर्थ)

  प्रसन्न मुद्रा - खुसी भएको अनुहार

**क्रियाकलाप - २**

शब्दार्थ शिक्षणपछि पाठका खास खास शब्दहरू बोर्डमा लेखेर तिनलाई वाक्यमा प्रयोग गर्न निर्देशन दिनुहोस् । जस्तै :

चस्मा - चस्मा लाउने गर्नाले आँखामा छारो धुलो पर्न पाउँदैन ।

विद्यालय - हाम्रो विद्यालयमा दसचार पुरै पढाइ हुन्छ ।

नाम - सबैका लागि आफ्नो नाम निकै प्यारो हुन्छ ।

**क्रियाकलाप - ३**

कक्षाकार्यका रूपमा अभ्यासका ७ र ८ नं. का प्रश्नहरू विद्यार्थीहरूलाई हल गर्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :**

(क) सङ्केत अनुसार तलका शब्दहरूको अर्थ लेख्नुहोस् :

टिभी (पूर्ण रूप), जुरुक्क (विपरीत अर्थ), टाउको (पर्याय अर्थ), तराई (पारिभाषिक अर्थ)

(ख) तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

कार्यक्रम, खेल, पाइलो, पुल, राजधानी, स्यावास ।

५. **गृहकार्य :** पाठको अभ्यास ९ नं को प्रश्न हल गर्न भन्नुहोस् ।

| **तेस्रो दिन** |
|---|

**पाठ्यवस्तु : ३ विषयवस्तुकाबारेमा छलफल र प्रश्नोत्तर घन्टी : २**

अपेक्षित सिप : बोलाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) 'हामी एक हौं' पाठको विषयवस्तुको छलफलमा भाग लिन,



Draft

(ख) पाठको विषयवस्तुका बारेमा सोधिएका प्रश्नहरूको उत्तर दिन,

(ग) अभ्यासमा भएका मौखिक प्रश्नहरूको उत्तर बताउन,

२. **शैक्षिक सामग्री**

(क) पाठका पात्र र घटनाहरूको सूची

(ख) पाठको सारांश

(ग) अभ्यासात्मक प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

पाठमा भएका चित्रका बारेमा विद्यार्थीहरूसँग कुराकानी गर्नुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

(क) कक्षाका विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र आपसमा छलफल गरेर पाठका विषयवस्तु सम्बन्धी घटनाहरू टिपोट गर्न पनि समूहलाई निर्देशन दिनुहोस् । पाठमा भएका घटनाहरू जस्तै :

- एकाङ्कीको सुरुमा कमल टिभी बन्द गर्छ ।
- परिवारमा परिचय खेल सुरु हुन्छ ।
- जनक रेलगाडी हाँकेको अभिनय गर्छ ।
- जनक र शान्ति साझा परिचय प्रस्तुत गर्छन् ।
- कमल र विजया नेपाली भएकोमा गौरव गर्छन् ।
- परिचय खेल दोस्रो चक्रमा पनि खेलिन्छ ।
- हामी एउटै हौं भन्ने निस्कर्षमा एकाङ्की सकिन्छ ।

(ख) समूहका विद्यार्थीहरूलाई पाठका पात्रहरूमध्ये कसको भूमिका किन बढी प्रभावकारी लाग्यो भन्ने सम्बन्धमा पनि छलफल गर्न भन्नुहोस् । त्यस्तै यस एकाङ्कीले दर्शक वा पाठकहरूलाई दिन खोजेका सन्देशहरू के-के हुन् समूहमा छलफल गरी निष्कर्षका रूपमा सुनाउन पनि लाउनुहोस् ।

(ग) पाठका खास खास उद्धरणका बारेमा विद्यार्थीहरूलाई समूहगत रूपमा छलफल गर्न लगाउनुहोस् ।

- प्राणीहरूमा हामी सर्वश्रेष्ठ प्राणी हौं । (समूह 'क' का लागि)
- यो विश्व हामीजस्ता मानवै मानवको उत्तम सङ्ग्रहालय र विशाल भण्डार हो । (समूह 'ख' का लागि)

**क्रियाकलाप - २**

कक्षाका विद्यार्थीहरूलाई पाठका पात्रहरूको अभिनय गरी कक्षामा पाठ प्रस्तुत गर्न पनि निर्देशन दिनुहोस् ।


Draft

**क्रियाकलाप - ३**

कक्षामा एकाङ्की पाठको सारांश सुनाउनुहोस् र त्यस पछि पाठका बारेमा विद्यार्थीहरूसँग मौखिक रूपमा प्रश्नोत्तर पनि गर्नुहोस् ।

**क्रियाकलाप - ४**

कक्षाकार्यका रूपमा प्रश्न नं.४ सँग सम्बन्धित प्रश्नहरूको उत्तर मौखिक रूपमा दिन भन्नुहोस् र त्यसका आधारमा विद्यार्थीहरूको सिकाइ कति प्रभावकारी भयो भनी उनीहरूलाई पृष्ठपोषण पनि प्रदान गर्नुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) **तलका भनाइ ककसले भनेका हुन् :**

- हामी सबै यस देशका भक्त हौं , सच्चा राष्ट्र भक्त ।
- हामी सबै यस राष्ट्रका जिउँदा र स्वतन्त्र नागरिक हौं ।

(ख) कमल र विजयाले नेपाल र नेपालीको विशेषतालाई कुन रूपमा प्रस्तुत गरेका छन् ?

५. **गृहकार्य :**

अभ्यासको प्रश्न नं.५ सँग सम्बन्धित व्याख्या गरेर ल्याउन सबै विद्यार्थीहरूलाई निर्देश दिनुहोस् ।

## चौथो दिन

**पाठ्यवस्तु : ४　　मौन पठन तथा लिखित प्रश्नोत्तर　　घन्टी : १**

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्ने छन् :**

(क) पाठका विभिन्न पङ्क्ति तथा अनुच्छेदहरू मौन पठन गर्न ।

(ख) पाठसँग सम्बन्धित विभिन्न रूपका प्रश्नहरूको लिखित रूपमा उत्तर दिन ।

२. **शैक्षिक सामग्री**

(क) साधारण पत्तीहरू

(ख) शिक्षक निर्मित प्रश्नहरू

(ग) अभ्यासात्मक प्रश्नहरू आदि ।

३. **सिकाइ सहजीकरण**

(क) **उत्प्रेरणा**

(अ) पाठमा दिएका चित्रका बारेमा पनि विद्यार्थीहरूसँग कुराकानी गर्नुहोस् र त्यहाँका दृश्यहरू के के सँग सम्बन्धित छन् अनुमान गर्न लगाउनुहोस् ।

(आ) अब तलका बुँदाहरू बोर्डमा लेख्नुहोस् र ‘हामी एक हौं’ भन्ने एकाङ्कीका बारेमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।

Draft

- एकाङ्कीका लेखक
- एकाङ्कीका पात्रहरू
- एकाङ्कीको परिवेश (स्थान र समय)
- एकाङ्कीका मुख्य मुख्य घटना
- 'हामी एक हौं' भन्ने शीर्षक राख्नुको कारण

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

(क) पाठका केही महत्वपूर्ण पङ्क्तिहरू बोर्डमा लेख्नुहोस् र विद्यार्थीहरूलाई ती पङ्क्तिहरू मनमनै पढ्न भन्नुहोस् । ती पङ्क्तिहरूलाई किताबमा सिसाकलमले रेखाङ्कन गर्न पनि लगाउनुहोस् । जस्तै :

- विश्वका असङ्ख्य मानवमध्ये हामी नेपाली हौं ।
- नेपालीहरू कोही हिमाल , कोही पहाड र कोही तराइमा बस्छन् ।
- जनक भन्छ 'म नेपाल आमाको सन्तान' हुँ । शान्ति भन्छे 'म नेपाल आमकी सन्तान' हुँ ।

(ख) विद्यार्थीहरूलाई पाठका केही निर्धारित अनुच्छेदहरू मनमनै पढ्न निर्देशन दिनुहोस् । जस्तै : अनुच्छेदहरू १ , १२ र १९ ।

(ग) अब विद्यार्थीहरूलाई पुरै पाठ मनमनै पढ्न भन्नुहोस् र पाठका बारेमा कुनै जिज्ञासा भए उनीहरू प्रत्येकलाई पालैपालो प्रश्न गर्न अवसर पनि प्रदान गर्नुहोस् ।

**क्रियाकलाप - २**

(क) पाठसँग सम्बन्धित केही प्रश्नहरू बोर्डमा लेख्नुहोस् र ती प्रश्नहरूको उत्तर कापीमा लेखेर कक्षामा सुनाउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । जस्तै :

- 'हामी एउटै हौं' एकाङ्की कसले लेखेको हो ?
- एकाङ्कीमा कति जना पात्रहरूको उल्लेख छ ?
- परिचय खेलमा ककसको भूमिका छ ?

(ख) विद्यार्थीहरूलाई अभ्यास ४ र ६ मा उल्लेख प्रश्नहरूको उत्तर कक्षा कार्यका रूपमा लेख्न लगाउनुहोस् र उत्तर हेरेर उनीहरूलाई आवश्यक परामर्श पनि प्रदान गर्नुहोस् ।

**क्रियाकलाप - ३**

अभ्यास ५ मा व्याख्या गर्नका लागि उद्धरणहरूको उल्लेख छ । ती उद्धरणहरूको व्याख्या गर्नका लागि विद्यार्थीहरूलाई आवश्यक सहयोग गर्नुहोस् र व्याख्या गर्न लगाउनुहोस् । यसका लागि तलको उपायहरू अपनाउनुहोस् :

(क) उद्धरणमा भएका प्रत्येक शब्दहरूको सामान्य वा विशेष अर्थ बताउनुहोस् ।

Draft

(ख) उद्धरणमा व्यक्त विचारलाई प्रस्ट पार्नुहोस् ।

(ग) उद्धरणमा व्यक्त विचारलाई पुष्टि गर्ने तथ्यहरू प्रस्तुत गर्नुहोस् ।

(घ) उद्धरणसँग सम्बन्धित कुनै उदाहरण तथा उखानहरू भए टिपाउनुहोस् ।

(ङ) व्याख्याको रूपरेखाका बारेमा पनि विद्यार्थीहरूसँग छलफल गर्नुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) एकाङ्कीको सुरुमा सर्वप्रथम को देखापर्छ ?

(ख) परिचय खेल कति ओटा चक्रमा विभाजित छ ?

(ग) एकाङ्कीको मुख्य सन्देश के हो ?

५. गृहकार्य : विद्यार्थीहरूलाई अभ्यास ५ मा उल्लेख उद्धरणहरूको व्याख्या गरेर ल्याउन निर्देशन दिनुहोस् ।

| **पाँचौं दिन** |
|---|

**पाठ्यवस्तु : ५  बुँदा टिपोट र संवाद लेखन  घन्टी : १**

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठका आधारमा परिचय सम्बन्धी बुँदाहरू टिपोट गर्न,

(ख) कक्षाका विद्यार्थीहरू विभिन्न समूहमा विभाजन भएर संवाद गर्न,

(ग) सिर्जनात्मक अभ्यासका रूपमा संवाद लेख्न,

२. **शैक्षिक सामग्री**

(क) विषयसम्बन्धी बुँदाहरू

(ख) संवाद लेखनमा ध्यान दिनुपर्ने कुराहरूको सूची

(ग) संवादका नमुना तथा अभ्यासात्मक प्रश्न

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

यस पाठप्रति विद्यार्थीहरूलाई अभिप्रेरित गर्न संवाद विधाका बारेमा उनीहरूसँग सामान्य कुराकानी गर्नुहोस् । जस्तै :

- संवाद भनेको दुई वा दुई जनाभन्दा बढी व्यक्तिका बिचको कुराकानी हो ।
- संवाद रूपकको नै एक भेद मानिन्छ ।
- संवादको विषय सामान्य वा गहन दुवै हुन सक्छ ।

Draft

- संवाद सामान्यतया एउटा सहमतिमा पुगेर टुङ्गिन्छ ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप - १**

(अ) विद्यार्थीहरूलाई पात्रहरूले पाठमा व्यक्त गरेका कुराहरू मनमनै पढ्न भन्नुहोस् ।

(आ) चार जना पात्रहरूले व्यक्त गरेका कुराहरूलाई समूहमा छुट्याउन निर्देशन दिनुहोस् ।

(इ) अब एउटा पात्रले व्यक्त गरेका कुरा जतिलाई आधार मानेर विभिन्न बुँदा बनाउन लगाउनुहोस् । उदाहरणका लागि कमल भन्ने पात्रले व्यक्त विचारका आधारमा तलका बुँदामा प्रस्तुत गर्न सकिन्छ । जस्तै :

- कमल जनक र शान्तिको छोरो तथा विजयाको दाजु हो ।
- कमल हिमाल , बुद्ध र भृकुटीको नाम लिएर नेपाली भएकोमा गौरव गर्छ ।
- कमल आफूलाई नेपाल आमाको सन्तान ठान्छ र संरक्षक सम्झिन्छ ।

**क्रियाकलाप - २**

कक्षाका विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गर्नुहोस् र परिचय खेलको रूपमा संवाद गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप - ३**

अब सिर्जनात्मक अभ्यासका रूपमा संवाद लेख्न विद्यार्थीहरूलाई आवश्यक निर्देशन दिनुहोस् र निर्देशन कापीमा लेख्न पनि भन्नुहोस् । जस्तै :

- संवाद लेखनका लागि उपयुक्त विषय छान्नुहोस् ।
- पात्रहरूको सङ्ख्या र तिनीहरूको नाम निश्चित गर्नुहोस् ।
- स्थान , समय र सन्दर्भलाई पनि पृष्ठभूमिमा लेख्नुहोस् ।
- त्यसपछि पात्र र उसले व्यक्त गरेका कुरा एकपछि अर्को गरी क्रमैसँग प्रस्तुत गर्नुहोस् ।
- विषयलाई पात्रहरूका आधारमा तर्कवितर्क गरी वर्णन गर्नुहोस् ।
- अन्त्यमा पात्रहरूका बिचमा सहमति गराएर एउटा निस्कर्षमा पुगी संवाद टुङ्ग्याउनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) जनक पात्रको परिचय दिन पाठबाट बुँदाहरू टिप्नुहोस् ।

(ख) संवाद लेख्नका लागि उपयुक्त एउटा शीर्षक रोज्नुहोस् ।

५. **गृहकार्य :**

पाठको सिर्जनात्मक अभ्यासमा लेख्न भनेको संवाद लेख्न सबै विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य :** निपात तथा अर्थ वा भावको शिक्षण गर्न नेपाली व्याकरणको कुनै पुस्तकको सहयोग लिनुहोस् । (शिक्षकका लागि)

Draft

## छैटौं र सातौं दिन

**पाठ्यवस्तु : ६ कार्यमूलक व्याकरण घन्टी : २**

अपेक्षित सिप : निपात तथा भाव अनुसारका क्रियापदको पहिचान र प्रयोग

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) निपात शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

(ख) इच्छार्थक क्रियापदलाई चिन्न र वाक्यमा प्रयोग गर्न,

(ग) आज्ञार्थक क्रियापदलाई चिन्न र वाक्यमा प्रयोग गर्न,

२. **शैक्षिक सामग्री**

(क) निपात शब्दहरूको सूची तथा तालिका

(ख) इच्छार्थक तथा आज्ञार्थक क्रियापदको सूची र तालिका

(ग) अभ्यासात्मक प्रश्न तथा पाठका सम्बन्धित अनुच्छेद

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

यस पाठप्रति विद्यार्थीहरूलाई अभिप्रेरित गर्न शब्दवर्गको तालिका र भावका आधारमा क्रियापदको तालिका कक्षामा प्रस्तुत गर्नुहोस् । ती तालिकाका आधारमा निपात शब्द तथा आज्ञार्थक र इच्छार्थक क्रियापदका बारेमा सामान्य कुराकानी गर्नुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

निपात शब्दलाई चिनाउनका लागि तलका प्रक्रियाहरू अपनाउनुहोस् । जस्तै :

(क) उदाहरणका रूपमा केही निपात शब्दहरू बोर्डमा लेख्नुहोस् र निपातको परिचय तथा प्रयोजन पनि प्रस्तुत गर्नुहोस् ।

- निपात शब्दहरूको उदाहरण : नि, पो, क्यारे, त, ल, लौ, खै, रे, है, अहँ, नै आदि ।
- निपात शब्दको प्रयोजन : निपातहरूले पदावली तथा वाक्यहरूमा खास पद वा वाक्यकै अर्थलाई उजिल्याउन मदत गर्छन् ।
- निपात शब्दको परिचय : निपात शब्दको आफ्नो खास अर्थ हुँदैन । प्रयोग सन्दर्भबाट मात्र अर्थको अनुमान गर्न सकिन्छ । यसरी पदावली वा वाक्यको अर्थलाई प्रस्ट पार्न मदत गर्ने अव्यय शब्दहरू नै निपात हुन् ।

(ख) निपात शब्दहरूलाई प्रयोग गरेर देखाउनुहोस् र त्यस अनुसार विद्यार्थीहरूलाई पनि निपात शब्दलाई वाक्यमा प्रयोग गर्न भन्नुहोस् ।

(ग) ‘हामी एउटै हौं’ भन्ने पाठमा पनि निपात शब्दहरू प्रयोग भएका छन् , प्रयोग सन्दर्भ बुझेर तिनलाई कापीमा सार्न भन्नुहोस् ।

Draft

**क्रियाकलाप - २**

अब आज्ञार्थक र इच्छार्थक क्रियापदलाई चिनाउन र तिनको प्रयोग सिकाउन तलको प्रक्रिया अपनाउनुहोस् । जस्तै :

(क) उदाहरणका रूपमा आज्ञार्थक तथा इच्छार्थक क्रियापदहरू बोर्डमा लेख्नुहोस् र तिनीहरूको प्रयोजन तथा परिचय बताउनुहोस् । अनि आज्ञार्थक तथा इच्छार्थक क्रियापदहरूको सूची बनाउन र तिनलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् ।

आज्ञार्थक : पढ् , पढ , पढे , पढ्नुहोस् आदि ।

इच्छार्थक : पढूँ , पढौं , पढून् , पढोस् आदि ।

(ख) आज्ञार्थक क्रियापदको प्रयोग

तँ पाठ पढ् । तिमी पाठ पढ । तपाईं पाठ पढ्नुहोस् ।

(ग) इच्छार्थक क्रियापदको प्रयोग

म पाठ पढूँ । हामी पाठ पढौं । उनले पाठ पढून् । ऊ पाठ पढोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) निपात शब्दको सूची बनाउनुहोस् ।

(ख) 'लेख्' धातुका आज्ञार्थक र इच्छार्थक क्रियापदहरूको रूप लेख्नुहोस् ।

५. **गृहकार्य :**

अभ्यासका १३ , १४ र १५ प्रश्न हल गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

Draft

# पाठ : १८

**पाठ शीर्षक : आह्वान        विधा : कविता**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १ | लयबोध र शुद्ध उच्चारण | १ |
| २ | शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३ | भावबोध र बोध प्रश्नोत्तर | १ |
| ४ | भाव विस्तार र सारांश | १ |
| ५ | शब्द भण्डार | १ |
| ६ | व्याकरण : नाम र अकरण | १ |
| ७ | कविता लेखन : म विद्यार्थी | १ |
| ८ | सिकाइ पुनरावृत्ति | १ |
| | जम्मा | ८ |

**दिन : पहिलो**

पाठ्यवस्तु : **लयबोध र शुद्ध उच्चारण**

लक्षित सिप : कविता वाचन र उच्चारण

१. **विशिष्ट उद्देश्य**

(क) 'आह्वान' कविताको लयवाचन गर्न,

(ख) उक्त कविताका उच्चारण गर्न कठिन शब्दको शुद्ध उच्चारण गर्न,

२. **शैक्षिक सामग्री**

ठूलो अक्षरमा तयार पारिएको 'आह्वान' कविताको तालिका, शब्दपत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक मस्तिष्क मन्थनसम्बन्धी प्रश्न गरी उत्तर तयार पार्न लगाई विद्यार्थीलाई समावेशिताको आधारमा एकएक गर्दै तोक्दै उत्तर भन्न लगाई सही उत्तर पहिचान गर्ने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
- विषय वस्तुसँग सान्दर्भिक जानेको/जान्न चाहेको/सिकेको क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

Draft

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम लय मिलाएर 'आह्वान' कविता वाचन गरेर सुनाउनुहोस् त्यसपछि शिक्षकलाई अनुकरण गर्दै विद्यार्थीलाई पनि लय मिलाएर वाचन गर्न लगाउनुहोस् ।
- कविताको वाचनमा ध्यान दिनुपर्ने गति, लय, विश्रामका सम्बन्धमा विद्यार्थीहरूका बिचमा छलफल गराउनुका साथै वाचनका लागि प्रष्ट निर्देशन दिनुहोस् ।
- विद्यार्थीलाई समूहमा वाचन गराउने तथा एक जना विद्यार्थीलाई शिक्षकको भूमिका निर्वाह गर्न लगाई अन्य विद्यार्थीलाई अनुकरण वाचन गर्ने क्रियाकलाप गराउनुहोस् ।
- कविताको लयवाचन गराउँदा विश्राम हुनुपर्ने ठाउँमा विश्राम भए नभएको अवलोकन गर्नुहोस् र गल्ती भए आफूले लयवाचन गरी सच्याउन लगाउनुहोस् ।
- लयवाचनका लागि समूह समूह छुट्याई प्रतियोगितात्मक वाचन गराउनुहोस् र मूल्याङ्कन गरी उत्कृष्ट विद्यार्थीलाई तालीले प्रोत्साहित पनि गर्नुहोस् ।

**क्रियाकलाप २**

- लयवाचन गर्दा उच्चारण गर्न कठिन भएका शब्दहरू टिपोट गर्न लगाई राम्ररी उच्चारण गर्ने कुनै प्रतिनिधी विद्यार्थीलाई एकएक गर्दै उच्चारण गर्न लगाउनुहोस् र अन्य विद्यार्थीलाई अनुकरण गर्न लगाउनुहोस् ।
- यसपछि 'भक्ति, बलभद्र, बोधिसत्व, वर्चस्व, अस्तित्व' जस्ता कवितामा प्रयोग भएका शब्दहरूको शब्दपत्ती प्रदर्शन पाटीमा प्रस्तुत गरी एकएक गर्दै उच्चारण गरी अनुकारण उच्चारण गर्न लगाउनुहोस् । ती शब्दलाई उच्चारण संरचना अनुसार अक्षरअक्षर छुट्याई लेखेर देखाई (भक्.ति, ब.ल.भद्.द्र, बो.धि.सत्.त्व, वर्.चस्.स्व, अस्.तित्.त्व) उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।
- यसपछि विद्यार्थीहरूलाई  अक्षर अक्षर छुट्याई उच्चारण गर्ने अभ्यास गराउनका लागि आह्वान, ज्वाला, अस्तित्व, बोधिसत्त्व, भन्ज्याङ जस्ता शब्दहरू दिई थप अभ्यास गराउनुहोस् । जस्तै : आह्वान (आ.ह्वान्), ज्वाला (ज्वा.ला), अस्तित्व ( अस्.तित्.त्व), बोधिसत्त्व (बो.धि.सत्.त्व), भन्ज्याङ (भन्.ज्याङ्) आदि ।
- यस क्रममा विद्यार्थीहरूलाई समूह समूहमा विभाजन गरी शुद्ध उच्चारण गर्ने प्रतियोगिता गराई थप अभ्यास गराउनुहोस् ।

४. **प्रतिविम्बन**

- कविताका पङ्क्तिहरू हावभाव मिलाएर व्यक्तिगतरूपमा लयवाचन गर्न लगाउनुहोस् ।
- 'भक्ति, ज्वाला, बलभद्र, बोधिसत्व, वर्चस्व, अस्तित्व' जस्ता शब्दको उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

उच्चारण गर्न कठिन शब्दहरू पहिचान गरी अक्षरअक्षर बाँडेर लेखेर ल्याउने गृहकार्य दिनुहोस् ।

Draft

६. **शिक्षकका लागि परियोजना कार्य**

- कठिन उच्चारण भएका शब्दहरूको अक्षर संरचनाको पुस्तिका निर्माण गर्नुहोस् ।
- कठिन शब्दहरूको अर्थसहितको सङ्ग्रह तयार पार्नुहोस् ।

| **दिन : दोस्रो** |
|---|

पाठ्यवस्तु : **शब्दार्थ र वाक्यमा प्रयोग**

लक्षित सिप : शब्दभण्डार वृद्धि र वाक्य निर्माण

१. **विशिष्ट उद्देश्य**

(क) पाठका कठिन शब्दहरूको अर्थ बताउन,

(ख) उक्त कठिन शब्दहरूलाई वाक्यमा प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती, प्रदर्शन पाटी र शब्दकोश

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

विद्याथीहरूलाई सिकाइमा सक्रिय गराउने छोटो क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको कार्य प्रस्तुत गराई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- कुनै दुई जना विद्यार्थीलाई आधाआधा गरी 'आह्वान' कविता सस्वरवाचन गर्न लगाउनुहोस् र कक्षामा अन्य विद्यार्थीलाई सुन्न र हेर्न लगाउनुहोस् ।
- सस्वरवाचन गरिसकेपछि विद्यार्थीहरूलाई कवितामा भएका अर्थका दृष्टिले कठिन लागेका शब्दहरू टिपोट गर्न निर्देश गर्नुहोस् । विद्यार्थीले टिपेका शब्दहरू एकएक गर्दै भन्न लगाउनुहोस् र शैक्षणिक पाटी टिप्दै जानुहोस् । जस्तै : मुटु, चौतर्फी, स्पर्श, पसिना, पेट भर्नु, जाडो छोप्नु, ज्वाला, अस्तित्व, बोधिसत्त्व, करेसा, आँगन, भन्ज्याङ, बिसौनी आदि ।
- विद्यार्थीहरूलाई उक्त प्रत्येक शब्दहरूको एकएक गर्दै अर्थ सोध्दै जानुहोस् । यसो गर्दा गाढा अक्षरमा दिइएका शब्दको अर्थ त्यही पृष्ठको पुछारमा हेर्न समेत निर्देश गर्नुहोस् ।
- उनीहरूले दिएको शब्दार्थ सही भएमा सबलीकरण गर्नुहोस् र सही नभएमा वा आंशिकरूपमा मात्र सही भएमा शब्दपत्ती र अर्थपत्ती प्रदर्शन पाटीमा राख्दै अर्थ

Draft

बताउनुहोस् । शब्दकोशको प्रयोग गर्ने सिप विकासका लागि पालैपालो समूह समूहमा शब्दकोशको प्रयोग गरी अर्थ खोज्ने अभ्यास समेत गराउनुहोस् ।

- दुई एक पङ्क्तिबाट एक जना छात्रा र अर्को पङ्क्तिबाट एक जना छात्रलाई अगाडि बोलाई प्रदर्शन पाटीबाट एक जनालाई शब्दपत्ती र अर्को जनालाई मिल्दो अर्थपत्ती झिक्न लगाउनुहोस् । ठिक भएमा सबलीकरण गर्नुहोस् र नमिलेमा सम्बन्धित पङ्क्तिका अन्य विद्यार्थीहरूको सहयोग लिन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- शब्दार्थ शिक्षपछि वाक्य निर्माण क्रियाकलाम सञ्चालन गर्नका लागि विद्यार्थीहरूलाई समूह समूहमा बाँडी शब्दपत्ती वितरण गर्नुहोस् । आफूलाई परेका ती शब्दहरू प्रयोग गरी सामुहिकरूपमा वाक्य निर्माण गर्न लगाउनुहोस् ।
- समूहबाट पालैपालो आफूलाई परेका शब्दहरू प्रयोगगरी बनाएका वाक्यहरू एक जनालाई एउटाका दरले भन्न लगाउनुहोस् र अर्थपूर्ण भए नभएको छलफल गर्नुहोस् । आफूले लगेका वाक्यपत्तीहरू पनि प्रदर्शन पाटीमा राख्दै विद्यार्थीलाई पढ्न लगाउनुहोस् ।
- शब्दलाई वाक्यमा प्रयोग गराउँदा नयाँ र कठिन शब्दको प्रकृति हेरी त्यसको धारणा स्पष्ट पार्न एकभन्दा बढी वाक्य बनाउनका लागि विद्यार्थीलाई प्रोत्साहित गर्नुहोस् ।
- यसरी प्रस्तुतीकरण कार्य सकेर ती शब्दपत्तीहरू प्रदर्शन पाटीमा राखी व्यक्तिगतरूपमा अर्थपूर्ण वाक्यहरू निर्माण गर्न लगाउनुहोस् र एक आपसमा हेर्न लगाई छलफल गराउनुहोस् ।

४. **प्रतिविम्बन**

मुटु, चौतर्फी, स्पर्श, पसिना, पेट भर्नु, जाडो छोप्नु, ज्वाला, अस्तित्व, बोधिसत्त्व, करेसा, आँगन, भन्ज्याङ, बिसौनी जस्ता शब्दको अर्थ लेख्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

प्रतिविम्बनका शब्दहरू प्रयोगगरी अर्थपूर्ण वाक्य निर्माण गर्ने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

कविताका पङ्क्तिहरूको भाव विस्तार तालिका निर्माण गर्नुहोस् ।

Draft

**दिन : तेस्रो**

पाठ्यवस्तु : **भावबोध र बोध प्रश्नोत्तर**

लक्षित सिप : बोध र अभिव्यक्ति

१. **विशिष्ट उद्देश्य**

(क) कविताको भावार्थ व्यक्त गर्न,

(ख) कविताको भाव तथा विषय वस्तुका बारेमा प्रश्नोत्तर गर्न ।

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दार्थ पत्ती, वाक्यपत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

विद्यार्थीलाई केही समय दिई यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक विषयमा द्रुतलेखन क्रियाकलाप सञ्चालन गर्नुहोस् । यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- लयबोधको संक्षिप्त पुनरावलोकन गराई कविताको पहिला चार पङ्क्ति लेखिएको तालिका प्रस्तुत गरी भाव पहिल्याई लेख्नलाई विद्यार्थीलाई निर्देश गर्नुहोस् ।

  हातहरू चल्दै छन्, चल्नुपर्छ अझै

  माटो बोकेर मुठीहरूमा

  मनहरू जाग्दैछन्, जाग्नुपर्छ अझै

  विश्वास भिरेर आँखाहरूमा

- विद्यार्थीलाई कविताका उक्त चार पङ्क्तिको भाव पहिल्याई लेख्नलाई आवश्यक समय दिई अवलोकन गर्दै पृष्ठपोषण पनि दिनुहोस् र विद्यार्थीले भाव लेखीसकेपछि केही विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् ।
- विद्यार्थीले पहिचान गरेको भावलाई सबलीकरण आफूले तयार पारेर ल्याएको भावको तालिका प्रदर्शन पाटीमा प्रस्तुत गर्दै उक्त भावका बारेमा छलफल गर्नुहोस् ।
- त्यसैगरी अन्य विशिष्ट पङ्क्तिहरू विभिन्न समूहमा वितरण गरी भाव पहिचान गर्न लगाई लेख्न लगाउनुहोस् र सबै समूहले लेखेको भाव समावेशिताको आधारमा प्रस्तुत गर्न लगाउनुहोस् ।
- विद्यार्थीले प्रस्तुतीकरण गरेपछि आवश्यक सबलीकृत पृष्ठपोषण दिई थपघट गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

- विशिष्ट पङ्क्तिहरूको भाव पहिल्याई सकेपछि सम्पूर्ण कविताको भाव व्याख्या गर्ने क्रियाकलाप गराउनका लागि सर्वप्रथम कविता मौनवाचन गर्न लगाउनुहोस् ।
- कवितालाई समेट्ने गरी सङ्क्षिप्त प्रश्नहरू सोध्नुहोस् र समूहमा छलफल गरी प्रश्नहरूको उत्तर तयार पार्न लगाउनुहोस् । यसका लागि शिक्षकले नमुना प्रश्न र उत्तर प्रदर्शन पाटीमा प्रस्तुत गर्नुहोस् ।
  - हातहरू कसरी चल्नुपर्छ ?
  - मनहरूले अझै के गर्नुपर्छ ?



Draft

- o देश के के हो ?
- o देश कहाँ दुख्नु हुँदैन ?
- o अस्तित्वको ज्वाला कहाँ अकासिन्छ ?
- o पैतालाहरूले कहाँ टेक्नुपर्छ ?
- o रामबहादुरहरू किन विदेश जानु हुँदैन ?

- विशिष्ट पङ्क्तिको भाव र उक्त प्रश्नहरूका उत्तको आधारमा समूहमा छलफल गरी कविताको भाव लेख्न लगाउनुहोस् ।
- विद्यार्थीले आफ्नो समूहबाट तयार पारेको कविताको भाव अर्को समूहमा अवलोकन गर्न लगाई पृष्ठपोषण लिई अन्तिम रूप दिन लगाउनुहोस् ।
- आफूले तयार पारेको कविताको भाव तालिका प्रदर्शित गर्दै छलफल गरी समूहले तयार पारेका भावलाई अन्तिम रूप दिएर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् र आवश्यक सबलीकृत पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिविम्बन**

'आह्वान' कविताको भाव भन्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

'आह्वान' कविताको भाव लेखेर ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

कविता सङ्कलन गरी पुस्तिका तयार पार्नुहोस् ।

Draft

## दिन : चौथो

पाठ्यवस्तु : **भाव विस्तार र सारांश**

लक्षित सिप : भाव विस्तार र सारांश कथन

१. **विशिष्ट उद्देश्य**

(क) प्रस्तुत कविताका विशिष्ट पङ्क्तिहरूको भाव विस्तार गर्न,

(ख) 'आह्वान' कविताको सारांश भाव व्यक्त गर्न ।

२. **शैक्षिक सामग्री**

कविताको विशिष्ट पङ्क्तिको पत्ती, सारांश तालिका र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

अघिल्लो दिन दिएको गृहकार्य/परियोजना कार्यहरू समावेशिताका आधारमा केही विद्यार्थीहरूलाई प्रस्तुत गर्न लगाउनुहोस् र प्रस्तुतिपछि विद्यार्थीहरूले प्रदर्शन गरेका राम्रो पक्षहरू तथा राम्रो प्रदर्शन गर्ने विद्यार्थीलाई ताली बजाएर प्रशंसा गर्ने कार्य गर्नुहोस् र

गृहकार्य गर्ने सबैलाई धन्यवाद दिँदै आवश्यक पृष्ठभूमीसहित आजको पाठ्यवस्तुका बारेमा जानकारी दिनुहोस् । यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- कविताका विशिष्ट पङ्क्तिको भाव विस्तार गर्नका लागि कविता मौनवाचन गराई विशिष्ट पङ्क्तिहरू टिपोट गर्न लगाउनुहोस् । विद्यार्थीले टिपेका पङ्क्तिहरूमध्ये कुनै एक वा दुई पङ्क्ति भन्न लगाई शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।
- उदाहरणका रूपमा उक्त पङ्क्तिलाई व्याख्या वा भावविस्तारका लागि बुँदा वा विषय वस्तुका बारेमा समूहमा छलफल गराउनुहोस् । छलफलबाट आएका महत्त्वपूर्ण बुँदाहरू शैक्षिणिक पाटीमा टिप्दै जानुहोस् । बुँदा टिपोटपछि तिनै बुँदाका आधारमा भाव विस्तारको नमुना तयार गर्न विद्यार्थीहरूलाई लगाउनुहोस् ।
- सहजीकरणका लागि कुनै विशिष्ट अंशको व्याख्या वा भावविस्तारको नमुना प्रस्तुत गर्नुहोस् र त्यही नमुनामा आधारित हुँदै उक्त अंशको व्याख्या वा भावविस्तार गर्न लगाउनुहोस् । आफूले तयार गरेर ल्याएको नमुना प्रदर्शन पाटीमा प्रस्तुत गर्नुहोस् ।
- अभ्यास ५ को ब्याख्या गर्ने काम कक्षाकार्यकारूपमा गर्न लगाउनुहोस् ।
- भाव वा आशयको विस्तृतीकरणका साथै उक्त भावको पुष्टिका लागि उदाहरण, तर्क, उक्तिसमेत दिई उक्त कथनलाई सुस्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप २**

- यसपछि प्रस्तुत कविताको सबै पङ्क्तिहरूको भावलाई समेटेर पाँच वाक्यमा नबढ्ने गरी कविताको सारांश भावको खेस्रा तयार पार्न लगाउनुहोस् ।
- यसरी विद्यार्थीले तयार पारेको कविताको सारांश भावलाई प्रस्तुत गर्न लगाउनुहोस् ।
- आफूले तयार पारेर ल्याएको कविताको सारांश भावलाई प्रदर्शन पाटीमा प्रस्तुत गरी छलफल गर्नुहोस् ।
- विद्यार्थीले तयार पारेको सारांश भावमा आवश्यक पृष्ठपोषण दिई अन्तिम रूप दिन लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

कविताका विशिष्ट पङ्क्तिहरूको भाव विस्तार गर्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

'आह्वान' कविताको सारांश भावमा लेखेर ल्याउनका लागि गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

पर्यायवाची र विपरितार्थी शब्दको पुस्तिका निर्माण गर्नुहोस् ।

Draft

**दिन : पाँचौं**

पाठ्यवस्तु : **शब्द भण्डार**

लक्षित सिप : शब्द निर्माण

१. **विशिष्ट उद्देश्य**

(क) विपरितार्थक र पर्यायवाची शब्द प्रयोग गर्न,

(ख) 'निर्' उपसर्ग लगाई शब्द निर्माण गर्न ।

२. **शैक्षिक सामग्री**

विपरितार्थक र पर्यावाची शब्दको तालिका, 'निर्' उपसर्ग लागेका शब्दको तालिका र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक मस्तिष्क मन्थनसम्बन्धी प्रश्न गरी उत्तर तयार पार्न लगाई विद्यार्थीलाई समावेशिताको आधारमा एकएक गर्दै तोक्दै उत्तर भन्न लगाई सही उत्तर पहिचान गर्ने क्रियाकलाप सञ्चालन गर्नुहोस् ।
- कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक जानेको/जान्न चाहेको/सिकेको क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- विपरितार्थक शब्दहरूको आफूले लगेको तालिका प्रदर्शन गरी छलफल गराउनुहोस् । विश्वास, वर्षा, मैदान, रित्याउनु जस्ता शब्दहरूको उल्टो अर्थ दिने शब्दहरू खोजी गर्न लगाउने पाठ्य पुस्तकको अभ्यास ७ मा दिइएको विपरितार्थक शब्द पहिचान गर्ने अभ्यास गराउनुहोस् ।
- पर्यायवाची शब्दहरूको आफूले लगेको तालिका प्रदर्शन गरी छलफल गराउनुहोस् । चोखो, पिडा, शक्ति जस्ता शब्दहरूको समान अर्थ दिने शब्दहरू खोजी गर्न लगाउने पाठ्य पुस्तकको अभ्यास ८ मा दिइएको पर्यावाची शब्द पहिचान गर्ने अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

- 'विकार' शब्दमा 'निर्' उपसर्ग लागेर 'निर्विकार' शब्द भएजस्तै 'निर्' उपसर्ग लागेका शब्दहरूको तालिका प्रदर्शन पाटीमा प्रस्तुत गरी विद्यार्थीहरूलाई त्यस्ता शब्दहरू निर्माण वा पाठ्य पुस्तकबाट खोजेर लेख्न लगाउनुहोस् ।
- आफूले सङ्कलन गरेका 'निर्' उपसर्ग लगी निर्माण भएका शब्दरू गन्न लगाउनुहोस् र कसले सबैभन्दा बढी सङ्कलन गरेको हो उसलाई ती शब्दहरू भन्न लगाई तालिले पुरस्कृत गर्नुहोस् ।

Draft

- ती 'निर्' उपसर्ग लगेका शब्दहरू प्रयोगगरी अर्थपूर्ण वाक्य बनाउन लगाउनुहोस् र ती वाक्यहरू एकअर्कामा छलफल गरी अन्तिम रूप दिन लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

'आह्वान' कवितामा प्रयोग भएका १० ओटा शब्द लेखी तिनीहरूको विपरितार्थक र पर्यायवाची शब्दको तालिका बनाउन लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

'निर्' उपसर्ग लागी बनेका शब्दहरूको सूची बनाई ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

पदवर्ग र अकरण शिक्षणका लागि हस्तपत्र तयार पार्नुहोस् ।

**दिन : छैठौं**

पाठ्यवस्तु : **व्याकरण (नाम र अकरण)**

लक्षित सिप : नामपद पहिचान र क्रिया परिवर्तन

१. **विशिष्ट उद्देश्य**

(क) नाम शब्दहरू पहिचान गरी वर्गीकरण गर्न,

(ख) करण र अकरण छुट्याई तालिका बनाउन ।

२. **शैक्षिक सामग्री**

शब्दपत्ती, शब्दार्थ पत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम हात, माटो, मुठी, घर, खेत, पहाड, पानी जस्ता नाम शब्द; म, हामी, त्यो, जस्ता सर्वनाम शब्द; रातो, मीठो, होचो आदि विशेषण शब्द; लेख्यो, पढ्छ, जाला, जस्ता क्रियापद शब्द शैक्षणिक पाटीमा प्रस्तुत गरी ती शब्दको भिन्नता सोध्नुहोस् ।
- ती शब्दहरूको समूहबाट विद्यार्थीहरूलाई नाम पदको सूची बनाउन लगाउनुहोस् र छलफल गर्न लगाउनुहोस् ।
- त्यसैगरी विद्यार्थीहरूलाई पाठबाट नाम शब्द टिपोट गरी सूची बनाउन लगाउनुहोस् र ती शब्दको उदाहरणका आधारमा परिभाषा बनाउन ।

Draft

**क्रियाकलाप २**

- उदाहरणमा दिएजस्तै अकरण क्रियापद प्रयोग गरी समूह समूहमा वाक्यहरू निर्माण गर्न लगाउनुहोस् ।
    - o रामबहादुर विदेश **जानु हुँदैन** ।
    - o वर्षामा जुठे, बिर्खे र सानीहरू अब **भिज्नु हुँदैन** ।
    - o मेची महाकाली कतै पनि अलिकति देश **दुख्नु हुँदैन** ।
    - o कसैका पनि आँखाहरूबाट पीडाका थोपाहरू **खस्नु हुँदैन** ।
- ती अकरण क्रियापद प्रयोग गरी समूह समूहमा बनाएका वाक्यहरू समूह समूहलाई आलोपालो गर्दै प्रस्तुत गर्न लगाउनुहोस् र छलफल गर्नुहोस् ।
- आफ्नो देश नेपालका बारेमा ती अकरण वाक्यहरूमध्ये छनोट गरी र अन्य अकरण वाक्यहरू १०  ओटा अकरण वाक्य लेख्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

'आह्वान' कवितामा प्रयोग भएका नाम शब्दहरूको सूची बनाउन लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

पाँचओट करण वाक्य खोजी तिनको अकरण बनाई ल्याउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

मोबाइलमा कविता गायनको रेकर्ड सङ्कलन गर्नुहोस् ।

Draft

| **दिन : सातौँ** |
|---|

पाठ्यवस्तु : **कविता लेखन (म विद्यार्थी)**

लक्षित सिप : कविता लेखन

१. **विशिष्ट उद्देश्य**

(क) 'म विद्यार्थी' शीर्षकमा कविता लेख्न,

(ख) कविता वाचन गर्न र कविताको मूल्याङ्कन गर्न ।

२. **शैक्षिक सामग्री**

कुनै नयाँ शीर्षकको कविताको केही अंशको तालिका, पुरस्कारका लागि मसलन्द सामग्री र प्रदर्शन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

- कुनै गीत, कविताांश, लघुकथा वा मुक्तक आफूले सुनाउने साथै सहभागिताको सिद्धान्तका आधारमा केही विद्यार्थीहरूलाई पनि सुनाउन लगाउनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूको कविता गोष्ठी सञ्चालनका लागि समावेशिताको आधारमा एउटा समिति निर्माण गर्नुहोस् ।
- 'आह्वान' कविताको शैलीमा 'म विद्यार्थी' भन्ने शीर्षकमा कविता लेख्नका लागि आवश्यक बुँदाहरू समूहमा टिपोट गर्न लगाउनुहोस् ।
- टिपोट गरेका बुँदाका आधारमा 'म विद्यार्थी' शीर्षका कविताको खेस्रा तयार पार्न लगाउनुहोस् ।
- विद्यार्थीले कविताको खेस्रा तयार पारेपछि समूहमा कविता साटासाट गरेर पढ्न लगाई कवितालाई अन्तिम रूप दिन लगाउनुहोस् ।

**क्रियाकलाप २**

- प्रतिनिधिमूलकरूपमा कविता गोष्ठी सञ्चालन गराउनुहोस् ।
- विद्यार्थीको समितिबाट मूल्याङ्कन गराई उत्कृष्ट तिन ओटा कविताहरू छनोट गर्ने कार्य गराउनुहोस् र आवश्यक पृष्ठपोषण दिई पुरस्कृत समेत गर्नुहोस् ।
- वाचन गरिएका कविताहरू व्यक्तिगत कुनामा टाँस्ने व्यवस्थागरी उत्कृष्ट कविताहरू भित्ते पत्रिकामा प्रकाशन गर्ने सामुहिक कार्य लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

'म विद्यार्थी' शीर्षकमा कविता लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

कविता गोष्ठी सञ्चालन गरी भित्ते पत्रिकामा प्रकाशन गर्ने सामुहिक परियोजना कार्य गराउनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

विद्यार्थीहरूलाई उनीहरूले यस 'आह्वान' पाठको शिक्षण सिकाइ क्रियाकलापमा गरेका कार्यहरू निरन्तर विद्यार्थी मूल्याङ्कनको आफ्नो कार्य सञ्चयिकामा सङ्कलन गर्न लगाई मूल्याङ्कन गरी अभिलेख फाराममा जनाउनुहोस् ।

| **दिन : आठौँ** |
|---|

पाठ्यवस्तु : **सिकाइ पुनरावृत्ति**

लक्षित सिप : उपलब्धि परीक्षण

१. **विशिष्ट उद्देश्य**

यस एकाइबाट सोधिएका प्रश्नको उत्तर दिन ।

२. **शैक्षिक सामग्री**

उपलब्धि परीक्षणका लागि प्रश्नपत्र

Draft

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) उत्प्रेरणा

विद्यार्थीलाई एउटा छोटो कविता वा मुक्तक सुनाउन लगाउँदै आफूले पनि कवितांश सुनाउँदै आजको कार्यको जानकारी गराउनुहोस् ।

### (ख) क्रियाकलाप

**क्रियाकलाप १**

- निम्नलिखित प्रश्नहरूका आधारमा विद्यार्थीलाई सिकाइ पुनरावृत्ति गराउनुहोस् ।

**नमुना प्रश्नपत्र**

विषय : नेपाली

अ. अर्थ स्पाष्ट हुनेगरी तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर ।

मुटु, चौतारी, स्पर्श, पसिना, ज्वाला

आ. निम्नलिखित प्रश्नको छोटो उत्तर देऊ ।

(क) मनहरू अझै जाग्नुपर्छ किन भनिएको हो ?

(ख) 'आह्वान' कविताको मुख्य भाव के हो ?

(ग) पैतालाले सम्भावनाका भिरहरूमा किन टेक्नुपर्छ ?

(घ) रामबहादुरहरू किन विदेश जानुहुँदैन ?

(ङ) 'आह्वान' कवितामा नेपालको गरिबीलाई कसरी प्रस्तुत गरिएको छ ?

इ. व्याख्या गर :

मेची महाकाली कतै पनि अलिकति देश दुख्नु हुँदैन
कसैका पनि आँखाहरूबाट पिडाका थोपाहरू खस्नु हुँदैन ।

ई. तलका वाक्यहरूलाई करण बनाऊ :

(क) रामबहादुर विदेश जानुपर्छ ।

(ख) वर्षामा जुठे, बिर्खे र सानीहरू भिज्नुपर्छ ।

(ग) मेची महाकाली देश दुख्नुपर्छ ।

(घ) आँखाहरूबाट पीडाका थोपाहरू खस्नुपर्छ ।

## ४. प्रतिविम्बन

माथिका प्रश्नहरूको उत्तर भन्न लगाई सबलिकृत पृष्ठपोषण दिनुहोस् ।

## ५. शिक्षकका लागि परियोजना कार्य

विद्यार्थीहरूले गरेको कार्यको परीक्षण गरी सबलिकृत पृष्ठपोषण दिँदै कार्य सञ्चयिकामा राख्न लगाउनुहोस् ।

**थप अध्ययन सामग्री**

**द्रुत लेखन (quick write)**

कुनै विषय वस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई निश्चित् समय तोकी व्यक्तिगतरूपमा लेख्न लगाउने ।

Draft

**सोच्ने, जोडी बनाउने र आदानप्रदान गर्ने (think pair share)**

कुनै विषय वस्तु/प्रश्न दिई विद्यार्थीहरूलाई व्यक्तिगतरूपमा उत्तर सोचेर लेख्न लगाउने, नजिकै बस्ने साथीसँग जोडी बनेर साझा उत्तर तयार पारी प्रस्तुत गर्न लगाउने ।

Draft

## पाठ : १९ **सिंह र स्यालको कथा (कथा)**

एकाइगत पाठ्यवस्तु विभाजन योजना

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | बोध, छलफल र प्रश्नोत्तर | १ |
| ४. | घटनाक्रम मिलान र कथा लेखन | १ |
| ५. | मौन पठन र सङ्क्षिप्त उत्तर | १ |
| ६. | अनुलेखन र श्रुतिलेखन | १ |
| ७. | कार्यमूलक व्याकरण | १ |
| ८. | सिर्जनात्मक अभ्यास | १ |
| | जम्मा | ८ |

| पहिलो दिन |
|---|

**पाठ शीर्षक : सिंह र स्यालको कथा (कथा)** घन्टी :

पाठ्यवस्तु : सस्वर पठन र शुद्धोच्चारण समय: ४५ मिनेट

लक्षित सिप : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) 'सिंह र स्यालको कथा' कथाका निर्दिष्ट अनुच्छेदलाई गति यति मिलाई सस्वर पढ्न,

(ख) यस कथाका कठिन शब्दको शुद्ध रूपमा उच्चारण गर्न,
जस्तै : लक्षित शब्द: प्रिया, आश्चर्य, ब्रह्मचारी, वृत्तान्त, शौर्य, आक्रोश, अविश्वास

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक कठिन उच्चारण भएका शब्दको सूची, शब्दपत्ती, गोजीतालिका

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

- शिक्षकले सिंह र स्यालको कथामा आधारित भई विद्यार्थीहरूलाई प्रस्तुत कथाका विषयमा निम्नानुसारका केही प्रश्न सोधी उत्प्रेरणा प्रदान गर्दै कथाप्रति विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् । जस्तै :

  (क) तिमीले सिंह र स्याल देखेका छौ ?

  (ख) सिंहसँग अचानक जम्काभेट भयो भने तिमी के गर्छौ ?

  (ग) सिंह र स्याल कहाँ बस्छन् ?

Draft

(घ) के सिंह र स्यालले पनि मान्छेले जस्तै कुरा गर्न सक्छन् ?

- शिक्षकले विद्यार्थीलाई सिंह र स्यालको कथाको बारेमा छोटो प्रवचन दिनुहोस् र विद्यार्थीका जिज्ञासा मेटाउँदै आफूले पढाउने पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् अनि आजको कक्षामा कक्षा कोठाभित्र गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीलाई जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- सुरूमा शिक्षकले निर्धारित दुई अनुच्छेद सस्वर पढी विद्यार्थीहरूलाई सुनाउनुहोस् र कक्षाका केही सक्षम तथा कमजोर विद्यार्थीहरूलाई उक्त अनुच्छेद पढी सुनाउन लगाउनुहोस् ।
- यस किसिमको सस्वर वाचनका क्रममा कक्षाका अन्य विद्यार्थीहरूलाई निर्दिष्ट अनुच्छेद पाठमा हेर्न र सुन्न निर्देशन दिनुहोस् ।
- विशेषतः कमजोर विद्यार्थीहरूलाई लक्षित गरी उक्त अनुच्छेद गति, यति र उच्चारण मिलाई पालैपालो पढ्ने अवसर प्रदान गर्नुहोस् र त्यस क्रममा विद्यार्थीले गरेका गल्तीहरू ख्याल गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

**क्रियाकलाप-२**

- विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठेरो लागेका शब्दहरू पाठबाट खोजी अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीहरूलाई सोध्दै उनीहरूलाई अप्ठ्यारो लागेका शब्दहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरू विद्यार्थीहरूलाई नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई शिक्षकले अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तैः आश्चर्य /आस्.चर्.य/, शौर्य/सौर्.य/ यसरी उच्चारण अभ्यास गराउने क्रममा आफूले लगेको शब्दसूची पनि प्रदर्शन गर्नुहोस् र शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।
- कक्षामा नेपाली भाषा मातृभाषा नभएका र उच्चारणमा बढी समस्या भएका विद्यार्थीहरूलाई उच्चारणको अभ्यास गराउँदा उनीहरूको त्रुटि पहिचान गर्नुहोस् र थप अभ्यास गराउनुहोस् ।
- यदि कक्षामा सुस्त श्रवण भएका विद्यार्थीहरू छन् भने सम्भव भएसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् वा अप्ठेरा शब्दहरू उच्चारण अनुसार शैक्षणिक पाटीमा लेख्दै जानुहोस् र अनुलेखन गर्न निर्देशन दिनुहोस् । जस्तै : भण्डार/भन्.डार्./, क्षितिज /छि.तिज्./

**क्रियाकलाप -३**

- कक्षाका विद्यार्थीहरूलाई समूहमा विभाजन गरी शिक्षकले शैक्षणिक पाटी वा गोजी तालिकामा उच्चारणमा कठिनाइ हुने शब्दहरू प्रस्तुत गरेर विद्यार्थीका बिच

प्रतियोगिता गराउनुहोस् र विजेता समूहलाई ताली बजाएर प्रोत्साहित गर्न निर्देशन दिनुहोस् ।

- निम्न लिखित शब्दहरू विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् र विद्यार्थी अलमल परेको अवस्थामा आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै : विद्वान्, वृत्तान्त, विदुषी, कर्तव्य, आँखीभौँ, काँप्न, शत्रु, शास्त्र, ख्यालठट्टा, झम्टन

४. **प्रतिबिम्बन :**

निम्न प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइलाई मूल्याङ्कन गर्नुहोस् :

(क) पाठको दोस्रो अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास अन्तर्गत प्र.नं. ११ मा दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् ।

**५. गृहकार्य :**

कथा पढी आफूलाई उच्चारण गर्न अप्ठ्यारो लागेका १० ओटा शब्दहरू अभ्यास पुस्तिकामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. शिक्षकका लागि परियोजना कार्य :

आउँदो दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

(क) शब्द र अर्थ पत्ती : शरण, संरक्षण, शास्त्र, कर्तव्य, विदुषी, बन्दोबस्त, संयमित

(ख) ६ (क) मा दिइएका शब्दहरू वाक्यमा प्रयोग गरिएका वाक्य पत्ती ।

Draft

## दोस्रो दिन

**पाठ शीर्षक : सिंह र स्यालको कथा (कथा)** घन्टी :

पाठ्यवस्तु : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग समय: ४५ मिनेट

लक्षित सिप : शब्दार्थ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन ।

जस्तै : शरण, संरक्षण, शास्त्र, कर्तव्य, विदुषी, बन्दोबस्त, संयमित

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूलाई वाक्यमा प्रयोग गर्न,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, शब्दार्थ पत्ती, वाक्यपत्ती, गोजी तालिका र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरण:**

अघिल्लो दिन दिइएको गृहकार्य बिच बिचबाट विद्यार्थीलाई उठाएर केही नमुना परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्दै बाँकी विद्यार्थीलाई सोही अनुसार सुधार गर्न

निर्देशन दिनुहोस् अनि आजको घन्टीमा अध्ययन गरिने विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- विद्यार्थीलाई सिंह र स्यालको कथा मौन पठन गर्न निर्देशन गरी आफूलाई नयाँ लागेका शब्दहरू आआफ्ना कापीमा टिप्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपेका नयाँ शब्दहरू शिक्षक आफूले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- ती शब्दका अर्थ विद्यार्थीमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् र आफूले सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्दार्थ पत्ती प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीलाई पाठको शब्दार्थमा दिइएका शब्द पठनबोध गर्न दस मिनेटको समय उपलब्ध गराउनुहोस् र पाठको अभ्यासमा रहेको प्र.नं.७ गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप-२**

- आफूले वाक्यमा प्रयोग गरी लगेको नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्ने विषयका सम्बन्धमा विद्यार्थीका बिचमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई आवश्यकता अनुसार विभिन्न समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पाठको शब्दार्थमा दिइएका शब्दहरू सहित अन्य शब्द थपेर छुट्टा छुट्टै समूहमा फरक फरक पाँच पाँच ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यकता अनुसार सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।
- समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीका फरक फरक समूहलाई प्रोत्साहित गर्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण गर्नुहोस् ।

**क्रियाकलाप : ३**

- पाठको अभ्यास अन्तर्गत प्र.नं.८ को अभ्यास विद्यार्थीलाई कक्षामा छलफल गराउनुहोस् । शिक्षकले सर्वप्रथम टुक्का लागेका र नलागेका वाक्यहरू शैक्षणिक पाटीमा लेख्नुहोस् र ती वाक्यमा पाइने भिन्नताका बारेमा पनि राम्ररी बुझाउनुहोस् । जस्तै :

  आलु खानु : (१) भोकाएको अशोकले केही नपाएर आलु खाएछ ।
  (२) सिर्जनाले परीक्षामा आलु खाइछ ।

  मास छर्नु : (१) सरोजले खेतमा मास छरेछ ।
  (२) बिचरा ! डोमाका हजुरबुबा त मास छर्न गएछन् ।

Draft

- उल्लिखित उदाहरणको प्रयोग गर्दै टुक्काको परिचय दिनुहोस् । जस्तै : शब्दको सिधा अर्थलाई छाडेर विशेष अर्थ दिने पदावलीलाई टुक्का भनिन्छ । टुक्काको निर्माण क्रियासँग अन्य पद जोडिएर हुन्छ र यसले वाक्यमा विशेष अर्थ प्रदान गर्छ । माथि दिइएका उदाहरणमध्ये २ नं. मा दिइएका दुवै वाक्यले टुक्काको काम गरेका छन् । यस सम्बन्धमा स्पष्ट पारेपछि विद्यार्थीलाई अभ्यास गर्न निर्देशन दिनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरहँदा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै जानुहोस् र अलमलमा परेको देखिएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

टाप कस्नु, आगो हुनु, कुलेलम ठोक्नु, टाउको खानु जस्ता टुक्काहरूलाई वाक्यमा प्रयोग गर्न लगाएर विद्यार्थीको सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

कुनै पाँच ओटा टुक्का लेखी वाक्यमा प्रयोग गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## तेस्रो दिन

Draft

**पाठ शीर्षक : सिंह र स्यालको कथा** घन्टी :

पाठ्यवस्तु : बोध, छलफल र प्रश्नोत्तर समय : ४५ मिनेट

लक्षित सिप : सुनाइ, बोलाइ

१. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेदको बोध गरी प्रश्नहरूको उत्तर दिन ।

२. **शैक्षिक सामग्री :**

(क) निर्धारित अनुच्छेदबाट बोध प्रश्नहरू

(ख) पाठ्य पुस्तकमा दिइएका अभ्यासात्मक प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतीकरणपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर सम्मान गर्न सबै विद्यार्थीहरूलाई निर्देशन गर्नुहोस् । अन्त्यमा आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुको बारेमा विद्यार्थीलाई जानकारी गराउनुहोस्

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- प्रथमतः विद्यार्थीहरूलाई बोध शिक्षण गर्न प्रस्तुत कथाबाट उपयुक्त अनुच्छेद (३-४ अनुच्छेद) निर्देश गर्नुहोस् र विद्यार्थीहरूलाई मौन वाचन गर्न लगाउनुहोस् ।

- शिक्षकले यस समयमा विद्यार्थीहरूको मौन वाचन उपयुक्त ढङ्गले भए नभएको निरीक्षण गर्नुहोस् र आवश्यकता अनुसार दुई तिन पटकसम्म निर्धारित अनुच्छेद मौन वाचन गर्न निर्देश गर्नुहोस् ।

**क्रियाकलाप-२**

- मौन वाचनपछि निर्धारित अनुच्छेदबाट स्तर अनुरूप उपयुक्त किसिमका बोध प्रश्नहरू तयार पारी विद्यार्थीहरूलाई एक एक गरेर सोधी उत्तर दिन लगाउनुहोस् । उदाहरणार्थ अनुच्छेद नं. ३ र ४ बाट सोध्न सकिने बोध प्रश्नहरू यसप्रकार छन् :

  (क) पोथी सिंह किन आश्चर्य चकित भयो ?

  (ख) पोथी सिंहको कुरा सुनेर भाले सिंहले के भन्यो ?

  (ग) शास्त्रमा के भनिएको छ ?

  (घ) हाम्रो सनातन धर्म के हो ?

  (ङ) निर्दिष्ट अनुच्छेद पढेपछि तिमीले के शिक्षा पायौ ?

- निर्धारित अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर दिन लगाउँदा विद्यार्थीहरूलाई प्रथमतः बोध प्रश्नको मौखिक उत्तर दिन लगाएर त्यसपछि मात्र लिखित उत्तर दिन लगाउनुहोस् ।
- विद्यार्थीहरूबाट दिइएको उत्तर सन्तोषजनक नभएमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । निर्धारित अनुच्छेदहरू विद्यार्थीको बिचमा छलफल गराउनुहोस् । निर्धारित अनुच्छेदबाट प्रश्नहरू सोध्दै, पृष्ठपोषण प्रदान गर्दै विद्यार्थीहरूलाई सही उत्तर दिन प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप-३**

- विद्यार्थीहरूलाई आवश्यक छलफल गराइसकेपछि पुनः पाठका सबै अनुच्छेदहरू मौन वाचन गर्न लगाउनुहोस् र आफूले तयार पारी लगेका निम्न लिखित थप प्रश्नहरू तथा पाठ्य पुस्तकका अभ्यास खण्डमा रहेका प्रश्नहरू समेत सोध्नुहोस् र आवश्यक ठाउँमा पृष्ठपोषण प्रदान गर्नुहोस् :

  **प्रश्नहरू :**

  (क) भाले र पोथी सिंहको जोडी कहाँ बस्थ्यो ?

  (ख) भाले र पोथी सिंहका दिनहरू किन रमाइला थिए ?

  (ग) पोथी सिंहले कति ओटा बच्चा जन्मायो ?

  (घ) सिंहका बच्चाहरू कसरी तिन ओटा भए ?

  (ङ) सिंहका बच्चाहरूको बाल्यकाल कसरी बित्यो ?

  (च) सिंहका बच्चाहरू किन निराश भए ?

  (छ) स्यालको बच्चा किन रिसायो ?

  (ज) स्यालको बच्चा किन डरले थर्कमान भयो ?

  (झ) सबैको खुसी एकाएक खोसिनुको कारण के हो ?

Draft

(ञ) हामी सबैको कर्तव्य के हो ?

४. **प्रतिबिम्बन :**

पाठको अभ्यास अन्तर्गत प्र.नं. २ का प्रश्नहरू सोधेर विद्यार्थीहरूको सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठका सबै अनुच्छेदहरू मौन वाचन गरी पाठको अभ्यासका प्र.नं. २ का प्रश्नको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

## चौथो दिन

**पाठ शीर्षक : सिंह र स्यालको कथा (कथा)** घन्टी :

पाठ्यवस्तु : घटनाक्रम मिलान र कथा लेखन समय: ४५ मिनेट

१. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :

(क) प्रस्तुत कथाका घटनाक्रमहरूको टिपोट गर्न,

(ख) टिपोटका आधारमा घटनाक्रम मिलाउन,

(ग) दिइएका विषय, घटना वा बुँदाका आधारमा कथा लेख्न,

२. **शैक्षिक सामग्री :**

कथाका घटनाहरूको सूची, कथा लेखनको विषय र घटना मिलान गरिएका बुँदाहरूको सूची

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्यलाई सबैको अगाडि आएर प्रस्तुतीकरण गर्न कक्षाका केही विद्यार्थीलाई निर्देशन दिनुहोस् । प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा गर्दै ताली बजाएर प्रोत्साहित गर्न सबै विद्यार्थीलाई निर्देश गर्नुहोस् र आवश्यक पृष्ठपोषण सहित आजको पाठ्य वस्तुको बारेमा जानकारी गराउनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- 'सिंह र स्यालको कथा' का मुख्य घटनाहरूलाई क्रमबद्ध रूपमा टिपोट गर्न लगाउनुहोस् र त्यसै अनुसार क्रम मिलाएर बुँदाहरू प्रस्तुत गर्न निर्देशन दिनुहोस् । उनीहरूले भनेका बुँदाहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् र अन्त्यमा आफूले तयार पारी लगेको 'सिंह र स्यालको कथा' का घटनाहरू समेटिएको सूची प्रस्तुत गर्नुहोस् ।

**मुख्य घटनाहरूको टिपोट :**

(१) एउटा ठुलो जङ्गलमा भाले र पोथी सिंहको एउटा जोडी बस्थ्यो ।

Draft

(२) एक दिन पोथी सिंहले दुई ओटा बच्चा जन्माएपछि सिकार खोज्ने जिम्मा भाले सिंहको भयो ।

(३) भाले सिंहले दिनदिनै जङ्गली जनावर मारेर ल्याउन थाल्यो ।

(४) एक दिन साँझ पर्दासम्म सिकार नभेटेपछि स्यालको बच्चोलाई जिउँदै घरमा ल्यायो ।

(५) पोथी सिंहले आफ्ना लागि सिकार नल्याएर जिउँदो स्यालको बच्चालाई ल्याउनुको कारण सोध्यो ।

(६) शास्त्रमा विद्वान्, विदुषी, ब्रह्मचारी र बालकलाई कहिल्यै मार्नुहुँदैन भनी लेखेकाले आफूले नमारी ल्याएको कुरा बतायो ।

(७) पोथी सिंहले पनि शरणको मरण गर्नुहुँदैन भन्दै स्यालको बच्चालाई आफ्नो तेस्रो बच्चा बनाएर हुर्काउने निर्णय गऱ्यो ।

(८) सिंहका परिवारमा तिन ओटै बच्चाहरू सँगै खेल्ने, खाने, बस्ने र घुमफिर गर्न थाले ।

(९) एक दिन उनीहरू जङ्गलमा खेल्दै गरेको बेला एउटा जङ्गली हात्ती देखा परेपछि सिंहका दुई ओटा बच्चा हात्तीलाई झम्टन पुगे ।

(१०) स्यालले आफ्ना दुई भाइलाई भाग्ने सल्लाह दिएर घरतिर टाप कस्यो ।

(११) साँझ दुई भाइले भाले सिंहको अगाडि स्याल दाइलाई निकै खिसी र ठट्टा गर्दै उडाए ।

(१२) स्यालको बच्चा थरथरी काँप्दै दुई भाइलाई गाली गर्न थाल्यो ।

(१३) पोथी सिंहले स्यालको बच्चाको दुई भाइसँग झगडा भएमा ठुलो अनिष्ट हुने डरले स्यालको बच्चालाई एकान्तमा लगेर सम्झायो ।

(१४) पोथी सिंहबाट आफू आफ्नो कुल र वंशको बारेमा साँचो कुरा थाहा पाएपछि मर्ने डरले स्यालको बच्चा त्यहाँबाट कुलेलम ठोक्यो ।

(१५) झगडाले परिस्थिति बदलिएपछि उनीहरूको बिचमा ठुलो अविश्वास देखा पऱ्यो र सबैको खुसी एकाएक खोसियो ।

(१६) शरणमा आएकाको मरण नगरी सधैँ सँगै मिलेर बस्नुपर्छ । समयमा सही कुरा बताएर सबैको भलो हुने काम गर्नुपर्छ । कहिल्यै झगडा गर्नुहुँदैन भन्ने शिक्षा 'सिंह र स्यालको कथा' ले दिएको छ ।

- उल्लेखित घटनाहरू विद्यार्थीहरूलाई ध्यान दिएर पढ्न निर्देशन दिनुहोस् र कुनै जिज्ञासा भएमा सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप-२**

कथाका घटनाहरूको अध्ययनपछि ती घटनाहरूलाई तलमाथि वा छ्यासमिस पारेर शैक्षणिक पाटीमा प्रस्तुत गर्नुहोस् र घटनाहरूलाई क्रमबद्ध रूपमा भन्न लगाउनुहोस् । विद्यार्थीहरूले घटनाहरू क्रमबद्ध रूपमा भन्दै जाँदा १, २ लेखेर क्रमबद्धताको सङ्केत गर्नुहोस् र विद्यार्थी अलमलमा परेमा आवश्यक सहजीकरण गर्नुहोस् ।

Draft

**क्रियाकलाप-३**

- विद्यार्थीहरूले तयार पारेका क्रमबद्ध घटनाहरूलाई विषय वस्तुको विस्तार र वर्णन गरी सिङ्गो कथा बनाएर भन्न लगाउनुहोस् र उपयुक्त ढङ्गले वर्णन गर्न नसक्ने विद्यार्थीलाई वर्णन गर्ने प्रक्रिया स्पष्ट पारिदिनुहोस् र पुनः आवश्यक सहजीकरण गर्दै कथा भन्न लगाउनुहोस् ।
- यसरी विद्यार्थीहरूलाई कथाका मुख्य घटना टिपोट गर्ने तरिका र ती घटनालाई विषयवस्तु बनाई नयाँ कथा लेख्ने अभ्यास पटक पटक गराउनुहोस् ।
- विद्यार्थीसँगको छलफल सकिएपछि विभिन घटना र बुँदाहरू दिई १५ मिनेटभित्र कथा लेख्न निर्देशित गर्नुहोस् ।

**क्रियाकलाप-४**

निर्धारित समय सकिएपछि केही विद्यार्थीलाई अगाडि आएर कथा प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि उनीहरूका सकारात्मक पक्षको प्रशंसा गर्दै ताली बजाएर प्रोत्साहित गर्न कक्षाका सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **मूल्याङ्कन :**

पाठको प्र.नं.१७ मा दिइएका बुँदाहरूको आधारमा कथा भन्न लगाएर मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठ्य पुस्तकको पेज १६२, भ्यास अन्तर्गत प्र.नं. १६ अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## पाँचौं दिन

**पाठ शीर्षक : सिंह र स्यालको कथा (कथा)** घन्टी :

पाठ्यवस्तु : मौन पठन र सङ्क्षिप्त प्रश्नोत्तर समयः ४५ मिनेट

लक्षित सिप : पढाइ, लेखाइ

१. **विशिष्ट उद्देश्य :** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :

(क) पाठ पढेका आधारमा सङ्क्षिप्त प्रश्नको उत्तर दिन ,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, प्रश्नसूची र सङ्क्षिप्त उत्तर लेखिएको नमुना ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य कक्षाका केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा र उत्प्रेरणा प्रदान गर्दै सबैलाई ताली बजाएर

Draft

प्रोत्साहित गर्न लगाउनुहोस् । त्यसपछि आजको घन्टीमा सञ्चालन गरिने क्रियाकलापको बारेमा कक्षामा जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप -१**

- प्रथमतः अभ्यासका निम्ति निम्न लिखित प्रश्नहरूको सूची कक्षामा प्रदर्शन गर्नुहोस् :

  **प्रश्नहरू :**

  (क) भाले र पोथी सिंहले स्यालको बच्चोलाई किन मारेनन् ?

  (ख) तिन ओटा बच्चाहरूका दिनहरू कसरी बितेका थिए ?

  (ग) स्यालको बच्चो सिंहका बच्चासित किन रिसायो ?

  (घ) स्यालको बच्चो किन डरले थर्कमान भएर भाग्यो ?

  (ङ) यस कथाले दिन खोजेको सन्देश के हो ?

- विद्यार्थीहरूलाई १५ मिनेटको समय दिएर पाठ मौन पठन गरी प्रश्नहरूको उत्तर खोजी गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप-२**

- मौन पठन कार्य सकिएपछि विद्यार्थीहरूलाई पाँच ओटा समूहमा विभाजन गर्नुहोस् र टोली नेता तोक्न निर्देशन दिनुहोस् । आफूले शैक्षिक सामग्रीको रूपमा लगेको सङ्क्षिप्त उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराउनुहोस् र उत्तर लेख्न प्रोत्साहित गर्नुहोस् ।
- गोला प्रथा विधिको प्रयोग गरी प्रति समूह माथिका मध्ये कुनै एक प्रश्न पर्ने गरी ९ मिनेटभित्र सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन :निम्नानुसारका प्रश्नहरू सोधेर विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

क) भाले र पोथी सिँहले स्यालको बच्चोलाई किन मारेनन् ?

ख) सिंह र स्यालको कथाले दिन खोजेको मुख्या सन्देश के हो ?

५. **गृहकार्य :**

पाठको अभ्यासमा दिइएका प्र.नं.५ र ६ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

Draft

## छैठौं दिन

**पाठ शीर्षक : सिंह र स्यालको कथा (कथा)** घन्टी :

पाठ्यवस्तु : अनुलेखन र श्रुतिलेखन समय: ४५ मिनेट

लक्षित सिप : लेखाइ , सुनाइ

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) निर्दिष्ट अनुच्छेदको अनुलेखन गर्न,

(ख) निर्दिष्ट अनुच्छेद राम्ररी सुनेर श्रुति लेखन गर्न ।

**२. शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, अनुलेखन र श्रुति लेखनका लागि अनुच्छेदहरू

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

सर्वप्रथम विद्यार्थीहरूको समूहबाट केही विद्यार्थीलाई अघिल्लो दिनको गृहकार्य अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि उनीहरूका सकारात्मक पक्षको प्रशंसा गर्दै आवश्यक पृष्ठपोषण सहित आजको पाठ्य वस्तुको बारेमा विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप-१**

सर्वप्रथम विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद (अनुच्छेद नं. ५) राम्ररी पढ्न लगाउनुहोस । पठन बोधपछि १० मिनेटको समय दिएर भाषिक शुद्धता र सरसफाइमा विशेष ध्यान दिई निर्दिष्ट अनुच्छेदको अनुलेखन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप-२**

- निर्धारित समय सकिएपछि विद्यार्थीलाई बराबर सङ्ख्यामा पर्ने गरी दुई समूहमा विभाजन गर्नुहोस् र एउटा समूहको कापी अर्को समूहमा एक जनालाई परीक्षण गर्न लगाउनुहोस् । परीक्षण गर्दा पाठ्य पुस्तकको निर्दिष्ट अनुच्छेद हेरेर परीक्षण गर्न भन्नुहोस् र प्रत्येक भूललाई १ अङ्क प्रदान गर्दै जम्मा भूल सङ्ख्या अनुसारको अङ्क दिन निर्देश गर्नुहोस् र अन्त्यमा उसले प्राप्त गरेको अङ्क सिङ्गो अनुच्छेदको सय अङ्क मानी त्यसमा घटाउन लगाउनुहोस् र अन्त्यमा उसले प्राप्त गरेको अङ्क पत्ता लगाउन निर्देशन दिनुहोस् ।
- अनुलेखनको परीक्षण कार्य सकिएपछि सबैभन्दा राम्रो गर्ने पहिलो, दोस्रो र तेस्रो विद्यार्थीलाई अगाडि बोलाउनुहोस् र कक्षाका सबै विद्यार्थीलाई ताली बजाउन लगाएर प्रोत्साहित गर्नुहोस् साथै आवश्यक पृष्ठपोषण सहित पटक पटक विद्यार्थीलाई लेखनको अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप-३**

Draft

- कक्षाका सबै विद्यार्थीलाई पाठको निर्दिष्ट अनुच्छेद (अनुच्छेद नं. ४) लय, सुर, आघात, बल बिराम आदिको आधारमा शुद्धसँग पढेर सुनाउनुहोस् । विद्यार्थीलाई पनि शुद्धसँग सस्वर उच्चारण गर्न लगाउनुहोस् । त्यसपछि हिज्जे, चिह्न प्रयोग लगायत सम्पूर्ण वर्ण विन्यासलाई ध्यान दिँदै श्रुति लेखनका लागि निर्दिष्ट अनुच्छेदको तयारी गर्न १० मिनेटको समय उपलब्ध गराउनुहोस् ।
- निर्धारित समय सकिएपछि शिक्षकले लय, सुर, आघात, बल बिराम आदिको आधारमा शुद्ध र स्पष्ट सुनिने उच्चारण गरी निर्दिष्ट अनुच्छेदको श्रुति लेखन गराउनुहोस् ।
- श्रुति लेखन कार्य सकिएपछि क्रियाकलाप २ अनुसार परीक्षण गर्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्दै पटक पटक श्रुति लेखन अभ्यास गराउनुहोस् र निरन्तर मूल्याङ्कन गर्दै जानुहोस् ।

४. **मूल्याङ्कन :**

कक्षाका सबै विद्यार्थीलाई दोस्रो अनुच्छेद अनुलेखन गर्न निर्देशन दिनुहोस् र पाठको निर्दिष्ट अनुच्छेद श्रुति लेखन गराई मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको दोस्रो अनुच्छेद अनुलेखन गरेर ल्याउन विद्यार्थीहरू निर्देशन दिनुहोस् ।

Draft

## सातौँ दिन

**पाठ शीर्षक : सिंह र स्यालको कथा (कथा)** घन्टी :

पाठ्यवस्तु : कार्यमूलक व्याकरण(चिह्न परिचय) समय: ४५ मिनेट

लक्षित सिप : लेखाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) लेख्य चिह्नहरूको पहिचान गर्न,

(ख) लेख्य चिह्नहरूको प्रयोग गर्न,

(ग) अनुच्छेदलाई सामान्य भविष्यत् कालमा परिवर्तन गर्न ,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, विभिन्न चिह्नहरू प्रयोग भएको अनुच्छेदको नमुना,

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

- लेख्य चिह्नमा आधारित भई विद्यार्थीहरूलाई प्रस्तुत विषयमा निम्नानुसारका केही प्रश्नहरू सोधी उत्प्रेरणा प्रदान गर्दै आज पढाउने पाठ्य वस्तुप्रति विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् ।

  **प्रश्नहरू :**

(क) तिमीलाई कुन कुन लेख्य चिह्नको नाम थाहा छ ?

(ख) तिमीहरूको पाठ्य पुस्तकमा कुन कुन लेख्य चिह्न प्रयोग भएका छन् ?

(ग) उपयुक्त ठाउँमा लेख्य चिह्नको प्रयोग भएन भने के हुन्छ ?

- शिक्षकले विद्यार्थीहरूलाई लेख्य चिह्नको बारेमा छोटो प्रवचन दिनुहोस् र विद्यार्थीका जिज्ञासा मेटाउँदै आजको कक्षा कोठाभित्र गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीलाई जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- सुरूमा शिक्षकले लेख्य चिह्नहरूको प्रयोग नगरिएको वा गलत प्रयोग गरिएको अनुच्छेद शैक्षणिक पाटीमा लेखेर देखाउनुहोस् । विद्यायार्थीलाई कहाँ कहाँ लेख्य चिह्न छुटेको छ र कुन कुन ठाउँमा गलत चिह्नको प्रयोग भएको छ भनी सोध्नुहोस् । विद्यार्थीलाई उत्तर भन्न प्रोत्साहित गर्दै अनुच्छेदमा लेख्य चिह्नहरूको प्रयोग गर्दै जानुहोस् ।
- विद्यार्थीले आवश्यक सुधार कार्य सम्पन्न गरिसकेपछि शिक्षक आफूले लगेको लेख्य चिह्नहरूको सही प्रयोग भएको नमुना प्रस्तुत गर्नुहोस् र विद्यार्थीलाई आफ्नो कमजोरी आफैँ परीक्षण गर्ने अवसर प्रदान गर्नुहोस् ।

**क्रियाकलाप-२**

- विद्यार्थीलाई कार्यमूलक व्याकरण अन्तर्गत पाठ्य पुस्तकको अभ्यास खण्डमा रहेको १३ नं. का सम्पूर्ण लेख्य चिह्नहरू प्रयोग भएका पाठ १५ मिनेटभित्र पढ्न र बुझ्न निर्देशन दिनुहोस् ।
- निर्धारित समय सकिएपछि शैक्षणिक पाटीमा विभिन्न किसिमका लेख्य चिह्नहरू लेख्दै तिनको बारेमा छलफल गराउनुहोस् । विद्यार्थीलाई विभिन्न वाक्यमा तिनको प्रयोग गर्न प्रोत्साहित गर्नुहोस् र लेख्य चिह्न सम्बन्धी उनीहरूका जिज्ञासा मेटाउनुहोस् ।

**क्रियाकलाप -३**

विद्यार्थीहरूलाई शैक्षणिक पाटीमा लेख्य चिह्न प्रयोग नभएको अनुच्छेद दिनुहोस् र आवश्यकता अनुसार चिह्न प्रयोग गरी शुद्ध पार्न निर्देशन दिनुहोस् र पटक पटक सामूहिक र व्यक्तिगत रूपमा अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन :**

पाठको अभ्यास खण्डमा रहेको प्र.नं. १४ को उत्तर लेख्न लगाएर सम्पूर्ण विद्यार्थीको मूल्याङ्कन कार्य सम्पादन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास खण्डमा रहेको प्र.नं. १५ को उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

Draft

## आठौं दिन

पाठ्यवस्तु : **सिर्जनात्मक अभ्यास (कथा लेखन)**

लक्षित सिप : पढाइ, लेखाइ (तार्किक र अभिव्यक्ति सिप)

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

निर्देशित बुँदाहरूको आधारमा कथा लेखेर प्रस्तुतीकरण गर्न,

२. **शैक्षिक सामग्री :**

कथाका बुँदाहरू, फलाटिन पाट

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य अवलोकन गरी केही विद्यार्थीलार्य अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र आवयक पृष्ठ पोषण प्रदान गर्दै अन्य विद्यार्थीलाई आवश्यकता अनुसार सुधार गर्न निर्देशन दिनुहोस् अनि आजको पाठ्य वस्तु शैक्षणिक पाटीमा लेखेर पढाइप्रति विद्यार्थीको ध्यान आकृष्ट गर्नुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- सर्वप्रथम आफूले शैक्षिक सामग्रीको रूपमा लगेको कथाका बुँदाहरूको सूची फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पनि सामूहिक रूपमा वाचन गर्न लगाउनुहोस् ।
- विद्यार्थीलाई कथाको शीर्षक, परिकल्पना, विकास, उत्कर्ष र समापन र शिक्षा वा सन्देशका विषयमा छोटकरीमा जानकारी दिनुहोस् । कथा लेखन शैलीका बारेमा स्पष्ट पार्नुहोस् । त्यसपछि निर्देशित बुँदामा आधारित भएर विद्यार्थीलाई १५ मिनेट भित्र कथा लेख्न निर्देशन दिनुहोस् । विद्यार्थीले लेखन अभ्यास गरिरहँदा अलमल परेको स्थानमा पुगी सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप-२**

कथा लेखनको निर्धारित समय सकिएपछि कथा कुनै दुई जना (सकेसम्म एक जना केटा र एक जना केटी पर्ने गरी) विद्यार्थीलाई आफूले लेखेको कथा प्रस्तुतीकरण गर्न निर्देशन दिनुहोस् । प्रत्येक प्रस्तुतीपछि अन्य विद्यार्थीलाई ताली बजाएर प्रोत्साहित गर्न लगाउनुहोस् र आवश्यक पृष्ठ पोषण दिई विद्यार्थीलाई आवश्यक सुधार कार्य गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप-३**

- शैक्षणिक पाटीमा बुँदाहरू दिएर विद्यार्थीहरूको बिचमा कथा लेखन प्रतियोगिता गराउनुहोस् र उत्कृष्ट तिन विद्यार्थीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउनुहोस् ।
- अन्त्यमा विद्यार्थीले गरेका सकारात्मक क्रियाकलापको प्रशंसा गर्दै आवश्यक देखिएमा थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

Draft

निर्दिष्ट बुँदाहरूको आधारमा कथा लेख्दा ध्यान दिनुपर्ने कुराहरू समेटी आफ्नो प्रतिक्रिया व्यक्त गर्न विद्यार्थीहरूलाई निर्देशन दिएर सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको सिर्जनात्मक अभ्यास अन्तर्गत प्र.नं.१७ अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

Draft

**पाठ : २०** **नेपाली संस्कृति** **घन्टी : ८**

पाठ्यवस्तुको विभाजन

| **पाठ्यवस्तु** | **घन्टी** |
|---|---|
| १. सस्वर वाचन र शुद्ध उच्चारण | १ |
| २. शब्दार्थ र वाक्यमा प्रयोग | १ |
| ३. विषयवस्तुको वर्णन र मौखिक प्रश्नोत्तर | १ |
| ४. मौन पठन बोध | २ |
| ५. प्रबन्ध लेखन र भाव विस्तार | १ |
| ६. कार्यमूलक व्याकरण | २ |
| **जम्मा** | ८ |

**पहिलो दिन**

**पाठ्यवस्तु : १** **सस्वर वाचन र शुद्ध उच्चारण** **घन्टी : १**

अपेक्षित सिप : सुनाइ र पढाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) सस्वर वाचनका रूपमा अनुच्छेद तथा पुरै पाठ पढ्न,

(ख) पाठका शब्दहरू शुद्ध र प्रस्टसँग उच्चारण गर्न,

(ग) प्रस्ट र शुद्ध उच्चारण गरी पाठका पङ्क्तिहरू पढ्न,

२. **शैक्षिक सामग्री**

(क) पाठका विभिन्न अनुच्छेद

(ख) जटिल शब्दहरूको सूची

(ग) विशेष पङ्क्तिका नमुना

(घ) अभ्यासात्मक प्रश्नहरू

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

पाठमा भएको चित्रका बारेमा छलफल गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप - १**

विद्यार्थीहरूलाई पाठका विभिन्न अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्न भन्नुहोस् । तपाईं भने उनीहरूले गरेको सस्वर वाचन सुन्नुहोस् र त्यसको मूल्याङ्कन गर्नुहोस् । मूल्याङ्कनका आधारहरू जस्तै :

Draft

(क) सस्वर वाचन श्रोताले पनि श्रुतिबोध गर्न सक्ने स्वाभाविक हुनुपर्छ ।

(ख) सस्वर वाचन गर्दा व्याकरण सम्मत रूपमा शब्दहरू प्रस्ट र शुद्धसँग उच्चारण गर्नुपर्छ ।

(ग) विषयको प्रकृति अनुसार सस्वर वाचन मनोवैज्ञानिक दृष्टिले प्रभावपूर्ण हुनु आवश्यक हुन्छ ।

(घ) सस्वर वाचन गर्दा पठनबोधका रूपमा विषयवस्तुलाई पनि ख्याल गर्नुपर्छ ।

**क्रियाकलाप - २**

(क) नमुनाका रूपमा पाठबाट केही जटिल शब्दहरू बोर्डमा लेख्नुहोस् । जस्तै : इन्द्रेणी, क्षमा, पराई, सङ्गम, उपेक्षा, किसिम, लक्ष्य ।

(ख) उक्त शब्दहरू सुरुमा आफूले नमुनाका रूपमा उच्चारण गरेर सुनाउनुहोस् र त्यसअनुसार विद्यार्थीहरूलाई पनि उच्चारण गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप - ३**

उच्चारण अभ्यासका लागि पाठका विभिन्न पङ्क्तिहरू पढ्न निर्देशन दिनुहोस् । विद्यार्थीहरूले पाठका पङ्क्तिहरू पढ्दा कुनै गल्ती गरेमा त्यसलाई सच्याएर पुन : अर्को पटक पनि पढ्न भन्नुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको पहिलो अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।

(ख) पाठको पहिलो अनुच्छेदको निस्कर्ष बताउनुहोस् ।

(ग) तलका शब्दहरू प्रस्ट र शुद्धसँग उच्चारण गर्नुहोस् । जस्तै : बगैँचा, यहाँ, बिरङ्गी, व्यवहार, संस्कृति, समन्वित ।

५. **गृहकार्य :** विद्यार्थीहरूलाई 'नेपाली संस्कृति' प्रबन्ध घरमा पनि पढेर आउन भन्नुहोस् ।

| **दोस्रो दिन** |
| --- |

**पाठ्यवस्तु : २** **शब्दार्थ र वाक्यमा प्रयोग** **घन्टी : १**

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठका कठिन शब्दहरूको अर्थ बताउन ।

(ख) पाठका खास खास शब्दलाई वाक्यमा प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

(क) शब्दहरूको सूची तथा शब्दपत्ती

(ख) वाक्यका नमुना

(ग) अभ्यासात्मक प्रश्न

Draft

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) उत्प्रेरणा

पाठका केही शब्दहरूको अर्थ भन्न लगाएर शब्दार्थका सम्बन्धमा विद्यार्थीहरूको पूर्व अनुभवको परीक्षण गर्नुहोस् ।

### (ख) क्रियाकलाप

**क्रियाकलाप - १**

(क) शब्दार्थ शिक्षण गर्ने सन्दर्भमा प्रबन्ध पाठका विभिन्न अनुच्छेदहरू मौन पठन गर्न भन्नुहोस् र विद्यार्थीहरूलाई त्यहाँका कठिन शब्दहरू कापीमा टिपोट गर्न पनि निर्देशन दिनुहोस् । जस्तै : भषा, रीति, मान्यता, सङ्गम, संस्कृति, समाज आदि ।

(ख) विद्यार्थीहरूले पाठबाट छानेका उक्त शब्दहरू कालोपाटीमा टिप्नुहोस् र ती शब्दहरूको अर्थ विद्यार्थीहरूले अर्थबोध गरेको तर व्यक्त गर्न नसकेको पनि हुन सक्छ । यस्तो अवस्थामा शैक्षिक सामग्री अर्थात् शब्दार्थ पत्तीको प्रयोग गरी अर्थ बताउनुहोस् । जस्तै :

भाषा : विचार विनिमय गर्ने माध्यम ।

रीति : परम्परादेखि चलेको पद्धति ।

मान्यता : कुनै कामकुराप्रतिको स्वीकृति ।

सङ्गम : परस्परमा मिल्ने वा जुट्ने काम ।

संस्कृति : कुनै राष्ट्र वा जातिको सामाजिक जीवन ।

समाज : एउटै रहनसहन भएका मानिसहरूको समूह ।

**क्रियाकलाप - २**

अब उक्त शब्दहरू र पाठका त्यस्तै अन्य शब्दहरूलाई वाक्यमा प्रयोग गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् । नमुनाका लागि उक्त शब्दहरू वाक्यमा प्रयोग गरेर पनि देखाउनुहोस् । जस्तै :

भाषा : अधिकांश नेपालीहरूको सम्पर्क भाषा नेपाली हो ।

रीति : नेपालमा अनेक रीतिहरूले मान्यता पाएका छन् ।

सङ्गम : नेपाल विभिन्न जातिहरूको सङ्गम स्थल हो ।

संस्कृति : हामी एक हौं भन्ने भावना नै नेपालीहरूको मुख्य संस्कृति र मान्यता मानिन्छ ।

समाज : नेपाली समाजमा नै नेपालको संस्कृति फस्टाउँछ ।

**क्रियाकलाप - ३**

कक्षाकार्यका रूपमा अभ्यासका प्रश्न नं. ७, ८ र ९ हल गर्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

## ४. प्रतिविम्बन : तलका प्रश्नहरूद्वारा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :

(क) तलका शब्दहरूको अर्थ लेख्नुहोस् :

सेवा, भावना, पाहुना, मन्दिर, अनाथालय, कार्य,

Draft

(ख) तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

एकता, समता, सभ्य, आचरण, पक्ष, प्रथा ।

**५. गृहकार्य :**

तलका शब्दको पारिभाषिक अर्थ लेख्न विद्यार्थीहरूलाई निर्देशन निदुहोस् । जस्तै :

मन्दिर, गुम्बा, मस्जिद, गिर्जाघर ।

**तेस्रो दिन**

**पाठ्यवस्तु : ३ — विषयवस्तु वर्णन र मौखिक प्रश्नोत्तर — घन्टी : १**

अपेक्षित सिप : बोलाइ

**१. उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठका विषयवस्तुहरूलाई मौखिक रूपमा वर्णन गर्न,

(ख) पाठका विषयवस्तुका बारेमा मौखिक प्रश्नोत्तर गर्न,

(ग) पाठका विषयवस्तुका बारेमा कुराकानी गर्न,

**२. शैक्षिक सामग्री**

(क) वर्णनसँग सम्बन्धित विषय शीर्षक

(ख) पाठसँग सम्बन्धित विभिन्न उद्धरण

(ग) अभ्यासात्मक प्रश्नहरू

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

पाठप्रति विद्यार्थीहरूलाई अभिप्रेरित गर्न पाठको शीर्षकका बारेमा उनीहरूसँग कुराकानी गर्नुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

(अ) पाठको विषयवस्तुसँग सम्बन्धि बुँदा वा विभिन्न पक्षहरूको सूची कक्षा प्रस्तुत गर्नुहोस् । जस्तै :

(क) विविधताका पक्ष : भूगोल, समाज, प्रकृति, भाषा, धर्म, व्यवहार

(ख) समानताका पक्ष : नेपाली, भावना, एकता, समान उद्देश्य, नेपाली अभियान

(ग) नेपाली संस्कृतिको तुलना : फुलबारी, इन्द्रेणी, सय थरी बाजा आदि

(घ) नेपाली संस्कृतिको मूल मन्त्र : मैत्री, करुणा, क्षमा आदि

(ङ) हाम्रो परम्परा : वेद, पुराण, केही कुप्रथा, सहकार्य आदि

Draft

(च) नेपालीहरूको सोखका विषयहरू : चाडबाड मान्नु, सामाजिक कार्य गर्नु वा धार्मिक कार्य गर्नु, मिलेर बस्नु आदि ।

(आ) उक्त बुँदाहरूका बारेमा मौखिक वर्णन गरेर सुनाउनुहोस् र अलग अलग विद्यार्थीहरूलाई अलग बुँदाका बारेमा वर्णन गर्न पनि लगाउनुहोस् ।

**क्रियाकलाप - २**

मौखिक वर्णनपछि उक्त पक्षहरूकै बारेमा विद्यार्थीहरूसँग मौखिक प्रश्नोत्तर गर्नुहोस् । यसका लागि अलग अलग विद्यार्थीहरूलाई अलग अलग प्रश्न सोध्नुहोस् ।

**क्रियाकलाप - ३**

कक्षाका विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरेर पाठको समग्र विषयवस्तुका बारेमा छलफल गर्न पनि निर्देशन दिनुहोस् र समूहका प्रतिनिधिलाई नेपाली संस्कृतिका बारेमा तिन तिन मिनेट बोल्न पनि लगाउनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) नेपालीहरूको सोखका साझा विषयहरू के के हुन् ?

(ख) हाम्रा परम्परा के कस्ता किसिमका छन् ?

५. **परियोजना कार्य :**

आफ्ना गाउँ वा टोलमा प्रचलित कुनै एक संस्कृतिको बारेमा लेख तयार पारी ल्याउनुहोस् ।

Draft

## चौथो दिन

**पाठ्यवस्तु : ४ मौनपठन तथा उत्तर लेखन घन्टी : २**

अपेक्षित सिप : पढाइ र लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठका विभिन्न अनुच्छेदहरू मौन पठन गर्न,

(ख) विभिन्न अनुच्छेदहरूको सारांश वा निस्कर्ष लेख्न,

(ग) अभ्यासात्मक प्रश्नहरूको उत्तर लेख्न,

२. **शैक्षिक सामग्री**

(क) पाठका विभिन्न अनुच्छेदहरू

(ख) अभ्यासात्मक प्रश्नहरू

(ग) उत्तरका केही नमुना

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) उत्प्रेरणा

यस पाठप्रति विद्यार्थीहरूलाई अभिप्रेरित गर्न यस घन्टीमा सञ्चालन हुने क्रियाकलापहरू बोर्डमा लेखेर देखाउनुहोस् । जस्तै :

- मौन पठन
- मौखिक प्रश्नोत्तर
- सारांश वा निस्कर्ष लेखन
- अभ्यासात्मक प्रश्नहरूको उत्तर लेखन
- पाठको समग्र मूल्याङ्कन
- गृहकार्य ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप - १**

(आ) पाठको पहिलो अनुच्छेद नमुनाको लागि आदर्श वाचन गर्नुहोस् ।

(आ) विद्यार्थीहरूलाई पाठको पहिलो अनुच्छेद मौन पठन गर्न लगाउनुहोस् र तपाई भने उनीहरूले गरेको मौन पठनको अवलोकन गर्नुहोस् । जस्तै :

(क) नेपाल कस्तो देश हो ?

(ख) नेपाली संस्कृतिका मूल मन्त्र के के हुन् ?

(ग) नेपाली संस्कृतिका विकृत पक्ष के हुन् ?

(घ) नेपाली संस्कृति कसरी निर्मल बन्छ ?

(ङ) नेपाली संस्कृतिमा के केको समन्वय छ ?

**क्रियाकलाप - २**

उक्त उत्तर लेखनपछि सबै विद्यार्थीहरूलाई पाठको अन्तिम अनुच्छेद एकपटक पुन : मौन पठन गर्न भन्नुहोस् । अनि त्यसका आधारमा तलका प्रश्नहरूको उत्तर अति सङ्क्षेपमा लेख्न लगाउनुहोस् । जस्तै :

(क) नेपाली संस्कृतिको जगका रूपमा उल्लेख चार तत्त्व के हुन् ?

(ख) नेपाललाई अनेकौं सभ्यताको सम्मिश्रण किन भनिएको हो ?

(ग) नेपाली संस्कृतिमा कुन कुन कुराको समन्वय पाइन्छ ?

(घ) नेपाली संस्कृतिको तुलना केसँग हुन्छ ?

(ङ) सुवास , व्यवहार र भावना शब्दको अर्थ के के हो ?

**क्रियाकलाप - ३**

मौन पठनपछि पाठका विभिन्न अनुच्छेदहरूको सारांश वा निस्कर्ष अलग अलग विद्यार्थी वा अलग अलग समूहलाई भन्न लगाउनुहोस् । उदाहरणका रूपमा दोस्रो अनुच्छेदको सारांश र तेस्रो अनुच्छेदको निस्कर्ष तल प्रस्तुत छ । जस्तै :

**सारांश :**

**नेपाली संकृति**

Draft

नेपाली संस्कृति विविधताले बनेको छ । सँगै बाँचौं र हाँसौं भन्ने यसको विशेषता हो । यसको मूल स्वरूपभित्र विविधता बिचको एकता पर्छ । नेपाली संस्कृतिलाई सय थरी बाजाको तालसँग पनि तुलना गरिन्छ । नेपाली संस्कृति नेपालीको एकता अभियान जस्तो छ र यसमा महान उद्देश्य छ ।

**निष्कर्ष :**

फूलबारी सजाउन सबै किसिमका फूलको भूमिका भए जस्तै नेपाली संस्कृति समृद्ध तुल्याउन विभिन्न जातजातिका नेपालीहरूको उत्तिकै भूमिका छ । मूलत नेपाली संस्कृति भनेको नै सबै नेपालीहरूको साझा भावना हो ।

**क्रियाकलाप - ४**

अन्त्यमा कक्षा कार्यका रूपमा विद्यार्थीहरूलाई अभ्यासात्मक प्रश्नहरूको उत्तर लेख्न निर्देश दिनुहोस् । जस्तै :

- प्रश्न नं ३ का वस्तुगत प्रश्नहरूको ठिक उत्तरमा ठिक चिह्न लगाउन भन्नुहोस् ।
- प्रश्न नं ४ का वस्तुगत प्रश्नहरूको उत्तर सङ्क्षेपमा दिन भन्नुहोस् ।
- ५ र ६ प्रश्नहरूको उत्तर भने विस्तृत रूपमा लेख्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको पाँचौं अनुच्छेद पढ्नुहोस् र पठनबोधका लागि पाँच ओटा प्रश्न बनाउनुहोस् ।

(ख) पाठको छैठौं अनुच्छेदमा भएका तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

आश्रय, कर्तव्य, सत्कार, भावना, अर्पण, कार्य

**५. गृहकार्य :**

नेपाली संस्कृति पुरै पाठलाई आधार मानेर सारांश लेख्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

६. परियोजना कार्य :

प्रबन्ध लेखन तथा भाव विस्तारका बारेमा शिक्षण गर्न सम्बन्धित विषयवस्तुको टिपोट गर्नुहोस् । (शिक्षकका लागि)

Draft

## पाँचौं दिन

**पाठ्यवस्तु : ५ प्रबन्ध लेखन तथा भाव विस्तार घन्टी : १**

अपेक्षित सिप : लेखाइ

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) प्रबन्धहरू निर्देशित तथा स्वतन्त्र रूपमा लेख्न,

(ख) पाठका महत्त्वपूर्ण उदधरणहरूको भाव विस्तार गर्न,

## २. शैक्षिक सामग्री

(क) प्रबन्धका नमुना

(ख) अभ्यासात्मक प्रश्नहरू

## ३. सिकाइ सहजीकरण क्रियाकलाप

### (क) उत्प्रेरणा

विद्यार्थीहरूलाई पाठप्रति अभिप्रेरित गर्न सर्वप्रथम साहित्यिक विधा वा नेपाली पाठ्य पुस्तकमा समावेश विधाका बारेमा उनीहरूसँग कुराकानी गर्नुहोस् । जस्तै :

(अ) साहित्यिक विधा भनेको साहित्य लेखनको किसिम वा ढाँचा हो । यसलाई साहित्य लेखनको शैली वा प्रस्तुति पनि मान्न सकिन्छ ।

(आ) आधारभूत शिक्षा पाठ्यक्रम ( २०६८ ) अनुसार कक्षा ८ को नेपाली पाठ्य पुस्तकमा प्रबन्ध वा निबन्ध, कथा, जीवनी, रूपक कविता तथा चिठी गरी छ प्रकारका विधाहरू समावेश छन् ।

(इ) विभिन्न साहित्यिक विधाहरूमध्ये सिप विकास गर्ने मुख्य साहित्यिक विधा प्रबन्ध वा निबन्ध लेखन मानिन्छ ।

### (ख) क्रियाकलाप

**क्रियाकलाप - १**

(क) प्रबन्ध र निबन्ध विधाका नमुनाहरू कक्षामा प्रदर्शन गर्नुहोस् ।

(ख) प्रस्तुत पाठलाई पनि नमुनाका रूपमा प्रस्तुत गरी प्रबन्ध वा निबन्धका बारेमा सामान्य छलफल गर्नुहोस् ।

**क्रियाकलाप - २**

प्रबन्ध लेखन निर्देशित र स्वतन्त्र दुवै रूपमा अभ्यास गराउनु उपयुक्त हुन्छ । अत : सर्वप्रथम विद्यार्थीहरूलाई निर्देशित बुँदाका आधारमा प्रबन्ध लेख्न अभ्यास गराउनुहोस् । यसका लागि उदाहरणका रूपमा कुनै विषयसँग सम्बन्धित बुँदाहरू बोर्डमा लेखेर ती बुँदाका आधारमा प्रबन्ध तयार गर्ने तरिका सिकाउनुहोस् । त्यसपछि मात्र खास विषय शीर्षकहरूका आधारमा स्वतन्त्र रूपमा प्रबन्ध लेख्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप - ३**

स्वतन्त्र रूपमा प्रबन्ध लेख्ने बानी विद्यार्थीहरूमा विकास गर्न उनीहरूलाई विशेष अभ्यास गराउनुहोस् । यसका लागि तलका उपायहरू अपनाउनुहोस् । जस्तै :

(क) प्रबन्ध लेख्नका लागि विषय शीर्षकहरू कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) प्रबन्ध लेख्ने विषय शीर्षकका बारेमा कक्षामा व्यापक वा विस्तृत रूपमा छलफल गर्नुहोस् ।

(ग) कुनै शीर्षकमा लेखेका प्रबन्धहरू उपलब्ध भए ती पनि पढ्न लगाउनुहोस् ।

(घ) प्रबन्ध लेख्न विद्यार्थीहरूमै भएको अनुभव पनि महत्त्वपूर्ण हुन्छ । त्यसलाई उपयोग गर्ने बानी पनि उनीहरूमा बसाल्नुहोस् ।

**क्रियाकलाप - ४**

Draft

प्रबन्ध लेख्ने तरिकाहरू बोर्डमा लेख्नुहोस् र त्यस बारेमा छलफल गर्नुहोस् । जस्तै :

(क) प्रबन्धमा विषयवस्तुलाई कमबद्ध तथा सङ्गठित रूपमा प्रस्तुत गर्नुपर्छ । प्रबन्ध एउटा निश्चित ढाँचामा लेखिने विधा हो । त्यसलाई अनुशरण गर्न आवश्यक हुन्छ ।

(ख) प्रबन्ध लेख्दा उदाहरण तथा उद्धरणहरू उल्लेख गर्नाले प्रबन्ध प्रभावकारी हुन्छ । त्यस्तै भाषा सरल , शिष्ट र कलात्मक हुनुपर्छ ।

**क्रियाकलाप - ५**

प्रबन्ध पाठ शिक्षण गर्दा पाठका महत्त्वपूर्ण उद्धरणहरूको भाव विस्तार गर्न पनि आवश्यक हुन्छ । अत : प्रस्तुत पाठका महत्वपूर्ण उद्धरणहरू बोर्डमा लेख्नुहोस् र ती उद्धरणहरूको भाव विस्तार गर्ने तरिका बताउनुहोस् । अर्थात् ती उद्धरणहरूमा व्यक्त भाव वा विचारका बारेमा विद्यार्थीहरूसँग छलफल गर्नुहोस् । अनि ती उद्धरणहरूको भाव विस्तार गर्न लगाउनुहोस् ।

**क्रियाकलाप - ६**

कक्षाकार्यका रूपमा विद्यार्थीहरूलाई अभ्यास ५ मा उल्लेख उद्धरणको भाव विस्तार गर्न निर्देशन दिनुहोस् ।

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) प्रबन्ध विधाका सम्बन्धमा एक अनुच्छेद लेखी कक्षामा छलफल गर्न लगाउनुहोस् ।

(ख) 'परोपकार र समाजसेवा नेपाली संस्कृतिका आधारभूत पक्ष हुन्' भन्ने उद्धरणको भाव विस्तार गर्नुहोस् ।

५. **गृहकार्य :**

सिर्जनात्मक अभ्यासमा उल्लेख विषय शीर्षकमा प्रबन्ध लेख्न विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

६. **परियोजना कार्य :**

वाच्यका बारेमा शिक्षण गर्न नेपाली व्याकरणको कुनै पाठ्य पुस्तक सर्सती हेर्नुहोस् । (शिक्षकका लागि)

Draft

## छैटौँ र सातौँ दिन

**पाठ्यवस्तु : ६** **कार्यमूलक व्याकरण** **घन्टी : २**

अपेक्षित सिप : वाच्य अनुसारका वाक्य निर्माण

१. **उद्देश्य : यस पाठका आधारमा विद्यार्थीहरू तलका कार्य गर्न सक्षम हुने छन् :**

(क) वाच्यअनुसारका वाक्यहरू चिन्न,

(ख) कर्ता, कर्म र भाव यी तिनै किसिमका वाच्यमा वाक्यहरू बनाउन,

(ग) एक वाच्यबाट अर्को वाच्यमा वाक्यहरू बदल्न,

२. **शैक्षिक सामग्री**

(क) वाक्यहरूको तालिका

(ख) अभ्यासात्मक प्रश्न

(ग) वाच्यसम्बन्धी अनुच्छेद

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

विद्यार्थीहरूलाई यस पाठप्रति अभिप्रेरित गर्न भाषिक व्यवहारमा वाक्यको भूमिकाका सम्बन्धमा सामान्य कुराकानी गर्नुहोस् । जस्तै :

(अ) संरचनाको सन्दर्भमा वाक्य भनेको शब्दहरूको सङ्गठित समूह हो ।

(आ) कार्यका सन्दर्भमा वाक्य भनेको भाव वा अर्थलाई पूर्ण रूपमा प्रकट गर्ने भाषाको आधारभूत एकाइ हो ।

(इ) वाक्यका प्रमुख अङ्ग भनेका उद्देश्य र विधेय हुन् ।

(ई) वाच्य भनेको वाक्यका रूपमा भाव वा अर्थ व्यक्त गर्ने शैली हो ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप - १**

अब पाठका उद्देश्यहरूलाई हासिल गर्न तलका प्रक्रियाहरू अपनाउनुहोस् । जस्तै :

(क) कर्तृ , कर्म र भाव वाच्यमा आधारित वाक्यहरूको तालिका कक्षामा प्रस्तुत गर्नुहोस् र त्यस तालिकाका आधारमा ती वाक्यहरूका बिचमा पाइने भिन्नता पहिल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

(ख) त्यसै तालिकालाई आधार मानेर वाच्यहरूको सैद्धान्तिक पक्षका सम्बन्धमा पनि छलफल गर्नुहोस् ।

(ग) पाठबाट कर्तृ, कर्म र भाववाच्यका वाक्यहरू अलग अलग रूपमा सङ्कलन गर्न पनि विद्यार्थीहरू निर्देशन दिनुहोस् ।

**क्रियाकलाप - २**

कक्षाका विद्यार्थीहरूलाई सकर्मक क्रिया प्रयोग गरेर कर्तु र कर्मवाच्य तथा अकर्मक क्रियालाई प्रयोग गरेर कर्तृ र भाववाच्यका वाक्य बनाउन भन्नुहोस् । जस्तै :

सकर्मक क्रिया : पढ्नु , लेख्नु , खानु , खन्नु , हेर्नु , टिप्नु आदि

अकर्मक क्रिया : सुत्नु , हाँस्नु , जानु , कुद्नु , रुनु , थाक्नु आदि

**क्रियाकलाप - ३**

बोर्डमा कर्तृ, कर्म र भाववाच्यअनुसारका वाक्यहरू लेख्नुहोस् र ती वाक्यहरूलाई कर्तृ र कर्म तथा कर्तृ र भाववाच्यका बिचमा बदल्न भन्नुहोस् ।

**क्रियाकलाप - ४**

कक्षाकार्यका रूपमा अभ्यासका १४ र १५ प्रश्नहरू त्यहाँको निर्देशन अनुसार हल गर्न पनि विद्यार्थीहरूलाई भन्नुहोस् ।

Draft

४. **प्रतिविम्बन : तलका प्रश्नहरूका आधारमा विद्यार्थीहरूको सिकाइको मूल्याङ्कन गर्नुहोस् :**

(क) कर्तृ, कर्म र भाववाच्यअनुसारका वाक्यहरूको तालिका बनाउनुहोस् ।

(ख) विभिन्न पाठबाट कर्तृ, कर्म र भाववाच्यसँग सम्बन्धित पाँच पाँच ओटा वाक्यहरू लेख ।

५. **गृहकार्य :**

नेपाली संस्कृतिका बारेमा कर्तृ , कर्म र भाववाच्य तिनै किसिमका वाक्यहरू प्रयोग गरी एक अनुच्छेद लेख्न लगाउनुहोस् ।

Draft

## पाठ : २१

**पाठ शीर्षक : सर आइज्याक न्युटन विधा : जीवनी**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १ | सस्वर वाचन र शुद्ध उच्चारण | १ |
| २ | बोध प्रश्नोत्तर र सारांश | १ |
| ३ | मुख्य घटनाक्रम टिपोट र स्वतन्त्र वर्णन | १ |
| ४ | शब्द भण्डार | १ |
| ५ | व्याकरण : लिङ्ग, पुरुष, वाक्य, पदसङ्गति र काल | १ |
| ६ | शुद्ध लेखन | १ |
| ७ | सिर्जनात्मक अभ्यास : जीवनी लेखन | १ |
| ८ | सिकाइ पुनरावृत्ति | १ |
| | **जम्मा** | **८** |

**दिन : पहिलो**

पाठ्यवस्तु : **सस्वर वाचन र शुद्ध उच्चारण**

लक्षित सिप : पढाइ र बोलाइ

१. **विशिष्ट उद्देश्य**

(क) प्रस्तुत जीवनीका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हावभाव मिलाई सस्वर पढ्न,

(ख) जीवनीमा रहेका निर्दिष्ट कठिन शब्दको शुद्ध उच्चारण गर्न ।

२. **शैक्षिक सामग्री**

कठिन उच्चारण भएका शब्दहरूको शब्दपत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

अघिल्लो दिन दिएको गृहकार्यमा विद्यार्थीहरूले प्रदर्शन गरेका राम्रो पक्षहरू तथा राम्रो प्रदर्शन गर्ने विद्यार्थीलाई ताली बजाएर प्रशंसा गर्ने कार्य गर्नुहोस् र गृहकार्य गर्ने सबैलाई धन्यवाद दिँदै आवश्यक पृष्ठभूमीसहित आजको पाठ्यवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

Draft

- शिक्षकले विद्यार्थीहरूलाई सस्वरवाचनको क्रियाकलाप गराउन प्रथमतः पाठको पहिलो अनुच्छेद गति, यति मिलाई सस्वर वाचन गरी सुनाउनुहोस् र प्रत्येक विद्यार्थीले ध्यान दिए नदिएको विचार पुर्‍याउनुहोस् ।
- केही सक्षम तथा कमजोर विद्यार्थीहरूलाई समावेशिताको आधारमा उक्त अनुच्छेद पढी सुनाउन लगाउनुहोस् ।
- समावेशी आधारमा कक्षालाई पाँच समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहबाट पालैपालो एकएक अनुच्छेद गति, यति र हावभाव मिलाई शुद्धसँग वाचन गर्न लगाउनुहोस् ।
- एक जनाले वाचन गरेका बखतमा अन्य विद्यार्थीहरूलाई गति, यति नमिलेको स्थान पहिचान गर्न लगाई सबैले वाचन गरिसकेपछि ती स्थानहरूलाई पुनः वाचन गर्ने अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप २**

- त्यसपछि वाचन गर्नेक्रममा उच्चारण गर्न कठिन भएका शब्दहरू टिप्न लगाउनुहोस् । टिपोट गरिसकेपछि ती शब्दहरूलाई एकएक गर्दै भन्न लगाई शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- विद्यार्थीहरूलाई शुद्ध उच्चारण गर्न कठिन भएका शब्दहरू अक्षर अक्षर छुट्याई शैक्षणिक पाटीमा लेखेर देखाई शुद्ध उच्चार गर्ने अभ्यास गराउनुहोस् । जस्तै : अद्भुत् (अद्.भुत्), सामर्थ्य (सा.मर्.थ्य), सङ्घर्षमय (सङ्.घर्.स.म.य), वायुघट्ट (वा.यु.घट्.ट), क्यालकुलस (क्याल्.कु.लस्), प्रिज्म (प्रिज्/प्रिज्.म), टेलिस्कोप (टे.लिस्.कोप्), गुरुत्वाकर्षण ( गु.रुत्.त्वा.कर्.षण्), द्रव्यमान (द्र/द्र.ब्य.मान्) आदि ।
- अक्षरअक्षर विभाजन गरी उच्चारण गर्ने अभ्यास गरिसकेपछि प्रत्येक शब्दको पालैपालो विद्यार्थीहरूलाई उच्चारण गर्न लगाउनुहोस् । विद्यार्थीले शुद्ध उच्चारण गर्न नसकेमा प्रदर्शन पाटीमा ती शब्दका शब्दपत्ति राखी अक्षर विभाजन गरी आफूले उच्चारण गरी सँगसँगै अनुकरण उच्चारण गर्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

प्रस्तुत जीवनीका निर्दिष्ट अनुच्छेदलाई गति, यति र हावभाव मिलाई सस्वरवाचन गर्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

उच्चारण गर्न कठिन भएका शब्दहरूको सूची बनाई अक्षरअक्षर विभाजन गरी ल्याउनका लागि गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

बोध प्रश्नोत्तर शिक्षणका लागि तालिका तयार पार्नुहोस् ।

Draft

**दिन : दोस्रो**

पाठ्यवस्तु : **बोध प्रश्नोत्तर र सारांश**

लक्षित सिप : पढाइ र लेखाइ

**१. विशिष्ट उद्देश्य**

(क) प्रस्तुत जीवनीका निर्धारित अनुच्छेदको बोध गरी प्रश्नहरूको उत्तर दिन,

(ख) निर्धारित अनुच्छेदबाट बुँदा टिपी सारांश तयार पार्न ।

**२. शैक्षिक सामग्री**

विषय वस्तुसम्बन्धी प्रश्नहरूको प्रश्नपत्ती र प्रदर्शन पाटी ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

विद्‌याथीहरूलाई सिकाइमा सक्रिय गराउने एउटा छोटो मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको कठिन भएका शब्दहरूको सूची समावेशीकरण र प्रतिस्पर्धाका आधारमा पढ्न लगाई छलफल गरी पृष्ठपोषण दिनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप १**

- 'सर आइज्याक न्युटन' जीवनीको पहिलो र दोस्रो अनुच्छेद मौन वाचन गर्न निर्देश गर्नुहोस् । विद्‌यार्थीले पढिरहेका बखत कक्षाकोठाको सबैतिर पुगेर नजिकबाट अवलोकन गर्नुहोस् । मौन वाचन सकेपछि तलका जस्ता प्रश्नहरू एकएक गर्दै प्रदर्शन पाटीमा राख्दै समावेशी आधारमा उत्तर भन्न लगाउनुहोस् ।
  - o वर्तमान युगलाई केको युग भनिन्छ ?
  - o केले गर्दा मानवको जीवन सुखी र सम्पन्न बनेको छ ?
  - o मानिसले केको प्रयोग गर्दै नयाँ नयाँ उपहार दिएको छ ?
  - o सर आइज्याक न्युटन आमाबाबुको नाम के हो ?
- विद्‌यार्थीले सही उत्तर भन्न नसकेमा पुनः मौन वाचन गर्न लगाउनुहोस् र उत्तरहरू लेख्न कक्षाकार्य दिनुहोस् । सही उत्तर पत्ता लगाउन आवश्यक सहजीकरण गर्नुहोस् ।
- यसैगरी अन्य बाँकी अनुच्छेदहरू पनि पढ्न लगाई प्रश्नहरू प्रदर्शन पाटीमा राख्दै एक एक गरी उत्तर भन्न लगाई छलफल गराउनुहोस् । यस क्रममा विद्‌यार्थीहरूको उत्तर अस्पष्ट भएमा वा नमिलेमा प्रश्नको सही उत्तर त्यस पाठका अनुच्छेदहरूमा खोज्न निर्देश गर्नुहोस् र उनीहरूले नभेट्टाएमा अनुच्छेद नम्बर बताएर पढ्न लगाई छलफल गराएर उत्तर दिन लगाउनुहोस् ।
- शिक्षकले विषय वस्तुसम्बन्धी छलफलका क्रममा प्रथमतः विद्‌यार्थीहरूलाई प्रस्तुत जीवनीका विषय वस्तु समेट्ने गरी तयार पारेका प्रश्नपत्तीहरू एकएक गर्दै प्रदर्शन पाटीमा राख्दै प्रश्न सोध्ने र बज शेसनका आधारमा उत्तर भन्न लगाउने र ठिक उत्तर पहिचान गर्न लगाउने ।

Draft

- माथिका प्रश्नहरूको उत्तर छलफल गरिसकेपछि अभ्यास २ र ६ का प्रश्नहरूको उत्तर दिनका लागि समूह कार्य गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई बसाइका आधारमा पाँच समूहमा विभाजन गर्नुहोस् र पाँचै समूहलाई पहिलो र दोस्रो बाहेकका अन्य अनुच्छेदहरूबाट बुँदा टिपोट गर्नका लागि वितरण गरी आ-आफ्नो समूहलाई परेको अनुच्छेद मौनवाचन गर्न लगाउनुहोस् र बुँदाहरू टिपोट गर्न लगाउनुहोस् ।
- सहजीकरणका लागि आफूले बनाएको बुँदा टिपोटको निम्न नमुनालाई प्रदर्शन पाटीमा राखेर अवलोकन गर्न लगाउनुहोस् ।
- समूह समूहमा बुँदा टिपोट गरिसकेपछि कुनै बुँदा अनावश्यक भए हटाउन र कम भए थप्न लगाई अन्तिमरूप दिन लगाउनुहोस् ।
- त्यसपछि टिपिएका बुँदाहरूलाई सिलसिलाबद्ध बनाएर सारांश लेख्न लगाउने कार्यका लागि पहिलो र दोस्रो अनुच्छेदबाट आफूले नमुनाका रूपमा तयार पारेको सारांशलाई प्रदर्शन पाटीमा प्रस्तुत् गर्नुहोस् ।
- समूह समूहमा आफूले टिपेका बुँदाका आधारमा सारांशको मस्यौदा तयार पार्न लगाउनुहोस् र त्यसलाई कक्षामा प्रस्तुत् गर्न लगाउनुहोस् ।
- समूह समूहका मस्यौदाहरू सुनिसकेपछि छलफल गराई आवश्यक सुधार गरिदिई तिनको साफी गर्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

'सर आइज्याक न्युटन' जीवनीका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

'सर आइज्याक न्युटन' जीवनीबाट बुँदा टिपी सारांश तयार पारी ल्याऊ ।

६. **शिक्षकका लागि परियोजना कार्य**

घटनाक्रम वर्णनका लागि घटना सङ्ग्रह तयार पार्नुहोस् ।

Draft

## दिन : तेस्रो

पाठ्यवस्तु : **मुख्य घटनाक्रम टिपोट र वर्णन**

लक्षित सिप : पढाइ, लेखाइ र बोलाइ

१. **विशिष्ट उद्देश्य**

(क) मुख्य मुख्य घटनाक्रम टिपोट गर्न,

(ख) मुख्यमुख्य घटना वर्णन गर्न ।

२. **शैक्षिक सामग्री**

साहित्यकार देवकुमारीको जीवनका मुख्यमुख्य घटनाको सूची र प्रदर्शन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- विद्याथीहरूलाई सिकाइमा सक्रिय गराउने छोटो क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको देवकुमारीको जीवनीबाट पाएको शिक्षा पालैपालो पाँचमिनेटसम्म प्रस्तुत गराई छलफल गराउनुहोस् ।
- निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई सर आइज्याक न्युटनको जीवनका मुख्यमुख्य घटनाहरू निम्न ढाँचा अनुसार पाठ्य पुस्तकको सहयोग लिई टिपोट गर्न लगाउनुहोस् ।

  नाम : सर आइज्याक न्युटन

  जन्म मिति :

  जन्म स्थान :

  आमाबाबुको नाम :

  शिक्षा :

  आविष्कारहरू र वर्ष :

  पाएका सम्मानहरू :

  मृत्यु मिति :

- नजिकको साथीसँग जोडी बनाई परस्परमा तुलना गर्दै आवश्यक थपघट गरी तालिकालाई अन्तिम रूप दिन लगाउनुहोस् ।
- आफूले लगेको घटनाको सूची प्रदर्शन गरी विद्यार्थीलाई मुख्यमुख्य घटना टिपोटमा आवश्यक सहजीकरण समेत गर्नुहोस् ।

**क्रियाकलाप २**

- यसरी तयार पारिएको घटना सूचीका आधारमा घटना वर्णनको प्रस्तुतीका लागि तयारी गर्न समूह समूहमा अभ्यासात्मक छलफल गराउनुहोस् ।
- समूहका सबै सदस्यले पालो पाउनेगरी उक्त घटना सूचीका आधारमा घटना वर्णन गराउनुहोस् । यो कार्य प्रतिस्पर्धाका आधारमा अन्य समूहबाट पनि गराउनुहोस् ।

Draft

- सर आइज्याक न्युटनले गरेका आविष्कारहरूबारे छलफल गराउनुहोस् । अभ्यास ७ मा दिइएको कार्यका लागि समूहमा छलफल गराउनुहोस् र व्यक्तिगतरूपमा स्वतन्त्र लेखन गराउनुहोस् ।
- उक्त अभ्यासको लेख लेखिसकेपछि एक आपसमा आदान प्रदान गर्न लगाई अध्ययन गर्न लगाउनुहोस् ।
- त्यसैगरी सर आइज्याक न्युटनले आधुनिक विज्ञानका क्षेत्रमा गरेका योगदानहरूबारे छलफल गराउनुहोस् । अभ्यास ९ मा दिइएको कार्यका लागि समूहमा छलफल गराउनुहोस् र व्यक्तिगतरूपमा स्वतन्त्र लेखन गराउनुहोस् ।
- त्यसपछि 'यदि सर आइज्याक न्युटनले पुनर्जन्म लिएमा तिमी न्युटनलाई के सम्बन्धी नयाँ आविष्कार गर्न प्रोत्साहित गर्ने दियौ र किन, स्पष्ट पार' भन्ने अभ्यास १० मा दिइएको कार्य गराई पालैपालो आआफ्नो तर्क प्रस्तु गर्न लगाउनुहोस् । आवश्यक परेमा तपाईंले पनि थपिदिनुहोस् ।

४. **प्रतिविम्बन**

पाठ्य पुस्तकबाट अन्य बुँदाहरू समेत थपगरी अभ्यास ३ को कार्य गराउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

जीवनीका अन्य पाठ्य सामग्रीहरू सङ्कलन गरी विद्यार्थीलाई थप जीवनी अध्ययनको अवसर जुटाउन शिक्षकले व्यवस्था मिलाउनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

स्वतन्त्र लेखनका लागि शीर्षक र ढाँचा तयार पार्नुहोस् ।

## दिन : चौथो

पाठ्यवस्तु : **शब्द भण्डार**

लक्षित सिप : शब्द भण्डार

१. **विशिष्ट उद्देश्य**

(क) शब्द भण्डार वृद्धि गर्नका लागि शब्दकोशको उपयोग गर्न,

(ख) इक प्रत्यय लगाई शब्द निर्माण गर्न,

२. **शैक्षिक सामग्री**

शब्दहरूको सूची, शब्दपत्ती र प्रदर्शन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

यस कक्षामा छलफल गरिने विषय वस्तुसँग सान्दर्भिक छोटो क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्य/परियोजना कार्य समावेशिताका आधारमा प्रस्तुत गर्न लगाई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ख) **क्रियाकलाप**

Draft

**क्रियाकलाप १**

- धुपघडी, वायुघट्ट, सामर्थ्य जस्ता शब्दहरूको मिल्दो अर्थ छानेर जोडा मिलाउने अभ्यास ११ को कार्य गराउनुहोस् । ती शब्दको समान अर्थ दिने शब्दहरू शब्दकोशबाट खोजी गर्न लगाउने अभ्यासात्मक कार्य गराउनुहोस् ।
- अनुसन्धान, विलक्षण, सामर्थ्य, सङ्घर्षमय जस्ता शब्दहरू एकएक गर्दै प्रदर्शन पाटीमा राख्नुहोस् र पालैपालो ती शब्दहरू प्रयोग हुने अर्थपूर्ण वाक्य भन्न लगाउनुहोस् ।
- अर्थपूर्ण भए नभएको छलफल गरी आफूले ल्याएका वाक्यपत्तीहरू प्रदर्शन पाटीमा पालैपालो राखी गल्ती भएका कुराहरू पहिचान गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २**

- 'विज्ञाना' शब्दमा 'इक' प्रत्यय लागेर 'वैज्ञानिक' शब्द भएजस्तै 'इक' प्रत्यय लगाएर दिन, भूगोल र इतिहास, समाज र पुराण शब्दबाट बन्ने शब्दहरू निर्माण गर्न लगाउनुहोस् ।
- त्यस बाहेक 'इक' प्रत्यय लागेका शब्दहरूको तालिका प्रदर्शन पाटीमा प्रस्तुत गरी विद्यार्थीहरूलाई त्यस्ता शब्दहरू निर्माण गर्न वा पाठ्य पुस्तकबाट खोजेर लेख्न लगाउनुहोस् ।
- विद्यार्थीले सङ्कलन गरेका 'इक' प्रत्यय लगी निर्माण भएका शब्दरू गन्न लगाउनुहोस् र कसले सबैभन्दा बढी सङ्कलन गरेको हो उसलाई ती शब्दहरू भन्न लगाई तालिले पुरस्कृत गर्नुहोस् ।
- ती 'इक' प्रत्यय लगेका शब्दहरू प्रयोगगरी अर्थपूर्ण वाक्य बनाउन लगाउनुहोस् र ती वाक्यहरू एकअर्कामा छलफल गरी अन्तिम रूप दिन लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

शब्द भण्डार वृद्धि गर्नका लागि शब्दकोशको उपयोग गरी पाठमा दिएका कठिन शब्दहरूको पर्यायवाची शब्दहरू खोज्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

'इक' प्रत्यय लगाई बनेका शब्दहरू खोजी गरी सूची बनाउने गृहकार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

पुरुष, वाक्य, पद सङ्गति र काल शिक्षणका लागि हस्तपत्र तयार पार्नुहोस् ।

| **दिन : पाँचौं** |
|---|

पाठ्यवस्तु : **व्याकरण (पुरुष, वाक्य, पद सङ्गति र काल)**

लक्षित सिप :

१. **विशिष्ट उद्देश्य**

(क) पद सङ्गतिको अभ्यास गर्न,

(ख) भविष्यत् कालको अभ्यास गर्न ।

२. **शैक्षिक सामग्री**

लिङ्ग, पुरुष, वाक्य, पदसङ्गति र कालको अभ्यास तालिका तथा प्रदर्शन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

- सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्य मुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।
- पाठमा समावेश भएका व्याकरणका विषय वस्तुहरूका बारेमा जानेको/जान्न चाहेको/सिकेको क्रियाकलाप सञ्चालन गर्नुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- सर्वप्रथम वचन, लिङ्ग, पुरुष र आदरका आधारमा सङ्गति नभएका र सङ्गति भएका वाक्यहरूको सूची प्रदर्शन पाटीमा टाँसी विद्यार्थीहरूलाई उपयुक्त वाक्य पहिचान गर्न निर्देशन दिनुहोस् । जस्तै :

| पदसङ्गति नभएका वाक्य | पदसङ्गति भएका वाक्य |
|---|---|
| केटी आयो । | केटी आई । (लिङ्गका आधारमा सङ्गति) |
| हामी हाँस्छु । | हामी हाँस्छौँ । (वचनका आधारमा सङ्गति) |
| ऊ बजार गयो । | ऊ बजार गई । (लिङ्गका आधारमा सङ्गति) |
| बुबा आयो । | बुबा आउनुभयो । (आदरका आधारमा सङ्गति) |
| म हिँजो आउँछु । | म हिँजो आएँ । (कालका आधारमा सङ्गति) |
| म नेपाली व्याकरण पढ्छ । | म नेपाली व्याकरण पढ्छु ।(पुरुषका आधारमा सङ्गति) |

- बेग्लाबेग्लै वचन, लिङ्ग, पुरुष र आदरका आधारमा सङ्गति भएका वाक्यहरू एकएक गर्दै वाक्यपत्तीका सहायताले प्रस्तुत गर्नुहोस् र त्यस्तै वाक्यहरू विद्यार्थीलाई भन्न लगाउनुहोस् । विद्यार्थीले भनेका वाक्यहरूलाई शैक्षणिक पाटीमा लेख्दै जानुहोस् । वाक्यहरू सही छन् छैनन् विद्यार्थीहरूलाई पुष्टि गर्न लगाउनुहोस् ।
- विद्यार्थीलाई पदसङ्गति भन्नाले के बुझिन्छ भनी प्रश्न गर्नुहोस् र उनीहरूले दिएका उत्तरका आधारमा तलको सारांश खिच्नुहोस् :
    - o वाक्यमा कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियाको लिङ्ग, वचन, पुरुष र आदर मिलाउनुलाई पदसङ्गति भनिन्छ ।
    - o वाक्यमा प्रयोग हुने विशेष्य र विशेषणका बिचमा लिङ्ग तथा वचनअनुसार मेल हुनुपर्छ, नत्र पदसङ्गति हुँदैन ।
- सङ्गति नभएका वाक्यपत्तीहरू समूह समूहमा दिएर विद्यार्थीहरूलाई सङ्गति मिलाउन लगाउनुहोस् । एउटा समूहले मिलाएको सङ्गति सही भायो भएन अन्य

Draft

समूहका विद्यार्थीहरूलाई पालैपालो सोध्नुहोस् । विद्यार्थीहरूबाट सही उत्तर आएमा विद्यार्थीहरूलाई स्याबासी दिनुहोस् । सही उत्तर नआएमा सही उत्तर बताइदिनुहोस् ।

- पाठको कुनै अनुच्छेदबाट पदसङ्गति विगारेर वाक्यहरू टिपोट गर्नुहोस् र विद्यार्थीहरूलाई पदसङ्गति मिलाउन लगाउनुहोस् ।
- अभ्यास १९, २० र २१ का कार्यहरू गराउनुहोस् ।

**क्रियाकलाप २**

- विद्यार्थीहरूलाई पहिले गरेका, आज गर्ने र पछि गर्ने दुईदुई ओटा काम लेख्न लगाउनुहोस् । विद्यार्थीहरूले लेखे नलेखेको अवलोकन गरी आवश्यक सहजीकरण गर्नुहोस् ।
- पालैपालो केही विद्यार्थीलाई ती कार्यहरू भन्न लगाउनुहोस् र आफूले पनि केही उदाहरण दिएर छलफल गराउनुहोस् । उदाहरण :
  - o हरिले म्याडम क्युरीका बारेमा जीवनी लेख्यो । (पहिले गरेको)
  - o पुनमले म्याडम क्युरीका बारेमा जीवनी लेख्दैछिन् । (गर्दै गरेको)
  - o लाक्पाले म्याडम क्युरीका बारेमा जीवनी लेख्नेछ (पछि गर्ने)
- विद्यार्थीले लेखेका पछि गर्ने कार्यहरूका थप उदाहरण दिन लगाउनुहोस् र आवश्यक सबलीकृत पृष्ठपोषण दिनुहोस् ।
- यसरी पछि गर्ने कार्यहरूको भविष्यत् काल  जनाउने वाक्यहरू निर्माण गर्नका लागि अभ्यास २२ को कार्य गराउनुहोस् ।

४. **प्रतिविम्बन**

- पुरुषका आधारमा पद सङ्गति र मिलाउने कार्य गराउनुहोस् ।
- वाक्यहरूलाई भविष्यत् कालमा बदल्न लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

अभ्यास २० गृहकार्यका रूपमा गरेर ल्याउनका लागि दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

विद्यार्थीहरूलाई समूह समूहमा प्रयोग गर्नका लागि आवश्यक पर्ने सङ्ख्यामा शब्दकोशको सङ्कलन गर्नुहोस् साथै विद्यार्थीलाई पनि लिएर आउन लगाउनुहोस् ।

**दिन : छैठौं**

पाठ्यवस्तु : **शुद्ध लेखन**

लक्षित सिप : लेखाइ

१. **विशिष्ट उद्देश्य**

(क) अभ्यासमा दिइएका शब्दहरू शुद्ध गरी लेख्न,



Draft

(ख) शुद्ध लेखनका लागि शब्दकोशको प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

शुद्ध लेखन अभ्यासका लागि तयार पारिएको हस्तपत्र र प्रदर्शन पाटी ।

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

अघिल्लो दिन दिएको गृहकार्य/परियोजना कार्यहरू समावेशिताका आधारमा केही विद्यार्थीहरूलाई प्रस्तुत गर्न लगाउनुहोस् र प्रस्तुतिपछि विद्यार्थीहरूले प्रदर्शन गरेका राम्रो पक्षहरू तथा राम्रो प्रदर्शन गर्ने विद्यार्थीलाई ताली बजाएर प्रशंसा गर्ने कार्य गर्नुहोस् र गृहकार्य गर्ने सबैलाई धन्यवाद दिँदै आवश्यक पृष्ठभूमीसहित आजको पाठ्यवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूले गल्ति गर्ने गरेका पाठका र अभ्यास १५ मा दिइएका शब्दहरूको अनुलेखन गराउनुहोस् ।
- अनुलेखन गरेका शब्दहरू एकअर्कामा हेरेर शुद्ध शब्द पहिचान गर्न लगाउनुहोस् ।
- विद्यार्थीले आफूबाट शुद्धीकरण गर्ने कार्य सकेपछि ती शब्दहरूको तालिका प्रदर्शन गरी सबलीकरणका लागि छलफल गर्नुहोस् ।
- अभ्यास १६ मा दिइएका लगायत अन्य मिल्दा प्रकारका शब्दहरू दिई शुद्ध शब्द पहिचान गर्ने कार्य गराउनुहोस् ।

**क्रियाकलाप २**

- श, ष, स को प्रयोग भएका चलनचल्तीका शब्दहरूको श्रुति लेखन गराउनुहोस् । ती शब्दहरू साथीसँग छलफल गर्दै नेपाली विषय वा अन्य विषयका पाठ्य पुस्तकहरूबाट साथै शब्दकोशबाट खोजी गरी शुद्ध पहिचान गर्न लगाउनुहोस् ।
- एकअर्काको हेरी आफूले लेखेका शब्दको सूचीमा थप गर्न लगाउनुहोस् ।
- अभ्यास १८ को कार्य गराई छलफल समेत गराउनुहोस् ।

४. **प्रतिविम्बन**

'श, ष, स' को प्रयोग भएका शब्दको सूची बनाउन लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

पाठ्य पुस्तकबाट 'श, ष, स' को प्रयोग भएका शब्दहरूको कोश बनाउने परियोजना कार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

म्याडम क्युरीको जीवनी लेखनको आगामी कक्षाका लागि पाठको अभ्यास २३ मा दिइएका विवरणहरूलाई पूर्णता गर्नका लागि खोजिगरी आवश्यक विवरणहरू टिपोट गर्नुहोस् ।

Draft

**दिन : सातौँ**

पाठ्यवस्तु : **सिर्जनात्मक अभ्यास (जीवनी लेखन)**

लक्षित सिप : सिर्जनात्मक लेखाइ

**१. विशिष्ट उद्देश्य**

(क) अभ्यासमा दिइएको बुँदाको आधारमा मेडम क्युरीको जीवनी लेख्न,

(ख) मन परेको व्यक्तिका बारेमा जीवनी लेखनका लागि बुँदा तयार पार्न र जीवनी लेख्न ।

**२. शैक्षिक सामग्री**

समाजमा योगदान गरेका स्थानीय व्यक्तिको सूची र पुरस्कारका लागि मसलन्द सामग्री ।

**३. सिकाइ सहजीकरण क्रियाकलाप**

**(क) उत्प्रेरणा**

विद्यार्थीहरूलाई सिकाइमा सक्रिय गराउने छोटो क्रियाकलाप सञ्चालन गरी अघिल्लो दिन गृहकार्यका रूपमा दिइएको सारांश लेखन कार्य प्रस्तुत गराई छलफल गरी आवश्यक पृष्ठपोषण दिनुहोस् । सिकाइ उपलब्धि कमजोर भएका, निस्क्रिय र पछाडि परेका विद्यार्थीहरूलाई सिकाइमा विशेष सक्रिय बनाउँदै पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्दै आजका मुख्यमुख्य क्रियाकलापहरूका बारेमा जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप १**

- विद्यार्थीहरूलाई स-सानो समूहमा विभाजन गर्नुहोस् ।
- पाठ्य पुस्तकमा दिइएको म्याडम क्युरीको जीवनी लेखनका लागि बुँदाको अभ्यास २३ को तालिका प्रस्तुत गरी अध्ययन गर्न लगाउनुहोस् ।

| | | |
|---|---|---|
| साहित्यिक नाम | : | म्याडम क्युरी |
| जन्मस्थान | : | पोल्यान्डको राजधानी वार्सा |
| जन्ममिति | : | ७ नोभेम्बर १८६७ |
| बाल्यकालको नाम | : | म्यारी स्कलोदोवस्का |
| आमाबाबुको पेशा | : | अध्यापन |
| | | विविध |

- बाल्यकालदेखि नै पढाइप्रति रुचि
- हाइस्कुल तहको परीक्षामा असाधारण प्रतिभा प्रदर्शन गरवापत स्वर्ण पदकद्वारा सम्मानित
- उच्च शिक्षा प्राप्त गर्न फ्रान्स प्रस्थान
- पेरिस विश्व विद्यालयमा कडा मिहिनेत गरेर रेडियम किरणको आविष्कार
- क्युरी दम्पतीलाई सन् १९०३ को नोबेल पुरस्कार प्राप्त
- रेडियमको उपयोग क्यान्सर रोगको निदानका लागि गरिने

Draft

- सन् १९११ मा रसायन विज्ञानमा पुर्‍याएको योगदानका कारण म्याडम क्युरी फेरि नोबेल पुरस्कारद्वारा सम्मानित
- पतिको बग्गी दुर्घटनामा मृत्यु
- पेरिसमा 'क्युरी इन्स्टिच्युट अफ रेडियम' नामक संस्थाको स्थापना
- छोरी र ज्वाइँलाई पनि सन् १९३५ मा संयुक्त रूपमा नोबेल पुरस्कार प्राप्त
- एउटै परिवारभित्र पाँच जनाले नोबेल पुरस्कार प्राप्त
- लामो समय रेडियो विकिरणको अनुसन्धानमा बिताएकाले क्यान्सर रोग लागेको
- सन् १९३४ मा मृत्यु

- उक्त बुँदाहरूमा आफूले तयार पारेर ल्याएका बुँदाहरू थप्नुहोस् वा प्रष्ट पार्नुहोस् र तालिकामा केही विशेष कुराहरू विद्यार्थीहरूलाई समेत खोजी गर्नमा सहजीकरण गरी आआफ्नो समूहमा आवश्यक छलफल गर्दै म्याडम क्युरीको जीवनी लेख्न लगाउनुहोस् ।
- जीवनी लेखिसकेपछि अन्य समूहका साथीहरूलाई देखाई आवश्यक पृष्ठपोषण लिई अन्तिमरूप दिन लगाउनुहोस् र सबै विद्यार्थीको सङ्कलन गरी पुस्तिका निर्माण गरी मूल्याङ्कन गर्न र विद्यालयको पुस्तकालयमा राख्नका लागि शिक्षकसमक्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

४. **प्रतिविम्बन**

जीवनीमा समेटिने मुख्यमुख्य विषय वस्तुहरू पहिचान गरी सूची बनाउन लगाउनुहोस् ।

५. **गृहकार्य/परियोजना कार्य**

विज्ञानमा योगदान दिएका कुनै व्यक्तिका बारेमा केही दिनको समय दिई जीवनी लेख्न लगाई सबै विद्यार्थीको कार्य सङ्कलन गरी पुस्तिका बनाई पुस्तकालयमा राख्ने परियोजना कार्य दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य**

विद्यार्थीहरूलाई उनीहरूले यस 'सर आइज्याक न्युटन' पाठको शिक्षण सिकाइ क्रियाकलापमा गरेका कार्यहरू निरन्तर विद्यार्थी मूल्याङ्कनको आफ्नो कार्य सञ्चयिकामा सङ्कलन गर्न लगाई मूल्याङ्कन गरी अभिलेख फाराममा जनाउनुहोस् ।

Draft

**दिन : आठौँ**

पाठ्यवस्तु : **सिकाइ पुनरावृत्ति**

लक्षित सिप : उपलब्धि परीक्षण

१. **विशिष्ट उद्देश्य**

यस एकाइबाट सोधिएका प्रश्नको उत्तर दिन,

२. **शैक्षिक सामग्री**

उपलब्धि परीक्षणका लागि प्रश्नपत्र

३. **सिकाइ सहजीकरण क्रियाकलाप**

(क) **उत्प्रेरणा**

तलका प्रश्नहरू माथि छलफल गर्दै कक्षाको सुरुवात गर्नुहोस् ।

- o तिमीहरूले क कसको जीवनी पढेका छौ ?
- o ती प्रेरणादायी व्यक्तिहरूले आफ्नो जीवनमा के कस्ता महत्वपूर्ण कामहरू गरे ?

(ख) **क्रियाकलाप**

**क्रियाकलाप १**

- निम्नलिखित प्रश्नहरूका आधारमा विद्यार्थीलाई सिकाइ पुनरावृत्ति गराउनुहोस् ।

**नमुना प्रश्नपत्र**

विषय : नेपाली

अ. तल दिइएका शब्दहरूलाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर :

अद्भूत, प्रिज्म, वायुघट्ट, द्रव्यमान, क्यालकुलस

आ. निम्नलिखित प्रश्नको छोटो उत्तर लेख :

(क) न्युटनका बाबु आमाको नाम के थियो ?

(ख) न्युटनको जन्म कहाँ र कहिले भएको थियो ?

(ग) न्युटनले प्रतिपादन गरेका प्रमुख सिद्धान्तहरू के के हुन् ?

(घ) न्युटनले बनाएको प्रिज्मको काम के हो ?

(ङ) न्युटनले के कस्ता सम्मानहरू पाए ?

इ. सर आइज्याक न्युटनका जीवनका मुख्यमुख्य घटनाहरू पाँच बुँदामा टिपोटगरी सारांश तयार पार ।

ई. सर आइज्याक न्युटनले गरेका आविष्कारहरूले मानव जीवनमा कस्तो प्रभाव पारेको छ ? आफ्नो विचार लेख ।

उ. 'इक प्रत्यय लागेका पाँच ओटा शब्द लेख ।

४. **प्रतिविम्बन**

माथिका प्रश्नहरूको उत्तर भन्न लगाई सबलीकृत पृष्ठपोषण दिनुहोस् ।

५. **शिक्षकका लागि परियोजना कार्य**

सिकाइ पुनरावृत्तिका उत्तरहरू परीक्षण गरी विद्यार्थीलाई फिर्ता गरी आ-आफ्नो मूल्याङ्कनको कार्य सञ्चयिकामा राख्न लगाउनुहोस् ।

**थप अध्ययन सामग्री**

**जानेको/जान्न चाहेको/सिकेको (know/want to know/learn - KWL)**

शैक्षणिक पाटीमा तिन स्तम्भ भएको तालिका कोरी पहिलो स्तम्भको शीर्षमा 'जानेको', दोस्रो स्तम्भको शीर्षमा 'जान्न चाहेको' र तेस्रो स्तम्भको शीर्षमा 'सिकेको' भन्ने कुरा लेख्ने । विद्यार्थीहरूलाई शिक्षण गर्न लागेको विषय वस्तुसँग सम्बन्धित प्रश्न सोधी उत्तरहरू 'जानेको' स्तम्भमा लेख्ने । विद्यार्थीहरूलाई उक्त विषय वस्तुमा केके कुरा जान्न चाहन्छन

Draft

भन्ने प्रश्न राखी उत्तरहरू 'जान्न चाहेको' स्तम्भमा लेख्ने । कुनै सिकाइ रणनीति प्रयोग गरी शिक्षण गर्ने र शिक्षणको अन्त्यमा 'सिकेको' स्तम्भमा उनीहरूले पाठ पढेर जानेको कुरा लेख्न लगाउने ।

**एउटा दिने एउटा लिने (give one take one)**

विद्यार्थीहलाई कुनै विषय वस्तु/प्रश्न दिई बुँदागतरूपमा केही बुँदाहरू लेख्न लगाउने । बुँदाहरू लेखिएको अभ्यास पुस्तिका र कलम लिई सबैलाई अगाडि उभिन लगाउने । अर्को साथीसँग बुँदाहरू आदान प्रदान गर्न र एउटा बुँदा लिन र एउटा दिन लगाउने । यस्तो अन्तर्क्रिया अन्य बढीभन्दा बढी साथीहरूसँग गर्न लगाउने ।

**निर्देशित पढाइ/सोचाइ क्रियाकलाप (directed reading/thinking activity)**

कुनै विषय वस्तुको केही भाग विद्यार्थीहरूलाई पढ्न लगाउने, त्यस बारेमा प्रश्न सोध्ने, त्यसपछि के हुन्छ होला भनी अनुमान गर्न लगाउने, त्यसै गरी बाँकी भागहरू पढ्न लगाउने त्यही प्रक्रिया दोहोऱ्याउने ।

**जोडीमा पढाइ/जोडीमा सारांस (paired reading/paired summarizing )**

विद्यार्थीहरूलाई जोडीमा रहन लगाउने, कुनै विषय वस्तुका अनुच्छेदहरू पढ्न दिने, पढ्ने क्रममा पहिलो अनुच्छेद एक जनाले पढ्ने र सारांश निकाल्ने अर्काले प्रश्न सोध्ने, पढ्नेले उत्तर दिने । बाँकी अनुच्छेदहरू भूमिका परिवर्तन गरी पालैपालो यही प्रक्रियाले पढ्ने ।

Draft

पाठः २२ **स्वाभिमान (कथा)**

**एकाइगत पाठ्यवस्तु विभाजन योजना**

| क्र.सं. | पाठ्यवस्तु | अनुमानित घन्टी |
|---|---|---|
| १. | सस्वर वाचन र शुद्धोच्चारण | १ |
| २. | शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग | १ |
| ३. | बोध, छलफल र प्रश्नोत्तर | १ |
| ४. | मौन पठन र सङ्क्षिप्त प्रश्नोत्तर | १ |
| ५. | भाव विस्तार | १ |
| ६. | शब्द भण्डार | १ |
| ७. | कार्यमूलक व्याकरण | १ |
| ८. | सिर्जनात्मक अभ्यास | १ |
| | जम्मा | ८ |

**पहिलो दिन**

**पाठ शीर्षक : स्वाभिमान (कथा)** घन्टी :

पाठ्यवस्तु : सस्वर पठन र शुद्धोच्चारण समयः ४५ मिनेट

लक्षित सिप : सुनाइ र बोलाइ (उच्चारण शिक्षण)

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) 'स्वाभिमान' कथाका निर्दिष्ट अनुच्छेदलाई गति यति मिलाई सस्वर पढ्न,

(ख) यस कथाका कठिन शब्दको शुद्ध रूपमा उच्चारण गर्न,

लक्षित शब्दः साम्राज्य, हेस्टिङ, पेनिन्सुलर, ग्वालियर, गौराङ्ग, सन्नाटा, कर्कप्याट्रिक, ब्राडसा, इङ्ल्यान्ड, क्रुद्ध

२. **शैक्षिक सामग्री :**

कठिन उच्चारण भएका शब्दको सूची, शब्दपत्ती, गोजीतालिका

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

- शिक्षकले 'स्वाभिमान' कथामा आधारित भई विद्यार्थीहरूलाई प्रस्तुत कथासित सम्बन्धित निम्नानुसारका केही प्रश्न सोधी उत्प्रेरणा प्रदान गर्दै कथाप्रति विद्यार्थीको ध्यान केन्द्रित गर्नुहोस् । जस्तै :

Draft

(क) ‘स्वाभिमान’ भनेको के हो ?

(ख) नेपाल र अङ्ग्रेज युद्ध कहिले भएको थियो ?

(ग) नेपालको विशाल भूभाग के कारणले खुम्चियो ?

(घ) नेपालले अङ्ग्रेजसँग युद्ध नगरेको भए के हुन्थ्यो ?

(ङ) नेपालले केका निम्ति युद्ध लड्यो ?

- शिक्षकले विद्यार्थीलाई स्वाभिमान कथाका बारेमा छोटो प्रवचन दिनुहोस् र विद्यार्थीका जिज्ञासा मेटाउँदै आफूले पढाउने पाठको शीर्षक शैक्षणिक पाटीमा लेख्नुहोस् अनि आजको कक्षामा कक्षा कोठाभित्र गरिने मुख्य क्रियाकलापका बारेमा विद्यार्थीलाई जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप**

**क्रियाकलाप-१**

- सुरूमा शिक्षकले निर्धारित दुई अनुच्छेद सस्वर पढी विद्यार्थीहरूलाई सुनाउनुहोस् र कक्षाका केही सक्षम तथा कमजोर विद्यार्थीहरूलाई उक्त अनुच्छेद पढी सुनाउन लगाउनुहोस् ।
- यस किसिमको सस्वर वाचनका क्रममा कक्षाका अन्य विद्यार्थीहरूलाई निर्दिष्ट अनुच्छेद पाठमा हेर्न र सुन्न निर्देशन दिनुहोस् ।
- विशेषतः कमजोर विद्यार्थीहरूलाई लक्षित गरी उक्त अनुच्छेद गति, यति र उच्चारण मिलाई पालैपालो पढ्ने अवसर प्रदान गर्नुहोस् र त्यस क्रममा विद्यार्थीले गरेका गल्तीहरू ख्याल गर्नुहोस् र शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

**क्रियाकलाप-२**

- विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठेरो लागेका शब्दहरू पाठबाट खोजी अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउनुहोस् । अन्त्यमा विद्यार्थीहरूलाई सोध्दै उनीहरूलाई अप्ठ्यारो लागेका शब्दहरू शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । ती शब्दहरू विद्यार्थीहरूलाई नै उच्चारण गर्न प्रोत्साहित गर्नुहोस् । उनीहरूबाट शुद्ध उच्चारण हुन नसकेका शब्दलाई शिक्षकले अक्षर अक्षर छुट्याई शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । जस्तैः साम्राज्य /साम्.राज्. ज्य/ कर्कप्याट्रिक /कर्.क.प्या.ट्रिक् / यसरी उच्चारण अभ्यास गराउने क्रममा आफूले लगेको शब्दसूची पनि प्रदर्शन गर्नुहोस् र शुद्ध उच्चारण सम्बन्धी थप अभ्यास गराउनुहोस् ।
- कक्षामा नेपाली भाषा मातृभाषा नभएका र उच्चारणमा बढी समस्या भएका विद्यार्थीहरूलाई उच्चारणको अभ्यास गराउँदा उनीहरूको त्रुटि पहिचान गर्नुहोस् र थप अभ्यास गराउनुहोस् ।
- यदि कक्षामा सुस्त श्रवण भएका विद्यार्थीहरू छन् भने सम्भव भएसम्म साङ्केतिक भाषाको प्रयोग गर्नुहोस् वा अप्ठेरा शब्दहरू उच्चारण अनुसार शैक्षणिक पाटीमा लेख्दै जानुहोस् र अनुलेखन गर्न निर्देशन दिनुहोस् । जस्तै : कुटनीतिक /कुट्.नि.तिक्/ भर्खरै /भर्.ख.रै/ प्रारम्भिक /प्रा.रम्.भिक् /

Draft

**क्रियाकलाप -३**

- कक्षाका विद्यार्थीहरूलाई समूहमा विभाजन गरी शिक्षकले शैक्षणिक पाटी वा गोजी तालिकामा उच्चारणमा कठिनाइ हुने शब्दहरू प्रस्तुत गरेर विद्यार्थीका बिच प्रतियोगिता गराउनुहोस् र विजेता समूहलाई ताली बजाएर प्रोत्साहित गर्न निर्देशन दिनुहोस् ।
- निम्न लिखित शब्दको विद्यार्थीहरूलाई उच्चारण गर्न लगाउनुहोस् र विद्यार्थी अलमल परेको अवस्थामा आवश्यक सहजीकरण गर्नुहोस् । जस्तै : दण्ड, ब्रिटेन, मराठा, बङ्गला, प्याला, राक्षसी, कुमाउँ, हर्षदेव, गुह्य, क्रुद्ध

४. **प्रतिबिम्बन : निम्न प्रश्नका आधारमा विद्यार्थीहरूको सिकाइलाई मूल्याङ्कन गर्नुहोस् :**

(क) पाठको पहिलो अनुच्छेद सस्वर वाचन गर्न लगाउनुहोस् ।

(ख) पाठको अभ्यास अन्तर्गत प्र.नं. ८ मा दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर्न लगाउनुहोस् ।

५. **गृहकार्य :**

पाठका प्र.नं. ९, १० र १३अभ्यास पुस्तिकामा लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

६. **शिक्षकका लागि परियोजना कार्य :**

आउँदो दिनका लागि निम्न लिखित सामग्रीको तयारी गर्नुहोस् :

(क) शब्द र अर्थ पत्ती : उग्र, जोरी, फाँट, राष्ट्रवादी, फसाउन, पराजित, जासुस, चेतावनी, सबल, राज

(ख) निम्न लिखित टुक्काहरूलाई वाक्यमा प्रयोग गरिएका वाक्य पत्ती ।
राता राता आँखा पार्नु, धावा बोल्नु, बाध्य हुनु, जाल रच्नु, वचन दिनु, जोरी खोज्नु

Draft

**दोस्रो दिन**

**पाठ शीर्षक : स्वाभिमान (कथा)** घन्टी :

पाठ्यवस्तु : शब्द भण्डार वृद्धि

समय: ४५ मिनेट

लक्षित सिप : शब्दार्थ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ बताउन ।
जस्तै : उग्र, जोरी, फाँट, राष्ट्रवादी, फसाउन, पराजित, जासुस, चेतावनी, सबल, राज

(ख) पाठमा प्रयुक्त नयाँ टुक्काहरूलाई वाक्यमा प्रयोग गर्न, जस्तै : राता राता आँखा पार्नु, धावा बोल्नु, बाध्य हुनु, जाल रच्नु, वचन दिनु,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, शब्दार्थ पत्ती, वाक्यपत्ती, गोजी तालिका र फलाटिन पाटी

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिन दिइएको गृहकार्य बिच बिचबाट विद्यार्थीलाई उठाएर केही नमुना परीक्षण गर्नुहोस् र आवश्यक पृष्ठपोषण प्रदान गर्दै बाँकी विद्यार्थीलाई सोही अनुसार सुधार गर्न निर्देशन दिनुहोस् अनि आजको घन्टीमा अध्ययन गरिने विषयवस्तुका बारेमा जानकारी दिनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- विद्यार्थीलाई 'स्वाभिमान' कथा मौन पठन गर्न निर्देशन गरी आफूलाई नयाँ लागेका शब्दहरू आआफ्ना कापीमा टिप्न लगाउनुहोस् ।
- विद्यार्थीले टिपेका नयाँ शब्दहरू शिक्षक आफूले शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।
- ती शब्दका अर्थ विद्यार्थीमध्येबाट नै भन्न प्रोत्साहित गर्नुहोस् र आफूले सहजीकरण गर्नुहोस् ।
- अन्त्यमा आफूले लगेको शब्दार्थ पत्ती प्रदर्शन गरी थप स्पष्ट पार्नुहोस् ।
- विद्यार्थीलाई पाठको शब्दार्थमा दिइएका शब्द पठनबोध गर्न दस मिनेटको समय उपलब्ध गराउनुहोस् र पाठको अभ्यासमा रहेको प्र.नं.६ गर्न लगाउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप-२**

- आफूले वाक्यमा प्रयोग गरी लगेको नमुना वाक्यपत्ती प्रदर्शन गर्नुहोस् । अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्ने विषयका सम्बन्धमा विद्यार्थीका बिचमा छलफल गराउनुहोस् । विद्यार्थीहरूलाई आवश्यकता अनुसार विभिन्न समूहमा विभाजन गरी समूह नेता छान्न लगाउनुहोस् । त्यसपछि पाठको शब्दार्थमा दिइएका शब्दहरू सहित अन्य शब्द थपेर छुट्टा छुट्टै समूहमा फरक फरक पाँच पाँच ओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् र आवश्यकता अनुसार सहजीकरणको भूमिका निर्वाह गर्नुहोस् ।
- समूह कार्य सकिएपछि टोली नेतालाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् । मूल्याङ्कनका लागि विद्यार्थीका फरक फरक समूहलाई प्रोत्साहित गर्नुहोस् र अन्त्यमा उपयुक्त पृष्ठपोषण गर्नुहोस् ।
- त्यसपछि शब्दको वास्तविक अर्थलाई छाडी विशेष अर्थ दिने पदावलीलाई टुक्का भनिन्छ । टुक्काको निर्माण क्रियासँग अन्य पद जोडिएर हुन्छ र यसले वाक्यमा विशेष अर्थ प्रदान गर्छ भन्ने कुरा विद्यार्थीलाई टुक्काको वाक्यमा प्रयोग गरी देखाएर स्पष्ट गर्नुहोस् र आफूले टुक्कालाई वाक्यमा प्रयोग गरी लगेको वाक्य पत्ती प्रदर्शन गर्नुहोस्

**क्रियाकलाप : ३**

Draft

पाठको अभ्यास अन्तर्गत प्र.नं.७ को अभ्यास विद्यार्थीलाई कक्षामा गर्न लगाउनुहोस् । यसरी विद्यार्थीले अभ्यास गरिरहँदा उनीहरूले गरेको कार्यको अवलोकन गर्दै जानुहोस् र अलमलमा परेको देखिएमा आवश्यक सहजीकरण गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

पाठको अभ्यास अन्तर्गत प्र.नं.८ का शब्दहरू वाक्यमा प्रयोग गर्न लगाएर विद्यार्थीको सिकाय सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास अन्तर्गतको प्र.नं.६ को अभ्यास अभ्यास पुस्तिकामा गरेर ल्याउन निर्देशन दिनुहोस् ।

## तेस्रो दिन

**पाठ शीर्षक : स्वाभिमान (कथा)** घन्टी :

पाठ्यवस्तु : बोध, छलफल र प्रश्नोत्तर समय: ४५ मिनेट

लक्षित सिप : सुनाइ, बोलाइ

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) प्रस्तुत कथाका निर्धारित अनुच्छेदको बोध गरी प्रश्नहरूको उत्तर दिन,

२. **शैक्षिक सामग्री :**

(क) निर्धारित अनुच्छेदबाट बोध प्रश्नहरू,

(ख) पाठ्य पुस्तकमा दिइएका अभ्यासात्मक प्रश्नहरू,

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतीकरणपछि राम्रा पक्षहरूको प्रशंसा गर्दै ताली बजाएर सम्मान गर्न सबै विद्यार्थीहरूलाई निर्देशन गर्नुहोस् । अन्त्यमा आवश्यक पृष्ठपोषण दिई आजको पाठ्यवस्तुको बारेमा विद्यार्थीलाई जानकारी गराउनुहोस् र 'स्वाभिमान' कथाका पात्रहरूको नाम शैक्षणिक पाटीमा लेखेर उनीहरूको चरित्र र पृष्ठभूमि स्पष्ट पार्दै विद्यार्थीहरूको ध्यान पाठतिर आकर्षित गर्नुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- प्रथमतः विद्यार्थीहरूलाई बोध शिक्षण गर्न प्रस्तुत कथाबाट उपयुक्त अनुच्छेद ७, ८ र ९ निर्देश गर्नुहोस् र निर्धारित अनुच्छेद विद्यार्थीहरूलाई मौन वाचन गर्न लगाउनुहोस् ।

Draft

- शिक्षकले यस समयमा विद्यार्थीहरूको मौन वाचन उपयुक्त ढङ्गले भए नभएको निरीक्षण गर्नुहोस् र आवश्यकता अनुसार दुई तिन पटकसम्म निर्धारित अनुच्छेद मौन वाचन गर्न निर्देश गर्नुहोस् ।

**क्रियाकलाप-२**

मौन वाचनपछि निर्धारित अनुच्छेदबाट स्तर अनुरूप उपयुक्त किसिमका बोध प्रश्नहरू तयार पारी विद्यार्थीहरूलाई एक एक गरेर सोधी उत्तर दिन लगाउनुहोस् । उदाहरणार्थ अनुच्छेद नं. ७, ८ र ९ बाट सोध्न सकिने बोध प्रश्नहरू यसप्रकार छन् :

**प्रश्नहरू :**

(क) अङ्ग्रेजले आफ्नो युद्ध नीतिको प्रारम्भिक प्रयास स्वरूप के गऱ्यो ?

(ख) भीमसेन थापाले कसको सहयोग लिएर अङ्ग्रेजलाई एसियाबाट धपाउन चाहन्थे ?

(ग) भीमसेन थापा कसरी युद्ध जितिन्छ भन्ने ठान्थे ?

(घ) भीमसेन थापाले किन भारदारी सभा बोलाए ?

(ङ) नेपाल दरबारमा किन सनसनी फैलियो ?

- निर्धारित अनुच्छेदबाट सोधिएका बोध प्रश्नको उत्तर दिन लगाउँदा विद्यार्थीहरूलाई प्रथमतः बोध प्रश्नको मौखिक उत्तर दिन लगाएर त्यसपछि मात्र लिखित उत्तर दिन लगाउनुहोस् ।
- विद्यार्थीहरूबाट दिइएको उत्तर सन्तोषजनक नभएमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । निर्धारित अनुच्छेदहरू विद्यार्थीको बिचमा छलफल गराउनुहोस् । निर्धारित अनुच्छेदबाट प्रश्नहरू सोध्दै, पृष्ठपोषण प्रदान गर्दै विद्यार्थीहरूलाई सही उत्तर दिन प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप-३**

- विद्यार्थीहरूलाई आवश्यक छलफल गराइसकेपछि पुनः पाठका सबै अनुच्छेदहरू मौन वाचन गर्न लगाउनुहोस् र आफूले तयार पारी लगेका निम्न लिखित थप प्रश्नहरू तथा पाठ्य पुस्तकका अभ्यास खण्डमा रहेका प्रश्नहरू समेत सोध्नुहोस् र आवश्यक ठाउँमा पृष्ठपोषण प्रदान गर्नुहोस् :

  **प्रश्नहरू :**

  (क) जनरल होस्टिङ आफूलाई कस्तो ठान्थे ?

  (ख) हेस्टिङको नेपाल र नेपालीलाई हेर्ने दृष्टिकोण कस्तो छ ?

  (ग) नेपालले आफ्नो समुन्नति कसरी बढाएको थियो ?

  (घ) भीमसेन थापाले रङ्गनाथ पण्डितलाई के जवाफ दिए ?

  (ङ) नेपालले अङ्ग्रेजसँग युद्ध गर्नु उपयुक्त थियो कि थिएन ? आफ्नो विचार प्रकट गर ।

४. **प्रतिबिम्बन : निम्न प्रश्नहरू सोधेर विद्यार्थीहरूको सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् :**

(क) भीमसेन थापाले किन भारदारी सभा बोलाए ?

Draft

(ख) भीमसेन थापाले थापाले रङ्गनाथ पण्डितलाई के जवाफ दिए ?

**५. गृहकार्य :**

पाठका सबै अनुच्छेदहरू मौन वाचन गरी पाठको अभ्यासका प्र.नं. २ र ३ का प्रश्नको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन दिनुहोस् ।

## चौथो दिन

**पाठ शीर्षक : स्वाभिमान )कथा)** घन्टी :

पाठ्यवस्तु : मौन पठन र सङ्क्षिप्त प्रश्नोत्तर समय: ४५ मिनेट

लक्षित सिप : पढाइ, लेखाइ

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) पाठ पढेका आधारमा सङ्क्षिप्त प्रश्नको उत्तर दिन ,

**२. शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, प्रश्नसूची र सङ्क्षिप्त उत्तर लेखिएको नमुना

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

अघिल्लो दिनको गृहकार्य कक्षाका केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र प्रत्येक प्रस्तुतिपछि राम्रा पक्षको प्रशंसा र उत्प्रेरणा प्रदान गर्दै सबैलाई ताली बजाएर प्रोत्साहित गर्न लगाउनुहोस् । त्यसपछि आजको घन्टीमा सञ्चालन गरिने क्रियाकलापको बारेमा कक्षामा जानकारी दिनुहोस् ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप -१**

- प्रथमतः अभ्यासका निम्ति निम्न लिखित प्रश्नहरूको सूची कक्षामा प्रदर्शन गर्नुहोस् ।

  **प्रश्नहरू :**

  (क) जनरल हेस्टिङले नेपालको सुन्दर भूभाग कसरी आफ्नो हुन्छ भन्ने सोचेका थिए ?

  (ख) नेपालले आफ्नो समुन्नतिका लागि के कस्ता कार्यहरू गरिरहेको थियो ?

  (ग) भीमसेन थापा किन राता राता आँखा पारेर उठे ?

  (घ) भीमसेन थापाले रङ्गनाथलाई के भने ?

  (ङ) स्वाभिमान कथाको मुख्य सन्देश के हो ?

- विद्यार्थीहरूलाई १५ मिनेटको समय दिएर पाठ मौन पठन गरी उल्लिखित प्रश्नहरूको उत्तर खोजी गर्न निर्देशन दिनुहोस् ।

**क्रियाकलाप-२**

Draft

- मौन पठन कार्य सकेपछि विद्यार्थीहरूलाई पाँच ओटा समूहमा विभाजन गर्नुहोस् र टोली नेता तोक्न निर्देशन दिनुहोस् । आफूले शैक्षिक सामग्रीको रूपमा लगेको सङ्क्षिप्त उत्तर लेखिएको नमुना प्रस्तुत गर्नुहोस् र उत्तर लेख्ने तरिकाबारे विद्यार्थीका बिचमा छलफल गराउनुहोस् र उत्तर लेख्न प्रोत्साहित गर्नुहोस् ।
- गोला प्रथा विधिको प्रयोग गरी प्रति समूह माथिका मध्ये कुनै एक प्रश्न पर्ने गरी ९ मिनेटभित्र सङ्क्षिप्त उत्तर लेख्न निर्देशन दिनुहोस् ।
- विद्यार्थीले उत्तर लेख्दै गर्दा समूह समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।
- समय समाप्त भएपछि प्रश्नका उत्तरहरू समूह नेताबाट पालैपालो प्रस्तुतीकरण गर्न लगाउनुहोस् । प्रत्येक प्रस्तुतिपछि विद्यार्थीहरूबाटै सुधार गर्नुपर्ने पक्षमाथि टिप्पणी गर्न प्रोत्साहित गरी अन्त्यमा आफूले उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन : निम्न प्रश्नहरू सोधी विद्यार्थीको सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् :**

(क) नेपालले देशको समुन्नतिका लागि के कस्ता कार्यहरू गरिरहेको थियो ?

(ख) ‘स्वाभिमान’ कथाको मुख्य सन्देश के हो ?

५. **गृहकार्य :**

पाठको अभ्यासमा दिइएको प्र.नं. ४ का प्रश्नहरूको उत्तर लेखेर ल्याउन निर्देशन दिनुहोस् ।

## पाँचौं दिन

**पाठ शीर्षक : स्वाभिमान (कथा)** घन्टी :

पाठ्यवस्तु : भाव विस्तार समयः ४५ मिनेट

लक्षित सिप : लेखाइ अभिव्यक्ति

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्यहरू गर्न सक्षम हुने छन् :**

(क) पाठका विशिष्ट पङ्क्तिको भाव विस्तार गर्न ।

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, विशिष्ट पङ्क्तिको भाव विस्तार गरिएको नमुना, फलाटिन पाटी र गोजी तालिका

३. **सिकाइ सहजीकरण क्रियाकलापः**

(क) **उत्प्रेरणा :**

अघिल्लो दिन विद्यार्थीहरूलाई दिइएको गृहकार्य केही विद्यार्थीहरूलाई अगाडि आएर प्रदर्शन प्रस्तुत गर्न निर्देशन दिनुहोस् र आवश्यक पृष्ठपोषण सहित आज गरिने मुख्य क्रियाकलापबारे शैक्षणिक पाटीमा लेखेर विद्यार्थीहरूलाई जानकारी गराउनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

Draft

- भाव विस्तार गरेको नमुना शैक्षिक सामग्रीको रूपमा प्रदर्शन गर्नुहोस् र भाव विस्तार गर्ने तरिकाका बारेमा विद्‍यार्थीहरूका बिचमा छलफल गराउनुहोस् । अन्त्यमा आफूले निष्कर्ष दिई भाव विस्तार गर्ने बारेमा थप स्पष्ट पार्नुहोस् ।
- विद्‍यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी समूह नेता छनोट गर्न निर्देशन दिनुहोस् । पाठको अभ्यासको प्र.नं. ५ को विशिष्ट पङ्क्तिको १५ मिनेटको समय तोकी अभ्यास गर्न लगाउनुहोस् । समूह कार्यको अवलोकन गर्दै विद्‍यार्थी अलमल परेको समूहमा पुगी आवश्यक सहजीकरण गर्नुहोस् ।

**क्रियाकलाप-२**

- निर्दिष्ट समय समाप्त भएपछि समूह नेताबट पालैपालो लिखित सामग्रीको प्रस्तुतीकरण गर्न लगाउनुहोस् । बाँकी समूहलाई उनीहरूले प्रस्तुत गरेको सामग्रीको मूल्याङ्कनका लागि पृष्ठपोषण दिन प्रोत्साहित गर्नुहोस् । सबै समूहको लागि समय कम हुने भएमा बाँकी समूहको कार्यलाई प्रदर्शन पाटीमा टाँस्न निर्देशन दिनुहोस् ।
- अन्त्यमा विद्‍यार्थीले गरेका कार्यहरूको सबल पक्षको प्रशंसा गर्दै समग्रमा पृष्ठपोषण दिनुहोस् ।

४. **प्रतिबिम्बन :**

पाठको अभ्यास अन्तर्गत प्र.नं.५ (क) को भाव विस्तार गर्न लगाएर विद्‍यार्थीको सिकाइ सिपको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यासमा रहेका प्र.नं. ५ अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्‍यार्थीहरू निर्देशन दिनुहोस् ।

## छैटौँ दिन

पाठ्यवस्तु : हिज्जे र शब्द भण्डार

लक्षित सिप : पढाइ, लेखाइ

१. **विशिष्ट उद्‍देश्य : यस पाठको अन्त्यमा विद्‍यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) पाठबाट 'ण, श, ष, स' प्रयोग भएका शब्दहरू पहिचान गरी टिपोट गर्न

(ख) चन्द्रबिन्दु लागेका शब्दहरू पहिचान गरी टिपोट गर्न,

(ग) 'य' र 'ए' को फरक बुझी अशुद्‍धी सच्याएर लेख्न,

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक 'ण, श, ष, स' प्रयोग भएका शब्दहरूको सूची चन्द्र विन्दु लागेका शब्दहरूको सूची 'य' र 'ए' प्रयोग भएका शब्दहरूको सूची, फलाटिन पाटी

३. **सिकाइ सहजीकरण प्रक्रिया :**

(क) **उत्प्रेरणाः**

Draft

शिक्षकले हिजो गृहकार्यको रूपमा दिएको भाव विस्तारको नमुना केही विद्यार्थीलाई अगाडि आएर सुनाउन लगाउनुहोस् र अन्य विद्यार्थीलाई ताली बजाएर प्रोत्साहित गर्न निर्देशन दिनुहोस् । अन्त्यमा आवश्यक पृष्ठ पोषण सहित आजको पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखेर विद्यार्थीको पढाइतर्फ आकृष्ट गर्नुहोस्

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- 'ण, श, ष, स' कोप्रयोग भएका शब्दहरूको सूची प्रदर्शन गर्नुहोस्  र विद्यार्थीलाई ती वर्णहरू प्रयोग भएका शब्दहरू पहिचान गरी पाठबाट टिपोट गर्न निर्देशन दिनुहोस् ।
- टिपोट कार्य सकिएपछि सकेसम्म केटा र केटी एक एक जना पर्ने गरी दुई जनालाई अगाडि आएर प्रस्तुत गर्न निर्देशन दिनुहोस्, अन्य विद्यार्थीलाई आफूले टिपेका शब्द र अगाडि प्रस्तुत गरिएका शब्द कति मिल्दाजुल्दा छन्, मूल्याङ्कन गरी आफूले टिपोट गरेका थप शब्द भन्न प्रोत्साहित गर्नुहोस् ।

**क्रियाकलाप-२**

कक्षाका विद्यार्थीलाई तिन समूहमा विभाजन गरी टोली नेता छान्न निर्देशन दिनुहोस्  र पहिलो समूहलाई पाठबाट चन्द्रबिन्दु लागेका शब्दहरू टिपोट गर्न निर्देशन दिनुहोस् । टिपोट कार्य सम्पन्न भएपछि टोली नेतालाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र ती शब्द शैक्षणिक पाटीमा टिप्दै जानुहोस् ।

**क्रियाकलाप-३**

दोस्रो समूहलाई 'य' र 'ए' प्रयोग भएका शब्दहरू पाठबाट टिपोट गरी टोली नेतालाई अगाडि आएर प्रस्तुत गर्न लगाउनुहोस् र ती शब्द शैक्षणिक पाटीमा टिप्दै जानुहोस् । अन्त्यमा आफूले लगेको शैक्षिक सामग्री प्रस्तुत गरी थप स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप-४**

दुबै समूहको प्रस्तुतीकरण सकिएपछि तेस्रो समूहलाई दुबै समूहको प्रस्तुतीकरणको समीक्षा गर्न ५ मिनेटको समय दिनुहोस् र दुबै समूहले कुन कुन शब्द टिपोट गर्न छोडे, त्यसैको आधारमा धेरै शब्द टिपोट गर्ने समूहलाई उत्कृष्ट समूह घोषणा गर्न निर्देशन दिनुहोस् र ताली बजाएर प्रोत्साहित गर्न लगाउनुहोस् र आफूले लगेको शैक्षिक सामग्री प्रस्तुत गरी विद्यार्थीहरूलाई अझ स्पष्ट पार्नुहोस् ।

**क्रियाकलाप-५**

- 'य' र 'ए' सम्बन्धी अशुद्धी भएका शब्दहरू दिनुहोस् र ती शब्दलाई शुद्ध रूपमा सच्याएर लेख्न निर्देशन दिनुहोस । विद्यार्थीले लेख्दै गरेको समयमा समूह समूहमा पुगी अवलोकन गर्नुहोस्  अलमल परेमा सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- पाठको अभ्यास अन्तर्गत प्र.नं. १२ मा दिइएका शब्दहरूको फरक बुझी कापीमा लेख्न लगाउनुहोस् र थप अभ्यास समेत गराउनुहोस् ।

४. **प्रतिबिम्बन :**

Draft

पाठको अभ्यास अन्तर्गत प्र.नं. १३ को अभ्यास कक्षाका विद्यार्थीलाई एकल रूपमा गर्न लगाएर सिकाय सिपको मूल्याङ्कन गर्नुहोस् ।

**५. गृहकार्य :**

पाठको अभ्यास अन्तर्गत प्र.नं. ९ र १० अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## सातौँ दिन

पाठ्य वस्तु : कार्यमूलक व्याकरण

लक्षित सिप : पदवर्ग र क्रियाको भाव र अर्थको पहिचान

**१. विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) पदवर्गको पहिचान गर्न,

(ख) क्रियाको भाव र अर्थको पहिचान गर्न,

**२. शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, क्रियायोगी, नामयोगी र विस्मयादिवोधक शब्दको सूची, इच्छार्थक, आज्ञार्थक र सम्भावनार्थक क्रियापदको सूची, फलाटिन पाटी

**३. सिकाइ सहजीकरण क्रियाकलाप :**

**(क) उत्प्रेरणा :**

विद्यार्थीलाई एक मिनेटको समय दिई आँखा चिम्लेर एकाग्र हुन निर्देशन दिनुहोस् र त्यसै समयमा आजको पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखेर विद्यार्थीलाई आँखा खोल्न लगाई उनीहरूमा पढाइप्रति उत्प्रेरणा पैदा गर्नुहोस् ।

**(ख) क्रियाकलाप :**

**क्रियाकलाप -१**

- सर्वप्रथम क्रियायोगी नामयोगी र विस्मयादिबोधक शब्दहरूको सूची फलाटिन पाटीमा प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई पाँच मिनेट भित्रमा राम्ररी सम्झन निर्देशन दिनुहोस् ।
- निर्धारित समय समाप्त भएपछि शब्दसूची हटाउनुहोस् र शैक्षणिक पाटीमा क्रियायोगी, नामयोगी र विस्मयादिबोधक शब्दहरू छ्यासमिस पारेर दिनुहोस् अनि तिन ओटै समूहमा विभाजन गरी तालिकामा प्रस्तुत गर्न निर्देशन दिनुहोस् र विद्यार्थी अलमल परेमा सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप -२**

- इच्छार्थक, आज्ञार्थक र सम्भावनार्थक क्रियापदको सूची प्रदर्शन गर्नुहोस् । विद्यार्थीलाई ती क्रियापदको भिन्नता र भाव पहिचान गर्न पाँच मिनेटको समय उपलब्ध गराउनुहोस् । निर्धारित समय समाप्त भएपछि शब्दसूची छुट्याउनुहोस् र ती क्रियापदहरू छ्यासमिस पारेर शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्यार्थीलाई तालिकामा

Draft

छुट्याउन लगाउनुहोस् । विद्यार्थी अलमल परेको स्थानमा पुगी सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

पाठको अभ्यास अन्तर्गत प्र.नं.१४ र १५ का प्रश्नहरू सोधेर मौखिक रूपमा विद्यार्थीको सिकाए उपलब्धिको मूल्याङ्कन गर्नुहोस् ।

५. **गृहकार्य :**

पाठको अभ्यास अन्तर्गत प्र.नं. १४ र १५ अभ्यास पुस्तिकामा लेखेर ल्याउन सबै विद्यार्थीलाई निर्देशन दिनुहोस् ।

## आठौँ दिन

पाठ्य वस्तु : सिर्जनात्मक अभ्यास

लक्षित सिप : घटनाक्रम मिलान र कथा लेखन

१. **विशिष्ट उद्देश्य : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुने छन् :**

(क) दिइएका (निर्दिष्ट) बुँदाहरूको घटनाक्रम मिलाई कथा लेख्न

२. **शैक्षिक सामग्री :**

पाठ्य पुस्तक, कथा लेखनका लागि बुँदाहरूको सूची

३. **सिकाइ सहजीकरण क्रियाकलाप :**

(क) **उत्प्रेरणा :**

विद्यार्थीहरूको अघिल्लो दिनको गृहकार्य अवलोकन गर्नुहोस् र केही विद्यार्थीलाई अगाडि आएर प्रस्तुत गन लगाउनुहोस् र उनीहरूको प्रयासलाई ताली बजाएर सम्मान गर्न निर्देशन दिँदै आजको पाठ्यवस्तु शैक्षणिक पाटीमा लेखेर विद्यार्थीहरूमा सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् ।

(ख) **क्रियाकलाप :**

**क्रियाकलाप-१**

- सर्वप्रथम शैक्षणिक पाटीमा कुनै कथाका बुँदाहरू तलमाथि छ्यासमिस पारेर दिनुहोस् ती बुँदाहरू विद्यार्थीलाई कथामा घटेका घटना अनुसार क्रमिक रूपमा मिलाउन निर्देशन दिनुहोस् ।
- सुरूमा प्रत्येक घटनाहरूलाई अगाडि कोठामा १, २ लेखेर मिलाउन निर्देशन दिनुहोस् । पहिले भएको कामलाई एक अङ्क लेखियो कि लेखिएन, राम्ररी हेर्न निर्देशन दिनुहोस् । यसै आधारमा कथाका घटना मिलाउन विद्यार्थीलाई पाँच मिनेटको समय उपलब्ध गराउनुहोस् । विद्यार्थी अलमल परेमा आवश्यक ठाउँमा पुगी सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।

**क्रियाकलाप -२**

Draft

निर्धारित समय सकिएपछि आफूले शैक्षिक सामग्रीको रूपमा लगेका बुँदाहरूको क्रमिक प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई उनीहरूले मिलाए अनुसार मिल्यो कि मिलेन परीक्षण गर्न लगाउनुहोस् । नमिलेको ठाउँमा मिलाउन निर्देशन दिनुहोस् ।

**क्रियाकलाप-३**

- बुँदाहरूको घटनाक्रम मिलानका आधारमा उपयुक्त शीर्षक राखी कथाले लेखनका लागि दस मिनेटको समय उपलब्ध गराउनुहोस् र उक्त समयभित्र कथा लेख्न निर्देशन दिनुहोस् । विद्यार्थी अलमल परेको ठाउँमा पुगी सहज कर्ताको भूमिका निर्वाह गर्नुहोस् ।
- निर्धारित समय सकिएपछि केही विद्यार्थीलार्य अगाडि आएर कथा प्रस्तुत गर्न निर्देशन दिनुहोस् र अत्य विद्यार्थीलाई राम्ररी सुनेर पृष्ठ पोषण प्रदान गर्न निर्देशित गर्नुहोस् । अन्त्यमा आफूले मौखिक रूपमा कथा भनी उनीहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

४. **प्रतिबिम्बन :**

विद्यार्थीलाई आजको  सिकाइ क्रियाकलापको समीक्षा गर्न लगाएर मूल्याङ्कन कार्य सम्पन्न गर्नुहोसे ।

५. **गृहकार्य :**

पाठको अभ्यास अन्तर्गत प्र.नं. १६ को उत्तर लेखेर ल्याउन सबै विद्यार्थीर्ला निर्देशन दिनुहोस् ।

Draft

# सिकाइ सहजीकरण क्रियाकलाप गराउादा शिक्षकले ध्यान दिनुपर्ने कुराहरु

## परिचय

कक्षाकोठामा सिकाइ सहजीकरण क्रियाकलाप गराउँदा शिक्षकको विशेष भूमिका हुन्छ । शिक्षण एउका कला हो । शिक्षकले कक्षाकोोमा प्रभावकारी ढङ्गले शिक्षण गर्नका लागि सबै विद्यार्थीहरुका लागि समान अवसर उपलब्ध गराउनुपर्छ । शारीरिक तथा अन्य समस्याा भएका विद्यार्थीहरु, छात्राछात्रा लगायत नेपाली मातृभाषा नभएका अल्पसङ्ख्यक विद्यार्थीहरुका लागि दिँदै समावेशी सहभागितामूलक क्रियाकलाप सञ्चालन गर्नु अहिलेको आवश्यकता हो । विद्यार्थीहरुको लागि समान अवसर सुनिश्चित गर्न के कसरी सकिन्छ भन्ने विषयमा निम्न लिखित बुँदाहरुमा विशेष ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ :

### १. कक्षाकोठाको व्यवस्थापन

विद्यार्थीहरुले कक्षा क्रियाकलापमा सहज रुपमा सहभागिता जनाउन सकून् भन्ने कुरालाई ध्यान दिंदै सर्वप्रथम विद्यार्थीहरुको बसाइलार्य व्यस्थित गर्नुहोस् । कक्षाकोठामा एउटा पङ्क्तिमा छात्र मात्रै र अर्को पङ्क्तिमा छात्रामात्रै बसाल्ने कुराले समावेशी क्रियाकलाप सञ्चालनमा समस्या आउन सक्छ । यसर्थ कक्षाकोठामा छात्रछात्राहरुलाई सँगै समूहमा बसेर काम गर्न प्रोत्साहित गर्दै दुवैलाई एकैसाथ समूहकार्यमा सहभागी गराउने कुरामा ध्यान दिई कक्षाकोठाको व्यवस्थापन गर्नुहोस् ।

### २. समूह निर्माण

- समूह निर्माण गर्दा छात्र र छात्राको समान सहभागितामा ध्यान दिनुहोस् । यदि कन्या विद्यालय भएमा जान्ने र नजान्ने छात्राहरुलई मिलाएर समूह निर्माण गर्नुहोस् ।
- दुईभन्दा बढी विद्यार्थीहरुको समूह निर्माण गर्दा जातीय, भाषिक, लिङ्गीय, कम जान्ने, अधिक जान्ने एवम् शारीरिक वा अन्य समस्या भएका विद्यार्थीहरुको समावेशी समूह निर्माण गर्नुहोस् ।
- कक्षाकोठामा फरक फरक क्रियाकलाप गराउादा एउटा क्रियाकलापका लागि निर्मा(ा गरिउको समूहलाई निरन्तरता नदिई सदस्यहरुको हेरफेर गरी अलग अलग समूहको निर्मा(ा गर्नुहोस् ।
- भाषिक त्रुटिको पहिचान गर्दा भने एउटै मातृभाषी विद्यार्थीहरुलई एउटा समूहमा राख्नुहोस् ।

### ३. टोलीनेताको छनोट र प्रस्तुतीकरण

- समूह क्रियाकलापका लागि टोली नेटाको छनोट गर्दा फरक फरक क्रियाकलापका लागि फरक फरक टोली नेटाको छनोट गर्ने नियम बनाई त्यसलाई अनिवार्यरुपमा प्रभावकारी ढङ्गले लागू गर्नुहोस् ।
- समूहको निर्माण गर्दासाथ टोली नेता नछान्नुहोस् । सुरुमै टोलीनेटा छानेर ऊ नै प्रस्तुत कर्ता हो भन्ने निश्चित भएमा क्रियाकलापमा समूहका अन्य सदस्यहरु निस्क्रिय भई समयमै कार्य सम्पादन गर्ने कुरामा समस्या आउन सक्छ । यसर्थ समूहका सबै सदस्इहरुलाई सहभागी गराई तोकिएको समयभित्र काम सम्पन्न गर्न

Draft

सहयोग गर्ने व्यक्ति समूहको नेतृत्व कर्ता हो भन्ने कुरा राम्ररी बुझाउनुहोस् र कार्य सम्पादनमा सक्रिय सहभागिता जनाउन प्रोत्साहित गर्नुहोस् ।

- समूहकार्य सम्पन्न भइसकेपछि मात्र समूहका सदस्यहरुमध्येबाट गोलाप्रथाद्वारा प्रस्तुत कर्ता छनोट गर्नुहोस् । यसरी प्रस्तुतकर्ता छनोट गर्दा प्स्तुतीकरणको कार्य मेरो भागमाप नि पर्न सक्छ भन्ने ठानी समूहका सबै सदस्यहरु सक्रिय रहने हुनाले कार्य सम्पादन प्रभावकारी हुन सक्छ ।
- दुई वा दुईभन्दा बढी क्रियाकलाप भएका टोली नेटाको छनोट गर्दा पहिलो क्रियाकलापमा टोली नेटा बनेको सदस्य बाहेक समूहका अन्य सदस्यहरुको बिचबाट गोलाप्रथाद्वारा टोली नेताको छनोट गर्नुहोस् र सबै सदस्यहरुलाई समानरुपमा सहभागिताको अवसर प्रदान गर्नुहोस् ।
- समूह कार्यको प्रस्तुततीकरण गर्दा प्रस्तुतकर्तालाई शिष्टतापूर्वक सबैलाई नमस्कार गरी आफ्नो परिचय, समूहका सदस्यहरुको नाम र प्रस्तत् गरिने विषय शीर्षक समेत समेटेर सुन्दर सम्बोधन सहित कुशलतापूर्वक प्रस्तुतीकरण गर्न सिकाउनुहोस् ।
- कुनै एउटा समूहको टोली नेटाले समूह कार्य प्रस्तत् गरिसकेपछि कक्षामा अरु सबै सदस्यहरुलाई ताली बजाएर प्रोत्साहित गर्न निर्देशन दिनुहोस् ।
- प्रत्येक समूहका टोली नेटाले प्रस्तुत गरेका विषयवस्तुका सबल र दुर्बल पक्षहरुको बारेमा टिप्पणी गर्न अन्य समूहका सदस्यहरुलई निर्देशित गर्नुहोस् । टिप्पणी गर्दा सुरुमा सबल पक्षको पंशंसा र अन्त्यमा दुर्बल पक्षलाई सुझावको रुपमा शालीन ढङ्गले अभिव्इक्त गर्नुपर्छ भन्ने कुरा सिकाउनु नबिर्सनुहोस् ।
- प्रत्येक प्रस्तुतीकरणपछि जोडदार ताली बजाएर प्रस्तुतकर्ताको मनोबल उच्च बनाउन निर्देशन दिनुहोस् ।

४. **सहजीकरणमा शिक्षकको भूमिका :**

- कक्षाकोठामा शिक्षाको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसैले शिक्षक एउटा आदर्श पुञ्जको रुपमा प्रस्तुत भई चरित्रवान् बनेर विद्यार्थीको असल साथी हुनुहोस् । विद्यार्थी शिक्षकसँग डराएर होइन, उत्साहित भएर आफ्ना समस्याहरु खुलस्त राख्न सक्ने वातावरण सिर्जना गर्नुहोस् ।
- भनिन्छ, विद्यार्थी खुला पुस्तक हुन् जसका प्रत्येक पाना शिक्षकले पढ्न सक्नुपर्छ । तसर्थ तपाई प्रत्येक विद्यार्थीको मनोविज्ञान बुझेर उनीहरुसँग सहज व्यवहार गर्नुहोस् ।
- सहजीकरण गर्दा अवलोकनकर्ता, निर्देशनकर्ता, परामर्शदाता र असल सहयोगीको भूमिकामा प्रस्तुत हुनुहोस् ।
- कक्षाकोठाभित्र विद्यार्थीहरुले एकल वा समूह कार्य गर्दा सबैतिर सावधानीपूर्वक उत्तीकै ध्यान पुऱ्याई जहाँ विद्यार्थीहरु अलमलमा परेका छन्, त्यहाँ तत्काल पुगी समस्या समाधानमा ध्यान पुऱ्याउनुहोस् ।
- सहजीकरण गर्दा ढिलो सिकाइ क्षमता भएका, शारीरिक हिसाबले अन्य कमजोर भएका एवम् नेपाली मातृभाषा नभएकाले सहज रुपमा बुझ्न नसकी अलमलमा परेका विद्यार्थीहरुलाई विशेष ध्यान दिई आवश्यकताअनुसार सहयोग पुऱ्याउनुहोस् ।

Draft

- सहजीकरण कार्यमा सहपाठी सिकाइ (धेरै जान्ने विद्यार्थीले कम जान्ने साथीलाई सहयोगात्मक सिकाइ गर्ने पद्धतिको अयोगमा पनि ध्यान पुऱ्याउनुहोस् ।

५. **पाठ्य पुस्तकको सिर्जनात्मक प्रयोग**

- पाठ्य पुस्तक शिक्षक सिकाइको महत्त्वपूर्ण साधन हो तथापि भाषा शिक्षण गर्दा विषय वस्तु गौण हुन्छ भने भाषिक सिप प्रमुख हुन्छ । भाषिक सिप शिक्षाका क्रममा उच्चारण, बोध, लेखन, व्याकरण र शब्दभण्डार जस्ता भाषिक पक्षको शिक्षका लागि विषय वस्तुको प्रयोग गरिएको हुन्छ । यही भाषिक सिप सिकाउने उद्देश्यले प्रस्तुत पाठ्य पुस्तक तयार पारिएको छ । सोही अनुसारका अभ्यास क्रियाकलापको अधिकतम प्रयोग गरेर सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता भाषिक सिपहरुमा दक्ष गराइ भाषाको ग्रहण र अभिव्यक्ति कलामा निपुण गराउने लक्ष्य राखिएको छ तथापि कक्षाकोठामा विद्यार्थीहरुका अनेकौ जिज्ञासाहरु हुन्छन् । यसलाई पाठ्य पुस्तकले मात्र पुरा गर्न सक्दैन । त्यसबेला शिक्ष्क आफैँ सचेत र विज्ञ भई रचनात्मक ढङ्गले पाठ्य पुस्तकको प्रयोग गर्नु जरुरी हुन्छ । तसर्थ यस पाठ्य पुस्तकको प्रभावकारी शिक्षणका लागि विद्यार्थीहरुमा आधारित सहभागितामूलक शिक्षण विधि र प्रभावकारी ढङ्गले पाठ्य पुस्तकको सिर्जनात्मक प्रयोग गर्ने सन्दर्भमा विशेष ध्यान दिनुहोस् ।
- समाजको आवश्यकता, विद्यार्थीहरुको रुीच र उनीहरुको जीवन अनुकूल गरी पाठ्यपुस्तकको उच्चतम रुपमा प्रयोग गर्न शिक्षकले आफ्नो तर्फबाट अतिरिक्त तथा वैकल्पिक उदाहरणहरु थपेर सिर्जनात्मक ढङ्गले अध्यापन गर्ने कुरामा ध्यान पुऱ्याउनुहोस् ।
- विद्यार्थीको समुदाय र आफ्नै अनुभवसँग तुलना हुन सक्ने विभिन्न उदाहरण, अभ्यास, कथा, कविता वा अन्य विधामा भएका समानता र भिन्नताहरुको बारेमा व्याख्या गर्दै भिन्नता र विभतिलाई सकारात्मक रुपमा बुझ्न, आदर गर्न र तिनको प्रशंसा गर्न विद्यार्थीलाई उत्प्रेरित गर्नुहोस् ।
- कक्षाकोठामा विद्यार्थीहरुलाई उदारहण दिँदा जीवनी, कथा, कविता लगायत विभिन्न विधाको प्रसङ्ग महिला तथा पुरुक्षहरुले हासिल गर्न सक्ने सकारात्मक उदाहरण दिँदै छात्रछात्राहरुलाई विद्यालयमा सफलता हासिल गर्ने र आफ्नो समुदाय र देशका लागि उल्लेखनीय योगदान पुऱ्याउन सकिन्छ भन्ने कुरामा विद्यार्थीहरुलाई आत्मविश्वासी बनउाने उद्देश्यले पाठ्य पुस्तकको सिर्जनात्मक प्रयोग गर्नुहोस् ।

६. **प्रयत्न भूल र पृष्ठपोषण**

- विद्यार्थीले भाषिक सिप सिक्दा र अन्य क्रियाकलाप गर्न प्रयत्न गर्न छाड्नु हुँदैन । पटक पटकको प्रयत्न र भूलबाटै सिकाइ अगाडि बढ्छ भन्ने कुरा विद्यार्थीलाई राम्ररी बुझाएर सिकाइमा पृष्ठपोषण तथा पुनर्बल प्रदान गर्नुहोस् ।
- विद्यार्थीले क्रियाकलाप सम्पन्न गरेपछि शिक्षकले सबैभन्दा पहिले उनीहरुले गरेका राम्रा पक्षहरुको प्रशंसा गर्दै सुधारात्मक शिक्षण गर्नुहोस् ।
- सुधारात्मक शिक्षण गर्दा विद्यार्थीको व्यक्तिगत रुपमा नाम नलिई समग्र विद्यार्थीलार्य भनेजस्तो गरी समग्रमा पृष्ठपोषण गर्नुहोस् ।

७. **दैनिक विद्यार्थी मूल्याङ्कन**

Draft

- विद्यार्थीहरुको कक्षा मूल्याङ्कन कार्य गर्दा भाषाका चारै सिप सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई सँगसँग अगाडि बढाउनुहोस् ।
- क्रियाकलाप गराइसकेपछि विद्यार्थीहरू सम्पन्न गरेका हरेक क्रियाकलापको अन्त्यमा एउटा व्यक्ति वा समूहले प्रस्तुत गरेको कार्य कति प्रभावकारी भयो र प्रस्तुत कर्ताले कुन कुन कुरामा सुधार गर्नुपर्छ भनी अरु विद्यार्थीहरुबाट नै मूल्याङ्कन गर्ने कार्यका लागि प्रोत्साहित गर्नुहोस् ।
- शिक्षकले सुधारात्मकर  उपचारात्मक शिक्षण गरी कक्षा मूल्याङ्कनबाट आएका निष्कर्षहरुलाई प्रभावकारी बनाउन पहल गर्नुहोस् ।
- विद्यार्थीहरुले हरेक क्रियाकलापहरु गर्दै गर्दा उनीहरुको बोध पक्ष (सुनाइ र बोलाई), अभिव्इक्ति पक्ष (बोलाइ र लेखाइ), कक्षा कार्यमा सक्रियता एवम् सहभागिता, सिर्जनात्मक कार्य, समालोचनात्मक चिन्तन, प्रस्तुतीकरण शैली, व्ङावहारिक परिवर्तन आदि समग्र पक्षको अवलोकन गरी व्यक्तिगत मूल्याङ्कन राख्नुहोस् । यसबाट विद्यार्थीमा पढाइ, लेखाइ एवम् क्रियाकलापप्रति थप ऊर्जा एव्म् जागरुकता बढ्दै जाने छ ।
- कक्षा मूल्याङ्कन गर्दा धेरै विद्यार्थी भएमा कतिपय लिखित सामग्रीलाई विद्यार्थीहरुका बिचमा एक आपसमा साटासाट गराई मूल्याङ्कन काई सम्पन्न गर्नुहोस् ।

**८. गृहकार्य, परियोनजा तथा सिर्जनात्मक कार्य :**

- गृहकार्य दिँदा विशेष गरी विषयवस्तु जति कक्षामा सिकाउने र पाठमा भएका अभ्यासहरुलाई जतिसक्दो बढी गृहकार्यका रुपमा दिने परम्पराको अन्त्य गर्नुहोस् । पाठमा भएका अभ्यास कार्यलाई कक्षा क्रियाकलापकै अङ्गका रुपमा सम्पन्न गराउनुहोस् र बाँकी रहेका केही सामान्यतः आधा घण्टाभित्र सकिने अभ्यासलाई मात्र गृहकार्य दिनुहोस् किनकि नेपाली विषय बाहेकका अन्य विषयको पनि गृहकार्य हुन्छ भन्ने कुरा राम्ररी मनन गर्नुहोस् ।
- परियोजना कार्य भनेको विद्यार्थी आफैँले सोधखोज र अध्ययन, अनुसन्धान गरी दिइएको विषय शीर्षकमा आधारित भर्य लिखित वा मौखिक प्रतिवेदन पेश गर्ने कार्य हो । यसबाट विद्यार्थी आफैँले गरेर सिक्ने व्यावहारिक सिपको विकास हुन्छ र यस्तो सिकाइ दिगो पनि हुन्छ । यसले व्यक्तित्व विकासको पनि सहयोग पुऱ्याउने हुनाले विद्यार्थीलाई गृहकार्य भन्दा पनि पाठ्यवस्तु सम्बन्धी परियोजना कार्य दिनुहोस् ।
- सिर्जनात्मक कार्य भनेको विद्यार्थीले आफ्नै मौलिक शिल्प र शैलीको प्रयोग गरी सिकाइमा प्रभावकारिता ल्याउने तरिका हो । यसले विद्यर्थीमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गरी विद्यार्थीमा तार्किक एवम् कल्पनात्मक क्षमताको विकास गराउँछ । अतः गृहकार्य भन्दा पनि सिर्जनात्मक कार्यमा जोड दिनुहोस् ।
- विद्यार्थीलाई गृहकार्य दिएपछि अर्को दिन कक्षामा प्रस्तुतीकरण गर्ने अवसर प्रदान गर्नुहोस् र उपचारात्मक एवम् सुधारात्मक शिक्षणमा ध्यान दिनुहोस् ।

**९. मल्टिमिडियाको प्रयोग**

Draft

- शिक्षणमा मल्टिमिडियाको प्रयोग निकै प्रभावकारी देखिएको छ । तसर्थ पाठ्यवस्तुसित सम्बनिध्त रहेर विभिन्न परियोजना तथा सिर्जनात्मक कार्यका नमूनाहरु यथासम्भव प्रोजेक्टरमा देखाउने प्रयास गर्नुहोस् ।
- एकाङ्की नाटक, कविता तथा अन्य दृश्यश्रव्य सामग्रीहरुलाई नमुनाका रुपमा कक्षाकोठामा प्रस्तुत गरी विद्यर्थीलाई अनुकरण गर्न लगाएर अझ राम्रो गर्न प्रोत्साहित गर्नुहोस् ।

**१०. पाठ्यक्रम, पाठ्यवस्तु र विशिष्टीकरढा तालिकाको प्रयोग :**

- विद्यार्थीलाई पाठ्यक्रम, पाठ्यवस्तु र विशिष्टीकरण तालिकाको प्रयोग र महत्त्वको बरोमा जानकारी दिनुहोस् ।
- विद्यार्थीलाई पाठ्यक्रम र पाठ्यवस्तुको बिचमा तालमेल छ कि छैन, पाठ्य पूतकका सबल र दर्बल पक्षहरु के के छन् ? जस्ता विषयहरुमा छलफल गर्न निर्देशन दिनुहोस् । समूहगत क्रियाकलाप गराउनुहो र प्रस्तुत गर्न लगाउनुहोस् । विशिष्टीकरण तालिका हेरेर परीक्षामा के कति अङ्कका कस्ता कस्ता प्रश्नहरु सोधिने रहेछन् भन्ने कुरामा विद्यार्थीलाई बोल्न लगाउनुहोस् । यस्ता क्रियाकलाप विद्यार्थीमा पाठ्यक्रम, पाठ्यवस्तु र विशिष्टीकरण तालिकाको अध्ययन गरी पढाइमा सुधार गर्न थप मदत पुऱ्याउने छ भन्ने कुरा नबिर्सनुहोस् ।
- पाठ्यक्रम राख्ने
- विशिष्टीकरण तालिका राख्ने
- नमुना प्रश्नपत्र राख्ने

Draft